



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष ३० अंक २८ | ४ चैत २०७८ शुक्रबार फाल्गुण शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४२ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 18, 2022 | पृष्ठ १२ | १० रुपैयाँ



**पर्यटकको होली** | पोखराको लेकसाइडमा बिहीबार होलीको उमंगमा रमाउँदै विदेशी पर्यटक । महामारी मत्थर हुँदै जाँदा दुई वर्षपछि होलीको रौनक फर्किएको छ । काठमाडौं उपत्यकालगायत पहाडी भागमा बिहीबार मनाइएको यो पर्व तराई–मधेसमा शुक्रबार मनाइँदै छ ।

*तस्बिर : दीपक परियार/कान्तिपुर*

# चिनियाँ विदेशमन्त्रीसँग के भन्न सक्छ नेपाल ?

'पछिल्ला अभिव्यक्ति हेर्दा नेपालसँग चीन सशंकित छ भन्ने देखिन्छ, एमसीसी अनुमोदन बीआरआईविरुद्ध होइन भनेर चीनलाई प्रस्ट पार्नुपर्छ'

**जगदीश्वर पाण्डे** (काठमाडौं)

अमेरिकी निकाय एमसीसीसँगको सम्झौता अनुमोदन भएको महिनाभित्रै उत्तरी छिमेकी चीनका विदेशमन्त्री वाङ यी काठमाडौं उत्रँदै छन् । नेपालले मूलतः आधा दर्जन विषयमा छलफल अघि बढाउन सके भ्रमण सदुपयोग हुने विज्ञहरूको भनाइ छ ।

सरकारी स्रोतका अनुसार चिनियाँ विदेशमन्त्री वाङ चैत ११ मा आएर १३ मा फर्कनेछन् । भ्रमणका विषयमा छलफल गर्न परराष्ट्र मन्त्रालयले राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय र वाणिज्य मन्त्रालयसँग समन्वय गरिरहेको छ । यही सन्दर्भमा चिनियाँ राजदूत होउ यान्छीले परराष्ट्रमन्त्री नारायण खड्का, सभामुख अग्नि सापकोटा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल, गृहमन्त्री बालकृण खाँणलाई भेटिसकेकी छन् ।



**सम्भावित मुद्दा**

- पहिचान गरिएका ९ बीआरआई परियोजना कार्यान्वयनमा पहल
- चिनियाँ बन्दरगाह प्रयोग गर्न भएको पारवहन सम्झौता कार्यान्वयन
- तातोपानी र रसुवागढी नाकाबाट सहज वाणिज्य
- महामारीमा घर आएका नेपाली विद्यार्थीको अध्ययन व्यवस्थापन

दुई वर्षयता विदेश भ्रमणमा ननिस्किएका चिनियाँ राष्ट्रपति सी चिनफिङले विदेशमन्त्री वाङलाई महत्त्वका साथ नेपाल पठाउन लागेका हुन् । नेपाललाई लामो समयदेखि नजिकबाट चिनेका र स्टेट काउन्सिलरसमेत रहेका वाङ विश्वास बढाउने सन्देश लिएर आउन लागेको सरकारी अधिकारीहरूको भनाइ छ ।

भ्रमणको अवसरमा नेपालले चीनसँगको रणनीतिक सम्बन्ध थप बलियो बनाउनुपर्ने बताउँछन् कूटनीतिज्ञ जयराज आचार्य । 'अन्तर्राष्ट्रिय सम्बन्धका दुई तह हुन्छन्, एउटा रणनीतिक र अर्को राजनीतिक । चीन र भारतसितको सम्बन्ध रणनीतिक हो भने बेलायत, जर्मनी, फ्रान्स, अमेरिकालगायत मुलुकसँगको सम्बन्ध राजनीतिक हो,' उनले भने, 'सिमाना जोडिएको छिमेकी मुलुक भएकाले नेपालमा चीनको चासो हुनु स्वाभाविक छ । यसलाई सम्बोधन गर्नु हाम्रो कर्तव्य हुन्छ ।' **बाँकी पृष्ठ ११**

## भित्र

नागरिकता मुद्दामा सधैं राजनीतिक सौदाबाजी

कलाकार पल शाहविरुद्ध जिल्ला अदालत नवलपुरमा बलात्कार मुद्दा दर्ता

निजामती कर्मचारीका सन्तानलाई पाँच लाखसम्म छात्रवृत्ति

डलर कार्डबाट ११ महिनामा २७ करोड बाहिरियो

लागत विश्लेषण मापदण्ड लागू, विशेष खालका पुल बनाउने बाटो खुला

## गजब छ बा ! | अविन



त्यस्तो मुटु कम्जोर भ' मान्छेले किन भाउ सोध्नुपर्ने नि ?!

# सरकारी लगानीमै चुरे अतिक्रमण

**डीआर पन्त** (धनगढी)

उदय ऐडी चुरे क्षेत्रका पुराना बासिन्दा हुन् । सुदूरपश्चिमका सात पहाडी जिल्ला जोड्ने गोदावरी पुलको मुखैमा उनको पसल छ । पसल छेउबाटै चुरेमाथि जाने एउटा सडक बनेको छ । तर यो कुनै गाउँ जाने सडक होइन । कैलालीको गोदावरी-४ को बजेट लगानीमा यो सडक बनेको हो । सडक बनेको केही महिनामै गोदावरीमाथिको जंगल अतिक्रमण गरेर डेढ सयभन्दा बढी घरटहरा बनेका छन् । त्यसमा कांग्रेस, एमाले र माओवादीलगायत सबै दलका नेताले भागबन्डामा घडेरी लिएका छन् । कसै-कसैले त पक्की घर पनि बनाएका छन् । अधिकांशले जंगलमा घेरा हालेर आफ्नो जग्गा छुट्याएको देख्न सकिन्छ ।

गोदावरी पुलको पूर्वतिर पनि यस्तै एउटा अर्को सडक छ । त्यो सडक पनि चुरेमा अतिक्रमण गरी जग्गा कारोबार गर्न बनाइएको हो । त्यस सडकमा पनि गोदावरी नगरपालिका र प्रदेश सरकारको लगानी छ । गोदावरी तीरैतीर अलिमाथि उक्लिने हो भने जंगल मासेर सरकारी लगानीमा कसरी अतिक्रमण भइरहेको छ हेर्न सकिन्छ । यहाँ दुई वर्षमा एक दर्जनभन्दा बढी नयाँ गाउँ बनेका छन् । चुरे अतिक्रमण गरी बनेका यस्ता गाउँमा बाटो, बिजुली, खानेपानीदेखि विभिन्न सुविधाका लागि प्रदेश सरकार र गोदावरी नगरपालिकाको करोडौं लगानी गरिएको छ ।

लालझाडी क्षेत्रको गडबिजुला सामुदायिक वनमा संघीय सरकार, स्थानीय तह र प्रदेशको लगानीमा इको पार्क बनाउन धमाधम संरचना निर्माण भइरहेको छ । पूर्वपश्चिम

> जंगल अतिक्रमण गरेर घरटहरा, घडेरीमा कांग्रेस, एमाले र माओवादी लगायत दलका नेताको भागबन्डा

राजमार्गको छेउमा निर्माणाधीन पार्कका नाममा पनि त्यस क्षेत्रमा जग्गा अतिक्रमण गर्ने उद्देश्य रहेको स्पष्ट बुझ्न सकिन्छ । वन डिभिजन कार्यालय कञ्चनपुरले अवैध निर्माण रोक्न पत्राचार गरे पनि प्रदेश सरकारको आदेशमा पुनः निर्माण सुरु गरिएको छ ।

पछिल्ला तीन वर्षमा चुरे, लालझाडी र मोहना वन क्षेत्रमा सरकारी लगानीमा १० हजार हेक्टरभन्दा बढी अतिक्रमण गरिएको छ । गोदावरी तीर्थ क्षेत्रबाट दुई किलोमिटर दूरीमा रहेको उदय ऐडीको पसलमाथि भएको अतिक्रमण पछिल्लो उदाहरण हो । सुरुमा सडक निर्माण सुरु गर्दा स्थानीयले विरोध गरे । पछि वडा ४ का अध्यक्ष र वनकर्मी मिलेर गोदावरी मन्दिर निर्माण गर्ने भन्दै त्यहाँसम्म जाने सडक बनाउने भनियो । त्यसपछि नगरपालिकाको लाखौं खर्चमा सडक निर्माण सुरु भयो । सडक निर्माणसँगै अतिक्रमण गर्दै घर बन्न थाले । ऐडी भन्छन्, 'मैले हेर्दाहेर्दै सयौं घडेरी बने दर्जनौं पक्की घर पनि बनिसके ।'

गोदावरी मन्दिरको निहुँमा मात्र होइन, प्रदेश सरकारका मन्त्री चुनकुमारी चौधरी र प्रदेश सांसद कृष्ण सुवेदीसहितले होमस्टे निर्माण भन्दै प्रदेश सरकारबाट पनि ठूलो बजेट विनियोजन गरेपछि गोदावरीमाथिको जंगल अतिक्रमण तीव्र भएको छ । स्थानीय अर्जुन थापाको गुनासो छ, 'इलाका वन कार्यालय अत्तरियाका कर्मचारी आफैं जंगलमा बसेर अतिक्रमण गरिएको जग्गा भागबन्डा गर्छन् ।' अतिक्रमित जग्गामा अत्तरिया इलाका वन कार्यालयका कर्मचारीबीच भागबन्डा हुने गरेको उनको दाबी छ । **बाँकी पृष्ठ ११**

**निजी र स्वदेशी पुँजीबाटै नेपाल आत्मनिर्भर हुनुपर्छ**

**– केनिची योकोयामा**
दक्षिण एसिया विभाग
महानिर्देशक, एडीबी

**पृष्ठ १०**

# अथक प्रतिपक्षको अवसान

कुनै दलको नजिक थिएनन्, अध्ययन र अनुभवका आधारमा नेपालको रणनीति र सुरक्षाका कुरा बोल्थे, लेख्थे, लोकतन्त्र, मानवअधिकार र जनजीविकाका पक्षमा वकालत गर्थे

**ध्रुव सिम्खडा** (काठमाडौं)

परराष्ट्र, रक्षा र रणनीतिक मामिलालाई नजिकबाट नियाल्ने र त्यसको मिहीन विश्लेषण गरी नागरिक तहसम्म बुझाउने क्षमताका सीमित बौद्धिकमध्ये एक थिए- प्राध्यापक ध्रुवकुमार । अन्तर्राष्ट्रिय र रणनीतिक मामिलाका विषयमा छिनछिनमा विकास भइरहने घटनाक्रमलाई नियाल्ने उनी एक महिनाअघिसम्म चिनियाँ पत्रकार चाउ सेङपिङद्वारा लिखित किताब चिनियाँ पत्रकारको नजरमा नेपाल (सुधार वा समाप्त होऊ) खोजेर पढ्दै थिए । यही बीचमा उनी बिरामी परे ।

रोगले च्याप्दै गएपछि ७३ वर्षको उमेरमा बुधबार राति उनी संसारबाट बिदा भएका छन् । मुलुकले एक बौद्धिक व्यक्तित्व गुमाएको छ । उनी सधैं आफ्नो अघिल्लो नाम ध्रुवकुमार मात्र लेख्थे । थर लेख्दैनथे । उनका विद्यालय जीवनका सहपाठी प्राध्यापक विश्वम्भर प्याकुर्‍याल भन्छन्, 'स्कुल पढ्दा ऊ दादा थियो । हामीलाई कसैले दुःख दियो



ध्रुवकुमार

भने त्यसबाट जोगाउने काम उसैले गर्थ्यो । फुटबलको राम्रो खेलाडी थियो तर निरन्तरता दिएन ।' आफ्नो विद्वान् सहपाठी गुमाउनुपरेको पीडा शब्दमा व्यक्त गर्न गाह्रो भइरहेको उल्लेख गर्दै प्याकुर्‍यालले भने, 'जाने बेला नहुँदै ऊ गयो । परराष्ट्र, रणनीतिक र सुरक्षा मामिलाको एक जना राम्रो अध्येता हामीले गुमायौं ।'

ध्रुवकुमार सुरक्षा र अन्तर्राष्ट्रिय मामिलाका 'अथेन्टिक' जानकारका साथै त्रिभुवन विश्वविद्यालय, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र (सिनास) का अवकाशप्राप्त प्राध्यापक थिए । उनी चीन, भारतलगायत मुलुकका भूराजनीति र सुरक्षा मामिलामा सूक्ष्म तथ्यसहित विश्लेषण गर्न अब्बल थिए । अन्तर्राष्ट्रिय घटनाक्रम कसरी अगाडि बढिरहेको छ भन्ने जानकारी सधैं राख्थे ।

पछिल्लो समय उनले नेपालको चीन र भारतसितको सम्बन्धबारे धेरै लेखेका छन् । नौ वर्षसम्म कान्तिपुरमा प्रकाशित उनका लेखमा यिनै कुरा उल्लेख छन् । भारतको हेपाहा प्रवृत्ति र चीनको मौन चालबाजीप्रति नेपाल चनाखो हुनुपर्ने उनले लेखेका छन् । दुवै छिमेकीसँग सन्तुलित व्यवहार गर्नुपर्नेमा जोड दिन्थे । बीआरआई र एमसीसीबारे उनका विश्लेषण नेपालका लागि अहिले पनि सान्दर्भिक छन् । **बाँकी पृष्ठ ११**



# मधेसमा १२१ जात !

## ३५ जातको थर पहिचान हुन बाँकी

**गणेश राई** (काठमाडौं)

सरकारी तथ्यांकअनुसार देशभरि १ सय २५ जातजाति छन् । मधेसी आयोगको अध्ययनले भने तराई-मधेसमा मात्र १ सय २१ जात फेला पारेको छ । तीमध्ये ३५ जातको भने थर पहिचान हुन नसकेको आयोगले जनाएको छ । 'मधेसी समुदायमा जातका आधारमा थर हुन्छ । यसअघि ८२ वटामात्र जात सूचीकरण भएको थियो,' आयोगका अध्यक्ष विजयकुमार दत्तले भने ।

आयोगले प्रदेश-१, मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका १९ जिल्लामा रहेका मधेसी समुदायको अध्ययन गरेको हो । 'नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन-२०७८' सरकारलाई चाँडै बुझाउने आयोगले जनाएको छ । आयोगका विज्ञ तथा अनुसन्धानकर्ता दीपककुमार गुप्ताका अनुसार प्रतिवेदनमा वर्णानुक्रमअनुसार प्रत्येक जातको अवस्थाबारे चर्चा गरिएको छ । 'तराईमा जात प्रमुख छ, थरले चिनिँदैन तसर्थ जात र थर दुवै लिएका छौं,' गुप्ताले भने, 'प्रत्येक जातको जातीय पहिचानसहित आर्थिक, सामाजिक, राजनीतिक पक्ष समेटिएको छ ।'

आयोगले पहिचान गरेका कतिपय जात र थर आदिवासी जनजाति, थारू, दलित, मुस्लिम समुदायसँग दोहोरिएका छन् । जनजातिअन्तर्गतका १४ मध्ये ९ वटा मधेसी र दलितका २६ मध्ये १९ वटालाई मधेसीमा राखिएका अध्यक्ष दत्तले बताए । 'समुदायले आफूलाई मधेसी-जनजाति, मधेसी-दलित, मधेसी-थारू, मधेसी-मुस्लिम भनेर उल्लेख गराउन भनेका छन्,' उनले भने, 'कतिपयलाई सम्बन्धित आयोग र समुदायसँग बसेर दोहोरिन नदिन पहल गर्नेछौं ।' यस विषयमा केन्द्रीय तथ्यांक विभाग र जातीय संगठनका अगुवाहरूसँग समेत समन्वय गर्ने उनले जनाए ।

आयोगले गरेको सामाजिक सर्वेक्षणले कोभिड-१९ महामारीपछि 'मध्यम वर्ग' थपिएको निष्कर्ष निकालेको छ । यसअघि अति विपन्न, विपन्न, सम्पन्न र सुसम्पन्न वर्ग रहेकामा महामारीले मध्यम वर्ग जन्माएको आयोगका अध्यक्ष दत्तले बताए । मधेसमा समाज रूपान्तरणका निम्ति सशक्तीकरण र जनचेतनाको अभाव खड्किएको आयोगले जनाएको छ । 'विपन्न वर्गका कुनै पनि व्यक्तिको पहुँच स्थानीय पालिकादेखि प्रशासनसम्ममा पुग्न सकेको छैन,' अध्यक्ष दत्तले भने, 'वडा कार्यालय, प्रहरी चौकी, सीडीओ (जिल्ला प्रशासन) कार्यालय एक्लै जान सक्दैनन्, बोल्दिने साथी चाहिन्छ ।'

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार कुल जनसंख्याको ५३.६६ प्रतिशत तराईमा छ । महिला, बालबालिका, दलित तथा विपन्न वर्ग सबैभन्दा उत्पीडनमा परेको आयोगको प्रतिवेदनमा उल्लेख छ । आयोगले आरक्षणलाई जातका आधारमा नभई वर्गका आधारमा व्यवस्था गर्नुपर्ने औंल्याएको छ । 'आरक्षण प्रक्रिया गम्भीर संकटमा छ,' जात या समुदायका आधारमा आरक्षण लागू गर्दा धनाढ्यहरूले फाइदा लिए,' अध्यक्ष दत्तले भने । आयोगले नेपाल-भारत सीमामा उत्पन्न तनावले मधेसी समुदायको जनजीवनमा पारेको प्रभावको पनि अध्ययन गरेको छ । दुई देशबीचको विवादलाई समाधान गर्न 'वैज्ञानिक सीमा व्यवस्थापन जरुरी रहेको' प्रतिवेदनमा उल्लेख छ ।

# निजामती कर्मचारीका सन्तानलाई पाँच लाखसम्म छात्रवृत्ति

### यसअघि प्राविधिक विषयमा मात्र यस्तो छात्रवृत्ति दिने गरिएकामा हालै जारी निर्देशिकामा जुनसुकै विषयका लागि यो सुविधाको व्यवस्था गरिएको हो

**ऋषिराम पौड्याल** (काठमाडौं)

सरकारले निजामती कर्मचारीका छोराछोरीलाई स्नातक तह अध्ययन गर्न एक पटकका लागि बढीमा पाँच लाखसम्म प्रोत्साहन छात्रवृत्ति दिने भएको छ । यसअघि प्राविधिक विषयमा मात्र यस्तो छात्रवृत्ति दिने गरिएकामा हालै जारी निर्देशिकाले जुनसुकै विषयमा यो सुविधा दिने व्यवस्था गरेको हो ।

निम्न आय भएका र अरक्षणका कर्मचारीका छोराछोरीले छात्रवृत्ति पाऊन् भन्ने उद्देश्यले निर्देशिका परिवर्तन गरिएको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सहसचिव नारायण अर्यालले बताए । उनका अनुसार कोटा निर्धारण गरेर छात्रवृत्ति वितरण गरिनेछ । प्राविधिक विषय अध्ययन गर्नेलाई मात्र छात्रवृत्ति दिँदा न्यून आम्दानी भएका कर्मचारीका छोराछोरीले अवसर नपाउने अवस्था आएका कारण सबै विषयलाई खुला गरिएको उनले बताए । 'निजामती कर्मचारीका सन्ततिलाई स्वदेशी विश्वविद्यालयको आंशिक वा सम्बन्धन प्राप्त स्वदेशी शिक्षण संस्थामा उच्च शिक्षा अध्ययनका लागि योग्यताका आधारमा सन्तति शैक्षिक प्रोत्साहित वृत्ति उपलब्ध गराउन व्यवस्थालाई समन्यायिक, समावेशी, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले' यो व्यवस्था गरिएको निर्देशिकामा उल्लेख छ ।

शैक्षिक प्रोत्साहन वृत्तिका लागि प्रचलित निजामती सेवासम्बन्धी सङ्घीय कानुनमा निर्णय भएबमोजिम समावेशी सिटमा छुट्याएको प्रतिशतलाई शतप्रतिशत मानी सोहीअनुसार कोटा निर्धारण गरिने निर्देशिकामा उल्लेख छ । व्यक्ति छनोट गर्ने क्रममा दिइने नम्बर समान प्राप्त गरेको अवस्थामा तल्लो तहका कर्मचारीका छोराछोरीले छात्रवृत्ति पाउने व्यवस्था निर्देशिकाले गरेको छ । पिछडिएको क्षेत्रका लागि छुट्याइएको कोटामा सो क्षेत्रमा स्थायी बसोबास गरी सोही क्षेत्रको कुनै एक जिल्लाबाट प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरेको विद्यार्थीलाई समावेश गरिने भनिएको छ । त्यस्तो नम्बर पाउन पिछडिएको क्षेत्रको विद्यालयमा अध्ययन गरेको हुनुपर्नेछ ।

छात्रवृत्ति प्रदान गर्ने सिलसिलामा नीति निर्धारण, समन्वय, सञ्चालन र व्यवस्थापनका लागि सङ्घीय मन्त्रालयका सचिवको अध्यक्षतामा ७ सदस्यीय समिति गठन गरिनेछ । अर्थ, कानुन र शिक्षा मन्त्रालयका सहसचिव, अध्यक्षले छनोट गरेको कुनै विश्वविद्यालयका सहप्रशासक वा सो सरहको प्रतिनिधि, सङ्घीय मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख र सोही मन्त्रालयको शाखा प्रमुख (उपसचिव) समितिको सदस्य रहने व्यवस्था निर्देशिकामा गरिएको छ ।



कर्मचारीलाई थोरै भए पनि छोराछोरी पढाउन सहयोग होस् भन्नका लागि छात्रवृत्तिको व्यवस्था गरिएको पूर्वप्रशासक शिशिर ढुंगानाले बताए । कर्मचारीलाई अन्य थप सुविधा दिन नसके पनि शिक्षामा सहयोग गर्न खोजिएको उनको भनाइ छ । 'बीचमा रोकिएको थियो, अहिले सुरु भएको छ । यसलाई सकारात्मक मान्नुपर्छ,' उनले भने ।

आर्थिक अवस्था कमजोर भएका सर्वसाधारणका छोराछोरी विद्यालय जान नसकिरहेको अवस्थामा कर्मचारीका छोराछोरीलाई भने सुविधा दिने गरी निर्देशिका ल्याइएको छ । मन्त्रालयले भने विगतको तुलनामा तल्लो तहका कर्मचारीका छोराछोरीलाई अझ बढी सुविधा पुग्ने गरी निर्देशिका जारी गरेको दाबी गरेको छ । २०६८ सालबाट सुरु गरिएको छात्रवृत्ति वितरणमा तल्लो तहका सबै कर्मचारीका छोराछोरीले सुविधा पाउने अवस्था सिर्जना नभएपछि २०७५ सालबाट रोकिएको थियो । चालु आर्थिक वर्षको बजेट वक्तव्यमा पुनः बजेटको व्यवस्था गरेर परिमार्जित निर्देशिकाबमोजिम छात्रवृत्ति दिइने भएको हो ।

मन्त्रिपरिषद्ले निजामती कर्मचारीका सन्तानलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउनेसम्बन्धी निर्देशिका स्वीकृत गरेको छ । निर्देशिकाअनुसार एक लाखभन्दा कम शुल्क लाग्ने कर्मचारीका छोराछोरीको सबै रकम छात्रवृत्ति शीर्षकबाट बेहोरिनेछ । कल्याण कोषको व्यवस्था नभएको र निजामती विद्यालय सञ्चालन हुन नसकेको अवस्थालाई ध्यानमा राखेर छोराछोरी पढाउन कर्मचारीलाई थोरै भए पनि राहत पुऱ्याउने उद्देश्यले शैक्षिक छात्रवृत्तिको व्यवस्था गरिएको मन्त्रालयको भनाइ छ । सबै विषयमा अध्ययन गर्ने विद्यार्थीले छात्रवृत्ति पाउने गरी निर्देशिका बनाइएको हो,' सचिव सुरेश अधिकारीले भने, 'यसले कर्मचारीमा उत्साह थपिने अपेक्षा गर्न सकिन्छ ।'

- एक लाखसम्मको विश्वविद्यालय शुल्क सबै सरकारले बेहोर्ने
- चालु आर्थिक वर्षको छात्रवृत्तिका लागि करिब १४ करोड विनियोजन

स्वीकृत निर्देशिकाअनुसार सरकारले प्रत्येक वर्ष स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आंगिक वा सम्बन्धन प्राप्त शिक्षण संस्थामा जुनसुकै विषयमा स्नातक तहमा अध्ययनरत कर्मचारीका छोराछोरीलाई मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्नेछ । यसअघि प्राविधिक विषयमा अध्ययन गर्ने कर्मचारीका छोराछोरीलाई मात्र छात्रवृत्ति दिने गरिएको थियो ।

मन्त्रालयका सहसचिव नारायण अर्यालले प्राविधिक विषय अध्ययन गर्नेलाई मात्र छात्रवृत्ति दिँदा न्यून आम्दानी भएका कर्मचारीका छोराछोरीले अवसर नपाउने अवस्था आएका कारण सबै विषयलाई खुला गरिएको प्रस्ट्याए । 'सानो पदका कर्मचारीका छोराछोरीले लाखौं रुपैयाँ तिरेर प्राविधिक शिक्षा अध्ययन गराउनेको संख्या कम हुने भएकाले सबै विषय समावेश गरिएको हो,' उनले भने । विदेशमा अध्ययन गर्न वा तीन तहको सरकार, सार्वजनिक संस्था, सामाजिक संघसंस्था वा सम्बन्धित शैक्षिक संस्थाबाट छात्रवृत्ति पाएको भएमा त्यस्ता विद्यार्थीले उक्त छात्रवृत्ति पाउने छैनन् । चालु आर्थिक वर्षको छात्रवृत्तिका लागि करिब १४ करोड विनियोजन भएको मन्त्रालयले जनाएको छ ।

### के छ मापदण्डमा ?

निर्देशिका अनुसार २० लाख रुपैयाँभन्दा बढी शिक्षण शुल्क लाग्ने भए पाँच लाख र १५ लाखसम्म शुल्क लाग्ने भएमा चार लाख रुपैयाँ छात्रवृत्ति प्रदान गरिनेछ । १० लाखभन्दा बढी १५ लाखसम्म शुल्क लाग्ने भएमा तीन लाख र १० लाखसम्म शुल्क लाग्ने भएमा दुई लाख प्रदान गरिनेछ । पाँच लाखसम्म शुल्क लाग्ने भए एक लाख छात्रवृत्ति प्रदान गरिनेछ । एक लाख रुपैयाँ वा सो भन्दा कम शुल्क लाग्ने भएमा त्यस्ता विद्यार्थीको सबै शुल्क छात्रवृत्ति रकमबाट बेहोरिनेछ । छनोट भएका छात्रवृत्ति रकम सबै सम्बन्धित शैक्षिक संस्थाको खातामा पठाइनेछ ।

प्लस टु वा सो सरहको परीक्षामा कम्तीमा सी प्ल ग्रेड वा जीपीए २.४ वा सो सरह अंक प्राप्त गरी उत्तीर्ण भएकालाई छात्रवृत्तिका लागि योग्य मानिनेछ । यस्तै, स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आंगिक वा सम्बन्धन प्राप्त स्वदेशी शिक्षण संस्थामा भर्ना भई स्नातक तहको प्रथम वर्षमा अध्ययन गरिरहेको हुनुपर्नेछ । त्यस्तो अध्ययन गर्ने विद्यार्थीको उमेर २५ वर्ष कट्नु हुँदैन । मन्त्रालयले बुधबार सार्वजनिक गरेको निर्देशिकाअनुसार निजामती सेवा, सेना, प्रहरी, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य सार्वजनिक सेवाको पदमा स्थायी नियुक्ति लिएर अध्ययनरत विद्यार्थीले यस्तो छात्रवृत्ति पाउने छैन । स्थानीय तहले भर्ना गरेका कर्मचारी र शिक्षकका छोराछोरीले पनि उक्त छात्रवृत्ति नपाउने मन्त्रालयले जनाएको छ । समायोजन भएका कर्मचारीका छोराछोरीलाई भने छात्रवृत्ति दिइनेछ ।

# दोरम्बामा उज्यालो देखाउँदै रुइत

**देवेन्द्र भट्टराई** (रामेछाप)

सधैंझैं बिरामीका बारेमा पूर्वसूचना तथा स्थलगत सर्वेक्षण गराएर मात्रै आँखा शिविर सञ्चालनमा दोरम्बा आइपुगेका चिकित्सक सन्दुक रुइतसहितको टोली बिहीबार अचम्ममा पऱ्यो, जब यहाँ वर्षौंदेखि आँखा नदेखेरै जीवन बिताइरहेका र एकाएक अन्धोपन भएका बिरामी फेला परे । आफन्तको सहारा लिएर शिविर आइपुगेका दोरम्बा-७ थापागाउँका ७६ वर्षीय मीनबहादुर तामाङ ४ वर्षयता एकाएक आँखा नदेख्ने भएका रहेछन् । छोराछोरी काठमाडौंवासी र भरथेग गर्ने एउटा नाति अरब मुलुक गएपछि आफू अँध्यारोमै बसिरहेको उनले सुनाए । 'धन्य, घरआँगनमै शिविर आएको थाहा भयो, त्यही भएर उज्यालो देखिएला कि भनेर यहाँ आएको हुँ,' तामाङले भने ।

तामाङको छेवैमा बसेका सिन्धुपाल्चोक सुकुटेका ३८ वर्षीय कृष्णबहादुर माझी पनि एकाएक दृष्टिहीन बनेको व्यथा सुनाइरहेका थिए । उनी एक वर्षअघि मात्रै दृष्टिहीन बनेका रहेछन् । श्रीमती रीताका अनुसार कृष्णबहादुरको दुवै आँखाको ज्योति गुमे पनि यसबारे सुकुटेमा कसैले निर्क्योल दिन सकेका थिएनन् । उनी दिनभरको गाडी बाटो छिचोलेर दोरम्बा शिविर आइपुगेकी हुन् । 'ज्यामी काम गरेर गरिखानुपर्छ । घरमा ३ छोराको हेरचाह गर्नुपर्छ,' उनले भनिन्, 'श्रीमान्को दुवै आँखा नहुँदा पाएको पीर भन्नै नसकिने भएपछि शिविरमा आइपुगेको हो ।'

सोनापति-३ रामेछापकी ७५ वर्षीया मैच्याङ तामाङको पनि २ वर्षदेखि दुवै आँखा बन्द भएको थियो । रामेछापका लोप्ताङ तामाङ र दोरम्बाका ८६ वर्षे चर्के थामी पनि दुवै आँखा नदेख्ने अवस्थामा आफन्तको सहारामा शिविर आइपुगेका थिए । रामेछाप, टोकरपुरकै ९० वर्षीया पुतली बसेललाई उनकी भदैनी कविताले ढाडमा बोकेर शिविर ल्याएकी थिइन् । काठमाडौं बस्ने छोरो आफ्नै कामधन्दामा व्यस्त रहेकाले ६ महिनायता दुवै आँखा नदेख्ने भए पनि चुपै लागेर घरभित्रै बसेको उनले सुनाइन् ।

'वर्षौंदेखि आँखा नदेखेर बसेको अवस्थामा पनि बिरामी आवश्यक परामर्श र उपचारमा नआएको अवस्था अनौठो लाग्यो,' दोरम्बा आँखा शिविरका टोली प्रमुख डा. सन्दुक रुइतले कान्तिपुरसँग भने,



रामेछापको दोरम्बामा सञ्चालित शिविरमा दुवै आँखा नदेख्ने लोप्साङ तामाङ (७०), चर्के थामी (८०), मैच्याङ तामाङ (७५), मीनबहादुर तामाङ (७६), पुतली बसेल (९०) र कृष्णबहादुर माझी (३८) । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

### बिहीबार एकै दिन १ सय ४१ जनाको मोतीबिन्दु शल्यक्रिया

'यसरी एकाएक आँखा नदेख्नुमा चिनी रोगको प्रकोपसहितका अन्य कारण हुन सक्छन्, आज आवश्यक परीक्षण गरेर मात्रै दुवै आँखा नदेख्ने बिरामीको शल्यक्रियाबारे निधो हुन सक्छ ।'

नेपालमा रहेका गरिब तथा विपन्नका लागि निःशुल्क आँखा उपचार गर्ने परोपकारी लक्ष्यमा स्थापित तेज कोहिल एन्ड रुइत फाउन्डेसनले 'दोरम्बा मोडल' नाममा शिविर सञ्चालन गरेको हो । यो मोडललाई एसिया र अफ्रिकाका बाहिरी मुलुकमा लैजाने भएको संस्थाका सहसंस्थापक डा. रुइतले जानकारी दिए । यही फाउन्डेसनका तर्फबाट यसअघि बाजुरा, दोलखासहितका जिल्लामा १२ हजारभन्दा बढी बिरामीको निःशुल्क शल्यचिकित्सा भइसकेको छ । 'राजधानी काठमाडौंको नजिकै रहेको तर दूरी, यातायात र अन्य सुविधाका आधारमा भौगोलिक विकटता बेहोरिरहेको दोरम्बामा आफ्नै जनशक्ति र प्राविधिक भरथेगमा शिविर सञ्चालन गर्न सकिने रहेछ भन्ने मोडललाई अघि बढाइने भएको छ,' डा. रुइतले भने । फाउन्डेसनले तिलगंगाबाहेक अन्य सरकारी अस्पतालमा पनि मोतीबिन्दु उपचारमा सहयोग गर्ने भएको छ । यो परोपकारी काममा फाउन्डेसनका सहसंस्थापक बेलायती नागरिक तेज कोहिलले आउने एक वर्षका लागि झन्डै १० करोड रुपैयाँको कोष तर्जुमा गर्ने जानकारी दिइसकेका छन् । शिविरको अनुगमन तथा द्विपक्षीय सहयोगबारे परामर्श गर्न उद्यमी कोहिल शुक्रबार दोरम्बा आउँदै छन् ।

तिलगंगा आँखा अस्पतालको जनशक्ति तथा प्राविधिक सहयोगमा जारी शिविरमा दोलखा, सिन्धुपाल्चोक, रामेछापसहितका जिल्लाबाट ३ सयभन्दा बढी बिरामी आएका छन् । बिहीबारै १ सय ४१ बिरामीको मोतीबिन्दु शल्यक्रिया भएको छ । शिविरमा पहिलोपटक डा. रुइत छोरा डा. सागर रुइतसँग एकसाथ शल्यक्रियामा संलग्न छन् । उपचारमा आएका सबै बिरामीलाई दोरम्बा शैलुङ-२ स्थित काकलिङ विद्यालयमा निःशुल्क आवासीय सुविधा छ ।


वर्गीकृत डिस्प्ले

HIMALAYA COLLEGE
Koteshwor-32, Kathmandu
सिमित सिटको लागि भर्ना खुल्यो !
Bachelors: BBS, BSW, BA
Masters: MBS
(TU Semester System)
"Affiliated To Tribhuvan University"
FOR MORE INFORMATION
Ph No: 01-4610320 | 4610518 | 4610295
Mob No: 9851247389 | 9808162263
Email: himalayacollege54@gmail.com
Website: www.himalayacollege.com

घर बिक्रीमा

ललितपुरको एकान्तकुना दिव्यनगरमा रहेको भूकम्प पछि बनेको आधुनिक अपार्टमेन्ट डिजाइनको घर बिक्रीमा
क्षेत्रफलः ०-५-१-१
मूल्यः रु ४,२५,००,०००।-
सम्पर्कः 9851040002, 9860433890

संरचना भाडामा
ग्वार्को लामाटार ४ लेन बाटोमा जोडिएको लुभु सङ्कै कन्टेनर समेत जान सक्ने गोदाम,डिलर व्यबसाय र उद्योग लाई उपयुक्त ६००० र १३००० ब.फी.का दुई बाट संरचना भाडामा ।
सम्पर्क
९८४१३५४५५३/९८४१६४४७१३

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

के तपाई वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ?
सुरक्षित वैदेशिक रोजगारका लागि निःशुल्क परामर्श/ जानकारी लिन तलको फोनमा मिस्कल गर्नुहोस् वा फेसबुकमा मेसेज गर्नुहोस् ।
www.fb.com/SAFE.THN
नोटः हामी म्यानपावर कम्पनी चाही होइनौं ।
Email: rammhr515@gmail.com
9803888424, 9845057965

वर्गीकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

# नागरिकता मुद्दामा सधैं राजनीतिक सौदाबाजी

## जन्मसिद्ध नागरिकतावाला अभिभावकका सन्तान नागरिकताबाट वञ्चित भएको विषयलाई राजनीतिक दलले सधैं चुनावका बेला उठाउँछन् तर समाधानका लागि सक्रिय पहलकदमी लिँदैनन्

**भूषण यादव** (वीरगन्ज)

वीरगन्ज महानगरपालिका-१२ मुर्ली निवासी २५ वर्षीय श्याम पटेलले स्नातकसम्म अध्ययन गरेका छन् । पर्सा-बारा औद्योगिक करिडोरको परवानीपुरस्थित एक स्टिल उद्योगमा उनी दुई वर्षदेखि कार्यरत छन् तर अध्ययन र कामको तुलनामा तलब थोरै पाउँछन् । आफूसँग नागरिकता नभएकाले न्यून ज्यालामा काम गर्नुपरेको उनले सुनाए । झन्डै ४० वर्षदेखि नेपालमै बसोबास र कारोबार गर्दै आएका उनका बुबाको जन्मसिद्ध नागरिकता छ । बुबाको नागरिकता जन्मका आधारमा भएकैले श्यामले हालसम्म आफ्नो नागरिकता बनाउन सकेका छैनन् । 'नागरिकताबिना एउटा सिमसमेत निकाल्न मिल्दैन,' उनले भने, '६/७ वर्षदेखि जिल्ला प्रशासन कार्यालय धाइरहेको छु तर नागरिकता लिन सकेको छैन ।'

•••

वीरगन्जकै रानीघाट निवासी २२ वर्षीय नरेशप्रसाद साहकी आमा नेपालकी वंशज नागरिक हुन् । उनका बुबाले भने जन्मका आधारमा नागरिकता लिएका छन् । बालिग भएर पनि नागरिकता प्राप्त गर्न नसकेको नरेशको गुनासो छ । नरेशका बुबा विगत लामो समयदेखि नारायणगढमा व्यापार गरेर बसेका छन् । 'आमा वंशज हुँदाहुँदै पनि मैले नागरिकता पाउन सकेको छैन,' उनले भने, 'नागरिकता नहुँदा हरेक काममा सास्ती खेप्नुपरेको छ ।' उनकी आमासँग २०५२ असार ९ मा वंशजका आधारमा बनाएको नागरिकता प्रमाणपत्र छ । बुबाले २०६३ चैत २८ मा जन्मका आधारमा नागरिकता लिएका हुन् ।

•••

२०६२/६३ मा गाउँ-गाउँमा टोली खटाएर २६ लाख १५ हजार ६ सय १५ जनालाई नागरिकता वितरण गरिएको थियो । गृह मन्त्रालयको अभिलेखअनुसार तीमध्ये २३ लाख ४४ हजार ८ सय २१ ले वंशज र पौने दुई लाखले जन्मसिद्ध नागरिकता लिएका थिए । त्यसबेला करिब ५ सयले अंगीकृत नागरिकता लिएका थिए । जन्मसिद्ध आधारमा नागरिकता पाएका बाबुआमाका सन्तानले अहिले नागरिकता पाएका छैनन् । सरकारसँग यकिन तथ्यांक नभए पनि अधिकारकर्मीहरूका अनुसार जन्मसिद्धका बाबुआमाबाट जन्मेका ६ लाखभन्दा बढी बालिग भएर पनि नागरिकताको प्रमाणपत्रविहीन छन् । उनीहरू आर्थिक कारोबार, पढाइ र रोजगारबाट वञ्चित हुनुपरेको छ ।

संविधानको धारा ११ (३) मा संविधान प्रारम्भ हुनुअघि जन्मका आधारमा नागरिकता प्राप्त गरेकाको सन्तानले बाबु वा आमा दुवै नेपाली नागरिक भए बालिग भएपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने उल्लेख छ । संसद्को राज्य व्यवस्था समितिबाट पारित नागरिकता विधेयकसम्बन्धी प्रतिवेदनमा केही खुकुलो प्रावधान छ । '२०६५ मंसिर ९ भित्र निवेदन दिई नेपालको संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपाली नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने' उल्लेख छ ।



लामो समयदेखि राजनीतिक सौदाबाजीमा जेलिएको नागरिकता विधेयक फेरि चर्चामा आएको छ । गत साता वीरगन्जका मेयर विजयकुमार सरावगीलाई पार्टी प्रवेश गराउन वीरगन्ज-२३ प्रसौनी आएका एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो सरकारले अध्यादेशमार्फत नागरिकता समस्या समाधान गर्न खोजे पनि हालको गठबन्धनले सफल हुन नदिएको आरोप लगाएका थिए । 'हामीले संसद् नचलेका बेला अध्यादेश ल्याएर भए पनि नागरिकका सन्तानले वंशजका आधारमा नागरिकता प्राप्त गर्नुपर्छ भनेर कानुन बनायौं,' अध्यक्ष ओलीले भनेका थिए, 'अहिलेको गठबन्धनले कायम रहन दिएन । हामी फेरि त्यसलाई अगाडि बढाउँछौं, साथीहरू निश्चिन्त रहनुहोला ।'

नागरिकता विधेयकप्रति अनुदार रहेको आरोप लागेका ओलीले दोस्रो पटक २०७८ जेठ ८ मा प्रतिनिधिसभा विघटन गरेको भोलिपल्ट नागरिकता अध्यादेश ल्याएका थिए तर सर्वोच्च अदालतले २०७८ जेठ २७ मा अध्यादेश कार्यान्वयनमा रोक लगायो । त्यही विषयलाई चुनावी नारा बनाएर एमालेले मधेसमा जनमत बटुल्ने अनुमानमा गठबन्धन सरकारले नागरिकतासम्बन्धी अध्यादेश ल्याउने कसरत गरिरहेको छ । संसद् अधिवेशन अन्त्य गराएर सरकारले अध्यादेश ल्याउने बाटो खोलिसकेको छ ।

वीरगन्जका राजनीतिक विश्लेषक विनोद गुप्ताका अनुसार मधेसकेन्द्रित दलहरू अहिले आफ्नो पकड क्षेत्रमै कमजोर बनेका छन् । एमाले अध्यक्ष ओली मधेसमा धमाधम पार्टी प्रवेश गराइरहेका छन् । 'वीरगन्ज आएका बेला नागरिकता समस्या हामीले समाधान गराउन खोजेका थियौं तर गठबन्धनले सफल हुन दिएन भन्ने अभिव्यक्ति दिएर चुनावी नारा पनि मैदानमा फालिदिएका छन्,' उनले भने, 'आगामी चुनावमा एमाले र कांग्रेसबीच लडाइँ हुने हो, अहिलेको सरकारले नागरिकता अध्यादेश ल्याउने प्रयास गर्छ ।' नेपालमै जन्मेका र आमा बुबा यहीं बसोबास गरेका हजारौंले नागरिकता पाउन सकेका छैनन् । 'गलतलाई दिइएको छ भने छानबिन गरी कारबाही गर्नुपर्‍यो तर योग्य नागरिकलाई नागरिकताबाट वञ्चित गर्नुभएन,' उनले भने ।

ठाकुरराम बहुमुखी क्याम्पसका समाजशास्त्रका उपप्रध्यापक वीरेन्द्रप्रसाद साहले विगतदेखि नै नागरिकता समस्यालाई अल्झाएर दलहरूले मधेसमा भोट बढाउने रणनीति अपनाइरहेको बताए । 'नागरिकता मधेसको हटकेक समस्या हो,' उनले भने, 'यो समस्या समाधान गर्नेभन्दा यसलाई प्रयोग गर्ने दलहरूको नियत देखिन्छ । चुनावी एजेन्डा बनाएर भोट बढाउने काम भएको छ । मधेसमा यो मुद्दा सबैले भजाउने प्रयास गर्छन् । यो दुर्भाग्यपूर्ण छ ।' उनका अनुसार राजनीतिक दलहरूको भनाइ र गराइमा एकरूपता हुँदैन । यसले गर्दा नेताहरूको विश्वसनीयता घट्दो छ । लामो समयको छलफल र बहसपछि नागरिकता विधेयक २०७७ जेठमै संसद्मा पेस भएको थियो । तर, हालसम्म पारित भएको छैन ।

समाजशास्त्री साहका अनुसार नेपाल, भारत दुवैतिर राज्यको स्रोत-साधनमा रमाउन चाहने केही भारतीयले विगतमा नेपाली नागरिकता लिएका छन् । 'कर छल्ने उद्देश्यले दुवैतिर कारोबार भएका व्यक्तिले नागरिकता लिन रुचाउँछन्,' उनले भने, 'केही योग्य व्यक्ति जो भारतजस्तो ठूलो अर्थतन्त्रमा प्रतिस्पर्धा गर्न नसकी थोरै पुँजीमा नेपालमा कारोबार गर्न चाहन्छन्, त्यस्ताले पनि यताको नागरिकता लिएका छन् ।' उनका अनुसार नेपालसँग सीमा जोडिएका भारतका बिहार र उत्तर प्रदेश राज्यका सीमावर्ती सहरभन्दा यहाँको जीवनशैली तुलनात्मक रूपमा सर्वसुलभ छ ।

भारतसँगको खुला सिमाना, एउटै वेशभूषा, रोटीबेटी सम्बन्ध, भाषा भएकाले नागरिकता वितरणमा चुस्त हुनुपर्ने स्थानीय बासिन्दा बताउँछन् । मधेसमा बसोबास गर्ने दलित, जनजाति, चमार, डोम, मुसहरलगायत समुदायका हजारौंले अझै नागरिकता लिएका छैनन् । वीरगन्जका राजनीतिक विश्लेषक विनोद गुप्ताका अनुसार केही दशकअघिसम्म वीरगन्जमा ५ परिवार मात्र सोनार थिए । '२०६३ मा बाँडिएको नागरिकतापछि अहिले यहाँको गल्लीगल्लीमा सुन पसल खुलेका छन्,' उनले भने, 'एक दशकयता चार सयभन्दा बढी नयाँ सुन पसल खुलेका छन् । सीमावर्ती क्षेत्रमा दुई देशबीच रहेको कर अन्तरमा कारोबार गर्ने व्यापारीले दोहोरो नागरिकता लिन बढी रुचाउँछन् ।' २०६३ मा अभियानअन्तर्गत बाँडिएको नागरिकता कतिपय विदेशीले लिएको प्रमाणसहित उजुरी परे पनि त्यसको प्रभावकारी छानबिन नभएको गुनासो बढ्दो छ ।

# मानाचामल माग्दै पुरुष

**प्रतीक्षा काफ्ले** (कास्की)

पोखरा महानगरपालिका-२५ हेम्जाका एक पुरुषले गत पुस २२ मा न्यायिक समितिमा मानाचामलको माग राख्दै निवेदन दर्ता गराए । लामो समय वैदेशिक रोजगारीमा रहेका उनले घर फर्किंदा खाने, बस्ने ठाउँ नपाएको बताउँदै श्रीमती र छोराविरुद्ध निवेदन दिएका हुन् । उनको निवेदनमा 'मैले खान र बस्न पाइनँ, मानाचामलको व्यवस्था गरियोस्' भन्ने व्यहोरा उल्लेख थियो ।

ती पुरुष सुरुमा मानाचामलको माग राख्दै प्रमुख जिल्ला अधिकारीसमक्ष पुगे । प्रजिअले यस्ता मुद्दा न्यायिक समितिले नै हेर्ने भनेर महानगर पठाइदिए । न्यायिक समितिको संयोजक सम्बन्धित पालिकाको उपप्रमुख हुने व्यवस्था छ । महानगरमा संयोजक मञ्जुदेवी गुरुङ छिन् । ती पुरुषले गुरुङसँग आफ्नो वृत्तान्त पोखे । गुरुङसँग उनको भनाइ थियो, 'सुरुमा त हजुर महिला भएकै कारण आउन लाज लाग्यो । अन्यायमा परेपछि भोकै बस्न सकिनँ, लाज मान्दैमान्दै न्याय खोज्न आएको छु ।'

उनको निवेदनपछि समितिले परिवारलाई बोलाएर छलफल गरायो । श्रीमतीको नाममा घर भएकाले उनलाई बस्ने र खाने व्यवस्था गर्न समितिले गत फागुन २ मा निर्णय गर्‍यो । यसअघि उनकै श्रीमतीले पनि गत असोज १४ मा न्यायिक समितिमै मानाचामलको माग गर्दै निवेदन दिएकी थिइन् । त्यसबेला समितिले श्रीमतीको पक्षमा निर्णय गरेको थियो । 'हामीले महानगरकै इजलासमा बोलाएर छलफल गरायौं,' गुरुङ भन्छिन्, 'परिवार सबै मिलेर घर गए । आमाछोराले बाबुलाई फकाएछन् र ती व्यक्तिको नामको घरजग्गा भएजति सबै सम्पति छोराको नाममा नामसरी गराएछन् । त्यसपछि आमाछोरा एकतिर, बाउ अर्कोतिर भए । बाउलाई घरमा बस्न, खान दिएनछन् र पुरुषले निवेदन दिएका हुन् ।'

पोखरा-३१ का अर्का व्यक्तिले पनि मानाचामलको माग राख्दै २०७७ पुस २ मा श्रीमती र छोराविरुद्ध समितिमा निवेदन दर्ता गराए । समितिले उनको परिवारलाई बोलाएर छलफल चलायो । छलफलमा भुइँतलामा एउटा हल, एउटा सटर र तेस्रो तलामा ३ वटा कोठा दिने निर्णय भयो । नयाँबजारस्थित घर श्रीमतीको नाममा थियो । समितिले गत असार ३१ मा निवेदनको टुंगो लगायो तर श्रीमतीले घरेलु हिंसामा श्रीमान्‌विरुद्ध जिल्ला अदालतमा मुद्दा दिएकी छन् ।

अर्को निवेदन थियो, पोखरा-८ का एक वृद्धको । ज्येष्ठ नागरिकको हेरचाह नगरेको भन्दै ती वृद्धले न्यायिक समितिमा २०७७ माघ २० मा मुद्दा दर्ता गराए । समितिले उक्त मुद्दालाई गत साउन ३२ मा तामेलीमा राखेको छ । वृद्ध अवकाशप्राप्त बेलायती सेना भएकाले खान, लगाउन अभाव नरहेको र हेरचाहका लागि मात्र माग गरिएकाले मुद्दा तामेलीमा राखिएको उपप्रमुख गुरुङले बताइन् । 'वृद्धवृद्धा र केटाकेटीको केसमा हामी अझै बढी जिम्मेवार छौं,' उनले भनिन् ।

उपमेयर गुरुङका अनुसार पछिल्लो समय श्रीमतीविरुद्ध मुद्दा हाल्ने पुरुषको संख्या बढ्दै गएको छ । 'न्यायिक समितिमा आएका यस्ता मुद्दा मिलाएर पठाएका छौं,' उनले भनिन्, 'केही मुद्दामा यहाँ सहमति हुन्छ, घरमा कुरा नमिलेपछि अदालत जान्छन् ।' समितिमा अधिकांश निवेदन घर, जग्गा विषयमा परेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को १ र २ अनुसार न्यायिक समितिमा मुद्दा दर्ता गर्ने अधिकार छ । पोखरा महानगरले दोस्रो नगरसभाबाट न्यायिक समिति गठन गरी २०७५ देखि मुद्दा हेर्दै आएको छ । महानगरका वरिष्ठ कानुन अधिकृत नारायणप्रसाद शर्माका अनुसार दफा ४७ को १ अनुसार हालसम्म एक सय ४७ मुद्दा दर्ता भएका छन् । जसमध्ये चालु आवमा ५७, आव २०७७/७८ मा ५६, आव २०७६/७७ मा १९, २०७५/७६ मा १४ वटा मुद्दा दर्ता भएका थिए । नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमदअनुसार खान, लगाउन या शिक्षा नदिएको भन्दै यस वर्षमात्रै ४५ मुद्दा परेका छन् । यीमध्ये गतवर्ष २६, त्यसभन्दा अघिल्लो वर्ष क्रमशः ७ र ८ मुद्दा परे ।

दफा ४७ को २ बमोजिम हालसम्म २ सय १७ मुद्दा दर्ता भएका छन् । जसमा चालु आवमा मुद्दा संख्या ७६ छ । आव २०७७/७८ मा ८३, २०७६/७७ मा २६, २०७५/७६ मा ३२ मुद्दा दर्ता भए । पतिपत्नीको सम्बन्धविच्छेदका ३ वटा मुद्दा दर्ता भएका छन् । गाली बेइज्जती, कुटपिट, सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक एकल हकको जग्गा अर्कोले मिचेको, ध्वनि प्रदूषण तथा फोहोरमैलालगायत शीर्षकमा मुद्दा दर्ता भएको शर्माले बताए । मुद्दा हेर्नका लागि महानगरमा एक सय ४४ मेलमिलापकर्ता छन् । ४ वटाबाहेक नगरका २९ वटै वडामा न्यायिक समिति गठन भएका छन् । आचार्यका अनुसार सानातिना मुद्दा वडाले पनि हेर्छ । 'वडामा नमिलेका मुद्दा न्यायिक समितिमा आउँछन्, हामी फिल्डमै गएर हेर्छौं,' उनले भने, 'जग्गासम्बन्धी भए नापी, इन्जिनियरको टोली लिएर पुगेका हुन्छौं । घरायसी झगडा भएको भए नगर प्रहरी पनि हाम्रै साथमा हुन्छन् ।' तर, वडामै विवाद मिलाइएका मुद्दा कमै मात्रामा रहेको उनले बताए । आर्थिक वर्षको अन्त्यमा न्यायिक समितिको जिल्ला अदालतले बर्सेनि अनुगमन गर्छ र प्रतिवेदन दिन्छ ।

**पोखरा महानगरको न्यायिक समितिमा मानाचामल मुद्दामा पुरुषका पनि निवेदन**

न्यायिक समितिको क्षेत्राधिकारभन्दा बाहिरका पनि मुद्दा आउने गरेको संयोजक गुरुङ बताउँछिन् । 'प्रहरी या अदालतमा परेका मुद्दालाई पनि हामीले सहजीकरण गरेका छौं,' उनले भनिन्, 'आर्थिक अभाव भए निःशुल्क वकिल लगाएर मुद्दा हेर्न लगाउँछौं ।'

















**रङको बहार** | काठमाडौंको वसन्तपुरमा बिहीबार रङ र अबिर दलेर फागु खेल्दै युवा (माथि)। उपत्यकाका तीनै जिल्लामा शुभकामना साटासाट गरी हर्षोल्लासका साथ यो पर्व मनाइएको छ। पछिल्ला २ वर्ष कोरोना महामारीका कारण फागु पर्व घरघरमै सीमित भए पनि यसपटक सडक, चोक र सम्पदास्थलमा उल्लेख्य सहभागिता देखियो। फागु पूर्णिमाको अवसरमा रेडियो कान्तिपुरले पनि बिहीबार होली कार्यक्रम आयोजना गरेको छ।

*तस्बिरहरू : हेमन्त श्रेष्ठ, केशव थापा र इलिट जोशी/कान्तिपुर*

# होलीमा सिर्जनाको रङ

काठमाडौं (कास)- रङहरूको पर्व फागु पूर्णिमामा चित्रकारले मुहारमा मात्र होइन, क्यानभासमा समेत रङ नै दलेर पर्वलाई अझ विशेष बनाए। झन्डै डेढ दशकदेखि कला क्षेत्रमा क्रियाशील संस्था 'स्पेक्ट्रम' द्वारा आयोजित कार्यक्रममा चित्र, नाट्य, साहित्य तथा संगीतका सर्जकले चित्र सिर्जनासमेत गरे। काठमाडौं, तारकेश्वर तीनपीपल-३ स्थित वर्डहिल फार्मस्टेमा गरिएको 'फागु पूर्णीमा विशेष चित्रकला कार्यशाला' मा सर्जकले आपसमा रङ खेलेर शुभकामना आदानप्रदान गर्दै त्यहाँको जनजीवनलाई क्यानभासमा पनि उतारे। फागु पर्वलाई विशेष बनाउन संस्थाले बर्सेनि यस्तो कार्यक्रम गर्दै आएको उपाध्यक्ष तथा चित्रकार सबिता डंगोलले बताइन्। भनिन्, 'फागुमा हामी रङ खेल्दै रङमै सिर्जना पनि गर्छौं।'

कार्यशालामा कलाकार सन्तोष पन्त, साहित्यकार रामप्रसाद ज्ञवाली, शास्त्रीय संगीतज्ञ चण्डीप्रसाद काफ्ले, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति केके कर्माचार्यसहित संस्थाका सचिव तथा चित्रकार ईशान परियार, महेश आचार्य, दलबहादुर राई, इन्द्र खत्री, निशा श्रेष्ठ, दीपक महर्जन लगायतका चित्रकारहरू सहभागी थिए। कार्यशालामा सहभागीहरूले फागु मनाएपछि आ-आफ्नो हिसाबले सिर्जना गरेका थिए। कलाकार पन्तले सात रङलाई क्यानभासमा उतारे। उनका अनुसार कलामा जसरी नवरस हुन्छ त्यसरी रङको सिर्जनामा सप्तरंगीको मिश्रण हुन्छ। उनले भने, 'मैले जसरी सप्तरंगको कुरा ल्याएँ, सबैमा त्यही मात्र हुन्छ भन्ने हुन्न। कसैले आकाश, कसैले आगो, कसैले हरियाली जंगल वा लामो कर्णाली नदी पनि भन्न सक्छन्।'

कार्यशालामा कुलपति तथा चित्रकार कर्माचार्यले भने, 'चित्रकार र फागुको प्रत्यक्ष सम्बन्ध छ। आम मानिसले जानेर वा नजानेर एकआपसमा रङ दलेर पर्व मनाउँदै आएका छन्। हामीले क्यानभासमा रङ भरेर त्यसलाई अर्थपूर्ण बनाउन सक्छौं।' पर्व विशेषलाई मध्यनजर गरेर यस्ता खाले सिर्जना भएमा कलाले संस्कृतिका विविध आयाम र पक्षहरू उठान गर्न सक्ने उनको ठहर छ।

## रेडियो कान्तिपुरमा पनि होली

काठमाडौं (कास)- फागु पूर्णिमाको अवसरमा रेडियो कान्तिपुरले पनि बिहीबार होली कार्यक्रम आयोजना गरेको छ। पुल्चोकस्थित रेडियो स्टेसन परिसरमा आयोजित 'होली हंगामा' कार्यक्रममा धर्मेन्द्र सेवान, कमल क्षेत्री, शान्तिश्री परियार, विश्व नेपाली, बालेन शाह, प्रिती कौर, आभाष लाभले सांगीतिक र कलाकार राजाराजेन्द्रले हास्यव्यंग्य प्रस्तुति दिएका थिए।

कार्यक्रममा कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष कैलाश सिरोहिया, एजीएम महेश स्वाँर, एनआरएनएका पूर्वअध्यक्ष जीवा लामिछाने पनि सहभागी थिए। रेडियो कान्तिपुरले हरेक वर्ष होली कार्यक्रम गर्दै आएकामा यसअघिका दुई वर्ष भने कोरोना भाइरस महामारीका कारण रोकिएको थियो। बिहीबारको कार्यक्रम रेडियो कान्तिपुर र कान्तिपुर टेलिभिजन, कान्तिपुर सिनेफ्लेक्सले प्रत्यक्ष प्रसारण गरेका थिए।

USAID FROM THE AMERICAN PEOPLE | WWF | CENTER for LARGE LANDSCAPE CONSERVATION

**CALL FOR PROPOSALS**

WWF Nepal, the global conservation organization leading international efforts *for a living planet,* calls for proposals for the following consultancy. If you think you are an achiever and willing to work within a diverse team in a multicultural environment with commitment and passion for what you believe in, you are highly encouraged to apply.

**Call For Proposal: Consultancy for Database Development for ALIGN Project, Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) Project**

Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) is a United States Agency for International Development (USAID) funded regional project being implemented by WWF and Center for Large Landscape Convention (CLLC) in three focal countries (Nepal, India, and Mongolia) to enhance the development and implementation of effective, high-quality safeguard measures to avoid, lessen and/or mitigate adverse impacts from linear infrastructure development on people and natural resources in Asia. The project seeks to develop a user friendly and secured database system which can be updated regularly and will be a hub for all information management. This includes the development and installation of a comprehensive and secure project database system, with corresponding dashboard, to enter/upload, analyze and generate information from any geographic location. The consulting organization/institution should develop standard procedures and guidelines for maintaining the database as well.

**Qualifications:**

The consulting organization/institution should have VAT registration and a minimum of 5 years of experience in database design and roll out for development or related projects and a proven experience to lead in the structural design of a database according to various system requirements. The team should possess ability to work under pressure, effectively coordinate and meet tight deadlines without compromising the quality of work.

Eligible organizations/institutions are requested to submit separate technical and financial proposals in sealed envelopes along with cover letter to the address listed below to be received by **5:00 PM** on **1st April 2022**. Please mention **"Consultancy- Database development for ALIGN"** on the envelope.

**WWF Nepal, ALIGN**

**PO Box: 7660, Pavitra Pyara Marg, Baluwatar, Kathmandu, Nepal**

Only applicants selected for further consideration will be contacted. Telephone inquiries will not be entertained. Detailed terms of reference can be downloaded from

**Website: https://www.wwfnepal.org/opportunities/vacancy/**

*WWF is an Equal Opportunity Employer. Please join us in our mission to save life on Earth.*

# थारूको होरीमा धुमिल हुँदै डम्फूको धुन

### कुनै बेला होरी मनाउन अनिवार्य हुने डम्फू अहिले बजाउन त परको कुरा, नयाँ पुस्ताका थारूलाई यसबारे जानकारीसमेत छैन

**रमेशकुमार पौडेल** (चितवन)



**डम्फू नाच नाच्दै चितवनका थारू समुदाय।**

*तस्बिर : रमेशकुमार/कान्तिपुर*

आदिवासी थारू समुदायको फागु पर्व (होरी) मा रङ मात्रै होइन, डम्फूको धुन पनि अनिवार्य जस्तै छ। मान्छे रंगिए जसरी डम्फूलाई पनि सिँगार-पटार गरिएको हुन्छ। होरीमा घरघरमा डम्फू तयार गर्ने होड चल्थ्यो। यो अलि पुरानो कुरा हो। चितवनमा थारू समुदायको बाक्लै बसोबास रहेको बछौलीका ९० वर्षीय सुखलाल चौधरी सम्झन्छन्, 'अचेल त्यो बेलाको जस्तो रमाइलो र जोसिलो होरी कहाँ बाँकी रह्यो र ?'

*'होरी, होरी हो रङ जैसा होरी*
*के करे हाथे लाल चुनरी रङ जैसा होरी*
*किस्नका हाथे लाल चुनरिया*
*राधिकाके हाथे लगि हो रङ जैसा होरी।*

होरीका बेला गाउँटोलमा गुञ्जने यो गीत सुखलालले अझै बिर्सेका छैनन्। बढ्दो उमेरमा श्वास फुलेर बोल्न गाह्रो छ उनलाई। तर होरीको चर्चा गर्दै जाँदा उनले सम्झे जति गीतका पंक्ति स्वर मिलाएर गाए। 'होरी आउन लाग्यो भनेपछि सबको घर-घरमा उर्दी दिन्थ्यो कि एउटा-एउटा डम्फू बनाउन भनेर। कसैको घरमा धेरै मान्छे भए दुईवटा पनि बनाउनुपर्थ्यो नि !,' सुखलालले भने।

उनका अनुसार गाउँमा औंसी कटेपछि नै होरीको चहलपहल सुरु हुन्थ्यो। बाख्राको छालाको डम्फूलाई आकर्षक देखाउन चुल्ठी नै राखिइन्थ्यो। स-सानो घण्टी पनि राख्नुपर्थ्यो। मयूरका प्वाँख मिलाएर राखेपछि बल्ल डम्फूको सिँगार-पटार पूरा हुन्थ्यो। १२/१५ जनाको टोलीले एकै स्वर र तालमा गाउने, बजाउने र नाच्ने गर्थे। डम्फूले मयूर नाचेको झल्को पो दिन्थ्यो।

'अहिले त यो सब पुरानो कुरा भयो,' सुखलालले सुनाए। सुखलालका ६६ वर्षका जेठा छोरा वासुदेव चौधरी भन्छन्, 'होरीमा डम्फू त अझै पनि बज्छ नि, तर घरघरमा डम्फू कहाँ पाउनु ? टोलमा दुई/चारवटा भेटिन्छ।' पूर्वशिक्षक र राजनीतिक व्यक्तिसमेत रहेका वासुदेव बछौलीको थारू सांस्कृतिक संग्रहालयका संरक्षक पनि हुन्।

'पहाडमा पूर्णिमाको दिन होरी मनाइन्छ। हामी भने पूर्णिमाको दिन साँझपख चीर पोल्छौं र भोलिपल्ट बल्ल होरी खेल्छौं,' वासुदेवले भने, 'वर्षभरिको रिसराग होरीका दिन पोख्ने चलन नै थियो। कुलोमा पानी लगाउने बेलामा मर्का परेको हुन्छ। कसैलाई कसैको बोली, बचन, व्यवहारले पिर पारेको हुन्छ। त्यसको बदला होरीमा लिने भनेर बस्नेहरू पनि हुन्थे।' उनका अनुसार अहिले त्यस्ता गतिविधि नामेट भइसकेको छ। उनले थाहा पाउँदासम्म तीन/चार दिनसम्म होरी धुमधामले मनाइन्थ्यो। चीर पोलेपछि त्यसैको खरानी भोलिपल्ट बिहान लगाएर थारू समुदायको ब्रह्मथानमा ढोग्ने र 'हामी विजयी होऊँ' भन्ने कामना गरिन्थ्यो। 'झगडा हरायो, डम्फू पनि म हुँदै गयो,' उनले भने।

डम्फू नाच थारू समुदायले होरीमा नाच्ने विशेष नाच नै हो। यद्यपि डम्फू थारू संस्कृतिको प्रतीक बनेको छ। होरीबाहेक पनि डम्फू नाच सम्मेलन र सांस्कृतिक केन्द्रमा देख्न पाइन्छ। जसका कारण यो जोगिएको उनको बुझाइ छ। नरेश चौधरी ३० वर्षका भए। उनी सुखलालका नाति हुन्। 'डम्फू त हामीले बजाउन जानेका छौं तर अचेल हाम्रो घरमा छैन। मलाई होरीमा यो डम्फू सिँगारेको पनि खासै याद छैन,' उनले भने।

पूर्वी चितवनकै थारू बहुल अर्को गाउँ खैरहनी नगरपालिका-९ बैरनीका ६० वर्षीय वीरेन्द्रकुमार चौधरीले मनोरञ्जनका साधनहरू पर्याप्त भएका कारण चाडपर्वको रौनक घटेको बताए। 'पहिला मिठो खान पनि पर्व आउनुपर्थ्यो। खेतीपातीमा व्यस्त हुने भएका कारण रमाउन चाडपर्व नै आउनुपर्थ्यो। अहिले त मिठो खान पर्व कुर्नु पर्दैन। रमाउन मनोरञ्जनका अनेक माध्यम छन्। प्रत्येक दिन पर्वजस्तै छ नि !,' उनले भने।

उनले देख्दा पनि हरेक घरमा कम्तीमा एउटा डम्फू हुन्थ्यो। अहिले त व्यक्तिपिच्छे मोबाइल छन्। सुखलालका काखे पनातिहरू समेत मोबाइल फोनमा कार्टुन हेर्दै बसेका भेटिएका थिए। खाना खाँदा झनै मोबाइल नदेखाई हुँदैन।

थारू समुदायको संस्था थारू कल्याणकारी सभाकी पूर्वकेन्द्रीय सदस्य चन्द्रा चौधरी होरीपछि अर्को ठूलो र उल्लासमय पर्व झट्टै नआउने हुँदा आफ्नो समुदायमा यसको ठूलो महत्व रहेको बताउँछिन्। 'हुन त हामी चैतेदसैं, विक्रमबाबा मेला पनि मनाउँछौं। तर होरी खास र विशेष पर्व हो,' चन्द्राले भनिन्।


KANTIPUR PUBLICATIONS LTD.
KMG
KANTIPUR MEDIA GROUP
My Second Teacher
PRESENTS
कान्तिपुर
EDUCATION SUMMIT
2022
POWERED BY
PREMIER INTERNATIONAL SCHOOL
NEPAL'S FIRST IB PYP & IB MYP WORLD SCHOOL
चैत्र ७, २०७८ | March 21, 2022
बिहान १०:३० बजेदेखि
Live
Exclusively on
KANTIPUR
eKantipur.com
youtube.com/ekantipurofficial
प्रमुख वक्ता
प्रा. डा. सुरेशराज शर्मा
शिक्षाविद्
विषय
वक्ता
प्रस्तोता
पहिलो सत्र
सार्वजनिक शिक्षाको सबलीकरण
गगन थापा
महामन्त्री, नेपाली कांग्रेस
गोकर्ण विष्ट
सचिव, नेकपा एमाले
प्रा. डा. शिलु मानन्धर बज्राचार्य
उपकुलपति नेपाल खुला विश्वविद्यालय
नारायणप्रसाद सिग्देल
प्रधानाध्यापक, जनज्योति मावि बड्डीचौर, सुर्खेत
देवेन्द्र भट्टराई
पत्रकार, कान्तिपुर दैनिक
दोस्रो सत्र
निजी शिक्षाको नाफा-घाटा
उमेश श्रेष्ठ
राज्यमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रा. डा. विद्यानाथ कोइराला
शिक्षाविद्
पवित्रा लिम्बू
प्रबन्ध निर्देशक, प्रिमियर इन्टरनेसनल आईबी वर्ल्ड स्कुल
रमेश सिलवाल
अध्यक्ष, हिसान
श्री पाण्डे
पत्रकार, कान्तिपुर टेलिभिजन
तेस्रो सत्र
ज्ञानको गन्तव्य, स्वदेश कि विदेश ?
प्रा. डा. धर्मकान्त बाँस्कोटा
उपकुलपति, त्रिभुवन विश्वविद्यालय
प्रा. डा. बालचन्द्र लुइँटेल
डिन, स्कुल अफ एजुकेसन, काठमाडौं विश्वविद्यालय
डा. कमल लामिछाने
सहप्राध्यापक, चुकुबा विश्वविद्यालय, जापान
नरोत्तम अर्याल
प्रिन्सिपल, किङ्स कलेज
आभाष्ना पाण्डे
पत्रकार, खोज पत्रकारिता केन्द्र
चौथो सत्र
पुरानो प्रणाली, नयाँ शिक्षा !
देवेन्द्र पौडेल
मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि
राजेन्द्र दाहाल
सम्पादक, शिक्षक मासिक
डा. उषा झा
पूर्वसदस्य, राष्ट्रिय योजना आयोग
सुलभ बुढाथोकी
सह-संस्थापक, माइसेकेन्ड टिचर
उमेश चौहान
सम्पादक, कान्तिपुर दैनिक
BRIDGING THE GAP
PARTNERS
HOSPITAL PARTNER
GOLDENGATE INT'L COLLEGE
islington college
(इस्लिङ्टन कलेज)
ing GROUP
XAVIER
KATHMANDU WORLD SCHOOL
FRONTLINE HOSPITAL
Healthcare First

सम्पादकीय

# इँटाभट्टा सुधारको आधार

काठमाडौंमा पछिल्ला चार दिनको वायु गुणस्तरको सूचकांक (एक्यूआई) क्रमशः १४०, १५१, १५५ र ११६ छ । हावामा आँखाले देख्न नसकिने साना कण कार्बन मोनोअक्साइड, सल्फर, नाइट्रोजन अक्साइडको मात्रालाई एक्यूआईले बुझाउँछ, जुन जति बढ्दै गयो उति नै घातक हुन्छ । ५० एक्यूआईसम्मलाई मात्र स्वास्थ्यकर मानिन्छ । यस हिसाबले हाम्रो फोक्सोले असाध्यै अस्वास्थ्यकर वायु लिइरहेको छ । अघिल्लो वर्ष काठमाडौंको एक्यूआई ४०० भन्दा बढी पुगेर विद्यालय नै बन्द गर्नुपरेको थियो । पछिल्ला हिउँदहरूमा कति दिन त सास फेर्नै पनि असहज हुने तहमा प्रदूषण बढ्ने गरेको छ । काठमाडौं उपत्यकाको वायु प्रदूषणको प्रमुख कारक सवारीसाधन तथा उद्योग र कृषिको कामबाट आएको धूवाँ हो, इँटाभट्टा पनि यसको मुख्य हिस्सेदार हो । त्यसैले इँटाभट्टामा प्रयोग हुने प्रविधिको सीमितता, बाह्य तथा आन्तरिक अनुगमनको नियमितता र अन्य सुधारका पक्षबारे विमर्श हुनु जरुरी छ ।

पछिल्लो समय अर्थतन्त्रको विस्तारसँगै सहरीकरण प्रक्रियाको गति बढिरहेको छ । सहर फैलिएसँगै इँटाको माग उच्च छ, इँटा उद्योगहरू फस्टाइरहेका छन् । नेपाल इँटा उद्योग महासंघका अनुसार काठमाडौं उपत्यकाका तीन जिल्लामा दर्ता भएका ११२ मध्ये १०० वटा सञ्चालनमा छन् । विज्ञहरूका अनुसार काठमाडौंको वायु प्रदूषणको ३० प्रतिशत हिस्सेदार इँटाभट्टाबाट निस्कने धूवाँ हो । त्यस्तै काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना-२०७६ अनुसार इँटाभट्टा सवारीसाधनबाट निस्कने धूवाँ तथा धूलो, सडकमा जमेको फोहोरसँगै उत्तिकै वायु प्रदूषणको कारक हो । फोक्सोका रोगहरू, क्यान्सर, मुटु सम्बन्धी समस्या र मस्तिष्काघात सबै वायु प्रदूषणसँग जोडिएका छन् । यसबाट हुने स्वास्थ्य जोखिमको रोकथामका लागि पनि इँटा उद्योगलाई वातावरणमैत्री बनाउनु अपरिहार्य छ ।

फेरि काठमाडौं वायु प्रदूषणका हिसाबले संसारमै सबैभन्दा जोखिममा रहेका सहरहरूमध्ये एउटा हो । अव्यवस्थित सहरीकरणले जोखिम झनै बढाइरहेको छ । संसारभर विकास भइरहेको वातावरणमैत्री सहरीकरणको अवधारणाले हाम्रो सरकारी नीतिनियम तथा कार्यक्रमलाई प्रभाव नै नपारेको होइन तर वातावरणमैत्री विकासका लागि नेपाल सरकारले लिएको अग्रसरता पर्याप्त छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले इँटाभट्टा सञ्चालनका लागि चिम्नीको उचाइ र धूवाँको मात्रा घटाउन उपयुक्त प्रविधिको प्रयोगमा जोड दिँदै आइरहेको त छ, तर प्रदूषण नियन्त्रणका लागि तोकिएको मापदण्ड अनुरूप सञ्चालन भएका छन् वा छैनन् भन्नेबारे नियमित रूपमा इँटाभट्टामै पुगेर अनुगमन गर्नपट्टि चासो दिएको छैन ।

वातावरण विभाग अनुसार काठमाडौं उपत्यकाका इँटा उद्योगहरूले प्रत्येक वर्ष ५६,१०० टन कोइला खपत गर्छन्, जसले कार्बन डाइअक्साइड, कार्बन मोनोअक्साइड, सल्फर डाइअक्साइड, नाइट्रोजन अक्साइड उत्पादन गरिरहेको छ । महाभूकम्पपछि काठमाडौंका इँटाभट्टा परम्परागतबाट आधुनिक प्रविधितर्फ उन्मुख छन् । अहिले इँटाभट्टामा अपनाइएको बीटीके प्रविधि (आधुनिक) का कारण चिम्नीभित्र जलेको कोइलाको कालो धूवाँ पुरानो प्रविधिमा जस्तो सीधै बाहिर निस्किँदैन । कोइलालाई राम्रोसँग जलाउने, कालो धूवाँलाई फिल्टर गर्ने, बाहिर निस्किँदा नदेखिने सेतो धूवाँ मात्र निस्कने गरी चिम्नी बनाइन्छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को प्राविधिक सहयोगमा यो प्रविधि इँटाभट्टामा राखिएको हो । काठमाडौं उपत्यकाका अधिकांश इँटाभट्टा यही प्रविधि अनुरूप सञ्चालन भइरहे पनि यसलाई देशभरि पुऱ्याउन सकिएको छैन । परम्परागत प्रविधिका तुलनामा यसले कोइलाको खपत कम गर्नुका साथै गुणस्तरीय इँटा उत्पादनमा पनि सहयोग गर्छ । प्रविधिको हेरफेरसँगै जलवायु परिवर्तनको कारकसमेत रहेका कार्बन डाइअक्साइड र कार्बनको मात्रा काठमाडौं उपत्यकामा केही हदसम्म नियन्त्रित भए पनि बीटीके प्रविधिले अन्य देशले अपनाइरहेको प्रविधिका तुलनामा झन्डै दोब्बर धूवाँ फाल्छ । त्यसैले यो प्रविधि आफैंमा पूर्ण होइन । यसबाट सरकारले तोकेको मापदण्ड पूरा भए पनि नेपालले अन्तर्राष्ट्रिय मापदण्ड नै पछ्याउनुपर्छ, त्यसका लागि अन्य देशमा प्रयोग भइरहेको भीएसबीके प्रविधि अपनाउन थाल्नुपर्छ । काठमाडौं उपत्यकामा बीटीके प्रविधिमा सञ्चालन भइरहेका इँटाभट्टालाई तत्कालै नयाँ प्रविधिमा ल्याउन नसके पनि, उपत्यकाबाहिरका अधिकांश इँटाभट्टा अझै परम्परागत प्रविधिबाटै चलेकाले, तिनमा भीएसबीके प्रविधिको प्रयोग गर्ने सम्भाव्यताको अध्ययन हुनुपर्छ । उपत्यकामै पनि अब दर्ता हुने नयाँ इँटाभट्टाको हकमा यो प्रविधिको उपयोग आवश्यक छ ।

प्रविधि सुधारको पाटो एकातिर छ, अर्कातिर तत्कालबाट गरिहाल्नुपर्ने काम हो– नियमित अनुगमन । इँटाभट्टाको धूवाँको अवस्थाको मापन रङका आधारमा गरिने परिपाटी छ । धूवाँ हेरेकै आधारमा कालो भए निकै घातक, पहेंलो भए ठीकै, सेतो भए कम भन्ने तरिका वैज्ञानिक हुँदै होइन । दुःखलाग्दो यथार्थ, यस्तो अनुगमनका लागि चाहिने उपकरण वातावरण विभागसित छैन । यसमा स्रोतभन्दा पनि सोचको कमी देखिन्छ, सरकारले चाहँदा यस्तो उपकरण किन्न नसक्ने हुँदैन । विभागले आवश्यक उपकरण जुटाएर स्थलगत अनुगमन गरी मापदण्डविपरीत सञ्चालन भइरहेका इँटाभट्टाहरूलाई कारबाहीको दायरामा ल्याउनैपर्छ । इँटाभट्टा व्यवसायी आफैंले पनि यसका लागि आन्तरिक संरचना बनाउनुपर्छ, र त्यसलाई नियमित बनाउनेतर्फ ध्यान दिनुपर्छ ।

# आप्रवासनको औपनिवेशिक असर

बेलायती नीति, शासक र सरकारी कर्मचारीहरूमा महिलाहरू आत्मनिर्णयका लागि अक्षम हुन्छन् भन्ने बुझाइ थियो । दशकौं पुरानो बेलायती समझलाई झल्को दिने अभ्यास नेपालमा आजपर्यन्त जारी छ । उदाहरणका लागि, नेपालको वैदेशिक रोजगारीको नियमनलाई हेर्न सकिन्छ ।



सञ्जय शर्मा



विसं १९४० (सन् १८८३) मा नेपालमा सुरेन्द्रविक्रम शाह राजा र रणोद्दीप सिंह राणा प्रधानमन्त्री रहेका बेला मूर्ति (अंग्रेजीमा मोर्ति लेखिएको) नामकी एक नेपाली महिला 'द रोहिल्ला' नामको पानीजहाज चढेर दक्षिण अमेरिकी महादेशको ब्रिटिस गुयानामा उखु खेतीमा कुल्लीका रूपमा काम गर्न पुग्छिन् । गुयाना पुगेपछि उनले आफूसँगै गएका लोग्ने अमिरवनलाई अस्वीकार गर्छिन् । उनीहरूको विवाह कहाँ भएको भनी थाहा हुन नसके पनि गुयानी-अमेरिकी लेखक गैयत्रा बहादुर आफ्नो सन् २०१४ मा छापिएको किताब 'कुल्ली वुमन : द अडसी अफ इन्डेन्चर' मा दुई सम्भावनाबारे बताउँछिन् । पहिलो, मूर्ति र अमिरवनको विवाह उनीहरू गुयाना पुग्न महिनौं चढेको पानीजहाजमा भएको हुन सक्छ । दोस्रो, औपनिवेशिक कामदारका रूपमा भारतमा पानीजहाज चढ्नका लागि दम्पती भएकै हुनुपर्ने नीति पालना गर्ने अध्यागमन कर्मचारीलाई झुक्याउनका निम्ति मूर्ति र अमिरवनले विवाह भएको नाटक गरेका हुन सक्छन् ।

मूर्ति र अमिरवनको जस्तै पानीजहाजमा यात्रा गरिरहेका थुप्रै एकल दक्षिण एसियाली महिला र पुरुष कुल्लीहरूलाई पानीजहाजका क्याप्टेनले एकआपसमा विवाह गरिदिन्थे । पानीजहाजमा अविवाहित कामदारहरूको विवाह विविध कारणले हुन जान्थ्यो । यौन शोषणमा परेका महिलाको विवाह उनीहरूको शोषकसँगै गराइन्थ्यो । केही पुरुषलाई भने भारतीय उपमहाद्वीपबाट गुयानाजस्ता उपनिवेशहरूमा दैनिक जीवन चलाउन 'गाह्रो' हुने ठहर गर्दै पानीजहाजका क्याप्टेनले एकल पुरुषहरूलाई एकल महिला खोजेर विवाह गरिदिन्थे ।

विसं १९४२ (सन् १८८५) मा वीर शमशेरले प्रधानमन्त्री भएलगत्तै नेपालीहरूलाई भारतीय सेनामा भर्ती गर्ने औपचारिक अनुमति दिए र बेलायती शासकहरूले नेपालीहरूलाई कामदारका रूपमा बेलायती उपनिवेशहरूमा जान रोक लगाए एवं नेपालीहरूलाई केवल गोर्खा सेनामा भर्ती हुने अनुमति दिए । गोर्खा भर्ती पुरुषहरूलाई मात्र खुला रहेकाले यो नीतिपछि नेपालका महिलाहरूको आप्रवासनमा सरकारी नियमन सुरु भयो । साथै, उनीहरूलाई घरायसी काममा मात्र लगाउने पितृसत्तात्मक व्यवस्थालाई थप बल पुग्यो । राणाकालीन प्रतिबन्धात्मक आप्रवासनको नीति पञ्चायतको उत्तरार्द्धमा वैदेशिक रोजगार ऐन-२०४२ नआउन्जेल लागू थियो ।

तर पनि सरकारको त्यस्तो नीतिलाई छल्दै थुप्रै नेपाली कुनै न कुनै बाटो रोजेर फिजी, सुरिनाम, गुयाना, मरिसस लगायतमा उखु खेती लगायतका कामहरूमा पुगे । सरकारी नीतिनियम आउँदैमा मानिसको आप्रवासनमा पूर्ण रूपमा रोक लाग्न सक्दैन भन्ने यो एउटा ऐतिहासिक उदाहरण हो । मूर्ति र अमिरवन अध्यागमनका कर्मचारीहरूलाई झुक्याएर पानीजहाज चढेजस्तै मानिसको आवतजावत र आप्रवासनको अधिकारलाई रोक्ने प्रतिबन्धात्मक कानुनहरूलाई मिच्न थुप्रै उपाय निस्कन सक्छन् । प्रतिबन्धात्मक कानुन मिच्न बाध्य वा उद्यत हुनेहरूलाई संगठित मानव तस्कर, तिनका एजेन्ट र विभिन्न तहगत स्वरूपमा काम गर्ने दलालहरूले विभिन्न चरणमा शोषण मात्रै गर्दैनन्, थप जोखिममा पनि धकेल्छन् ।

भारतभित्रै चिया उद्योग र भारतबाहिर बेलायती उपनिवेशहरूमा 'प्लान्टेसन' कामदारका रूपमा थुप्रै दक्षिण एसियाली महिला तथा पुरुष विश्वभर पुगे । तर महिलाहरूको आप्रवासनमा नियमन गर्ने उद्देश्यले बेलायत सरकारले सन् १९०१ (विसं १९५८) मा कामदारका रूपमा आउन चाहने अविवाहित महिलाहरूलाई अभिभावकको अनुमति लिएर मात्र आउन आदेश दिन थाले । योभन्दा पहिल्यै सन् १८७३ (विसं १९३०) मा विवाहित महिलाहरूले आफ्ना श्रीमान्को अनुमतिबिना कुल्लीका रूपमा आवतजावत गर्न नपाउने नियम छँदै थियो । यसरी पुरुषहरूलाई सहज रूपमा आवतजावत गर्न दिने तर महिलाहरूलाई विभिन्न अनुमति थोपर्ने नीतिहरूका कारण महिलाहरूको आप्रवासनमा थुप्रै समस्या उत्पन्न भए र उनीहरू थप जोखिममा पर्न थाले ।

औपनिवेशिक तथा पितृसत्तात्मक नीति थोपर्ने अधिकारीहरूले महिलालाई घरायसी काममा मात्र संलग्न भएको देख्न चाहन्थे । युरोपका भिक्टोरियन समयका महिलाहरूलाई गृहिणी जीवनमा 'सभ्य महिला' का रूपमा स्थापित गराइएको थियो र त्यही युरोपेली 'सभ्यता' को अवधारणालाई बेलायती उपनिवेशहरूमा पनि लागू गरिएको वा गर्न खोजिएको थियो । औपनिवेशीकरणको त्यो मोडलमा उपनिवेशका मानिसहरू 'असभ्य' (बार्बेरिक, स्याभेज) हुन्छन् र 'गौरवशाली' युरोपेली सभ्यताबाटै उनीहरूको उत्थान गर्न सकिन्छ भन्ने बुझाइ थियो ।

साथै, बेलायती नीति, शासक र सरकारी कर्मचारीहरूको बुझाइ महिलाहरू आत्मनिर्णयका लागि अक्षम हुन्छन् भन्ने थियो । त्यसकै प्रतिफल, महिलाहरू आप्रवासन लगायतका थुप्रै विभेदकारी नीतिहरूबाट कालान्तरमा पनि पछाडि पारिएका छन् । दशकौं पुरानो बेलायती समझलाई झल्को दिने अभ्यास नेपालमा आजपर्यन्त जारी छ । उदाहरणका लागि, नेपालको वैदेशिक रोजगारको नियमनलाई हेर्न सकिन्छ ।

**विसं १९४० मा गुयाना पुगेकी मूर्तिभन्दा झन्डै १४० वर्षपछि पनि नेपालले अझै कडा बाध्यकारी कानुनले महिलाहरूलाई नियमन गर्न खोजेको छ ।**

भर्खरै नेपालमा भिजिट भिसा र अनियमित आप्रवासनको समस्या 'हल' गर्नका लागि नेपाल सरकारलाई एउटा कार्यदलले थुप्रै प्रतिबन्धात्मक प्रावधानहरू सिफारिस गरेको छ । योभन्दा पहिल्यै महिलाहरूलाई नेपालबाट बाहिर जानुपरे थुप्रै प्रतिबन्ध छँदै थिए । उदाहरणका लागि, नेपाल सरकारले २०६९ साउनमा ३० वर्षभन्दा कम उमेरका महिलालाई साउदी अरब, कतार, कुवेत र संयुक्त अरब इमिरेट्समा घरेलु कामदारका रूपमा जान प्रतिबन्ध लगायो । २०७२ सालमा सरकारले निर्देशिका नै जारी गरेर २४ वर्षमुनिका महिलालाई वैदेशिक रोजगारीमा जान प्रतिबन्ध लगायो । पछिल्लो पटक सरकारले २०७३ चैत ३ देखि लागू हुने गरी खाडी मुलुकमा घरेलु काममा महिला कामदार पठाउन रोक लगायो ।

भिजिट भिसामा विदेश जाँदा अध्यागमन विभागका कर्मचारीहरूको निरर्थक प्रश्नहरूको सिकार हुनुपरेको अनुभव धेरै महिलाको छ । अध्यागमन कर्मचारीहरूले विदेश जान लागेका मानिसहरूको हुलिया, हाउभाउ, लैंगिकता, छालाको रङ, जात आदिका आधारमा पनि व्यर्थका प्रश्नहरू सोध्ने गरेका छन् । यसबाट उनीहरूभित्रको नस्लवाद, जातिवाद र स्त्रीद्वेष झल्कन्छ ।

अहिले मानव बेचबिखनको जोखिम कम गर्ने नाममा र विदेशी मुद्राको बहिर्गमन रोक्न नयाँ नियमहरू थपिँदै छन् । यी सरकारी नियमहरू माथि उल्लिखित औपनिवेशिक नीतिहरूबाट निर्देशित त छँदै छन्, यसमा थुप्रै पितृसत्तात्मक सोचहरूको पनि मूल भेट्न सकिन्छ । सरकारी कार्यदलको प्रतिवेदनले विभिन्न पेसा-व्यवसायमा संलग्न, सरकारी कर्मचारी र तोकिएको क्षेत्रबाहेकका नागरिक भिजिट भिसामा जाँदा वार्षिक करयोग्य आय १० लाख रुपैयाँ हुनुपर्ने, त्यसको आधा रकम बैंकमा मौज्दात भएको प्रमाण पेस गर्नुपर्ने र अध्यागमन विभागको पूर्वस्वीकृति लिनुपर्ने सुझाव दियो । सोहीबमोजिम गृह मन्त्रालयले करयोग्य आय र मौज्दात रकम प्रस्तावितको आधा भए पुग्ने मापदण्ड जारी गरेको छ । साथै, कार्यदलले महिलाका लागि विदेशमा आफन्त कम्तीमा दुई वर्ष विदेश बसेको पुष्टि हुने कागजात, मान्यताप्राप्त शैक्षिक संस्थाबाट न्यूनतम प्लस टु वा सोसरह उत्तीर्ण भएको शैक्षिक प्रमाणपत्र, अंग्रेजी वा गन्तव्य मुलुकको भाषा जानेको हुनुपर्ने लगायत अतिरिक्त सर्त राख्न सिफारिस गरेको छ ।

विसं १९४० मा गुयाना पुगेकी मूर्तिभन्दा झन्डै १४० वर्षपछि पनि नेपालले अझै कडा बाध्यकारी कानुनले महिलाहरूलाई नियमन गर्न खोजेको छ । भिजिट भिसामा बाहेक पनि वैदेशिक रोजगारीका लागि जान खोज्ने महिलाहरूका हकमा थुप्रै प्रतिबन्धात्मक नियमहरू सरकारले लगाएकै थियो । बेलायती औपनिवेशिक नीति, राणाकालीन आवतजावतको नियमन र रोक एवं पञ्चायतकालीन नीतिहरूलाई हालको लोकतान्त्रिक गणतन्त्रात्मक सरकारले पनि सहजै अवलम्बन गरेको छ । यसमा अझ रोचक पक्ष के छ भने, अहिलेको सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा देशको सबैभन्दा पुरानो प्रजातान्त्रिक पार्टीका सभापति हुन् । आफ्नै नागरिकको अधिकारलाई प्रतिबन्ध लगाउन र नियमन गर्न लैंगिक विभेदकारी कानुनहरू बनाउने र अनुसरण गर्ने पार्टीले आफूलाई लोकतान्त्रिक भनेर दाबी कसरी गर्न सक्छ ? साथै, बाहुन पुरुषहरू मात्र राखी कार्यदल बनाएर सरकारले सार्वजनिक सरोकारको विषयमा समावेशिताको खिल्ली त उडाएको छ नै, यस्ता असमावेशी कार्यदलले त्यस्ता पुरुषहरूको संकुचित बुझाइलाई सरकारी लाहाछाप लगाएर देशलाई थप ब्राह्मणवादी पनि बनाउन खोजेको छ ।

साथै, प्रतिबन्ध सुझाउने सरकारी कार्यदलका मानिसहरूले स्त्रीद्वेषी र असंवैधानिक सिफारिस गर्नु भनेको, राजनीतिशास्त्री सेरा तामाङले सन् २००० मा सिन्हास जर्नलमा प्रकाशित आफ्नो लेख 'लिगलाइजिङ स्टेट पेट्रियार्की इन नेपाल' (नेपालमा राज्य पितृसत्ताको वैधानिकीकरण) मा तर्क गरे जस्तै, नेपालमा राज्यको पितृसत्तात्मक सोचले कानुन र नीतिनियमका रूपमा परिवारभित्र पसेर पितृसत्ताको अझै गहिरो जरा गाड्दै गएको प्रस्ट हुनु पनि हो । औपनिवेशिक कालमा जस्तै महिलाहरूका हकमा अभिभावकत्वको खोजी गरिनुले पनि सरकारको सोचमा प्रश्न खडा गरेको छ । महिलालाई औपनिवेशिक नीतिमा जस्तै बाबुआमा वा श्रीमान्को अधीनमा राख्न यस्ता सरकारी नियमहरूले ठूलो भूमिका खेल्छन् । साथै, यस्ता नियमहरू विषम यौनिकताको अवधारणामा बनेका हुन्छन् जसले महिला र पुरुषबीचको वैवाहिक सम्बन्धलाई मात्र कानुनी मान्यता दिन्छ एवं सोबाहेकका अन्य सम्बन्धलाई गैरकानुनी ठहर गर्छ ।

मूर्ति गुयाना पुगेयताका लगभग १४० वर्षमा समयको नदीमा धेरै पानी बगिसक्यो । राजा हटिसके र जनताबाट निर्वाचित व्यक्तिहरू सत्ताको केन्द्रमा आइसके । तर सरकारी प्रतिबन्धको भाषा उस्तै छ र महिलालाई संरक्षण गर्नुपर्छ भन्ने मान्यताबाट निर्देशित भएर महिलालाई निषेध गर्ने मनोवृत्ति कानुन, नियम, उपनियम र निर्देशिकामार्फत बारम्बार प्रकट भइरहेछ । हिजोआज मूर्तिहरू गुयानाको उखुबारीमा पसिना बगाउन नगए पनि प्रतिबन्धका बावजुद तिनको गन्तव्य खाडीदेखि युरोपसम्म र अफ्रिकादेखि अमेरिकासम्म फैलिएको छ ।

## सम्पादकलाई चिठी

### धान्नै नसकिने मूल्यवृद्धि

भारतेली पेट्रोलियम पदार्थ व्यापार कम्पनी इन्डियन आयल कर्पोरेसनले मूल्य वृद्धि गरेको हवाला दिँदै नेपाल आयल निगमले फेरि पेट्रोलियम पदार्थको भाउ बढाएको खबरले आम उपभोक्ता थप मारमा पर्ने भएका छन् । उस्तै त उत्पादक र विक्रेतालाई 'युक्रेन - रुस युद्ध' मूल्य वृद्धिको बहाना बनाउने मौका मिलेको बेला, भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिले 'ढुवानी भाडा बढ्यो' भन्ने थप बहाना मिलेको छ । खाद्य, गैरखाद्य सबै पदार्थ र यातायात भाडामा विगतको वर्षभन्दा २० प्रतिशत हाराहारीमा मूल्यवृद्धि भएको छ । शिक्षा क्षेत्रमा समेत यसको असर देखा परेको छ । पाठ्यपुस्तक र स्टेसनरी पनि महँगिएका छन् । विद्यार्थी शुल्क पनि बढेको छ । कोभिड महमारी, मौसमको प्रतिकूलताले भएको उत्पादन ह्रासले आय स्रोत घटेको छ । दैनिक ज्याला दर बढिरहेको बेला सेवामूलक सरकारी र गैरसरकारी कार्यालयका कर्मचारी र शिक्षकहरू पारिश्रमिक वृद्धि नभएका कारण सबैभन्दा बढी मारमा परेका छन् । यस्तो बेला पनि पेट्रोलियम पदार्थमा लगाउँदै आएको चर्को कर घटाउन सरकारले आनाकानी गर्नुले नागरिकप्रति सरकारी बेवास्ता र असहिष्णुतालाई जनाउँछ । सरकारले बेलैमा जनतालाई राहत दिन आवश्यक नीतिको घोषणा गर्नु जरुरी छ ।

– **महेन्द्रसिंह बम**, *टीकापुर-१, कैलाली*

### पञ्चायती बैसाखीमा गणतान्त्रिक शिक्षा

१. गफै गरेर समय कटाउने नेपालका शिक्षा मन्त्रीहरूले आफ्नो स्वार्थबाहेक केही हेरेनन् । तिनीहरू देशको शिक्षामन्त्री कहिल्यै बन्न सकेनन् र पार्टीका मन्त्री बनिरहे ।

२. गएको ५ दशकअगाडि पञ्चायतकालमा बनेको शिक्षा ऐन हल्लाएर ठूलाठूला कुरा गर्ने मन्त्री, सचिव र शिक्षा मन्त्रालयका सिंगै पदाधिकारी पंक्ति नेपालको हालको शिक्षा अवसानका लागि उत्तिकै जिम्मेवार छन् ।

३. शिक्षा नीति बनाउने तर कहिल्यै कार्यान्वयन नगर्ने र कतै गरेजस्तो गरे पनि अनुगमन नै नगरी लथालिंग छाडिदिने यिनका रवैयाले देशको पूरै शैक्षिक प्रणाली अहिले ध्वस्तः प्रायः बनेको हो ।

४. देशको समग्र स्थितिको अध्ययन गरी शैक्षिक प्रणाली सुधार गर्ने दिशामा शिक्षा मन्त्रीहरू असक्षम रहिरहे कारण नेपालका शिक्षामन्त्रीहरूले आफूलाई कहिल्यै विद्यालय शिक्षामन्त्रीभन्दा माथि उठाउन सकेनन् ।

५. आशा गर्ने ठाउँ कहाँ छ ? सार्वजनिक शिक्षा जुन कोमामा गैसकेको छ । निजी शिक्षा जसले बालबालिकाको समग्र विकासभन्दा सार्वजनिक शिक्षाको कमजोरीको बलमा पैसो कमाउने धन्दामा लिप्त छ । प्राविधिक तथा व्यावसायिक शिक्षा जहाँ सम्बन्धनको नाममा पैसो बुझाउने र त्यो पैसो विद्यार्थीबाट असुलउपर गर्नमै रमाइरहेछ ।

६. उच्च शिक्षा त दलीय राजनीतिको भागबन्डाभित्र गाँठो परिसकेको छ र प्रत्येक राजनीतिक दललाई आफ्ना कार्यकर्ता भर्ती केन्द्रको उब्जाउ भूमि बनेको छ । चिकित्सा शिक्षा सबैभन्दा भाँडभैलो बनेको छ जहाँ अध्ययन अध्यापनभन्दा पनि कसरी रातारात मालामाल हुने सोचले जरो गाडेको छ । त्यसैले गुणस्तरीय उच्च शिक्षाका लागि हुने-खानेको जमात लाखौंको संख्यामा बिदेसिने क्रम बढ्दो छ ।

७. विदेशी सम्बन्धनमा चलेका शैक्षिक संस्थाको हालत नेपालका उच्च शिक्षाको स्थितिभन्दा पनि तल गिरेको अवस्था छ । जसरी भए पनि डलर कमाउने नियतले नेपाल छिरेका विदेशी सम्बन्धन प्रदायकहरू शिक्षा मन्त्रालयलाई मनाएपछि जे गरे पनि हुने मनस्थिति बनाएर बसेका छन् । नपत्याए एक पटक स्वतन्त्र अनुगमनको व्यवस्था गर्न म चुनौती दिन्छु ।





८. पञ्चायतले ३० वर्ष देशको शिक्षा बिगाऱ्यो, त्यसपछिका ३२ वर्ष त्यही बिग्रेको शिक्षा ऐनमा टेकेर नेपालमा दलहरूले शासन गरिरहे, अझै गर्दै छन् र यो देशलाई क्रमशः सबै क्षेत्रमा कमजोर साबित गरिरहेछन् । जुन देशको शिक्षा चौपट हुन्छ त्यो देश आर्थिक, सामाजिक लगायत सबै क्षेत्रमा लाजमर्दो अवस्थामा पुग्छ भन्ने कुरा अहिलेको नेपालको अवस्था हेर्दा प्रमाणित हुन्छ ।

९. संविधानको रटान दिने दलका शिक्षामन्त्रीहरूले संविधान विपरीत काम गरिरहे, उदाहरणका लागि भर्खरै शिक्षामन्त्री र शिक्षक महासंघबीच भएको सम्झौता हेरौं, जहाँ जिल्ला शिक्षा कार्यालय ब्युँताउने र स्थानीय सरकारलाई संविधानले दिएको विद्यालय शिक्षाको एकल अधिकार खोस्नेसम्मका बुँदा प्रस्ट छन् । संविधान जारी भएको ६ वर्षसम्म पनि शिक्षा ऐन पारित गराउन नसक्नुमा त्यसयताका शिक्षामन्त्री र मन्त्रिपरिषद्लाई अक्षम मान्नुबाहेक अर्को विकल्प छैन ।

१०. यस्तो दलीय हस्तक्षेपमा के नेपालको शिक्षा अवस्था उँभो लाग्ला ? के नेपाल हाँक्ने राजनीतिक दललाई कतै लाज लागेको होला ? कि चिल्ला गाडी चढेर, कमिसनमा मोजमस्ती गर्ने अभ्यासले नै देश विकासको सपना साकार पार्ला ?

– **मनप्रसाद वाग्ले**, *मीनभवन, काठमाडौं*

### कृषि प्रणाली पतनोन्मुख

विश्वका अल्पविकसित, विकासशील एवं विकसित देशहरूले कृषि व्यवसायलाई उच्च प्राथमिकता दिँदै आएका छन् । इजरायलले मरुभूमिमा अन्यत्रबाट माटो ल्याएर कृषि उत्पादनलाई उचाइमा पुऱ्याएको सन्दर्भ होस् या युरोप, जापान, अमेरिका, ब्राजिल लगायत विकासमा दौड लगाउने अरू मुलुकको कुरा नै किन नहोस्, सबैले कृषि, पशुपालनलाई महत्त्व दिँदै आएका छन्, अस्ट्रेलिया, न्युजिल्यान्डको अर्थतन्त्रको आधार पशुपालन नै बनेको छ । हाम्रा ठूलाबडाहरू भने कृषिकर्मलाई महत्त्वहीन ठान्न थालेका छन् । २५-३० वर्षअघिको स्मरण गर्दा पहिलेदेखि कृषि र पशुपालन व्यवसायमा पोख्त सर्वसाधारणले सुगम, दुर्गम सबै ठाउँ हराभरा बनाउँदै आएका थिए । रमणीय ग्रामीण भेगको वातावरणले आकर्षित नहुने कोही हुँदैनथे । कृषकको मिहिनेत, लगनशीलताका कारण हामी अन्नबालीमा आत्मनिर्भर मात्र नभएर निर्यात गर्ने क्षमता पनि राख्थ्यौं । पछिल्लो समय कृषि क्षेत्रमा देखिएको दुर्दशा शब्दमा वर्णन गर्न सकिँदैन । अधिकांश क्षेत्रका कृषियोग्य जमिन बाँझो मात्र नभएर लामो समयदेखि खेतीपाती नगरेका कारण बन्जर भइसकेका छन् । पाखुरी चलाउन सक्ने युवा गाउँमा देखिँदैन । सत्ताधारीचाहिँ खेतीपातीको नाम सुनेपछि ओठ लेप्याउने गर्छन् । नेपाललाई कृषिप्रधान देश भनेर कहिल्यै नथाक्ने शासकहरूको कार्यकक्ष नियाल्दा अन्न, फलफूलका बोट एवं पशुपन्छीका तस्बिर टाँगेर कृषिलाई महत्त्व दिएको कतै पाइँदैन । संघ र सातवटै प्रदेशका शासकहरूको वातानुकूलित कोठामा बसेर कृषि क्रान्ति, व्यवसायीकरण, आधुनिकीकरणको गफलाई कृषि क्षेत्रको दुर्दशाले गिज्याइरहेको छ । वर्षौंदेखि रासायनिक मलको अभावले कृषकबीच मच्चिएको हाहाकार, खाद्यान्नदेखि बीउबिजनसम्म मुलुकमा उत्पादन नभएको स्थिति, बीपी कोइरालापछि कुनै प्रधानमन्त्रीले कृषिलाई महत्त्व नदिँदा कृषि व्यवसाय निरन्तर पछाडि धकेलिएको दुरूह अवस्था हाम्रो कृषिको परिचय बनेको छ । आज कृषि पेसा अँगाल्दै आएका जनता सरकारी अकर्मण्यताका कारण आफ्ना जग्गाजमिन बेचेर, बन्दगी राखेर विदेशतिर दौडिन बाध्य छन्, ग्रामीण संस्कार, सभ्यता छिन्नभिन्न पारेर विदेशमा दस नंग्रा खियाउन विवश छन् । यता भने शासक, जिम्मेवार राजनीतिज्ञ कृषि विकासका हावादारी गफ गरेर कहिल्यै थाकेका देखिँदैनन् ।

– **भुवनेश्वर शर्मा**, *चन्द्रागिरि-२, काठमाडौं*

### राम्रालाई छान्ने मौका

संघीय सरकारले घोषणा गरेकै मितिमा स्थानीय निर्वाचन भयो भने नेपाली जनताले न्यायाधीशको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने दिन आउन अब धेरै समय बाँकी छैन । देशमा भएका राजनीतिक दलहरूमा रहेका यथार्थ वा भ्रमहरूका बारेमा पनि देशवासीले प्रशस्तै थाहा पाइसकेको अवस्था छ । विगतका घोषणापत्र र तिनका कार्यशैली घामजत्तिकै छर्लंग भएपछि पहिलाझैं अब मानिसहरू अलमलमा पर्दैनन् भनेर केही आशा गर्न सकिन्छ । जनताको नजिकमा रहेर काम गर्ने, पारदर्शी, दूरदर्शिता र आफ्नो कार्ययोजनाबारे प्रस्ट भएको जनप्रतिनिधि छान्नु आजको आवश्यकता हो । उम्मेदवार छान्ने क्रममा दलहरूले यो विषयमा ध्यान दिऊन् । अदूरदर्शी, गुटबन्दीमा लिप्त भएको तथा अलोकप्रिय उम्मेदवारहरू गाउँ टोलमा आए भने जनताले अब सीधै बहिष्कार गर्नुपर्ने अवस्था आउन सक्छ । हाम्रा घरआँगन, देश र समाजमा भएका समस्या समाधानको उपाय निकाल्न र भोलिको समुन्नत समाज बनाउनका लागि दर्बिलो जग निर्माण गर्नु आजको आवश्यकता हो । यस्ता गम्भीर विषयमा हचुवामा चल्न वा चलाउन खोज्ने र टोलटोलमा आएको भनिएका सिंहदरबारको अधोगतिका संवाहक बन्ने सम्भावना भएकाहरूलाई लगाम दियो भने हामी अझै पछाडि धकेलिनेछौं । त्यसैले सबै तह र तप्कामा हाम्रा दल र उम्मेदवारलाई होइन, राम्रा उम्मेदवारलाई छान्न र त्यस्तो वातावरण बनाउन हामी सबैले आ-आफ्नो ठाउँबाट योगदान गरौं ।

– **कृष्ण कुम्पुरे**, *आदमटार, धादिङ*

# नेपाल नीति : पक्षधरता होइन, असंलग्नता



गोपाल खनाल




प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्डले संयुक्त पत्र लेखेर दिएको समयसीमाभित्रै एमसीसी प्रतिनिधिसभाबाट अनुमोदन भयो तर 'व्याख्यात्मक घोषणा' सहित । माओवादी र समाजवादीका आवरणका मात्रै राष्ट्रवादी नेताले एमसीसीलाई 'राष्ट्रघाती' करार गरेर गिजोल्नुसम्म गिजोलेपछि अन्ततः व्याख्यात्मक टिप्पणीले लाज छोपेको प्रस्टै छ । किनकि, ती बाह्र बुँदा भदौमा नेपालको अर्थ मन्त्रालयलाई एमसीसी दिएको जवाफका फोटोकपी हुन् ।

अमेरिकालाई उत्तेजित र चीनलाई प्रतिक्रियात्मक नबनाई अनुमोदन गरेको भए छिमेकदेखि महाशक्तिसम्मको द्विपक्षीय सम्बन्धमा आशंका पैदा हुँदैनथ्यो । प्रचण्ड र माधव नेपालका दोधारे र दोहोरो नीतिका कारण एउटा अनुदान परियोजनामा शक्तिराष्ट्रलाई जुधाउने अवस्था उत्पन्न भयो । अझै ती पार्टीभित्र एमसीसी राष्ट्रवादी वा राष्ट्रघाती भन्ने विवाद कायम छ । सत्ताका निम्ति चालिएका यस्ता निहित स्वार्थले परियोजना कार्यान्वयनमा समस्या देखिन सक्नेतर्फ सचेत हुनुपर्छ । समर्थनका रूप फरक भए पनि विकास परियोजनामा राष्ट्रिय सहमति कायम हुनु सकारात्मक हो ।

एमसीसी अनुमोदन भएलगत्तै रुस-युक्रेन युद्धमा युक्रेनको पक्षमा संयुक्त राष्ट्रसंघमा मतदान गरेपछि नेपालको विदेशनीतिलाई लिएर बहसहरू सुरु भएका छन् । ती बहस अतिरञ्जना, अतिवाद र यथार्थका योग हुन् । पूर्वी युरोपबाट तेस्रो विश्वयुद्ध आरम्भ भएको भनिएका मिडिया प्रतिवेदन तानतुनपूर्ण मात्र छन् । किनकि रुस र युक्रेनबीचको युद्धसँगै वार्ताहरू पनि सुरु भएका छन् । युद्धको अप्रत्यक्ष कारण अमेरिकी नेतृत्वको गठबन्धन भए पनि प्रत्यक्ष संलग्नता देखिँदैन ।

सीमा जोडिएको, भाषा र संस्कृतिसँग समानतासमेत रहेको ठूलो छिमेकीसँग शत्रुता मोल्दै आन्ध्र महासागरपारिको पश्चिमी ध्रुवको महाशक्तिसँग सामरिक सम्बन्ध बढाउन खोज्दा युद्ध निम्तिएको देखिन्छ । रुसका कारण युक्रेनले सार्वभौमिकता अभ्यास गर्न पायो वा पाएन भन्ने अर्को बहस हुन सक्छ तर रुसलाई परास्त गर्न अमेरिकासँग लहसिन खोज्दाको परिणाम हो यो । त्यत्तिकै सत्य के हो भने, सार्वभौम युक्रेनले अमेरिकासँग सम्बन्ध बढाउन खोज्दा त्यसै निहुँमा बम र मिसाइल आक्रमण गर्ने मस्कोको कदम कुनै अर्थमा सही हुन सक्दैन ।

**तनावको सम्बन्ध**

अहिले मात्र होइन, रुस र युक्रेनको द्विपक्षीय सम्बन्ध दसौं शताब्दीदेखि नै तनावपूर्ण रहेको देखिन्छ । रुसले युक्रेनमाथि सधैं नियन्त्रण राखेको भन्दै किभ प्रतिरोधमा उत्रेको देखिन्छ । मस्कोले भने युक्रेन सधैं आफ्नो अभिन्न अंग भएको दाबी गर्दै सैन्य गठबन्धन नाटोमा प्रवेश स्वीकार्य नहुने चेतावनी दिएको छ । युक्रेन सात दशकसम्म रुसको अंग रहेको भने तथ्य हो । युक्रेनमाथि नियन्त्रणको रुसी प्रयास निकै सुझबुझपूर्ण र योजनाबद्ध भएको मस्कोका कदमहरूले प्रमाणित गर्छन् ।

युक्रेनलाई आफ्नो नियन्त्रणमा राख्न रुसले सन् १९१७ देखि नै आदिवासीलाई युक्रेनतर्फ बसाइँसराइ गराएको र उक्त संख्या ३५ लाखबाट सन् १९८९ मा ३ करोडभन्दा बढी पुगेको एजेन्सीहरूका प्रतिवेदनमा छ । योसँगै युक्रेनी संस्कृतिमाथि रुसी संस्कृति हावी भयो । युक्रेन छिमेकी मात्रै नभएर ठूलो जनसंख्या भएको रुसका लागि खाद्यान्नको भण्डारण र आपूर्तिकर्तासमेत हो । अर्को कोणबाट हेर्दा, सोभियत संघकै सहयोगमा युक्रेनमा औद्योगिकीकरण फस्टायो पनि ।

सोभियत कालपछि युक्रेनभित्र रुसविरोधी र स्वतन्त्रतापक्षधर प्रदर्शनहरू भए र जनमतसंग्रहमा ९० प्रतिशतभन्दा बढीले स्वतन्त्रताको पक्षमा मतदान गरे । सन् २०१३ मा युक्रेनी राष्ट्रपति भिक्टोर यानुकोभिचले युरोपेली संघसँगको संलग्नता सम्झौता निलम्बन गरी रुससँग निकट सम्बन्ध कायम गरे तर सरकारविरोधी प्रदर्शनका कारण उनी बरखास्त भए । तनावकै बीच सन् २०१४ मा रुसले क्रिमियालाई नियन्त्रणमा लियो र रुसी संघमा समाहित गरायो । २४ फेब्रुअरी २०२२ देखि राष्ट्रपति पुटिनको निर्देशनमा युक्रेनमाथि रुसी सेनाले आक्रमण गर्दै आएको छ ।

रुसी आक्रमणको मुख्य कारण भने युक्रेनको नाटो गठबन्धनसँगको सम्बन्ध हो । सन् १९४९ मा अमेरिकी नेतृत्वमा बनेको यो गठबन्धनमा युक्रेनलाई सहभागी गराउने विगतका प्रयासलाई राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले प्राथमिकतामा राखेर अघि बढाएपछि तनाव थप बढ्यो । ३० राष्ट्र भएको नाटोसँग सन् १९९२ देखि नै युक्रेनले साझेदारी गर्दै आएको हो र १९९७ मा युक्रेन-नाटो आयोग गठन भयो । नाटोको सदस्य भएमा युक्रेनलाई अमेरिका लगायतका सदस्यराष्ट्रको सैन्य सहयोग प्राप्त हुन सक्छ, जसले रुसको आक्रमण वा नियन्त्रणलाई प्रतिरोध गर्ने क्षमता राख्छ भन्ने बुझाइ रुसविरोधी नेतृत्वको छ । त्यति मात्र होइन, नाटो सदस्य भएमा अमेरिकी रणनीतिक साझेदारीमा प्रवेश गर्ने, युरोपेली संघको सदस्य बन्न सक्ने सम्भावना छ । सीमा जोडिएको र नियन्त्रणमा रहेको युक्रेनमा अमेरिकी सेना प्रवेश गर्न दिएमा दीर्घकालीन रूपमा रुसका लागि खतरा भएकाले पुटिनले आपत्ति जनाउँदै आक्रमणको बाटो अपनाएको देखिन्छ ।

> कुनै छिमेकी, महाशक्ति वा शक्तिराष्ट्रबाट कुनै आर्थिक सहयोग वा अनुदान पाउनुलाई ती देशसँग निकटता कायम गरेको अर्थ लगाउनु हुँदैन । र, नेपालले सहयोगलाई सहयोगमै सीमित राखी सम्बन्ध अघि बढाउनुपर्छ ।

रुसविरुद्धको युद्धका लागि उक्साउने तर युद्ध हुँदा कुनै सहयोग नगर्ने नीति अमेरिका लगायतका शक्तिराष्ट्रहरूको हो । त्यसैले हरेक देशले आफ्नो क्षमता नै हेर्नुपर्छ र त्यसैका आधारमा निर्णय लिनुपर्छ भन्ने पाठ सिक्नु उपयुक्त हुन्छ । अमेरिका र युरोपले युद्धमा अभिव्यक्तिमार्फत उक्साएर पछि हट्दा युक्रेन थप जटिलतामा फसेको देखिँदै छ । अमेरिकी प्रत्यक्ष संलग्नताका मिसन अफगानिस्तानदेखि इराक र लिबियासम्म हेर्दा सफल भएका मानिँदैनन्, यद्यपि तानाशाहहरू समाप्त हुँदा वासिङ्टनविरोधी प्रतिरोध बढेको देखिँदैन ।

**'मूर्खताको सिद्धान्त'**

भारत र अमेरिका रणनीतिक साझेदार हुन् तर राष्ट्रसंघमा भएको मतदानमा भारत तटस्थ रह्यो । स्वाभाविक हो अमेरिकाले नाटोको विस्तार गर्ने उद्देश्य राखेपछि चीनले युक्रेनलाई समर्थन गर्न सक्ने अवस्था छैन । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई फोन गरेर सहयोग माग्दासमेत भारत रुसको खिलाफमा जान चाहेन । किनकि भारत र रुसबीच इन्दिरा गान्धीको पालादेखि नै विश्वासको सम्बन्ध छ । भारतका लागि रुस एक प्रमुख हतियार आपूर्तिकर्ता हो । भारतीय विदेशमन्त्री एस जयशंकरले आफ्नो पुस्तक 'द इन्डिया वे' मा भारतको अहिलेको नीति रुसलाई 'आश्वस्त पार्ने' रहेको उल्लेख गरेका छन् । उनका अनुसार अमेरिकासँग 'इंगेज' रहने, चीनलाई 'म्यानेज' गर्ने नयाँ दिल्लीको नीति हो । भारत आफ्नो मार्गचित्र अनुसार, अमेरिकासँगको रणनीतिक साझेदारीसँगै रुसलाई आश्वस्त पार्दै दुवैतर्फको सम्बन्ध एकैसाथ अघि बढाइरहेको छ । नेपालका लागि कुनै पक्षधरताभन्दा द्विपक्षीय समस्याको शान्तिपूर्ण र कूटनीतिक समाधानको आह्वान उपयुक्त हुन्छ । रुस-युक्रेन द्वन्द्वमा नेपालको आधिकारिक धारणा शान्तिपूर्ण समाधान खोज्ने आग्रहकै हुनुपर्छ ।

ड्यारोन एसिमोग्लु र जेम्स ए. रोबिन्सनकृत चर्चित पुस्तक 'ह्वाई नेसन्स फेल' मा देशहरू गरिब हुनु र समृद्धि हासिल गर्न नसक्नुमा तीन सिद्धान्तको चर्चा छ– 'जियोग्राफी हाइपोथेसिस', 'कल्चर हाइपोथेसिस' र 'इग्नोरेन्स हाइपोथेसिस' । कुनै देश भूगोलकै कारण अविकसित वा विकसित हुनुपर्ने प्रमाणित हुँदैन । त्यस्तै, धर्म, परम्परागत विश्वास, नैतिक मान्यता र आचरणको कुनै देश विकसित नहुनुसँग खासै सम्बन्ध देखिँदैन । मूर्खताको सिद्धान्तले भन्छ– 'गरिब देश गरिब नै रहनुको कारण ती देशका नीतिनिर्मातालाई गरिबीबाट कसरी मुक्त हुने भन्ने थाहा नहुनु र गलत सुझावलाई मान्नु हो ।' अर्थात्, उपयुक्त नीतिको अभाव वा गलत नीतिद्वारा निर्देशित हुनु । उनीहरूले कतिपय अफ्रिकी देशका असफलताका उदाहरण दिँदै नेपाललाई समेत त्यही सूचीमा राखेका छन्, जसप्रति भने सहमति जनाउन सकिँदैन ।

उनीहरूका सिद्धान्त विदेशनीति र सम्बन्धका सिद्धान्त होइनन् । तर नेपालको विकास नहुनुमा भूगोल र संस्कृति जिम्मेवार छैनन्, नीतिनिर्माताका मूर्खताका सिद्धान्त बढी जिम्मेवार छन् । नेपालको राजनीतिक नेतृत्व यस्तो छ, जसले अघिल्लो सरकारले गरेका राष्ट्रिय हितका ऐतिहासिक निर्णयलाई निरन्तरता दिन चाहँदैन । एउटा देशविरुद्ध अर्को देशलाई उचाल्छन् र फेरि छद्म युद्धस्थल बनाउन आमन्त्रित गर्छन् । यो मूर्खताकै सिद्धान्त हो । एमसीसीदेखि सीमासम्मका मुद्दा यसका प्रमाण हुन् ।

भूगोलद्वारा मात्रै विदेशनीति निर्देशित हुँदैन तर भूगोल विदेशनीति निर्माणको एक निर्णायक पक्ष भने हो । रोबर्ट काप्लानले आफ्नो पुस्तक 'द रिभेन्ज अफ जोग्राफी' मा भूगोलका कारण देशहरूका रणनीतिक फाइदा र बेफाइदाको सुक्ष्म अध्ययन गरेका छन् । समुद्रसम्मको नेपालको पहुँच सहज नभएको एउटा अवस्थालाई अलग्याएर हेर्दा भूगोलका दृष्टिकोणमा नेपालसँग चुनौतीभन्दा अवसर बढी छ । भूगोलले नेपालसँग प्रतिशोध लिँदैन । त्यस्तै, टिम मार्सलले आफ्नो पुस्तक 'प्रिजनर्स अफ जोग्राफी' मा निकालेको निष्कर्षजस्तो नेपाल भूगोलको बन्दी पनि होइन र हुन सक्दैन । तर एउटा यथार्थलाई अस्वीकार गर्नु हुँदैन कि नेपालले अब आफ्नो भूगोल परिवर्तन गर्न सक्दैन र उसले छिमेकी बदल्न पनि सक्दैन । त्यसको अर्थ छिमेकीको थिचोमिचो सहने वा सार्वभौमिकताको अभ्यास नगर्ने भन्ने होइन । फेरि भारत र चीनले नेपालको सार्वभौमिकता छिन्न खोजेका पनि छैनन् ।

**असंलग्नता नै**

नेपालले पञ्चशील र असंलग्नताको नीतिलाई निरन्तरता दिएर त्यसैभित्र राष्ट्रिय स्वार्थ र पारस्परिक लाभको सिद्धान्त कार्यान्वयन गर्ने हो । कुनै छिमेकी, महाशक्ति वा शक्तिराष्ट्रबाट कुनै आर्थिक सहयोग वा अनुदान पाउनुलाई ती देशसँग निकटता कायम गरेको अर्थ लगाउनु हुँदैन । र, नेपालले सहयोगलाई सहयोगमै सीमित राखी सम्बन्ध अघि बढाउनुपर्छ । कुनै परियोजनामा हस्ताक्षर हुँदैमा नेपालको वैदेशिक नीति वा क्षेत्रीय मुद्दाहरू दाताराष्ट्र निर्देशित हुनुपर्छ भन्ने होइन र त्यस्तो गलत सन्देश प्रवाहित गर्नु हुँदैन । बीआरआई र एमसीसीको हकमा पनि त्यही हो ।

एमसीसी र युक्रेनपछि नेपाल अमेरिकी शिविरमा प्रवेश गरेको र उत्तरी छिमेकी चीनविरुद्ध गएको भन्ने सोचलाई व्यवहारबाट गलत प्रमाणित गर्नुपर्छ । नेपाल अमेरिकी, चिनियाँ वा भारतीय ध्रुवमा उभिँदैन; यीमध्ये कुनै एक देशलाई अर्कोको मूल्यमा अँगालो हाल्दैन । किनकि भूराजनीतिले त्यसो गर्न अनुमति दिँदैन । भारत, चीन र अमेरिकासँग परियोजनाविशेषका सन्दर्भमा सम्बन्ध राख्ने हो । तर महत्त्वपूर्णचाहिँ छिमेकी पहिलाको मान्यता राख्दै उक्त नीतिको सन्तुलित कार्यान्वयन गर्नुपर्छ । साँध जोडिएको छिमेकीसँगको सम्बन्ध अन्य शक्तिसँग तुलना हुँदैन । छिमेकीका मूल्यमा कसैसँग कुनै रणनीतिक साझेदारी वा सम्बन्ध राख्न पनि हुँदैन ।

नेपालले अब असंलग्नताको नीति त्याग गर्नुपर्छ र कुनै एक शक्तिसँग झुकाव बढाउनुपर्छ भन्ने सोच बहसमा आउँदै छ । यो अर्को अतिवादी सोच हो । पहिलो, यो नेपालको असंलग्नताको नीतिविरुद्ध छ; दोस्रो, भूराजनीतिक शक्ति सन्तुलन एसियातर्फ सर्दै गरेको यो संक्रमणकालीन विश्व व्यवस्थामा असंलग्नता झन् बढी सान्दर्भिक देखिन्छ । भूराजनीतिक अवस्थितिले छिमेकी शक्तिराष्ट्र चीन र भारतमध्ये कुनै एउटा देशसँग नेपालले गठबन्धन निर्माण गर्न सक्दैन । त्यस्तै, छिमेकी शक्तिलाई छाडेर अर्को कुनै शक्तिसँग पनि गठबन्धन गर्न सक्दैन । नेपालले समष्टिगत रूपमा भूराजनीतिक सन्तुलनको सिद्धान्त, असंलग्नता र सार्वभौमिक समानताको व्यवहार अपनाउने हो । र यी सबै नीतिले एउटा सुनिश्चितता भने गरेकै हुनुपर्छ– नेपाली स्वार्थको संरक्षण ।

# नेपाल, चीन र एमसीसी



अनेका रेबेका राजभण्डारी



रौनबसिंह खत्री

गणतान्त्रिक चीनका प्रथम परराष्ट्रमन्त्री लु ज्याङ जियाङले कुनै बेला भनेका थिए, 'कमजोर देशको कूटनीति हुँदैन ।' अर्थात्, बलिया राष्ट्रहरूले शक्तिले भ्याएसम्म जे सम्भव हुन्छ त्यही गर्छन्, जबकि कमजोर राष्ट्रहरू आफ्नो कमजोरीको प्रतिफल भोगिरहन बाध्य हुन्छन् ।

एउटा अन्तर्राष्ट्रिय विकास सम्झौता – एमसीसी – ले निम्त्याएको आन्तरिक किचलो, भ्रम र आशंकासँगै राजनीतिक तथा सामाजिक ध्रुवीकरण एवं त्यसको सह-उत्पादन भूराजनीतिक समस्या नेपालजस्तो कमजोर राज्यको कूटनीतिक असफलताबाहेक केही हैन । अमेरिकी वर्चस्वविरुद्ध चीनको आक्रामक नीतिको बाछिटा आन्तरिक राजनीतिमा देखिएपछि भूराजनीतिक जटिलताको केन्द्रमा पुगेको छ नेपाल । अमेरिकाले एमसीसी सम्झौतालाई लिएर अन्यथा नतिजा आए नेपालसँगको सम्बन्धलाई समीक्षा गर्ने चेतावनी दिइरहेका बेला चीनले घुमाउरो पारामा नेपाललाई 'टाढाको नातेदारभन्दा असल छिमेकी राम्रो हुन्छ' भन्ने शिक्षा दिन खोज्यो । एमसीसी प्रकरणले नेपालमा मात्र हैन, चीनको राज्य-सञ्चालित मिडिया तथा सार्वजनिक छलफलहरूमा ठूलै ठाउँ पाइरहेको छ ।

एमसीसी सम्झौता संसद्बाट अनुमोदन भएपछि चीनबाट दुई खाले भनाइ आए । चिनियाँ परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा नेपालको संसद्बाट एमसीसी अनुमोदन हुनुलाई 'नोट' गरिएको र सधैं नेपालीलाई स्वतन्त्र रूपमा विकासको बाटामा सहयोग गर्ने भन्दै नरम अभिव्यक्ति दिइएको छ भने, राज्य सञ्चालित मिडिया 'ग्लोबल टाइम्स' ले यो सम्झौताले दक्षिण एसियाको शान्ति र विकासलाई खलबल्याउने भनेको छ । 'ग्लोबल टाइम्स' र परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा यसरी फरक भनाइ देखिनु अस्वाभाविक भने होइन । चिनियाँ सञ्चारमाध्यमहरू कम्युनिस्ट पार्टीको सन्देश तथा महत्त्वपूर्ण निर्णय र पार्टीको सूचना दिनमा बढी केन्द्रित हुन्छन् । विदेशी सरकार, त्यसमाथि अमेरिकी प्रभावविरुद्ध वकालत गर्दै आएका चिनियाँ मिडियाहरूले आम नेपालीबीच एमसीसी परियोजनाले उत्पन्न गरिदिएको राजनीतिक द्वन्द्वलाई पश्चिमी प्रभावको नकारात्मक असर भनी व्याख्या गरेका छन् । उदाहरणका लागि, एमसीसी सम्झौता संसद्बाट पारित भएलगत्तै साङ्घाई अन्तर्राष्ट्रिय अध्ययन केन्द्रको चीन र दक्षिण एसिया सेन्टरका महासचिव ल्यू ज्वङ्गीले नेपाल तथा दक्षिण एसियाली क्षेत्रमा अमेरिकी प्रभाव बढिरहेको, यसले यहाँको शान्ति र स्थायित्वलाई असर गरेको, विशेष गरी तिब्बतको शान्ति र स्थायित्वमा खलल पार्ने प्रयास गर्न खोजिरहेको लेखे । सोही बेला 'एसिया प्यासिफिक' दैनिकमा नेपालस्थित चिनियाँ दूतावासका पूर्व सैन्य सहचारी चेङ जिजोङले नेपाली नेताहरूसँग बाह्य शक्तिको हस्तक्षेपसँग जुध्न पर्याप्त सीप र शक्ति रहेको, चीनले विश्वास गरेको लेखे । चीनको विच्याट प्लाटफर्ममा एमसीसी अनुमोदन भएपछिका नेपाल सम्बन्धी प्रायः लेखमा यो परियोजनाले नेपाली नेताहरूलाई विभाजित गरेको र कतिपय नागरिक यसको विरोधमा एकजुट भएको उल्लेख गरियो ।

त्यसको अर्थ हो– चीनको परराष्ट्र सम्बन्धी अध्येताहरू पश्चिमी प्रभावलाई 'पश्चिमद्वारा अपमानित' भएको आफ्नो विगतको ऐतिहासिक कोणबाट हेर्छन्; जब अन्य विकासशील देशहरूमा यस्ता घटना देखिन्छन्, तब आक्रामक रूपमा प्रस्तुत हुन्छन् । आफू सफलतापूर्वक विकासको खुड्किलो पार गरी सम्पन्न राष्ट्र भएको चिनियाँ कथन छ । माओ त्सेतुङका बेलादेखिको, नेपालमा भारतसँग नजुध्ने आधिकारिक नीतिबाट पछि हटेर पछिल्लो समय चीनले यहाँ बाक्लै उपस्थिति देखाउन थालेको छ । चिनियाँहरू अन्तर्राष्ट्रिय सम्बन्धमा आफूले कुनै पनि राजनीतिक 'मोडल' निर्यात नगरेकामा जोड दिन्छन् अनि 'पश्चिम' को प्रभावमा सामेल हुनेहरूलाई हतोत्साहित गरिरहन्छन् ।

वेइबोजस्ता प्लाटफर्ममा, जहाँ चिनियाँ भाषा नबुझ्नेहरूको पहुँच हुन्न, नेपालबारे व्यापक सार्वजनिक बहस र छलफल हुनु नेपालका लागि चुनौती नै हो । त्यहाँका केही पोस्टमा नेपाली राजनेताहरूमाथि कडा टिप्पणी गरिएको छ । एउटा पोस्टमा नेपालका केही 'राजनेता' आफ्नो जिम्मेवारीबाट पन्छिएको र आउने चुनावमा मतदाताहरूलाई खुसी पार्नका निम्ति अभिनय गरेको भन्दै कडा आलोचना गरिएको छ, अर्को पोस्टमा खहरेझैं अस्थिर चरित्र अर्थ्याउने खालको चिनियाँ उखानमार्फत नेपाली राजनीतिमाथि व्यंग्य गरिएको छ । हुन पनि एमसीसी अनुमोदन गर्ने कि नगर्ने, गरे पनि चुनावपछि गर्ने कि अगाडिजस्ता क्षणिक स्वार्थमा अल्झेको नेपालको राजनीतिले अनावश्यक विदेशी चासो निम्त्याएको छ । त्यससँगै आउने हस्तक्षेपले नेपाल-चीन राज्य तथा जनस्तरबीचको सम्बन्धमा असर पार्ने चिनियाँ बुझाइ छ । नेपालका लागि एमसीसी सबैभन्दा ठूलो अनुदान परियोजना हो भने चीन एउटा ठूलो लगानीकर्ता । शक्तिराष्ट्रहरूको निकै आर्थिक प्रभाव रहेको नेपालमा अन्तर्राष्ट्रिय सम्झौतालाई लिएर भविष्यमा यसरी नै आन्तरिक किचलो भए यो मुलुक शक्तिराष्ट्रहरूका लागि रणभूमि बन्नेछ । केही नेपालीले एमसीसी पास हुनु चीनका लागि घाटा भएको दाबी गरेका छन् । हुन त यस्तो दाबी गरिहाल्ने समय भइसकेको छैन तर नेपालमा एमसीसी सम्बन्धी कुनै पनि गतिविधिमा चीनले नजर पक्कै लगाइरहनेछ । यसर्थ नेपाल थप अस्थिरता र द्वन्द्वको भूमि नबनोस् भन्नका लागि एमसीसी परियोजना सफल हुनु आवश्यक छ ।

राजनीतिक दलहरूको अदूरदर्शिताले निम्त्याएको विदेशी संलग्नताले जनस्तरमा अमेरिकी तथा चीनविरोधी भावना छरपस्ट देखिनु नेपालका लागि घातक हुन्छ । मुख्यतः वेइबो, वी च्याटजस्ता चीनका आधिकारिक प्लाटफर्महरूमा दुई-तीन वर्षयता नेपालको राजनीतिक घटनाक्रमबारे निकै छलफल हुने गरेको छ । नेपालबारे प्रायः अनभिज्ञ रहेका चिनियाँ नागरिकहरूले समेत तिनै प्लाटफर्ममा आएका राजनीतिक र आर्थिक विषयवस्तुबाट नेपालबारे अलग धारणा बनाएका छन् । यसको अर्थ हो– नेपालले चीनलाई निर्यात गर्न सक्ने सौम्य शक्ति (सफ्ट पावर) मध्ये राजनीतिक तथा सामाजिक घटनाक्रमहरूले पनि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । उदाहरणका लागि, चिनियाँ राष्ट्रपति सी चिनफिङले नेपाल भ्रमण गर्दा धेरै चिनियाँ सर्वसाधारण तथा विद्यार्थीहरूले नेपालको राजनीतिबारे चासो राखेका थिए, जुन हाम्रा लागि अप्रत्याशित थियो । विश्वविद्यालयले नेपाल-चीन सम्बन्धबारे अन्तरक्रिया कार्यक्रम नै गर्‍यो, जहाँ द्विदेशीय आर्थिक-राजनीतिक सम्बन्धबारे पनि छलफल भएको थियो । त्यसैले 'एभ्रिथिङ इज पोलिटिकल' भनेझैं, भोलिका दिनमा जनस्तरमा सम्बन्ध खलबलिए, चिनियाँ पर्यटक ठूलो संख्यामा आउन सक्ने नेपालको पर्यटन क्षेत्रमा घाउचोट लाग्न सक्छ, जसलाई निको पार्न निकै लगानी गर्नुपर्ने हुन सक्छ ।

एमसीसीमा जस्तै तत्परता हामीले बीआरआईमा पनि देखाउनुपर्छ । बीआरआईले गर्न सक्ने दिगो विकासका लागि हामीले पूर्वतयारी गर्नुपर्छ । यस्ता परियोजनाका तथ्यपरक प्रतिवेदनहरू लेख्न र यथोचित सूचना प्रसार गर्न थिंकट्यांकहरू तथा विश्वविद्यालय मातहतका अनुसन्धान केन्द्रहरूलाई प्रोत्साहन गर्नुपर्छ, ताकि बीआरआईलाई लिएर एमसीसी प्रकरणमा जस्तै देखिएका भ्रमहरूलाई चिर्न सकियोस् । अनि मात्रै हामीले यस्ता महत्त्वपूर्ण परियोजनाहरूबाट लाभ उठाउन सक्छौं । लु ज्याङ जियाङले भनेझैं, आफ्नो कमजोरीको दास बनेका राजनीतिक दलहरूले पक्ष-विपक्षको जालझेल निम्त्याएर नेपालको दुर्बलताको परिचय दिनु हुन्न, किनभने कमजोर राष्ट्रको कूटनीति हुँदैन ।

# तीन तालपे नारी नाचे, चारि ताल जोगिरा...



श्यामसुन्दर शशि

फागुलाई रङ-अबीरको पर्व भनिए पनि मिथिलाञ्चलमा भने यो गीत-संगीतमा आधारित ऋतु-उत्सव पनि हो । यसलाई ऋतुराज वसन्तको स्वागतगान भन्दा पनि हुन्छ । गीत-संगीतलाई छुटायो भने माघ शुक्ल पञ्चमी (श्रीपञ्चमी) देखि फागु पूर्णिमासम्म मनाइने यस पर्वको रौनक नै ओझेलमा पर्छ । श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म हुने जुनसुकै धार्मिक वा सांस्कृतिक उत्सवमा फागुगीत गाउने परम्परा छ । ग्रामीण दलानहरूमा ढोलक, झाइल, डम्फाको तालमा नित्य फागु-गायन हुन्छ । यसै अवधिमा हुने मध्यमा परिक्रमाले फागुगीत परम्परालाई अझ जीवन्त बनाएको छ । किंवदन्ती अनुसार राम-सीताले कञ्चनवनमा फागु खेलेका थिए । यसलाई निरन्तरता दिँदै परिक्रमावासीहरू धनुषा र महोत्तरीको मध्यमा अवस्थित कञ्चनवनमा होली-हुडदंग गर्छन् । घर-घरमा पकाइने मालपुवा, दलपुरी, भाङ, दहीबडा आदिको रैथाने स्वाद पनि फागुको अर्को विशेषता हो ।

मिथिलाञ्चलमा मूलतः दुई प्रकारका पर्व-त्यौहार आयोजना हुन्छन् । लोक पर्व र शास्त्रीय पर्व । लोकगीतका माध्यमले मनाइने लोकपर्व हो भने शास्त्रीय मन्त्रोच्चारण गरेर पण्डित-पुरोहितमार्फत आयोजना हुने शास्त्रीय पर्व हो । फागु, जुडशीतल, छठी, सामा-चकेवा आदि लोकपर्व हुन् । यिनको केन्द्रीय भाव गीत-संगीतमा निहित छ । त्रिविको मैथिली केन्द्रीय विभागका पूर्वप्रमुख परमेश्वर कापडी लोकगीतलाई 'सामवेद' को संज्ञा दिनुहुन्छ । फागुगीत समूहमा गाइन्छ, जुन एकदेखि चार घण्टासम्म चल्छ । लामो समयसम्म चल्ने हुँदा गीतका भाष्य, रस तथा राग-ताल भिन्न-भिन्न हुन्छन् । राग-ताल अनुसार गायक-गायिकाहरूको आंगिक चेष्टा पनि परिवर्तन भइरहन्छ । गायन धार्मिक भावका गीतबाट प्रारम्भ भएर मध्यमा प्रेमप्रधान अनि अन्तमा विरह र निर्गुणसम्म पुग्छ । जोगिरा फागुगीतको उत्कर्ष हो । यसमा सवाल-जवाफ पनि हुन्छ । लोकसंगीतका जानकार सुनीलकुमार मल्लिकका अनुसार फागुगीतको प्रारम्भ दीपचण्डी तालबाट हुन्छ अनि अन्तमा कहरवा तालसम्म पुग्छ ।

**फागुगीतको वर्गीकरण**

**१. सुमिरण**

फागुगीतको प्रारम्भ ग्रामदेवता तथा चारै दिशाको स्तुतिगानबाटग हुन्छ । सरस्वती, नटराज, दुर्गासँगै ग्रामदेवता र चारै दिशाको स्तुति गरेर लोकनाच प्रारम्भ गर्ने मिथिलाञ्चलको लोकपरम्परा हो । आफ्ना देव-पितृलाई स्तुति गरेर नाचगान सुरु गर्नुपछाडिको उद्देश्य हो– प्रदर्शनको सफलता अनि अरूको कुदृष्टिबाट सुरक्षा । सुमिरण अर्थात् स्मरण वा स्तुतिगान । यसको प्रारम्भ चारै दिशामा अवस्थित देवीदेवताको स्तुतिगानबाट हुन्छ ।

*पहिल ही डम्फा मोरा बाजल होहो, सुरुज दरबार*
*खोलू सुरुज बजरी केबडिया... जगदम्बा खेलत फाग*

**२. धार्मिक गीत**

दोस्रो चरणमा राम-सीता, शिव-पार्वती, कृष्ण-राधा, भगवती, गणेश लगायतका देवीदेवतासँग सम्बन्धित गीतहरू गाइन्छन् । फागुगीतमा देवीदेवताका गीतहरूमा विविधता पाइन्छ, जसमा स्थानीय लोकदेवताहरूको गाथा गायन पनि गर्ने चलन छ ।

*शिव मन्ठपर, राम खेलय होरी, शिव मन्ठपर*
*केकरा के हाथ कनक पिचकारी*
*केकरा के हाथ अबीर झोरी, शिवमन्ठ पर राम खेलय होरी*



**३. प्रेमप्रधान गीत**

फागुगीत गायन मध्यसम्म पुग्दा प्रेमरसमा डुब्छ । प्रेमगीतमा वसन्त वर्णन, नायिका वर्णन, प्रेम प्रस्तावसँगै थोरै श्लील शब्दावलीको प्रयोग पनि सुन्न सकिन्छ ।

*गोरी कहमा गोदलबले गोदना, होहो... पियाके पलंगपर रोदना*

**४. विरह गीत**

*परदेशिया ला चिठिया लिखैय गोरिया, परदेशिया...*
*जब परदेशिया नगर बीच आए*
*गोबरस अंगना निपैय गोरिया*

**५. गाथा गीत**

राम-सीता, कृष्ण-राधा तथा शिव-पार्वतीसँगै स्थानीय लोकनायकहरूको गाथा तथा तिनका चर्चित प्रसंगहरू गाउने चलन पनि छ । पछिल्लो समय राजनीतिक, सामाजिक विकृति तथा घटना पनि फागुगीतको विषय बन्न थालेका छन् ।

*महरानी जी के चरण मनैया होरी, महरानी जी के...*
अनि रामायण, हनुमान चालिसा आदिको पाठ गरिन्छ ।

> पछिल्लो समय फागुगीत गायन परम्परामा ह्रास आएको छ । सार्वजनिक दलानको कमी, युवाहरूको पलायन तथा आधुनिकताको प्रभाव यसका मुख्य कारणहरू हुन् ।

**६. बटगमनी**

गवैयाहरू एउटा घरबाट अर्को घरसम्म जाने क्रममा बटगमनी गाउँछन् । यस गीतमा बाटो हिँड्दाको पीडा र बटुवासँगको हँसी-ठट्टाको प्रसंग अधिक हुन्छ ।

*केकरा सँगे जाउँ... रहिया बता दा हो बटोहियटा*

**७. निर्गुण**

निर्गुणमा विरह वर्णन हुन्छ । कबीर दास निर्गुणका पोख्त कवि मानिन्छन् र मिथिलाञ्चलमा उनकै निर्गुण अधिक गाइन्छ ।

*निज सासुर जाना हो साधु, निज सासुर जाना हो साधु*
*होहो दिनचारि नैहरमे खेलके, निज सासुर जाना हो साधु*

**८. आधुनिक गीत**

*अबध के नारीसभ बडा रंग रसिया*
*झुमका पहिनाक नचेतह हो लाल, केओ रंग द' देतह*

**९. जोगिरा**

जोगिरा फागुगीतको उत्कर्ष हो । जोगिरा दुई थरी हुन्छन् । एकल र युगल । यसमा दुई जनाबीच सवाल-जवाफ हुन्छ । एक जना 'सुनले भैया मोर कबीर...' भन्दा अरूले सामूहिक स्वरमा भन्छन्– 'भले रे भले... ।' अनि भनिन्छ– जोगिरा सरररररर... ।

यस क्रममा यसरी सवाल-जवाफ हुन्छ । सवाल यस्तो हुन्छ–

*कोन ताल पर ढोलक बाजे, कोन ताल मृदंग ?*
*कोन ताल पर गोरिया नाचे, कोन ताल पर हम ?*
*जोगिरा सररर...*

जवाफ यस्तो हुन्छ :

*एक ताल पे ढोलक बाजे, दू ताल मजिरा*
*तीन तालपे नारी नाचे, चारि ताल जोगिरा*
*जोगिरा सरररर...*

**१०. चैतावर**

होलिका दहनपछिको धूलो उडाएसँगै फागु उत्सव सम्पन्न हुन्छ, जसलाई 'धुरा उडाएब' भनिन्छ । गवैयाहरू अबेर साँझ बटगमनी गाउँदै धुरा उडाउन जान्छन् । धुरा उडाउने बेला सबैले मन्त्र जप्छन्, 'जे मरे से लेखा लिए । जे जिए से खेले फागु ।' अर्थात्, आउने एक वर्षमा जो मर्छन् उनीहरू संस्मरणमा सीमित हुन्छन्; जो बाँच्छन्, उनीहरूले अर्को वर्ष पुनः फागु खेल्नेछन् । धूलो उडाएपछि गवैयाहरू चैतावर गाउँदै फर्किन्छन् ।

*पिया बिनु सेज मोरा सुना हो रामा, पिया नही आए*
*फागुन रङ अबीर नीरस भेल, फागुन रङ अबीर नीरस भेल*
*सरस वसन्त बिती जैहे हो रामा, पिया नही आए*

पछिल्लो समय फागुगीत गायन परम्परामा ह्रास आएको छ । सार्वजनिक दलानको कमी, युवाहरूको पलायन तथा आधुनिकताको प्रभाव यसका मुख्य कारणहरू हुन् । यही रीत रहिरहे भने रैथाने गीत-संगीतको संरक्षण कसरी होला ?

# भावपूर्ण श्रद्धाञ्जली

जन्म मितिः
वि.सं. २१ असार १९८९



स्वर्गारोहणः
वि.सं. २२ फाल्गुन २०७८

**अ. प्रा. प्रहरी उपरिक्षक स्व. श्री हस्त बहादुर थापा (पल्ली मगर)**
**प्रबल गो. द. वा., अवकाशप्राप्त क्याप्टेन (ब्रिगेड अफ गोर्खाज - २ जी आर)**
**MBE (मेम्बर अफ ब्रिटिश एम्पायर)**

मेरा प्रिय पति/हाम्रा पुज्यनीय पिता/दाजु/हजुर बुवा **श्री हस्त बहादुर थापा (पल्ली मगर)** को असामयिक स्वर्गारोहण भएको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद् घडीमा हाम्रो परिवारप्रति सहानुभूति प्रकट गर्नुहुने आफन्तजन, संघ-संस्था, समाज तथा शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**पत्नीः पुर्णिमाया थापा (पल्ली मगर)**

भाइ/बुहारी:
केशव थापा/भूमि थापा

छोरा/बुहारी: टिका थापा/लक्ष्मी थापा
छोरा/बुहारी: SSP हृदय थापा/नानु थापा
छोरी/ज्वाइँ: धन थापा /लोकदिप थापा
छोरी/ज्वाइँ: निरुपा गुरुङ/DIG (Retd.) डा अजित कुमार गुरुङ
छोरी/ज्वाइँ: AIG (Retd.) डा. दुर्गा पुन/Maj Gen. (Retd.)रमेश पुन
छोरी/ज्वाइँ: रुबी थापा/प्रणय थापा

**छोरा तर्फः**
नाति तथा नातिनीहरु:
नाति: रियाज/समृद थापा
नातिनी/ज्वाइँ: डा सम्पदा थापा/CPL सुजन जुहार्चन
रिदिमा/सामहृन थापा
पनातिनी एबम् पनाति :
ओजश्वी बानियाँ/काल्देन थापा

**छोरी तर्फ**
नाति/बुहारी: युगदिप थापा/जमाईमा
आशिष गुरुङ/सृजन पुन/प्रयाग थापा
नातिनी/ज्वाइँ: तृष्णा थापा/डा. महेश्वर श्रेष्ठ
देबिना थापा/निशान्त गुरुङ
अरिषा गुरुङ/सुरेश बानियाँ
प्रतिष्ठा थापा/रेख गुरुङ

**समस्त थापा (पल्ली मगर) परिवार**

# तीनवटै निर्वाचनमा तालमेल गर्ने देउवाको आश्वासन

काठमाडौं (कास)- सत्ता गठबन्धन दलका नेताबीच सार्वजनिक मञ्चमा सवालजवाफ चलिरहेकै बेला प्रधानमन्त्री शेरबहादुर देउवाले तीनवटै तहमा चुनावी तालमेल गरेर अघि बढ्ने आश्वासन दिएका छन् । देउवाले बिहीबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई बालुवाटार बोलाएर सत्ता गठबन्धन दलबीच चुनावी तालमेल हुनेमा आशंका नगर्न आग्रह गरेको बालुवाटार स्रोतले बताएको छ ।

देउवाले कांग्रेसले फागुन २९ बाट सुरु गरेको अभियान सकिनासाथ तालमेलको निर्णय लिने बताएका हुन् । स्थानीय तहमा सबै ठाउँमा तालमेल सम्भव नभए पनि महानगरपालिका र उपमहानगरपालिकासम्म केन्द्रीय तहबाटै तालमेल गर्नेबारे नेताहरूबीच छलफल चलेको छ । अन्य पालिकामा स्थानीय आवश्यकताका आधारमा तालमेल गरेर जानुपर्ने नेताहरूले बताएका छन् ।

कांग्रेसमा संस्थापनसँग असहमत पक्षले चुनावी तालमेल नहुने भन्दै दिइरहेको अभिव्यक्तिलाई लिएर दाहाल र नेपालले आशंका प्रकट गरेका थिए । कांग्रेस नेता शेखर कोइराला र उनको पक्षमा रहेका नेताले सत्ता गठबन्धन र चुनावी तालमेल अलग-अलग विषय भएको भन्दै कांग्रेस एक्लै चुनाव लड्नुपर्ने बताइरहेका छन् । कोइराला समूहका नेताहरूको अभिव्यक्तिलाई लक्षित गर्दै बिहीबार माओवादी अध्यक्ष दाहालले कांग्रेसले लखेट्न खोजे एमालेसँग पनि तालमेल हुन सक्ने बताएका थिए । 'एमालेसँग तत्काल कुनै छलफल भएको छैन तर कांग्रेसमा पनि केही अतिवादी नेता छन्, उनीहरूकै कारण कांग्रेसले लखेट्न खोज्यो भने के हुन्छ भन्न सकिँदैन,' लुम्बिनी प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा दाहालले भनेका थिए, 'राजनीतिमा असम्भव केही हुँदैन ।'

दाहालका स्वकीय सचिव एवं केन्द्रीय सदस्य रमेश मल्लले स्थानीय तहसम्म गठबन्धनको संयन्त्र बनाउने विषयमा बालुवाटारमा छलफल भएको बताए । 'स्थानीय तहसम्म संयन्त्र बनाएर अघि बढाउने कुरा भयो,' उनले भने । देउवालाई आफूले तालमेल गर्न नसके ०७४ को निर्वाचनमा जस्तै एमालेसँग चुनावी समीकरण बन्न सक्ने भय छ । त्यसकारण उनले तीनै तहको चुनावमा एकैसाथ तालमेलको सहमति गर्न खोजेका छन् । तर, पार्टीभित्रकै फरक विचार समूहका कारण चाहेजस्तो निर्णय गराउन सकेका छैनन् ।

कांग्रेसका एक मन्त्रीले चैत अन्तिम सातासम्ममा तालमेलका विषयमा पार्टीले निर्णय गर्ने र गठबन्धन दलबीच पनि समझदारी बन्ने दाबी गरे । 'स्थानीय तहमा भागबन्डा नै गर्ने गरी तालमेल सम्भव छैन । केही स्थानमा केन्द्रले निर्णय गरे पनि अधिकांशमा स्थानीय आवश्यकता-अनुसार तालमेलको निर्णय गर्ने नीति तय गर्छ,' ती मन्त्रीले भने, 'प्रदेश र संघमा भने प्रतिशतकै आधारमा तालमेल हुन सक्छ ।'

प्रधानमन्त्रीका विश्वास पात्रसमेत रहेका गृहमन्त्री बालकृष्ण खाँणले चुनावी तालमेल गरेर गठबन्धन अघि बढ्ने बताएका छन् । पार्टीले सञ्चालन गरेको चुनावी अभियानको सिलसिलामा बिहीबार रूपन्देहीमा खाँणले अप्ठ्यारो अवस्थामा बनेको गठबन्धनलाई कायमै राखेर अघि बढ्न कांग्रेस तल्लिन रहेको बताएका हुन ।

बालुवाटार बैठकमा नेताहरूबीच वैशाख ३० मा स्थानीय निर्वाचन नहुने हो कि भन्ने आशंका उठेको थियो । एमाले अध्यक्ष केपी ओली तयार भए प्रदेश र संघको निर्वाचन अघि र स्थानीय तहको पछि निर्वाचन गर्ने चर्चा चलिरहेका बेला माओवादी अध्यक्ष दाहालले प्रधानमन्त्री देउवालाई प्रश्न गरेका थिए । 'हामी तयारी अघि बढाइरहेका छौं तर बाहिर चुनाव नहुने हल्ला पनि चलिरहेको छ नि' भनेर आफूले प्रश्न गर्दा प्रधानमन्त्रीले भोट हाल्ने दिनसम्म पनि यस्तो हल्ला भइरहने भन्दै ढुक्क हुन आग्रह गरेको दाहालले बताए । 'चुनाव नहुने परिस्थिति कहीं, कतैबाट देखिएको छैन,' उनले थपे ।

## हार्दिक श्रद्धाञ्जली

जन्म मितिः
वि.सं. १९९६/०९/१९



स्वर्गारोहण मितिः
वि.सं. २०७८/११/२२

**स्व. पद्मसुन्दर राजभण्डारी**

मेरो पति एवम् हाम्रा पिता स्व. श्री पद्मसुन्दर राजभण्डारीको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा हामी शोकाकुल परिवारप्रति सहानुभूति प्रकट गर्नु हुने सम्पूर्ण नातेदार, आफन्तजन एवम् इष्टमित्रहरूप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछौं ।

**पत्नी**
एक कुमारी राजभण्डारी

**छोरी/ज्वाई**
लक्ष्मी श्रेष्ठ
उर्मिला/साक्षीगोपाल श्रेष्ठ
मीरा/मदन श्रेष्ठ

**छोरा/बुहारी**
वासुदेव/विमला राजभण्डारी
तुलामणी/ईन्दु राजभण्डारी
ऋषि/शर्मिला राजभण्डारी

नाती नातिनीहरू एवम् सम्पूर्ण राजभण्डारी परिवार

## हार्दिक श्रद्धाञ्जली

जन्मः
सन् १९४८/०५/०१



स्वर्गारोहणः
सन् २०२२/०३/०६

**स्व. डा. मंगल चन्द जैन**

हाम्रो परम मित्र चार्टर्ड एकाउन्टेन्ट श्री पवन जैनज्यूको पूज्यनीय पिता **डा. मंगल चन्द जैन**को सन् २०२२ मार्च ६ गतेका दिन असामयिक स्वर्गारोहण भएकोमा हामी स्तब्ध एवं मर्माहत भएका छौं । उहांको आज **१३औं** दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान होस् भनि भगवान श्री पशुपतिनाथसंग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**उर्गेन शेर्पा (प्रबन्ध निर्देशक)**
**स्ट्रक्टो नेपाल प्रा. लि., परिवार**

# वर्गीकृत विज्ञापन

## घर जग्गा

सुकेधारा कपन, बुढानिलकण्ठमा घरजग्गा, खरिदबिक्री, ९८४१३४५००५

भक्तपुर ताथलीमा प्लानिङ्गका आकर्षक टुक्राजग्गहरू प्रतिआना ६-लाखदेखि १३-लाखसम्म 9841939599, 9862762246

सांङ्गामा ३१-रोपनी जग्गा ५५० 9864531477

चापागाउँमा १४-३-०-० लेलेमा टुक्राजग्गा बिक्रिमा ९८६६४३१३५३, ९८५१०७०११३

घरजग्गा खरिदविक्रीगर्नपरेमा Kumarlama Realstate 01-4720460, 9851045824, 9849427626

पेप्सीकोला, काडांघारी घरजग्गा विक्रीमा, 9863948080, 9841800978

चापागाउँ बानीबिलास स्कुल अगाडी सेरेफाट जानेबाटोमा ०-३-२-० जग्गाबिक्रीमा 9841663276

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

चावेलमा कमर्सियल घर मुल्य ४३५ ९८५१३१५४५६

चावेल चुच्चेपाटीमा २रोपनी कमर्सियल जग्गाबिक्रीमा ९८५१३१५४५६

भक्तपुर अरनिको हाईवेबाट नजिकै टुक्राजग्गा, 9849072508

कपनको ५आना जग्गा बिक्रिमा ९८६६५९०१५९, ९८५११६९१६९

भक्तपुर सल्लाघारी कटुन्जेमा घर 9849671855

सुकेधारापछाडी टुक्राजग्गा बिक्रिमा 9851106237, 9863601881

सस्तो जग्गाहरू चाहिएमा 9742466740, 9823256185

फुटुङ्गमेनहाईवेको दुईकित्तामापछाडी गोरेटोबाटोमा साढेपांचआना सोह्रलाखप्रतिआना 9749900690

नारानथान पार्कभिलेज अगाडी ६आना, ७आना टुक्रा जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

पालुवारीमा प्लनिङ्गकोलागि उपयुक्त ११रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

**भक्तपुर गुण्डुमा २० फिटबाटोमा ०-१९-०-० जग्गाअर्जेन्ट बिक्रीमा प्रतिआना ८लाख ९८५१०३२१५४**

1,75,00,000/- चारआनामा बनेकोफ्ल्याट पुर्जासहितबिक्रिमा 9841206044

धुलाबारी झापा ०-८-०-० जग्गाबिक्रिमा ९८१०२५५३६३

धादिङ्गमा १२५ रोपनी स्लेटढुङ्गाखानी बिक्रिमा 9808980100

ग्लोबल आई.एम.ई.बैंक, बानेश्वर पछाडी लिभरपुर कलेज अगाडी ११-आनामा कमर्सियल जग्गा विक्रीमा, 9851078975

तिनकुनेको कमर्सियल ८आना जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

ज्ञानेश्वरमा करिव चार आना जग्गा बिक्रिमा सम्पर्क: 9862195034

गोदावरी टौखेल नजिकै टुक्रा जग्गाहरू बिक्रिमा ९८४०४८०४८५

## सवारी साधन

नयाँस्कार्पियो रिजर्भमा चाहिएमा सम्पर्क ९८६३३२५६३४

## मेशिन औजार

Pet Blow, Hdpe Blow, Ingection प्लाष्टिकको बोटल, जर्किन बनाउने मेशिनहरू चाहियो ९८२३४७५६९०

## सम्पर्क

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

सस्तोमा Cashdeposit घरजग्गा लोनतिर्न 9851040250

धितोफुकुवा डिपोजिट घरजग्गा ऋण, 9851278018

Cash Deposit Without Collateral, 9841756349

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9842543779

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

बैंकमा Cashdeposit धितोफुकुवा गर्नपरेमा 9851045218

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

Bank Deposit धितोफुकुवा गर्नपरेमा 9851161202, 9805150246

२१/३० वर्ष सम्मका युवाहरूलाई युरोपमा रोजगार ९८६२७०८५११

धितोमा जग्गा लिनदिन, राजिनामा 9851076809

## विविध विक्रीमा

कालिमाटीको साडी/बुटिक पसल बिक्रिमा ९८४१५३७५९७

सोह्रखुट्टे फलफूलचोकको फेन्सी पसल बिक्रिमा ९८४३२५२२९२, ९८५१०४२८३९

Hygeinic Restaurant बिक्रीमा Greenland Chowk टोखारोड ९८२३५०३०४८

CTEVT सम्बन्धनप्राप्त डोजर तालीमकेन्द्र बिक्रिमा १२ लाख, 9851222364

एयरपोर्टमा तुरुन्तै फार्मेसि बिक्रिमा 9851135717

रेष्टुरेन्ट बिक्रीमा झम्सिखेलको ९८५१०६७१९३

Sharp Airpurifier Thailand Made Rs.16000, 9861986327

## निर्माण सफाई

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट मंगाल जामखोल्ने 9851013512, 9841607856

ढलमंगाल ट्वाइलेट जामखोल्ने सेफ्टीट्यांकी 9840540700

ढलट्वाइलेट मंगाल जामखोल्ने ईनारसफाई प्लम्बीङ्ग 9851116022, 9843192344

सस्तोमा ढलमंगाल जामखोल्ने सेफ्टीट्याङ्की 9851109635

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

ढलट्वाइलेट मंगल जामखोल्ने, पाइपफिटिङ 9841111270

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841072969

सेफ्टीटैंकी सफाई गाडिमा १५००। 9843768737

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 015182401

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 9851118279

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9861928899, 9823859294

सेफ्टीटैंकी सफाई जामखोल्ने सस्तोमा 9851056662

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलट्वाईलेट सेफ्टीटैंकी जामखोल्ने सस्तोमा 9841634234, 9841176292

## भाडामा

ललितपुरमा घरफ्ल्याट तुरुन्त लिनदिन 9841358684

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन 9851071590

५-८-०-० जग्गा बहालमा का.म.पा.-७ कालोपुल, १-३-०-० जग्गा समेत बहालमा का.म.पा.-५ हाडीगाउं, 9849465944

काठमाण्डौमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

सातदोबाटो स्विमिङ्गपुल पछाडि चारकोठाको फ्ल्याट, 9841534248

घरजग्गा भाडामा लिनदिन ०१-५५२०६९४, ९८१००२३६५०

## चाहियो

ललितपुर ईमाडोलको बिहानी साकोसलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८०८०८३०५८, ०१६६३९५६५

सुटिङ्गरत टेलिसिरियलमा, म्युजिक भिडियोमा कलाकारहरू ईमरजेन्सि, नजान्नेलाईनि प्राथमिकता 9803190188

मुक्तिनाथ मुस्ताङको होटलको लागि कुकहेल्पर, वेटर, भाँडाधुने, बेकरी बनाउन जान्ने, हाउसकिपिङ स्टाफ चाहियो खानबस्नको सुविधा छ 9857650097

इन्डियाको कलकता, गुजरात, बम्बईमा, सरकारी कम्पनीभित्र, औद्योगिक क्षेत्रभित्र डयुटिगर्ने सेक्युरिटीगार्डहरू अर्जेन्ट, भू.पू. - 33000/-, सिभिल - 26000/-, सम्पर्क:-014916689, 9741427400

कस्मेटिकमा खानबस्नसहित तु.आवश्यकता 18,500/- 9849392984

डेलिसियस मम पसलमा नेवारीकुक १, २२,०००, हेल्पर १, १५,०००,फुट डेलिभरी लाइसन होल्डर २, १५,०००, ५३६६४२४ ९८१३८३५४४१

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9823280255

पसलमा कामगर्ने स्टाफ चाहियो 9851044706

मसाल्ची खानबस्न रातोपुल 9847552476, 9863336712

कुक चाहियो ४ जना ९८४१८५८५८५

साधारण सेक्यूरीटी तुअर्जेन्ट 18000 9808229450

साप्ताहिक पत्रिकालाई बजारप्रतिनिधि चाहियो 9851160286

बानेश्वर पसलमा सरसफाईगर्ने लेडिज स्टाफ चाहियो ९८१८१५४९३०

म:ममिस्त्री, वेटर तुचाहियो तलव १००००/- ९८४१३१११४२

बालाजुलाई कर्मचारी 17,500/- 9749872127, 9818349301, 9849064575

कस्मेटिकमा खानबस्न 14,700/- 9817175092, 9808231647

नेवारीकुक १ जना झम्सिखेल ९८५१०६७१९३

रेस्टुरेन्टमा हेल्पर चाहियो सुकेधारा 9813194227

अनुभवीलेडिज हाउसकिपिङ मनेजर,वेटर गौशाला 9851185466

कारफोक चिया विक्रीकालागि आफ्नो साधन भएको सेल्समेन र महेन्द्रा बोलेरो गाडी चलाउने अनुभवि ड्राइभर चाहियो तलब २५,०००।-, २०,०००।- 9848672231, 9813265334

स्टुडियोको लागि रेकर्डिष्ट चाहियो 9808209618

गोगंबु अफिसलाई कर्मचारी 17,500/- 9851323953, 9813364152

खानबस्नसहित कस्मेटिकलाई 18,500/- 9745659955, 9860689504, 9823792848

## मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलट्वाईलेट मंगाल जामखोल्ने 9841881901

सस्तोमा ढलट्वाईलेट मंगाल जामखोल्ने 9841663344

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9851024861

ढलमंगल, ट्वाईलेट जामखोल्ने सस्तोमा 9841739477

ढलमंगाल, ट्वाईलेट, जामखोल्ने, सस्तोमा 9851061331, 9749841098

ढलट्वाइलेट मंगालजामखोल्ने, प्लम्बिङ्गमर्मत, 9841464543, 9841569114

LEDTV फ्रिज घरैमा मर्मत 9810364211

ढलमंगाल ट्वाइलेट जामखोल्ने सेफ्टिटैंकीसफाई 9808849489

## भर्ना

प्राइभेट SEE, +2, Bachelor 100% पास ९८०१०१३४१३

## बिहावारी

स्वदेश वा विदेशमा बस्ने उत्कृष्ठ भविष्य भएका नेपालीहरूका लागि उपयुक्त बरबधु चाहिएमा सम्पर्क गर्नुहोला www.nrnmatch.com 9842981178

For Easy & Fast Court Marriage. 9745942207

# वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| जिरो मिडिया | अनामनगर | ५७०५६९५ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत डिस्प्ले**
श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

**वर्गीकृत विज्ञापन**
साधारण प्रति शब्द रू. ४५/-
बोल्ड प्रति शब्द रू. १००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktclassified@kmg.com.np

* म.उ.क. बाहिक

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १२२.३३ |
| युरो | १३४.५१ |
| पाउन्ड स्टर्लिङ | १५९.७८ |
| अस्ट्रेलियन डलर | ८८.५१ |
| कतारी रियल | ३३.४८ |

राष्ट्र बैंकको आधारमा

सुन रु ९९,८००

चाँदी रु १,३९०

# डलर कार्डबाट साढे २७ करोड बाहिरियो



**कान्तिपुर संवाददाता** (काठमाडौं)

पछिल्लो ११ महिनामा डलर कार्डबाट मात्र करिब २३ लाख अमेरिकी डलर बाहिरिएको छ । विदेशबाट आयातित विभिन्न वस्तु तथा सेवाबापत्को अनलाइन भुक्तानीका लागि गत चैतदेखि माघसम्ममा डलर कार्डबाट मात्र २२ लाख ८७ हजार अमेरिकी डलर मुलुकबाट बाहिरिएको राष्ट्र बैंकले जनाएको छ । प्रतिअमेरिकी डलर १ सय २० रुपैयाँ विनिमय दरका हिसाबले गणना गर्दा उक्त अवधिमा कार्डमार्फत २७ करोड ४४ लाख ४० हजार रुपैयाँ बाहिरिएको बताइएको छ ।

गत चैतमा नेपालबाटै कार्डमार्फत विदेशी मुद्रामा भुक्तानी गर्न पाउने नीतिगत व्यवस्था राष्ट्र बैंकले गरेको थियो । उक्त व्यवस्था भएदेखि गत माघसम्म कुल २२ लाख ८७ हजार अमेरिकी डलर बाहिरिएको राष्ट्र बैंकले जनाएको छ । राष्ट्र बैंकका अनुसार गत माघसम्म कुल २१ हजार वटा यस्ता कार्ड जारी भएका छन् । ती कार्डमा करिब ४६ लाख १२ हजार अमेरिकी डलर भरिएको (लोड भएको) छ । लोड भएकोमध्ये करिब २३ लाख अमेरिकी डलर भुक्तानी भइसकेको छ । मासिक रूपमा औसत १ हजार ९ सय ९ वटा यस्ता कार्ड जारी भएको देखिन्छ । तिनमा मासिक औसत ४ लाख २० हजार अमेरिकी डलर लोड भएको र २ लाख ८ हजार डलर खर्च भएको देखिन्छ । यस अवधिमा सर्वसाधारणले विदेशबाट खरिद गरेका पुस्तक, दैनिक पत्रपत्रिका, खेलौना, सूचना प्रविधि सेवा आदिबापत्को भुक्तानी कार्डमार्फत गरेको राष्ट्र बैंकले बताइएको छ ।

कार्डमार्फत ५ सय अमेरिकी डलरसम्म विदेशी मुद्रामा भुक्तानी गर्न पाउने व्यवस्थापछि मुलुकमा विदेशी मुद्रा भित्रिने दाबी राष्ट्र बैंकले गरेको थियो । यद्यपि गत माघसम्म नगण्य परिमाणमा विदेशी मुद्रा भित्रिएको राष्ट्र बैंक स्रोतले स्विकारेको छ । 'केही वर्षयता नेपालबाटै विदेशीमा सूचना प्रविधिसम्बन्धी काम गर्ने जमात बढ्दो छ,' राष्ट्र बैंकका एक अधिकारीले भने, 'यसकारण ती मानिसहरूमार्फत विदेशी मुद्रा भित्रिने अपेक्षा थियो । तर अपेक्षाअनुसार आएन ।' विदेशी मुद्रा नआउने तर बाहिरिने मात्र भएपछि उक्त व्यवस्था पुनर्विचार गर्ने सम्बन्धमा पनि छलफल भएको राष्ट्र स्रोतले बताएको छ । 'कार्डमार्फतको भुक्तानीलाई सूक्ष्म रूपमा हेरिरहेका छौं,' स्रोतले भन्यो, 'बढ्दो शोधनान्तर घाटा र घट्दो विदेशी मुद्रा सञ्चितिले अर्थतन्त्र संकटोन्मुख रहेको अवस्थामा कार्डमार्फतको भुक्तानी गर्ने विद्यमान व्यवस्थामा पनि पुनर्विचारको चर्चा चलेको छ ।'

> मासिक औसत ४ लाख २० हजार अमेरिकी डलर लोड हुने गरेकामा २ लाख ८ हजार खर्च

कोभिडका कारण गत मुलुकको अर्थतन्त्र ठप्प थियो । विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च थियो । त्यही समयमा राष्ट्र बैंकले कार्डमार्फत नेपालबाटै ५ सय अमेरिकी डलर बराबरको भुक्तानी कार्डमार्फत गर्न सक्ने व्यवस्था गरिएको हो । चालु आर्थिक वर्षको ७ महिनामा विदेशी मुद्रा सञ्चिति २ खर्ब २६ अर्ब रुपैयाँले घटेको छ । गत असारको तुलनामा माघसम्म विदेशी मुद्रा सञ्चिति नेपाली मुद्रामा करिब १६ र अमेरिकी डलरमा करिब १७ प्रतिशत घटेको छ । गत माघसम्म मुलुकको कुल विदेशी मुद्रा सञ्चिति ११ खर्ब ७३ अर्ब २ करोड रुपैयाँ छ । गत असारमा यस्तो सञ्चिति १३ खर्ब ९९ अर्ब ३ करोड रुपैयाँ थियो ।

'अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७८ माघ मसान्तमा १७.० प्रतिशतले कमी आई ९ अर्ब ७५ करोड कायम भएको छ,' राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । २०७८ माघ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.२ प्रतिशत छ । चालु आर्थिक वर्षको ७ महिनासम्मको आयातलाई आधार मान्दा मुलुकमा रहेको कुल विदेशी मुद्रा सञ्चितिले ७.४ महिनालाई पुग्ने वस्तु र ६.७ महिनालाई पुग्ने वस्तु तथा सेवा आयात गर्न पुग्ने दाबी राष्ट्र बैंकले गरेको छ । यो राष्ट्र बैंकको वार्षिक लक्ष्यभन्दा कम हो । चालु आर्थिक वर्षमा राष्ट्र बैंकले कम्तीमा ७ महिनाका लागि वस्तु तथा सेवाको आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चिति राख्ने लक्ष्य तय गरेको थियो ।

डलर कार्डमार्फत विदेशी मुद्रामा बैंक खाता नभएका वा विदेशी मुद्रा आर्जनको स्रोत नभएका सर्वसाधारणले पनि वार्षिक ५ सय अमेरिकी डलर बराबरको भुक्तानी विदेशी मुद्रामा गर्न पाउँछन् । सर्वसाधारणले आफ्नो खाता रहेको वाणिज्य बैंक वा विकास बैंकमा गएर 'प्रिपेड कार्ड' बनाउनुपर्छ । सोही कार्डमार्फत विदेशबाट खरिद गरेको सामानको भुक्तानी अनलाइनबाट कार्डमार्फत विदेशी मुद्रामै गर्न सकिन्छ ।

यस्तो कारोबारका लागि वार्षिक अधिकतम ५ सय अमेरिकी डलरको सीमा तय गरिएको छ । सर्वसाधारणले एकै पटक वा पटकपटक गरी एक वर्षमा उल्लिखित सीमा बराबरको भुक्तानी मात्र विदेशी मुद्रामा गर्न पाउँछन् । यस्तो कारोबारमा तोकिएको सीमाभित्र रहेर नेपालको कानुनले वञ्चित नगरेका सबै प्रकारका वस्तु तथा सेवा खरिद गर्न सकिने प्रावधान छ । यी कार्डबाट एटीएम कार्डबाट जस्तो नगद निकाल्न भने पाइँदैन । विदेशबाट सामान खरिद गर्दा विद्युतीय माध्यमबाट भुक्तानीका लागि मात्र कार्ड प्रयोग गर्न पाइन्छ ।

# विशेष प्रकृतिका पुल बनाउन बाटो खुला

**विमल खतिवडा** (काठमाडौं)

लागत विश्लेषणसम्बन्धी मापदण्ड लागू भएसँगै विशेष प्रकृतिका आकर्षक पुल निर्माण गर्न बाटो खुलेको छ । यसअघि बाह्य मुलुकमा निर्माण भएका पुललाई नेपालमा निर्माण गरिने पुलसँग तुलना गरेर लागत निकाल्ने गरिन्थ्यो । अब मापदण्ड बनेर लागू भएकाले त्यो समस्या नरहने सडक विभागअन्तर्गतको पुल महाशाखाले जनाएको छ । विभागले मापदण्ड बनाएर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा पठाएको थियो । मन्त्रिपरिषद्ले गत फागुन १६ मा उक्त मापदण्ड पारित गरेको महाशाखाका उपमहानिर्देशक उमेशविन्दु श्रेष्ठले बताए ।

उनका अनुसार पहिला निर्माणमा प्रयोग हुने बालुवा, गिट्टी, ढुंगा सबै जोडेर लागत निकाल्ने गरिन्थ्यो । जसका कारण समय धेरै लाग्ने हुन्थ्यो । डिजाइन गरेर आयोजना कार्यालयहरूले दिने गर्थे । 'जसले गर्दा खोलामा पिलर राख्दा जमिनमुनि समस्या आए निर्माण व्यवसायीले आयोजना कार्यालयलाई दोष देखाएर काम नगर्ने प्रवृत्ति थियो,' श्रेष्ठले भने, 'मुद्दामामिलामा जाने जस्ता समस्या हुन्थ्यो । पछि डिजाइन एन्ड बिल्ड प्रणालीमा गयौं, जसले गर्दा यी समस्या कम हुँदै गए ।' अब डिजाइन निर्माण व्यवसायी आफैंले गरेपछि आयोजना कार्यालयलाई दोष दिन पाउने छैनन् । नयाँ मापदण्डअनुसार पुलको लम्बाइ निर्क्योल भएपछि सकजै लागत निकाल्न सकिनेछ ।

'पहिला बनिसकेका सय वटा पुलको लागत निकाल्यौं । एक मिटर बराबर कति लागत लाग्छ भन्दै त्यसको औसत लागत निकालेर काम गरिरहेका थियौं । विशेष प्रकृतिका आकर्षक पुल बनाउनेबारे मापदण्ड थिएन,' उनले भने, 'विभागीय प्रमुखले अन्तरिम मापदण्ड स्वीकृत गरेर पुल निर्माणको काम भइरहेको थियो ।' जुन सामान्य पुलहरूका लागि मात्र थियो, विशेष र 'सिग्नेचर' पुलका लागि थिएन । यसो गर्दा महालेखा परीक्षकको कार्यालयले बर्सेनि धेरै बेरुजु निस्किएको औंल्याउँदै आएको थियो ।

'नयाँ मापदण्ड पास भएर लागू भइसकेको छ । जसले गर्दा समयमै काम सकिने, विवाद नहुने, गुणस्तरीय काम हुन्छ भन्ने हो,' उनले भने, 'मापदण्डमा सामान्य पुलदेखि सस्पेन्सन, केबल स्टेइड पुलको लागत इस्टिमेट छ ।' विशेष प्रकृतिको पुलका रूपमा कर्णाली चिसापानीमा जापानले बनाइदिएको केबल स्टेइड पुल पर्छ । चितवन तनहुँ जोड्ने मुग्लिङको पुरानो पुल सस्पेन्सन पुल हो । उनका अनुसार यस्ता पुलको पहिला डिजाइन एन्ड बिल्डमा लागत नै निकाल्न सकिँदैन थियो । हाल यस्ता पुल कसरी बने र लागत कति पर्‍यो भन्नेबारे सबै अध्ययन गरेर अहिलेको मापदण्ड बनाइएको हो । काठमाडौंको बिजुलीबजारमा 'नेटवर्क आर्क' पुल बनेर सञ्चालनमा आए पनि विभागले यसको सुरुमा लागत इस्टिमेट निकाल्न सकेको थिएन । यसअघि बनेका केही पुलको लागत अनुमान हेरेर ठेक्का गरिएको उनको भनाइ छ । 'अहिले त्यसमा कति लागत लागेको छ र सामान्य पुलभन्दा कति गुणा बढी पर्नेबारे तुलना गरियो,' उनले भने, 'त्यही आधारमा सस्पेन्सन पुल बनाउँदा कति-कति लागत पर्छ, सबै मापदण्डमा राखेका छौं ।'

सस्पेन्सन पुलको पनि डिजाइन एन्ड बिल्डमा ठेक्का निकाल्न सकिने उनको भनाइ छ । नयाँ मापदण्डअनुसार सिग्नेचर पुल बनाउन सामान्य पुलको दुई गुणा बढी लागत लाग्नेछ । लागत हिसाब गरेर निकालेपछि जुन कम्पनीले ठेक्का लिन्छ, उसैले विदेशी विशेषज्ञ प्राविधिक ल्याएर पुलको डिजाइन गर्नेछ । 'सबै जिम्मेवारी ठेक्का लिनेकै भएपछि मुद्दामामिला पनि नपर्ने भयो,' उनले भने, 'डिजाइन एन्ड बिल्ड सामान्य पुलमा मात्र हुन्थ्यो । विशेष खालको पुलका लागि मापदण्डै थिएन ।' अब मापदण्ड बनेकाले सिग्नेचर र विशेष खालका पुल बनाउन सजिलो हुनेछ । 'यससँग सम्बन्धित विशेषज्ञ प्राविधिक नभए निर्माण व्यवसायीले विदेशबाट डिजाइनर ल्याएर पनि काम गर्न सक्ने भए, नयाँ-नयाँ प्रविधि भित्रिने भयो,' उनले भने, 'त्यस्ता प्रविधि नेपालीहरूले पनि सिक्न पाउनेछन् ।'

प्रायः खोला, नदी गहिरो हुने हुँदा बीचमा पिलर राखेर पुल बनाउन समस्या हुने गर्छ । तर लामो र विशेष प्रकृतिका पुल बनाउन पाए खोलामा केही गर्न नपर्ने उनको दाबी छ । 'खोला वारिपारि सुक्खा जमिनमा पिलर उठाएर सजिलैसँग पुल बनाउन सकिने भयो,' उनले भने, 'तर रकम भने बढी लाग्ने हुन्छ ।' लागत महँगो भए पनि यस्ता पुल चाँडो निर्माण सम्पन्न गर्न सकिनेछ । 'यही मापदण्डअनुसार २ वटा पुल निर्माण थाल्ने तयारी पनि भइसकेको छ,' उनले भने, 'एउटाको ठेक्का नै भइसकेको छ । अर्कोको पनि ठेक्का गर्ने तयारी हुँदै छ ।' उनका अनुसार पाल्पा र स्याङ्जा जोड्ने राम्दी खोलामा सिग्नेचर पुल निर्माण गर्न ठेक्का भइसकेको छ । त्यस्तै, रुकुम र जाजरकोट जोड्ने भेरी नदीमा मटेला पुल निर्माण गर्न ठेक्का आह्वान गर्ने अन्तिम तयारी रहेको उनले बताए । दुवै पुलको लम्बाइ सय मिटर हुनेछ । 'यो नदीमा खोंच छ । नदीको धार परिवर्तन गर्ने ठाउँ नै छैन । बीचमा पिलर हाल्नै सकिँदैन,' उनले भने, 'अहिले पुल बन्ने ठाउँभन्दा तल १० वर्षअघि नै ठेक्का भए पनि पुल बन्न सकेको छैन ।' यो खण्डमा पुल नहुँदा चौरजहारी विमानस्थलबाट झरेपछि वारपार गर्न समस्या हुने गरेको छ । पुल बने आउजाउ समस्या समाधान हुनेछ ।

### पहिलेका चुनौती र समस्या

- अन्तरिम मापदण्ड स्वीकृत गरेर मात्रै पुल निर्माण गर्नुपर्ने
- मापदण्डबिना पुल बनाउँदा महालेखा परीक्षकको रिपोर्टमा बेरूजु देखिने
- विशेष प्रकृतिको पुल निर्माण गर्दा लागत अनुमान थाहा नहुने
- मुद्दामामिलालगायत समस्या धेरै हुने
- बाह्य मुलुकमा निर्माण भएका पुलसँग तुलना गरेर नेपालमा निर्माण गर्न लागत निकाल्नुपर्ने
- समयमै काम नसकिने

### अहिलेको सहजता

- सिग्नेचर र विशेष प्रकृतिका पुल बनाउन सहजै सकिने
- पुलको लम्बाइ भएपछि लागत निकाल्न सकिने
- विदेशबाट डिजाइनर ल्याएर काम गर्न सकिने
- नयाँ प्रविधि भित्रिने र नेपालीले सिक्न पाउने
- समयमै काम सकिने

# ९ हजारबाट ६ सय रुपैयाँमा झर्‍यो कुरिलोको भाउ

**कान्तिपुर संवाददाता** (काठमाडौं)

उपत्यकामा दुई महिनाअघि मात्रै प्रतिकिलो ९ हजार रुपैयाँसम्म पुगेको कुरिलोको मूल्य अहिले ६ सय रुपैयाँमा झरेको छ । अहिले प्रतिकिलो न्यूनतम ६ सय रुपैयाँ र अधिकतम ८ सय रुपैयाँमा कुरिलो बिक्री भइरहेको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले जनाएको छ । माघ १७ मा कुरिलोको मूल्य किलोकै २५ सयदेखि ९ हजार रुपैयाँसम्म पुगेको थियो ।

कुरिलोको सिजन सुरु भएकाले मूल्य अझै घट्ने समितिका सूचना अधिकारी विनय श्रेष्ठले बताए । 'बेमौसममा बाहिरबाट ल्याएर बेचिन्थ्यो, अहिले स्थानीय उत्पादन बजारमा आउन थालेको छ,' उनले भने, 'मूल्य विस्तारै घट्दै जाने क्रममा छ ।' झापा, सुर्खेतलगायत केही जिल्लाका किसानले कुरिलो टिप्न सुरु गरिसकेका छन् । उपत्यकामा भने कुरिलो टिप्ने बेला नभएको भक्तपुरस्थित सिपाडोलकी सरिता खाइजुले जानकारी दिइन् । 'यो चोटि कुरिलोमा मल हाल्न पाएका छैनौं, त्यसैले टिप्ने बेला भएको छैन,' उनले भनिन्, 'बजारमा मल नै छैन, २/३ महिना भइसक्यो ।'

चालु आर्थिक वर्षको ७ महिनामा २ लाख २० हजार रुपैयाँ बराबरको ११ हजार ५ सय १३ किलो कुरिलो भारतबाट आयात गरिएको भन्सार विभागको तथ्यांक छ । 'काठमाडौंतिर लैजान सम्भव नभएकाले यतैतिर बेचिरहेको छु,' सुर्खेतका एक किसानले भने, 'अहिले यतैको होटल र बजारतिर किलोको ३/४ सय रुपैयाँमा बेचिरहेको छु, काठमाडौंमा ८ सय रुपैयाँ किलो छ रे ।' करिब ५ रोपनी जग्गामा लगाएको कुरिलो अहिले दैनिक ५० किलो उत्पादन हुन थाले पनि बजार नपाउँदा समस्या रहेको उनले सुनाए ।

फागुन १७ यता न्यूनतम १४ सय र अधिकतम १५ सय रुपैयाँ किलोमा कुरिलो बिक्री हुन थालेको हो । फागुन १८ मा १२/१५ सय रुपैयाँ, फागुन १९ मा १२/१४ सय रुपैयाँमा कुरिलो बेचिएको र फागुन २०, २१, २२, २३ मा भने कालीमाटी बजारमा कुरिलो नआएको समितिले जनाएको छ । समितिका अनुसार फागुन २४ र २५ मा कुरिलोको मूल्य ८ सयदेखि हजार रुपैयाँ थियो । फागुन २६ मा ८ सयदेखि ९ सय रुपैयाँ मूल्य रहेकामा फागुन २७ मा ७ सयदेखि ८ सय रुपैयाँ, फागुन २८ मा ६ सयदेखि ८ सय, फागुन २९ मा ६ सयदेखि ७ सय रुपैयाँ, फागुन ३० र चैत १ मा ६ सयदेखि ८ सय रुपैयाँमा कुरिलो बिक्री भइरहेको छ ।



**व्यवसायी भन्छन्–**
'सिजन सुरु भएकाले मूल्य अझै घट्छ'




# 'निजी र स्वदेशी पुँजीबाटै नेपाल आत्मनिर्भर हुनुपर्छ'

एसियाली विकास बैंक (एडीबी) नेपालको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय विकास साझेदार संस्था हो । नेपालले विभिन्न दातृ निकाय र विकास साझेदारबाट भित्र्याएको वैदेशिक सहायतामध्ये एडीबीको मात्रै ३०.५ प्रतिशत हिस्सा अर्थात् ३० परियोजनामा लगानीसहित करिब ३.४ बिलियन अमेरिकी डलर बराबरको सहायता रकम परिचालन गरिरहेको छ । यति बेला एडीबीको दक्षिण एसिया विभाग हेर्ने महानिर्देशक **केनिची योकोयामा** नेपालमा छन् । सन् २०१२ देखि २०१७ सम्म नेपालका लागि एडीबीको देशीय निर्देशक रहिसकेका योकोयामासँग कोभिड महामारीले अर्थतन्त्रमा पारेको असर र आर्थिक पुनरुत्थान, नेपालको सार्वजनिक ऋण परिचालनको अवस्था, विकासशील राष्ट्रमा स्तरोन्नति, दिगो विकास लक्ष्यहरु प्राप्तिका लागि गर्नुपर्ने काम तथा दातृ निकायका दृष्टिमा नेपालको अर्थसामाजिक अवस्थाबारे कान्तिपुरका **कृष्ण आचार्य** र **हेमन्त जोशी**ले गरेको कुराकानीको सम्पादित अंश :

**तपाईंको नेपाल भ्रमणको मुख्य उद्देश्य के हो ?**

मैले सन् २०२० को मे महिनामा एडीबीको दक्षिण एसिया विभाग हेर्ने महानिर्देशकका रूपमा जिम्मेवारी लिए पनि कोभिडका कारण नेपाल भ्रमण सम्भव भएको थिएन । अहिले काठमाडौं आउन पाउँदा निकै खुसी छु । नेपाल रहँदा मैले अर्थ, पर्यटन, ऊर्जा, सहरी विकास र भौतिक पूर्वाधारमन्त्री तथा मन्त्रालयका सचिवहरूसँग भेटघाट गर्नेछु । अरू सरकारी अधिकारी, आयोजनाका कर्मचारी तथा विकास साझेदारहरूसँग पनि छलफलका कार्यक्रम छन् । एडीबीको सहकार्य र रणनीतिक साझेदारी रहेका विषयबारे बुझ्ने र एडीबीको लगानी रहेका विभिन्न आयोजनाको स्थलगत अवलोकनमा समेत जाने योजना छ ।

**नेपाल विकासशील मुलुकका रूपमा स्तरोन्नति हुँदै छ, के सन् २०२६ सम्ममा मध्यम-आय भएको मुलुक बन्न नेपालले अवलम्बन गरेको बाटो सही छ ?**

विकासशील मुलुकका रूपमा स्तरोन्नति हुन चाहिने तीन वटा थ्रेसहोल्डमध्ये नेपालले दुई पूरा गरिसकेको छ । मानव पुँजी र आर्थिक जोखिमका क्षेत्रमा नेपालले राम्रो गरेको छ । तर प्रतिव्यक्ति कुल राष्ट्रिय आयको लक्षित सीमा अझै पुऱ्याउन सकेको छैन । नेपाल विकासशील राष्ट्रका रूपमा स्तरोन्नति भएपछि यसले विकासोन्मुख देशहरूले पाउने अन्तर्राष्ट्रिय व्यापार प्रणालीमा पाइरहेका सुविधा पाउने छैन । त्यसकारण नेपाललाई विकासशील राष्ट्रका रूपमा जान ५ वर्षको तयारी समय दिइएको हो । दिगो आर्थिक विकासका लागि नेपालले परिकल्पना गरेको १५औं पञ्चवर्षीय आवधिक योजना र २५ वर्षे दीर्घकालीन नीतिलाई महत्त्वसाथ परिपालना गर्नुपर्छ ।

पछिल्ला २ वर्षमा नेपालले विभिन्न आर्थिक तथा मौद्रिक उपायको अवलम्बन र खोप कार्यक्रममार्फत महामारीको प्रभावलाई न्यूनीकरण गरेको छ । अबको बाटो भनेको हरित, लचक र समावेशी आर्थिक पुनरुत्थानमा केन्द्रित हुनुपर्छ । यसका लागि भौतिक तथा मानवीय पुँजीमा संरचनात्मक सुधार र गुणस्तरीय लगानी आवश्यक पर्छ । त्यस्तै प्रत्यक्ष वैदेशिक लगानी र निजी क्षेत्रको समेत लगानी प्रोत्साहन गरिनुपर्छ । कृषि, उत्पादन तथा सेवा क्षेत्रको विकासबाट उत्पादन र उत्पादकत्व बढाएर निर्यात बढाउनतर्फ लाग्नुपर्छ । यसका लागि वस्तु तथा सेवाको विविधीकरणका पनि ध्यान दिन जरुरी छ ।

**यस्तो परिप्रेक्ष्यमा एडीबीले आफ्ना नीति, योजना, कार्यक्रम र गतिविधिहरूमा नेपालबारे कस्तो खालको परिवर्तन गर्छ ?**

कोभिड महामारीपछिको पुनरुत्थान र विकासशील मुलुकका रूपमा स्तरोन्नति हुने प्रक्रियालाई थप सहज बनाउन नेपाल सरकारले भर्खरै हरित, लचक र समावेशी आर्थिक विकास रणनीति अवलम्बन गरेको छ । यसमा नीतिगत र संस्थागत सुधारका योजना समावेश छन् । पूर्वाधार र मानव पुँजीमा लगानी, प्रविधिको प्रयोगमा बढावा, परिवेशअनुकूल नवीन प्रविधि तथा ज्ञानसीपको प्रयोगजस्ता विषय यसमा पर्दछन् । नेपालले अवलम्बन गरेको 'ग्रिड' रणनीतिसँग एडीबीले पनि आफ्ना योजना तथा कार्यक्रमको तादात्म्यता मिलाउनेछ । त्यस्तै लजिस्टिक र भन्सार सुधार, सार्वजनिक वित्त व्यवस्थापन, कृषि, खानेपानी, आपूर्ति व्यवस्थापन, नागरिक उड्डयनलगायत क्षेत्र सुधारका लागि सहयोग गर्नेछ । एडीबीले केही क्षेत्रगत रूपमा थप नवीन र परिवर्तनकारी परियोजनामा पनि ध्यान केन्द्रित गरिरहेको छ । जसमा पहिलो भनेको पूर्वाधार क्षेत्र हो । पूर्व-पश्चिम राजमार्ग, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं खानेपानी आपूर्ति प्रणाली, दूधकोसी जलाशययुक्त जलविद्युत् आयोजनालगायत अरू ग्रामीण पूर्वाधार निर्माणका कामलाई पनि प्राथमिकतामा राखिएको छ । दोस्रो, मानव पुँजी विकासको क्षेत्र हो । त्यसका लागि गुणस्तरीय शिक्षाको पहुँचमा बढावा दिने र औद्योगिक क्षेत्रका लागि सीप विकासका कार्यक्रम रहनेछन् ।

**कोभिडका कारण एडीबीको लगानीका परियोजनामा कस्तो असर देखायो ? मेलम्ची खानेपानी परियोजनामा गत वर्षात्मा आएको बाढीले ठूलो क्षति पुऱ्यायो, मेलम्चीबारे अबको रणनीति के हुनेछ ?**

सन् २०२१ को अन्तसम्ममा एडीबीले नेपालमा करिब ३ अर्ब ४० करोड अमेरिकी डलर बराबर लगानी गरेको छ । ऊर्जा, यातायात, खानेपानी, सहरी तथा ग्रामीण पूर्वाधार विकास, मानव पुँजी विकासलगायत क्षेत्रमा यो रकम लगानी भएको छ । शिक्षा र सीप विकासका परियोजनामा पनि एडीबीले सहायता उपलब्ध गराइरहेको छ । एडीबीको सहायताबाट नेपालमा सञ्चालित परियोजनाको वार्षिक भौतिक र वित्तीय प्रगतिमा कोभिड महामारीका कारण २० प्रतिशतसम्मको ह्रास आयो । यद्यपि एडीबीले विभिन्न परियोजनाका लागि सन् २०२१ मा ४३ करोड २० लाख अमेरिकी डलर बराबरको सहायता नेपाललाई उपलब्ध गराउने प्रतिबद्धता जनाएको देखिन्छ, जसमा २७ करोड ३० लाख अमेरिकी डलर बराबर निकासासमेत भइसकेको छ । यो करिब ऐतिहासिक उच्च रकम हो । नेपालले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा राम्रो प्रगति गरेको छ । यो विमानस्थल अहिले निर्माणको अन्तिम चरण र सञ्चालनको तयारीमा पुगिसकेको छ । सन् २०२२ मा नेपालले अझ बढी प्रगति गर्ने र सहायता प्रतिबद्धता पाउनेमा म आशावादी छु । भीषण वर्षा र बाढीले मेलम्ची खानेपानी आयोजनाको भौतिक संरचनामा ठूलो क्षति पुऱ्यायो । २६ किलोमिटर सुरुङको प्राविधिक परीक्षण सकिएर आयोजना सम्पन्न हुने र सञ्चालनमा आउने अन्तिम तयारीमा थियो । बाढी आएपछि मेलम्चीको माथिल्लो तटीय क्षेत्रको भौगर्भिक जोखिम विश्लेषण गर्न एडीबीले सरकारलाई सहयोग गरिरहेको छ । सँगसँगै जतिसक्दो चाँडो पुनःस्थापना कार्य र हेडवर्क सुविधाहरूको सुधारका लागि थप आवश्यकताको मूल्यांकन पनि भइरहेको छ । यी काम सकिएपछि आयोजना फेरि सञ्चालन गर्न सकिने अवस्थामा पुग्छ । एडीबीले काठमाडौं उपत्यका खानेपानी लिमिटेडको संस्थागत सुदृढीकरणका लागि पनि सहयोग गरिरहेको छ । उपत्यकाका सबै घरधुरीमा खानेपानी वितरण संरचनाको विस्तार र मर्मतसम्भारलगायत काममा पनि सहयोग गरिरहेको छ ।



**महामारीले पारेको असरलगायत विभिन्न कारणले नेपाललाई दिगो विकास लक्ष्य प्राप्त गर्न सकस परिरहेको छ, यस्तो परिस्थितिमा कस्ता खालका कदम चालिनुपर्छ ?**

नेपालले कोभिडपछिको पुनरुत्थान कार्यक्रमलाई दिगो विकास लक्ष्य प्राप्त गर्नमा केन्द्रित गर्नुपर्छ । एडीबीको नीति भनेको नेपाललगायत विकासोन्मुख सदस्य राष्ट्रहरूको आर्थिक तथा अरू ज्ञान र सीपका क्षेत्रमा साझेदारी गरेर दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग गर्छौं । मलाई लाग्छ, नेपालले अवलम्बन गरेको 'ग्रिड' रणनीतिलाई विकास साझेदारहरूसँगको सहकार्यमा दिगो विकासका लक्ष्य हासिल गर्ने योजनालाई व्यवस्थित ढंगले लैजानुपर्छ । एडीबीले त्यसमा सहयोग र सहकार्य गर्नेछ ।

**नेपालले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य प्राप्त गरिसक्न ठूलो लगानीको आवश्यकता देखिन्छ, जुन रकम सार्वजनिक स्रोतबाट मात्रै सम्भव छैन, अन्य क्षेत्रको लगानी परिचालन गर्न के गर्नुपर्ला ?**

हाम्रो उद्देश्य नेपालमा आवश्यक मानव पुँजी, पूर्वाधार र सम्बन्धित सार्वजनिक व्यवस्थापन प्रणाली तथा क्षमता विकासमा सहयोग गर्नु हो । ताकि, निजी क्षेत्रको नेतृत्वमा द्रुत र समावेशी आर्थिक रूपान्तरण गर्दै विकास कार्यक्रम कार्यान्वयन र वित्तपोषणमार्फत नेपाल क्रमशः आत्मनिर्भर बन्न सकोस् । पछिल्ला वर्षहरूमा नेपालले बढीभन्दा बढी निजी र विदेशी लगानी आकर्षित गर्न कानुनी र नियामकीय वातावरणमा सुधारलगायत क्षेत्रमा प्रगति गरिरहेको छ । कानुनी व्यवस्थाहरूलाई नतिजामुखी बनाउन तिनको कार्यान्वयन गति बढाइनुपर्छ । त्यस्तै कृषि व्यवसाय, पर्या-पर्यटन, पूर्वाधार निर्माण, सूचना प्रविधि र अन्य क्षेत्रहरूको विकासमा ध्यान दिन जरुरी छ । विशेषगरी साना तथा मझौला खालका उद्यमहरूलाई विश्वबजार र मूल्य शृंखलामा जोडिनुपर्छ । यद्यपि, उद्योग व्यवसाय क्षेत्रको विकासका लागि बाधा पुऱ्याउने केही अवरोध पनि छन् । तिनलाई सम्बोधन गरिनुपर्छ । यसका अतिरिक्त, नेपालले न्यूनतम वैदेशिक लगानीमा थ्रेसहोल्डमा छुट दिनेलगायत प्रमुख सुधार पूरा गर्ने लक्ष्य राख्नुपर्छ । त्यस्तै, देशको क्रेडिट रेटिङ गर्ने र लगानी सुरक्षाका लागि हेजिङलगायत प्रावधानलाई कार्यान्वयनमा ल्याइनुपर्छ । लगानीको सार्वजनिक-निजी साझेदारी ढाँचा (पीपीपी मोडल) लाई जलविद्युत्लगायत सहरी पूर्वाधार तथा यातायात, शिक्षा, स्वास्थ्य क्षेत्रमा पनि केन्द्रित गर्न सक्नुपर्छ । यसले विकासका काममा लगानी वृद्धि गर्न मद्दत गर्छ । 'एडीबी रणनीति २०३०' ले पनि निजी क्षेत्रको लगानीलाई प्रवर्द्धन गर्ने विषयलाई मुख्य केन्द्रमा राखेको छ ।

**नेपालका लागि अब एडीबीका प्राथमिकता के छन् ?**

नेपालका लागि एडीबीको साझेदारी रणनीति (२०२०-२०२४) सरकारको पन्ध्रौं पञ्चवर्षीय योजनाका उद्देश्य र लक्ष्यसँग तालमेल हुने गरी बनाइएको छ । यो रणनीतिका मुख्य तीन खम्बा छन् । पहिलो, निजी क्षेत्रको नेतृत्वमा पूर्वाधार विकास । दोस्रो, विकास सुविधाहरूमा नागरिक पहुँच वृद्धि । र तेस्रो, वातावरणीय दिगोपन । यसमा लैंगिक समानता र सामाजिक समावेशीकरणजस्ता महत्त्वपूर्ण क्षेत्रगत सुधारका विषय पनि पर्छन् । प्रदेशहरूबीच क्षेत्रीय सहयोग तथा समन्वय र समस्याको एकीकृत समाधान खोज्ने गरी संयन्त्र बनाउन जरुरी छ । किनकि विकास परियोजनाहरूको कार्यान्वयनमा ठूलो अनुपातमा ग्रामीण पूर्वाधार, कृषि मूल्य शृंखला विकास र सहरी खानेपानी आपूर्तिलगायत क्षेत्रमा प्रदेश र स्थानीय सरकारसँग साझेदारी हुनेछ । नेपाललाई एडीबीले प्रतिबद्धता जनाएको सहुलियतपूर्ण ऋण सन् २०१५-१७ मा वार्षिक औसत ३०० मिलियन अमेरिकी डलर बराबर थियो । तर २०१८-२० मा त्यो बढेर ६ सय मिलियन डलर हाराहारीमा पुगेको छ । आगामी थप तीन वर्षसम्म हामीले वार्षिक ५ सयदेखि ६ सय मिलियन अमेरिकी डलर सहुलियतपूर्ण स्रोतमा समर्थन कायम गर्ने लक्ष्य राखेका छौं ।

**एडीबीको लगानीबाट नेपालमा बनिरहेको तनहुँ जलविद्युत् आयोजनालगायत अरू आयोजना कार्यान्वयनको अवस्था कस्तो छ ?**

नयाँ ठेकेदार छनोट र परिचालनपछि तनहुँ जलविद्युत् आयोजनाको कार्यान्वयनलाई तीव्रता दिइएको छ । आयोजनामा हेडवर्क्स निर्माणको काम २०२१ अगस्टबाट सुरु भयो । अन्य मुख्य प्याकेजजस्तै वाटरवे र पावर हाउस निर्माण तथा अन्य उपकरण जडानको काम भइरहेको छ । त्यस्तै, प्रसारणलाइन निर्माण र ग्रामीण विद्युतीकरणका काम पनि चलिरहेका छन् । यो आयोजना सन् २०२६ को मध्यसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य छ । हामीले ६ सय ३५ मेगावाट उत्पादन क्षमताको दूधकोसी जलाशयुक्त जलविद्युत् आयोजना र १ सय ४ मेगावाट क्षमताको लोअर अरुण जलविद्युत् आयोजनाका लागि पनि नेपाल विद्युत् प्राधिकरणलाई वित्तीय सहायता उपलब्ध गराइरहेका छौं ।

**एडीबीको लगानीमा बनिरहेको नारायणघाट-बुटवल सडक निर्माण परियोजनाको प्रगति निकै सुस्त छ, त्यहाँ मानिसको आवतजावत तथा जनजीवनमा पनि नराम्ररी असर गरेको छ, के भन्नुहुन्छ ?**

नारायणघाट-बुटवल सडकको स्तरोन्नतिपछि स्थानीय तथा क्षेत्रीय बजारमा नागरिकको राम्रो पहुँच पुग्नेछ । त्यस्तै, वस्तु ढुवानी तथा मानिसको आवतजावतमा सहजता ल्याएर आर्थिक लाभ हुने अपेक्षा गरिएको छ । अहिले सडक निर्माण र मर्मतसम्भारको कामले गति लिएको छ । तर अझै तीव्रता दिन आवश्यक छ । हामीले कामलाई तीव्रता दिने, आगामी वर्षातधि नै पुल निर्माण गर्ने र बाँकी सडक मर्मतसम्भार गर्ने विषयमा आयोजनामा काम गरिरहेको टोली, ठेकेदार र परामर्शदातासँग पटकपटक छलफल गरेका छौं । सँगसँगै निर्माण तथा मर्मतसम्भारका क्रममा सवारी व्यवस्थापनका सहज बनाउन भनेका छौं । त्यहाँको जनजीवनमा थप असर नपरोस् भन्नेतर्फ सचेत गराएका छौं । पोर्टफोलियो समीक्षा र अन्य फोरमहरूमा हामीले त्यो परियोजना कार्यान्वयनमा उच्च अनुशासन लागू गर्न भनेका छौं । फलस्वरूप त्यहाँको काममा प्रगति भइरहेको पनि देखएको छ । हामी एडीबीको सहयोगमा बनिरहेका आयोजनाहरूले उदाहरणीय कार्यसम्पादन प्रदर्शन गर्न सक्षम हुनेछन् भन्नेबारे पनि आशावादी छौं ।

> आगामी थप तीन वर्षसम्म नेपाललाई वार्षिक ५ सयदेखि ६ सय मिलियन अमेरिकी डलर सहुलियतपूर्ण स्रोतमा समर्थन कायम गर्ने लक्ष्य राखेका छौं
>
> हामी चाहन्छौं– विकास साझेदारका रूपमा सहायता रकम पाउने देशहरूले आफैं आत्मनिर्भर संयन्त्रको विकास गरून्

**पछिल्ला वर्षहरूमा एडीबीलगायत दातृ निकायले अनुदान रकम घटाएर ऋण रकम बढाउन थालेका छन्, यसका पछाडि केही कारण छन् ?**

विकास साझेदारका रूपमा हामीले सोच्ने भनेको सहायता रकम पाउने देशले आफैं आत्मनिर्भर संयन्त्रको विकास गरून्, विकासोन्मुख तथा न्यून आय भएका मुलुकबाट उच्च आय भएका मुलुक बनून् भन्ने हो । अनुदान र अत्यधिक सहुलियतपूर्ण ऋण सुविधामाथिको निर्भरता घटाएर स्वदेशी स्रोत र निजी पुँजी परिचालित गरी आत्मनिर्भर अर्थतन्त्र बनाउन सकून् भन्ने हो । नेपालको सन्दर्भमा यहाँको राष्ट्रिय आय र कर्जा योग्यतामा भएको सुधारलाई हेरेर सन् २०१४ बाट नै सहुलियत कर्जालाई बढी प्राथमिकता दिइयो । नेपालले अझै पनि जलवायु परिवर्तनअनुकूल परिस्थिति निर्माण, विपद् जोखिम न्यूनीकरण, लैंगिक समानता प्रवर्द्धनजस्ता निश्चित प्राथमिकता प्राप्त क्षेत्रमा अनुदान पाइरहेको छ । त्यस्तै, क्षेत्रीय सहकार्य र एकताका रूपमा पाउने विभिन्न सुविधा पनि कायमै छन् ।

**नेपालको कुल गार्हस्थ्य उत्पादनको तुलनामा सार्वजनिक ऋण ४० प्रतिशत पुगिसकेको छ, वार्षिक करिब १ खर्ब रुपैयाँ ऋण भुक्तानी गर्न खर्च हुन्छ, राजस्वले प्रशासनिक खर्च धान्न मुस्किल भइरहेको छ, अर्कोतर्फ ठूला पूर्वाधार निर्माण गर्नुछ, यस सन्दर्भमा नेपालले कसरी आर्थिक स्रोत जुटाउन सक्छ ?**

नेपालले आफ्नो विकास आकांक्षा बढाउनुपर्छ र खर्चको प्राथमिकतामा राख्नुपर्छ । लगानी बढाउँदा पूर्वाधार र मानव पुँजी विकासलाई उच्च प्राथमिकता दिन आवश्यक छ, जसले राष्ट्रिय आय बढाउँछ । आय बसेसँगै कर र गैरकरका माध्यमबाट राजस्व पनि बढ्छ । धेरै राजस्व संकलन हुँदा त्यसले नेपाललाई ऋण खोज्ने आधारका रूपमा पनि काम गर्छ । यसकारण घरेलु स्रोत परिचालन निकै महत्त्वपूर्ण छ । विकास परियोजनाहरूबाट भविष्यमा राजस्व प्रवाह गर्ने सुनिश्चितता गरी निजी क्षेत्रबाट आंशिक रूपमा वित्तपोषणमार्फत पीपीपी मोडलमा लगानी परियोजना तयार गर्न पनि सकिन्छ । सही नीति तथा कार्यक्रमको अवलम्बन र ठोस परियोजना तयारीका साथमा नेपालले ठूलो मात्रामा लगानी आकर्षित गत सक्षम हुनुपर्छ भन्ने हाम्रो मूल्यांकन छ । त्यसका लागि नेपालले क्षेत्रगत रूपमा पनि फाइदा लिन जान्नपर्छ । उदाहरणका लागि एडीबीले हालै जलवायु परिवर्तन रोकथाममा खर्च हुने रकमलाई ८० अर्ब अमेरिकी डलरबाट बढाएर एक खर्ब पुऱ्याएको छ । दातृ निकायहरूले यसरी बढाएको रकमबाट नेपालले लाभ लिन सक्नुपर्छ । ग्रिन क्लाइमेट फन्ड, क्लिन टेक्नोलोजी फन्डलगायत अन्य विश्वव्यापी र क्षेत्रीय कोषहरूबाट पनि स्रोत खोज्न सकिन्छ ।

## अर्थ संक्षेप

### 'बजाज पाँचको पन्च' ५ पटक जित्ने मौका




काठमाडौं (कास)- नेपालका लागि बजाजको आधिकारिक बिक्रेता हंसराज हुलास चन्द एन्ड कम्पनीले नयाँ वर्ष २०७९ को अवसरमा ग्राहकका लागि 'बजाज पाँचको पन्च' योजना ल्याएको छ । जसअन्तर्गत ग्राहकहरूलाई पाँच पटक उपहार जित्ने मौका दिइने कम्पनीले जनाएको छ । बजाजको विज्ञापनलाई आफ्नो फेसबुक पेजमा पोस्ट गरेबापत बाइक किन्ने बेलामा १ हजार रुपैयाँ छुट पाउन योग्य भइनेछ । यसैगरी, बजाज बाइक किन्दा ५० हजार रुपैयाँसम्म छुट पाउने मौका मिल्नेछ । कम्पनीका अनुसार बाइक किन्ने प्रक्रिया आरम्भ गरेपछि फेसबुकमा पोस्ट गरेबापतको, सोरुममा गएर बाइक रोजेबापतको अनि किन्नलाई बुकिङ गर्दा पाइने १ लाख रुपैयाँसम्मको जम्माजम्मी रकम छुटका रूपमा प्राप्त गर्न सकिनेछ । बम्पर पुरस्कार स्वरूप १० लाख रुपैयाँसम्म जित्ने मौकासमेत रहेको कम्पनीले जनाएको छ ।

### सिटिजन्स् बैंकको क्यास ब्याक योजना

काठमाडौं (कास)- सिटिजन्स् बैंकले १५ औं वार्षिकोत्सवका अवसरमा आकर्षक योजनाहरू सार्वजनिक गरेको छ । बैंकले चैत ७ देखि वैशाख ७ सम्म लागू हुने गरी डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताहरूलाई पस मेसिन र अनलाइनमार्फत १ हजार वा सोभन्दा बढीको कारोबार गर्दा एकमुष्ट २ सय रुपैयाँ क्यास ब्याक दिने योजना ल्याएको छ । यसैगरी, पहिलो पटक क्यूआर कोडमार्फत भुक्तानी गर्ने ग्राहकका लागि १ सय रुपैयाँसम्मको क्यासब्याक प्राप्त हुनेछ । ईकम कार्डको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ बैंकले यो योजना अवधिभरमा सो कार्ड लिन चाहनेलाई निःशुल्क रूपमा उपलब्ध गराउने जनाएको छ । ५ लाखसम्मको दुर्घटना बिमा र ५० हजार रुपैयाँसम्मको स्वास्थ्य बिमा सुविधासहितको सिटिजन्स् संरक्षित बचत खाता खोल्दा बचतकर्ताहरूका लागि निःशुल्क डेबिट कार्ड, मोबाइल/इन्टरनेट बैंकिङ, डिम्याट खाता प्रदान गर्ने व्यवस्था बैंकले गरेको छ ।

### रितिशालाई 'शंकरलाल अग्रवाल स्वर्ण पदक'

काठमाडौं (कास)- इन्स्टिच्युट अफ इन्जिनियरिङ (आईओई) थापाथली क्याम्पसकी छात्रा रितिशा गौतमलाई 'शंकरलाल अग्रवाल स्वण पदक' बाट सम्मान गरिएको छ । पदकसँगै उनलाई नगद ५१ हजार रुपैयाँसमेत प्रदान गरिएको छ । २०७६ सालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ संकायको स्नातक तहमा उनले सर्वोत्कृष्ट अंक ल्याउन सफल भएकी थिइन् । क्याम्पसको ५६ औं वार्षिक समारोहको अवसरमा आयोजित एक कार्यक्रमका बीच उनलाई सम्मान गरिएको हो । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शंकर ग्रुपको भगिनी संस्था जगदम्बा स्टिलको सहकार्यमा उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

### खल्तीबाट किस्ता भुक्तानी गर्दा शतप्रतिशतसम्म क्यास ब्याक




काठमाडौं (कास)- खल्तीमार्फत किस्ता (ईएमआई) भुक्तानी गर्दा शतप्रतिशतसम्म क्यास ब्याक पाइने भएको छ । साथै दुई भाग्यशाली विजेताले बम्पर पुरस्कारका रूपमा स्मार्टफोन जित्ने मौका पाउने खल्तीले जनाएको छ । हुलास फिन सर्भ, जगदम्बा क्रेडिट एन्ड इन्भेस्टमेन्ट, स्याकार-होन्डा र एमएडब्लू इन्भेस्टमेन्टको ईएमआई भुक्तानी गर्दा हरेक साता एक जना भाग्यशाली विजेताले भुक्तानीमा शतप्रतिशत क्यास ब्याक (५ हजार रुपैयाँसम्म) प्राप्त गर्नेछन् । दुई जनाले बम्पर उपहारमा स्मार्टफोन जित्नेछन् । यो अफर चैत १ देखि ३० सम्म मान्य हुने कम्पनीले जनाएको छ ।

### सेलपेको अफर 'नयाँ वर्ष आयो, क्यास ब्याक पायो'




काठमाडौं (कास)- भुक्तानी सेवा प्रदायक सेलपेले नेपाली नयाँ वर्ष २०७९ का अवसरमा 'नयाँ वर्ष आयो, क्यासब्याक पायो' अफर ल्याएको छ । सेलपे प्रयोगकर्ताहरूका लागि आकर्षक अफर ल्याएको छ । यसअन्तर्गत सेलपे प्रयोगकर्ताहरूले टपअप, बस टिकट, हवाई टिकट र फोनपे क्यूआर भुक्तानी जस्ता विभिन्न सेवामा आकर्षक क्यास ब्याक प्राप्त गर्नेछन् । यो अफर मंगलबार (चैत १) देखि एक महिनासम्म चल्ने कम्पनीले जनाएको छ । सेलपेका अनुसार यस अफरअन्तर्गत टपअपमा ६ प्रतिशत क्यासब्याक, फोनपे क्यूआर भुक्तानीमा १० प्रतिशत (१ सयको क्यापसहित) छुट दिइनेछ । एयरलाइन्स टिकट खरिदमा १ हजार २ सय रुपैयाँसम्म छुट, बस टिकट खरीदमा १० प्रतिशत छुट दिइने कम्पनीको भनाइ छ ।

### टीसीएलको निःशुल्क एसी सर्भिस

काठमाडौं (कास)- टीसीएलले सम्पूर्ण एसीमा निःशुल्क सर्भिसिङ दिने गरी एक्सचेन्ज क्याम्प सञ्चालन गरेको छ । यस योजनाअन्तर्गत ग्राहकले कुनै पनि ब्रान्डको एसीमा निःशुल्क सर्भिसिङ गराउन सक्नेछन् । जुनसुकै अवस्थाको पुरानो एसी साट्न सक्ने कम्पनीले जनाएको छ । पुरानो एसीमा उचित मूल्यांकनका साथ टीसीएलको उच्च गुणस्तरीय एसी साट्न सकिने कम्पनीको भनाइ छ । साथै एसीको रिपेयरिङ गर्दा स्पेयर पार्ट्समा ५० र नयाँ टीसीएल एसी खरिद गर्दा २९ प्रतिशतसम्मको विशेष छुट प्रदान गरिने कम्पनीको भनाइ छ ।

### हुलास स्टिल एपमा उपहारको बहार

काठमाडौं (कास)- हुलास स्टिलले फ्रेबिकेटरहरूका लागि लक्षित उपहार योजना ल्याएको छ । हुलास स्टिलले आफ्नो एपमार्फत 'हुलास स्टिल एप-मोबाइमा, युरोप भ्रमण-उपहारमा' भन्ने नाराका साथ यो एप लन्च गरिएको कम्पनीले जनाएको छ । फ्रेबिकेटरहरूका लागि 'विशेष सौगातमा युरोप भ्रमण, ६ तोला सुन, पल्सर बाइकसँगै अन्य थुप्रै आकर्षक उपहार' छन् । ग्राहकले यसका लागि आफ्नो मोबाइलमा हुलास स्टिल एप डाउनलोड गरी त्यस एपभित्र आफूले सामान खरिद गरी प्राप्त भएको बिल लोड गरी खरिद रकममा तोकिएबमोजिम प्वाइन्ट प्राप्त गर्न सकिन्छ । हुलास स्टिलले यो एप-मोबाइलमा डाउनलोड गर्दा ५० रुपैयाँको टपअप सुविधासमेत प्रदान गरेको छ ।

### नेपाल लाइफको 'अनमोल जीवन बिमा'




काठमाडौं (कास)- नेपाल लाइफ इन्स्योरेन्सले अनमोल जीवन बिमा योजना ल्याएको छ । यो मुनाफामा सहभागी हुने सावधिक तथा आजीवन जीवन बिमा योजना हो । बिमा अवधि सकिएपछि पनि जोखिम बहन गर्नु यो योजनाको विशेषता हो । १८ देखि ६५ वर्षका उमेर समूहका व्यक्तिले न्यूनतम ५ देखि अधिकतम ५० वर्षसम्म अवधिको यो बिमा योजना लिन सक्ने कम्पनीले जनाएको छ । बिमा समाप्तिमा अधिकतम उमेर ७० वर्ष छ । न्यूनतम २५ हजारदेखि आयस्रोतका आधारमा जति पनि बिमांक रकमको बिमा गर्न सकिने कम्पनीले जनाएको छ ।

### एलजीको निःशुल्क एसी सर्भिस क्याम्प

काठमाडौं (कास)- एलजीले निःशुल्क एसी सर्भिस क्याम्प सञ्चालन गरेको छ । यसअन्तर्गत कुनै पनि ब्रान्डका एसी निःशुल्क रूपमा सर्भिसिङ गर्न सकिनेछ । साथै रिपेयर पार्ट्समा ५० प्रतिशतसम्म छुट, नयाँ एसी खरिदमा १९ प्रतिशत विशेष छुट र निःशुल्क इन्स्टलेसन र डिइन्स्टलेसन सेवा दिइने कम्पनीले जनाएको छ । जुनसुकै ब्रान्डका पुराना एसी उचित मूल्यांकनसँगै नयाँ एलजी एसी पनि साट्न सकिने कम्पनीले जनाएको छ ।

# कलाकार शाहविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता

पूर्वी नवलपरासी (कास)- कलाकार पल शाहविरुद्ध जिल्ला अदालत नवलपुरमा मुद्दा दर्ता भएको छ। सरकारी वकिलको कार्यालयले बिहीबार मुद्दा दर्ता गरेको हो। सरकारी वकिलले शाहलाई १२ वर्षदेखि १४ वर्षसम्म कैद सजाय र किशोरीलाई क्षतिपूर्ति दिनुपर्ने माग दाबीसहित मुद्दा गर्दा गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

शाहमाथि किशोरी बलात्कारको अभियोगमा प्रहरीले अनुसन्धान गरेको थियो। किशोरीले आफूलाई एक वर्षअघि गैंडाकोटको होटलमा बलात्कार गरेको भन्दै इलाका प्रहरी कार्यालय गैंडाकोटमा तीन साताअघि उजुरी दिएकी थिइन्। एकै दिन सकिने छायांकनलाई दुई दिन लगाएर राति रक्सी खुवाएर बलात्कार गरेको पीडितको उजुरीमा उल्लेख छ। गत वर्ष चैत ७ मा बलात्कार गरेको अभियोगका आधारमा एक वर्षभित्र मुद्दा दर्ता गरिसक्नुपर्ने प्रावधान छ। त्यसैअनुसार ४ दिनअघि नै अदालतमा मुद्दा दर्ता भएको प्रहरीको भनाइ छ।

कलाकार शाह हाल तनहुँ प्रहरीको हिरासतमा छन्। उनीविरुद्ध जिल्ला प्रहरी तनहुँमा पनि तिनै किशोरीले बलात्कार आरोपमा उजुरी दिएकी छन्। 'एकै प्रकृतिको मुद्दा भएका कारण एउटै जिल्ला अदालतमा हेर्ने पनि चलन छ। यो अदालतको तजबिजको कुरा भयो,' प्रहरी स्रोतले भन्यो। फागुन २४ मा पूर्वी नवलपरासी ल्याइएका शाहलाई चैत १ मा पुनः तनहुँ लगिएको थियो। तनहुँ प्रहरीका डीएसपी युवराज खड्काका अनुसार शाहविरुद्ध अनुसन्धान नसकिएकाले शुक्रबार अदालतबाट म्याद थपिँदै छ। मतियारको रूपमा रहेको भन्दै प्रहरीले शाहका म्यानेजर कृष्णप्रसाद जोशीलाई पनि फागुन २७ मा पक्राउ गरेको थियो।

# चिनियाँ विदेशमन्त्रीसँग...

राज्य संयन्त्रलाई प्रभावकारी ढंगले सदुपयोग गर्न सके दुवै छिमेकीका सुरक्षा चासोलाई सम्बोधन गर्न सकिने आचार्यको भनाइ छ। 'तर हाम्रो संयन्त्र नै शिथिल भयो भने सम्बोधन गर्न सक्दैन। १९७४ मा नेपालले खम्पा विद्रोहलाई शान्त गरिदियो। चीनका सामु हामीले गरेर देखाइदिएको त्यो नजिर छ। त्यसलाई अहिले हामीले भन्न सक्नुपर्छ। हामी त्यस प्रकारको भरपर्दो शक्ति हौं, त्यसैले तपाईंहरूका खास चासो छन् भने भन्नुस्, हामी समाधान गर्छौं भन्न सक्नुपर्छ।'

चीनका लागि नेपालका पूर्वराजदूत टंक कार्की बीआरआई कार्यान्वयनमा अहिलेसम्म न्यूनतम प्रगति पनि नभएकामा असन्तुष्टि व्यक्त गर्छन्। 'यसमा भएको ढिलाइ दुःखद छ, त्यस्तै विश्वको बदलिँदो परिस्थितिलाई मध्यनजर गरेर नेपालले रणनीतिक स्वायत्तता अवलम्बन गर्नुपर्छ,' उनी भन्छन्, 'असंलग्न परराष्ट्र नीतिलाई अवलम्बन गर्ने र छिमेकीका चासोलाई विशेष प्राथमिकतामा राख्ने विषयमा नेपालले चीनलाई प्रस्ट पार्नुपर्छ, त्यो आवश्यक छ।'

सन् २०१३ मा राष्ट्रपति सी सत्तामा आएपछि विश्वकै शक्तिका रूपमा उदाउन खोजेको चीनले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजना अघि बढाएको छ। बीआरआईमा हस्ताक्षर गर्ने नेपाल पहिलो मुलुक हो। सन् २०१६ मा हस्ताक्षर भए पनि कुनै पनि परियोजनामा प्रगति भएको छैन। अमेरिकी पहलको एमसीसी सम्झौता अघि बढ्दै गर्दा बीआरआई पछि परेको सन्दर्भमा चिनियाँ विदेशमन्त्री नेपाल आउन लागेका छन्।

बीआरआईका लागि नेपालले सुरुमा चीनलाई ३५ परियोजना पठाएकामा पछि त्यसलाई ९ मा सीमित गरिएको थियो। जसमा काठमाडौं-रसुवागढी सडक स्तरोन्नति, काठमाडौं-रसुवागढी रेल परियोजना, गल्छी-रसुवागढी ४०० केभी प्रसारण लाइन, किमाथांका-हिले सडक निर्माण, मदन भण्डारी प्राविधिक शिक्षालय, तमोर जलविद्युत् आयोजना निर्माणलगायत छन्। तर परराष्ट्र मन्त्रालयका एक अधिकारीले नेपालले हालसम्म बीआरआई परियोजनाकै लागि भनेर प्रस्ट रूपमा चीनलाई सूची नपठाएको बताए।

नेपाल र चीनबीच भएको सम्झौताअनुसार बीआरआई परियोजना अघि नबढेकामा राष्ट्रपति विद्यादेवी भण्डारीले पनि असन्तुष्ट व्यक्त गरेकी थिइन्। बेइजिङबाट प्रकाशन हुने चीनको सरकारी सञ्चारमाध्यम 'ग्लोबल टाइम्स' र 'पिपुल्स डेली' लाई फागुन २७ मा अन्तर्वार्ता दिँदै उनले भनेकी छन्, 'बेल्ट एन्ड रोड इनिसिएटिभ सम्झौतामा हस्ताक्षर भएको ५ वर्ष बित्न लाग्दा यसअन्तर्गतका परियोजनाले अपेक्षित गति प्राप्त गर्न नसक्नु चिन्ताको विषय बनेको छ। हाम्रा साझा प्रयासबाट यी परियोजनालाई सफल बनाउन आवश्यक छ।' हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जाललाई प्रशंसा गर्दै उनले पूर्वाधार विकासका लागि अवसरका रूपमा लिँदै बीआरआईलाई अघि बढाउन नेपाल इच्छुक रहेको पनि बताएकी छन्।

नेपाल-चीन सम्बन्धलाई अध्ययन गरिरहेका भूराजनीतिक जानकार रूपक सापकोटा नेपालमा बीआरआई परियोजना कार्यान्वयनमा जान नसकेकाले साझेदारीको वातावरण निर्माणमा विदेशमन्त्री वाङको भ्रमण केन्द्रित हुने आकलन गर्छन्। 'बीआरआई नै प्रमुख एजेन्डा हो भन्ने मलाई लाग्छ, अर्को महत्त्वपूर्ण पक्ष भनेको विश्व राजनीतिमा आइरहेको फेरबदल हो,' उनी भन्छन्, 'अमेरिका र चीनबीचको सहकार्य र प्रतिस्पर्धाको वातावरण तीन वर्षयता प्रतिद्वन्द्वितातिर अघि बढिरहेको छ। निकटतम मुलुक भारतसँग पनि चीनको असमझदारी छ। यसबीचमा नेपाल पनि भारत र अमेरिकासँग सघन सहकार्यमा अघि बढेको छ, त्यसैले उच्चस्तरीय भ्रमणबाट नेपालको आर्थिक, सामाजिक विकासमा सहयोग पुऱ्याउन चीन सधैं तयार छ भन्ने सन्देश प्रवाह गर्न भ्रमण हुन लागेको देखिन्छ।'

प्रधानमन्त्री शेरबहादुर देउवाको अघिल्लो कार्यकालमा परराष्ट्र मामिला सल्लाहकार रहेका दिनेश भट्टराई बीआरआई परियोजना कार्यान्वयनका सन्दर्भमा नेपालले आफ्नो स्पष्ट दृष्टिकोण राख्नुपर्ने बताउँछन्। 'बीआरआईमा ऋण लिएर काम गर्न गाह्रो हुन्छ। हामीले चीनलाई अनुरोध गरेर अनुदानमा जोड दिन आवश्यक हुन्छ,' उनको भनाइ छ, 'चीनको अर्थतन्त्र बलियो नभएका बेलासमेत तातोपानीदेखि काठमाडौं आउने कोदारी मार्गलाई उसले अनुदानमा बनाइदिएको थियो। अहिले चीन अर्थतन्त्रमा बलियो छ। नेपालले विश्वास दिलायो भने चीनले सहयोग गर्छ।'

चीनसँग पारवहन सम्झौतामा हस्ताक्षर भए पनि कार्यान्वयनमा पनि प्रगति हुन सकेको छैन। दक्षिणी छिमेकी भारतले अघोषित नाकाबन्दी गरेपछि समुद्रसम्म पुग्ने वैकल्पिक मार्गको खोजीमा चीनसँग पारवहन सम्झौता भएको थियो। कार्यान्वयनतर्फ नेपाल र चीन दुवैतर्फबाट पहल भएको छैन।

पारवहन सम्झौतामा सन् २०१६ मा हस्ताक्षर भए पनि सन् २०१९ मा राष्ट्रपति भण्डारीको चीन भ्रमणका दौरान त्यसको प्रोटोकलमा हस्ताक्षर भएको थियो। जसअनुसार नेपालले चीनका चार वटा समुद्री बन्दरगाह र तीन वटा सुक्खा बन्दरगाहमा पहुँच पाएको छ तर त्यसको कार्यान्वयन हुन सकेको छैन। तर यसलाई कार्यान्वयन गर्ने विषयमा नेपाल र चीनबीच गम्भीर छलफल अहिलेसम्म भएको छैन।

> बीआरआईमा ऋण लिएर काम गर्न गाह्रो हुन्छ। हामीले चीनलाई अनुरोध गरेर अनुदानमा जोड दिन आवश्यक हुन्छ।
>
> **– दिनेश भट्टराई**

> सिमाना जोडिएको छिमेकी मुलुक भएको हुनाले नेपालमा चीनको चासो हुनु स्वाभाविक छ। भारतको पनि चासो हुन्छ, यसलाई सकारात्मक रूपमा सम्बोधन गर्नु हाम्रो कर्तव्य हुन्छ।
>
> **– जयराज आचार्य**

> बीआरआई परियोजना कार्यान्वयनमा भएको ढिलाइ दुःखद छ, त्यस्तै विश्वको बदलिँदो परिस्थितिलाई मध्यनजर गरेर नेपालले रणनीतिक स्वायत्तता अवलम्बन गर्नुपर्छ।
>
> **– टंक कार्की**

> अमेरिका र भारतसँग चीनको प्रतिद्वन्द्विता बढ्दो छ, नेपालको आर्थिक, सामाजिक विकासमा सहयोग पुऱ्याउन चीन सधैं तयार छ भन्ने सन्देश प्रवाह गर्न भ्रमण हुन लागेको देखिन्छ।
>
> **– रूपक सापकोटा**

चल्तीमा रहेका उत्तरी नाका रसुवागढी र तातोपानीबाट आयात-निर्यात नै अहिले असहज छ। भूकम्प र महामारीपछि ती दुवै नाकालाई चीनले नै सहज रूपमा खोलेको छैन। उत्तरबाट सजिलै आउन सक्ने चिनियाँ उत्पादन हिन्द महासागर घुम्दै भारतीय नाकाबाट आउँदा समय र खर्च बढेकाले व्यापारी तथा उपभोक्ता मर्कामा छन्।

चिनियाँ राष्ट्रपति सी नेपाल आउँदा सहमति भएका योजना पनि कार्यान्वयन हुन सकेका छैनन्। यसमा भएको कमजोरी नेपालले स्विकार्नुपर्ने कूटनीतिज्ञ आचार्यको भनाइ छ। 'यस्तो छ कि हामी सम्झौता गर्छौं तर कार्यान्वयनमा तदारुकता देखाउँदैनौं। सीको भ्रमणका बेला हामीले के-केमा सहयोग गर्नुपर्छ भनेर उनीहरूले सोधेका थिए, हाम्रोतर्फबाट ३० वटा परियोजना माग गरियो। त्यसपछि उनीहरूले यो लिस्ट धेरै लामो पनि भयो, व्यावहारिक पनि छैन। त्यसैले यसलाई घटाएर सिंगल डिजिटमा झार्नुस् भन्नुभएको थियो रे भन्ने मैले सुनेको थिएँ,' आचार्य भन्छन्, 'चिनियाँहरू काम गर्ने जातका हुन्। उनीहरू धेरै व्यावहारिक कुरा गर्छन्।'

त्यस्तै चीनको उहानमा कोभिड-१९ महामारी सुरु भएपछि आएका नेपाली विद्यार्थी चीन फर्कन पाएका छैनन्। यस सम्बन्धमा विद्यार्थीले पटक-पटक परराष्ट्रमन्त्री र अन्य सरकारी अधिकारीलाई भेटेर गुनासो गरेका छन्। संसद्को शिक्षा तथा स्वास्थ्य समितिले चीनसँग सहकार्य गरेर विद्यार्थीले उच्च शिक्षा पूरा गर्ने वातावरण मिलाउन निर्देशन दिएको छ। तर नेपाली विद्यार्थीलाई तत्काल स्वागत गर्न चीन तयार देखिएको छैन। यस विषयलाई विदेशमन्त्री वाङसामु नेपालले स्पष्ट राख्न सक्नुपर्ने विज्ञहरू बताउँछन्।

नेपाली विद्यार्थीलाई चीन जान दिने मात्र होइन, नेपाली परियोजनामा कार्यरत चिनियाँ कामदारलाई फेरि ल्याउने विषय पनि सम्बोधन हुन सकेको छैन। नेपालमा सञ्चालित परियोजनामा कार्यरत चीनका कामदार कोभिड-१९ महामारीमा घर गएको दुई वर्ष हुन लागेको छ। उनीहरू नआउँदा पूर्वाधार निर्माण प्रभावित भएको छ।

विदेशमन्त्री वाङको भ्रमणका क्रममा दुई मुलुकबीच उठेका सीमासम्बन्धी विषयलाई कूटनीतिक प्रक्रियाबाट दीर्घकालीन समाधान खोज्न पहल हुने अपेक्षा गरिएको छ। परराष्ट्रमन्त्री खड्का र चिनियाँ विदेशमन्त्री वाङबीच गत कात्तिक २ मा भएको टेलिफोन वार्तामा सीमा समस्यालाई कूटनीतिक प्रक्रियामार्फत हल गर्ने समझदारी भएको जनाइएको थियो। सत्तारूढ कांग्रेसका नेताले हुम्लाको नाम्खामा चीनले नेपाली भूमि अतिक्रमण गरेको दाबी गरिरहेका छन्। देउवाको नेतृत्वमा सरकार बनेपछि गत भदौ १६ मा हुम्लाको लिमी लाप्चादेखि हिल्सासम्मको सीमा अध्ययन गर्न समिति गठन गरिएको थियो। उक्त समितिले असोज दोस्रो साता गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिवेदन बुझाएको थियो। त्यही प्रतिवेदनलाई आधार मानेर असोज १८ मा परराष्ट्र मन्त्रालयलाई पत्राचार पनि गरिएको थियो। गृह मन्त्रालयका सहसचिव जयनारायण आचार्यको नेतृत्वमा गठित उक्त समितिले सीमा क्षेत्रमा उब्जेका केही विषयलाई द्विपक्षीय सहकार्य गरेर समाधान गर्न सुझाव दिएको थियो।

सन् १९६१ मा भएको नेपाल-चीन सीमा सन्धिका आधारमा सन् १९६१-६२ मा नेपाल-चीन संयुक्त टोलीले सीमांकन गरेको थियो। त्यसपछि सन् १९६३ जनवरी २० मा दुई मुलुकबीचमा सीमा प्रोटोकलमा हस्ताक्षर भएको थियो। नेपाल-चीन सीमा १४ सय ३९ किलोमिटर छ। दुई मुलुकबीचको प्रोटोकल नवीकरण गर्न तेस्रो पटक सन् २००६ अप्रिल १७ मा 'नेपाल-चीन संयुक्त सीमा समिति' बनाइएको थियो। उक्त समिति सन् २०१२ सम्म काम गरेर निष्क्रिय भएको थियो। सीमा व्यवस्थापनका लागि अब फेरि सन् २००६ मा गठित 'नेपाल-चीन संयुक्त सीमा समिति' लाई ब्युँताएर काम गर्न सकिने सीमाविज्ञ तथा नापी विभागका पूर्वमहानिर्देशक बुद्धिनारायण श्रेष्ठ बताउँछन्। 'नेपालसँगको सीमा समस्यालाई सम्बोधन गर्न सक्यो भने अन्तर्राष्ट्रिय रूपमा चीनको छवि राम्रो हुन्छ,' उनी भन्छन्।

कूटनीतिज्ञ भट्टराई नेपालले विदेशमन्त्री वाङसँग आफ्ना एजेन्डा प्रस्तुत गर्दा आपसी विश्वास सबैभन्दा महत्त्वपूर्ण विषय हुने बताए। 'केही समयदेखि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताबाट आएका अभिव्यक्ति हेर्दा नेपालसँग चीन सशंकित भएको देखिन्छ। माथिल्लो तहबाट स्वीकृत नभई त्यस्ता अभिव्यक्ति आएका होइनन्। नेपालप्रतिको चिनियाँ शंका घटाइदिनुपर्छ, मेटाइदिनुपर्छ,' उनी भन्छन्, 'बीआरआईको विरोधमा एमसीसी स्विकारेको होइन भनेर हामीले चीनलाई प्रस्ट पार्नुपर्छ। परराष्ट्र सम्बन्ध र कूटनीतिमा विश्वास नै अत्यावश्यक पूर्वाधार हो।'

नेपालले व्याख्यात्मक घोषणासहितको एमसीसी सम्झौता पारित गरेपछि पनि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले 'नोट' गरेको भन्दै टिप्पणी गरेका थिए। एमसीसी सम्झौता अनुमोदन भएलगत्तै मन्त्रिपरिषद् निर्णयबाट 'नेपालको परराष्ट्र नीतिको मर्मअनुरूप छिमेकी मित्रराष्ट्रहरू भारत, चीनलगायत अन्य कुनै पनि मित्रराष्ट्रका विरुद्ध नेपाली भूमि प्रयोग हुन नदिन नेपाल सरकार प्रतिबद्ध छ' भनी सन्देश प्रवाह गरिएको थियो। उक्त सन्देश चीनप्रति लक्षित थियो। 'चीन सुपरपावर हो जो हाम्रो घरदैलोमा छ। उसलाई हामीले बुझ्नुपर्छ। चीन लामो रणनीतिअनुसार चल्छ। हामीसँग पनि रणनीतिक संस्कृति हुन आवश्यक छ,' भट्टराई भन्छन्।

# अथक प्रतिपक्षको...

उनी भारत र चीनलाई बढी नै चियाउँथे। भन्थे- 'हाम्रा लागि भारत धूर्त छ, चीन चिसो।'

•••

केही वर्षअघिसम्म ध्रुवकुमारलाई भेट्न सिनास पुग्ने जोकोहीलाई थाहा छ- उनको कोठामा किताब र जर्नलहरू यत्रतत्र छरिएका हुन्थे। त्यस्तै परिवेशमा उनी ज्ञानगुनका कुरा 'सेयर' गर्थे। आफूलाई भेट्न आएका जिज्ञासुलाई समसामयिक राजनीति, कूटनीति र सुरक्षा मामिलाबारे व्याख्या गर्थे। विषयवस्तुमा तथ्य र तर्कसहित खरो बोल्थे। पत्रकारहरू छन् भने 'मिलाएर लेख्नू है' भन्थे।

सिनास पुग्ने प्रायःलाई 'स्ट्राटेजिक स्टडिज' का पुराना अंक दिएर पठाउँथे। अध्ययन गर्न सुझाउँथे। सिनासबाट प्रकाशन हुने 'स्ट्राटेजिक स्टडिज' मा उनका अनुसन्धानमूलक लेख छापिएका हुन्थे। उनले प्रायः विदेश मामिला र सुरक्षासँग सम्बन्धित विषयमा लेखेका छन्। अंग्रेजीका उनी राम्रा सम्पादक थिए। उनले सम्पादन गरेका सिनासका धेरै जर्नल अहिले पनि पढ्न पाइन्छ।

'सोसल इन्क्लुजन, ह्युमन डेभलपमेन्ट एन्ड नेसन बिल्डिङ इन नेपाल' (२०१३), 'इलेक्टोरल भाइलेन्स एन्ड भोलाटिलिटी इन नेपाल' (२०१०), 'माओ एन्ड चाइनाज फरेन पोलिसी पर्स्पेक्टिभ' (१९८९) उनीद्वारा लिखित किताब हुन्। यसबाहेक सिनासबाट प्रकाशित 'नेपाल-इन्डिया पोलिसी', 'स्टेट लिडरसिप एन्ड पोलिटिक्स', 'प्रब्लम्स अफ गभर्नेन्स इन नेपाल' उनीद्वारा सम्पादित किताब हुन्। सिनासबाट प्रकाशित 'स्ट्राटेजिक स्टडिज' का सम्पादक मण्डलका सदस्यसमेत थिए, ध्रुवकुमार।

ध्रुवकुमारलाई कुनै नेताको आशीर्वाद थिएन, कुनै दलको नजिक पनि थिएनन्। अध्ययन र अनुभवका आधारमा नेपालको रणनीति र सुरक्षाका कुरा बोल्थे, लेख्थे। सिर्फ लोकतन्त्र, मानवअधिकार र जनजीविकाका पक्षमा वकालत गर्थे। त्यसो गर्दा नेता रिसाउँछन् कि भन्ने लेस पनि उनी राख्दैनथे। त्यसैले उनी 'पब्लिक इन्टेलेक्चुअल' थिए। त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र केन्द्रीय विभागका प्राध्यापक कृष्ण हाछेथु भन्छन्, 'उहाँको आफ्नो विषयवस्तुमा एकदम गहिरो ज्ञान थियो। यताउता कतै नलागी अध्ययन, अनुसन्धानमा मात्र केन्द्रित हुने उहाँको आदत थियो।'

प्राध्यापक हाछेथुका अनुसार उनी सिनासमा सुरुमा चिनियाँ विज्ञका रूपमा थिए। त्यसपछि विस्तारै दक्षिण एसियाको रणनीति, कूटनीति, सुरक्षा र राजनीतितिर पनि उनले अध्ययन, अनुसन्धानको दायरा बढाए। पछिल्लो समय नेपालको राजनीति र राजनीतिक दलका गतिविधिमा पनि कलम चलाए। उनी अध्ययन, अनुसन्धान गर्न चाहनेका लागि प्रेरणाका स्रोत थिए। अनुसन्धानमा सहयोग चाहने नयाँ पुस्तालाई सहयोग गर्ने उनको स्वभावबारे प्राध्यापक हाछेथु भन्छन्, 'मेरो त मेन्टर नै हुनुहुन्थ्यो उहाँ।'

पत्रकारहरूसितको पछिल्ला भेटमा उनी भन्थे, 'यो मुलुकमा आम सर्वसाधारणको भलो सोच्ने र गर्ने कोही भएन। कांग्रेसले बाटो भुल्यो, एमाले के हो के, माओवादी भुलभुलैयामा भुले, अरू त त्यस्तै भए। अब जनताको भलो हुने काम कसले गर्ने?' उनी जनताका पीरमर्काबारे बोलिदिने, सुरक्षा र अन्तर्राष्ट्रिय विषयमा विश्लेषण गर्न सक्ने प्राज्ञिक थिए। उनको जीवनका तीनवटा आयाम देखिन्छन्- पहिलो चीनविज्ञ। दोस्रो- सुरक्षा, परराष्ट्र तथा रणनीतिका जानकार। तेस्रो- नेपाली राजनीतिका अध्येता। उनी आफूलाई कहिल्यै कुनै विषयका विज्ञ ठान्दैनथे। भन्थे, 'मलाई प्राध्यापक, विज्ञ भनी मेरो नामको अगाडि कुनै पनि फुर्को नझुन्ड्याइदिनू।'

प्राध्यापक ध्रुवकुमारले संविधानसभा निर्वाचनका बेला राजनीतिक दलहरूबीच भएका चुनावी तनाव, झैझगडा, हिंसा र हत्यासम्बन्धी आफ्नो पुस्तक 'इलेक्टोरल भाइलेन्स एन्ड भोलाटिलिटी इन नेपाल' मा उल्लेख गरेका छन्, 'निर्वाचनमा हुने हिंसा स्वतन्त्रताविरुद्धको हिंसा हो। लोकतान्त्रिक मूल्य-मान्यतामाथिको निर्मम आक्रमण हो।' उनी लोकतन्त्रको विकल्प देख्दैनथे। स्वतन्त्र मिडियाका पक्षधर थिए। भन्ने गर्थे, '२०४६ सालपछि नेपालमा मिडिया सशक्त छ। त्यो नै हाम्रो लोकतन्त्रको रक्षाकवच हो।'

पछिल्लो डेढ दशक नेपालमा समावेशीकरणको मुद्दा निकै जोडतोडले उठेको छ। राजनीतिक दलदेखि राज्यका प्रायः सबै निकायमा क्षेत्र, जाति र लिंगका आधारमा समावेशीकरणलाई नीतिगत रूपमै अख्तियार गर्न थालिएको छ। मुलुकको विविध मुहार राज्यका विभिन्न अंगमा देखिनुपर्ने आवाज मुखर भइरहेका बेला प्राध्यापक ध्रुवकुमार आफ्नो 'सोसल इन्क्लुजन, ह्युमन डेभलपमेन्ट एन्ड नेसन बिल्डिङ इन नेपाल' पुस्तकमा उल्लेख गर्छन्, 'राज्यले अख्तियार गर्ने सामाजिक नीतिले नै राजनीतिक स्थायित्व प्रवर्द्धन गर्छ।'

विविधता भएको समाजमा सामाजिक समावेशीकरण भएन र मानिसको आयशक्ति बढाउने काममा राज्यले ध्यान पुऱ्याउन सकेन भने त्यसले समाजमा अराजक स्थिति पैदा गर्न सक्ने उनको बुझाइ थियो। उनी किनारीकृत समुदाय र अभाव तथा पीडामा रहेका मानिसका वाणी थिए। उनको निधनमा नेपाली समाजले त्यो एउटा वाणी गुमाएको छ। उनलाई भेट्नेहरूलाई थाहा छ- उनी सधैंका 'अपोजिसन' हुन्। उनी राष्ट्रपतिदेखि मन्त्रीसम्म कसैको पनि टिप्पणी गर्न बाँकी राख्दैनथे। राम्रो काम गरेका छन् भने तारिफ पनि गर्थे। जताबाट जे बोले पनि लेखे पनि उनको केन्द्रमा हुन्थे- आमसर्वसाधारण। प्रतिपक्ष र सत्तापक्ष नछुट्टिने यो हाम्रो अलौकिक संघीय लोकतान्त्रिक गणतन्त्रमा उनी वास्तविक प्रतिपक्ष थिए।

राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक हरेक सवालमा नेपाली समाज ध्रुवीकृत भएको छ। कोही प्रजातन्त्रवादी कित्ताको दुहाइ दिन्छन्, कोही साम्यवादी कित्ताका हौं भन्छन् अनि कोही पुरानै परिपाटी फर्काउने कोकोहोलो गर्छन्। प्राज्ञिक क्षेत्र पनि कुनै न कुनै कित्तामा लागेर आ-आफ्नो दुनो सोझ्याउने दाउमा रहेका बेला ध्रुवकुमारहरू जस्ताको अभाव खड्किरहन्छ।

एकातिर खिइँदै गएको प्राज्ञिकजगत्, अर्कोतिर पाका पुस्ताको निधनसँगै त्यो रिक्तता पूरा गर्ने युवापुस्ताको अभाव अहिलेको चुनौती हो। ध्रुवकुमारजस्ता प्राज्ञिकहरू राजनीतिक दलका नेताका लागि आफ्ना कमीकमजोरी थाहा पाउने भरपर्दा स्रोत हुन सक्छन्।

# सरकारी लगानीमै...

'माथि भीमदत्त राजमार्ग छ, तल गोदावरी नदी,' थापाले भने, 'बीचको संवेदनशील क्षेत्रमा भएको फँडानी र अतिक्रमणका कारण भोलिका दिनमा राजमार्ग नै संकटमा पर्न सक्ने देखिएको छ।'

पछिल्लो समय बाँसपानी, फूलबस्ती, सिमलगैरा, चुनेपानी, तखरे, दोगडे, मल्लो दोगडे, गोदावरी तीर्थ क्षेत्र आसपास र सवारी गडा क्षेत्र, सलानी गडा, दम्दारे, हुमान मन्दिर क्षेत्र, सिमल खेत, भालुखोला, भ्यागुते पानी, कम्पासे धुरा र पुरानो चाप बस्तीका अधिकांश राष्ट्रिय र सामुदायिक वन अतिक्रमण गरी नयाँ बस्ती बनेका छन्। यी बस्ती नगरपालिका र प्रदेश सरकारको लगानीमै अतिक्रमण भएको चुरेको भावर क्षेत्र हो। भूमाफियाहरूको योजना, वनकर्मीको सहयोग तथा प्रदेश र स्थानीय सरकारको लगानीमा यसरी सबैभन्दा बढी वन क्षेत्र अतिक्रमण चुरेको संवेदनशील क्षेत्रमा भइरहेको छ।

'पानीको भण्डारण हुने भावर क्षेत्र सबैभन्दा बढी निसानामा परेको छ,' पूर्ववन अधिकारी धर्म अवस्थीले भने, 'तराईसँग जोडिएको भावर क्षेत्रमा सडक, बिजुली तथा अन्य पूर्वाधार बनाउन पनि सजिलो हुने भएकाले अतिक्रमण तीव्र भएको हो।' केही वर्षअघिसम्म सरकारले संवेदनशील क्षेत्रका रूपमा परिभाषित गरेको वन क्षेत्र लगभग पूरै अतिक्रमणको चपेटामा परिसकेको अवस्थीले बताए।

प्रदेश राजधानीदेखि ३० किलोमिटरभन्दा कम दूरीको चुरेको भावर क्षेत्रमा सबैभन्दा बढी अतिक्रमण भइरहेको छ। संसद्को प्राकृतिक समितिले अनुगमन गरे पनि अतिक्रमण र फँडानी नभएको प्रतिवेदन बनाएर सरकारलाई बुझाउनेबाहेक कुनै नतिजा देखिएको छैन। 'संसदीय समितिका सदस्य नै अतिक्रमणका संरक्षक हुन्,' एक सामुदायिक वनकी पूर्वसचिव धना जोशीले भनिन्, 'उनीहरूकै संरक्षणमा राजनीतिक दलमा कार्यकर्ताले धमाधम चुरे र लालझाडी समाप्त गरिरहेका छन्।' आफ्नो सामुदायिक वनमा भएको फँडानीको जानकारी सार्वजनिक गर्दा आफूले कुटाइसमेत खाएको उनले बताइन्। उनले भनिन्, 'संसदीय समितिकै सदस्यहरू मलाई धम्क्याएर गए।'

तराईको जल भण्डारण रहेको भावर क्षेत्र संरक्षणमा सरकार नै उदासीन हुँदा तराईका कैलाली र कञ्चनपुर दशकभित्रै मरुभूमीकरणतिर जाने वरिष्ठ भूसंरक्षणविद् जगन्नाथ जोशी बताउँछन्। 'भावर क्षेत्रमा बढेको अतिक्रमण नरोक्ने र यसलाई संरक्षित क्षेत्रका रूपमा नराख्ने हो भने चुरे विनाशसँगै तराईमा पनि ठूलो जल संकट उत्पन्न हुने देखिएको छ,' चुरे तराई मधेस विकास समितिको ऐन पुनरावलोकन समितिका सदस्यसमेत रहेका जोशीले भने, 'वन क्षेत्र प्रदेश सरकारको मातहतमा आएपछि संरक्षणका गतिविधिमा कमी आएको महसुस भएको छ।'

दुईवटा वन डिभिजन भएको कैलालीमा पाँच वर्षअघिको तथ्यांकअनुसार ३४ हजार हेक्टर जंगल क्षेत्र अतिक्रमणमा परेको देखिन्छ। कैलालीका डिभिजन प्रमुख केशव पराजुलीले डिभिजन क्षेत्रभित्र ११ हजार हेक्टरभन्दा बढी अतिक्रमण भएको तथ्यांक रहेको बताए। चुरे क्षेत्रमा सरकारी लगानीमै भइरहेको अतिक्रमणका विषयमा भने वन प्रमुख पराजुली वन विभागले चाहेर मात्र अतिक्रमण रोक्न नसक्ने बताउँछन्। 'सरकारी क्षेत्रबाट यस्ता ठाउँमा लगानी गर्ने भएपछि कसरी अतिक्रमण रोक्न सकिन्छ?' उनले भने, 'राजनीतिक इच्छा शक्ति नहँदा चुरे क्षेत्रमा अतिक्रमण निरन्तर बढिरहेको हो।'


KAVYA VACANCY ANNOUNCEMENT

Kavya School invites applications from qualified, experienced and dynamic teachers for the following posts:

| S. No. | Position | Level |
|---|---|---|
| 1 | Social Studies | Basic |
| 2 | English | Basic / Secondary |
| 3 | C. Mathematics / Opt. Mathematics | Basic / Secondary |
| 4 | Science | Basic / Secondary |
| 5 | Helath, Pop. & Env. | Basic |
| 6 | Computer Science | Basic |
| 7 | Grade Teachers | Basic |

Minimum Requirements:

- Candidates must have at least Master's Degree (or Bachelor's Degree with 3 years of experience) for Secondary Level and Bachelor's Degree for Basic Level in the related subjects with at least three years of work experience in a similar position.

Interested candidates may send/drop their hand written application along with a recently updated resume; copies of certificates and a passport sized photograph latest by 25th March 2022.

To
The Principal
Kavya School, New Baneshwor, Kathmandu
Contact No: 4790310/4793312/4794292
E-mail: vacancy@kavya.edu.np I Web: www.kavya.edu.np
F:KavyaSchoolNepal I:Kavyaschool
(Only short listed candidates shall be called. Telephone enquiries shall not be entertained.)



आवश्यकता

एक प्रतिष्ठित होटलको लागि भारतमा काम गर्न इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला।

- अल्राउण्डर कुक : ५ जना : ४५,०००।-
- वेटर : १० जना : ३०,०००।-
- हाउसकिपिङ : १५ जना : ३०,०००।-
- किचेन हेल्पर : १५ जना : २५,०००।-
- डेलिभरी ब्वाइ : १५ जना : २५,०००।-
- सेक्युरिटी गार्ड : ५ जना : ३०,०००।-
- ड्राइभर : १० जना : ४०,०००।-

सम्पर्क: 9823763249, 9818930854



Casino Palace
Hotel De'l Annapurna, Nepal

VACANCY ANNOUNCEMENT

We are seeking energetic candidates to fulfill our following positions:

Gaming Department:
- Trainee Croupier (50 Females only)
- Junior/Senior Dealer (10 with experience)
- Dealer Inspector (5)

Marketing Department:
- Guest Relation Executive (Female with 2 years exp.)
- Guest Relation Officers (5)

Surveillance Department:
- Junior Surveillance Officer (3)
- Senior Surveillance Officer (2)

Cage Department:
- Junior Cashiers (5)
- Cage Executive (2)

F&B Department:
- Commie III, Commie I, DCDP (Indian/Chinese/South Indian)

Applying Procedure:
Interested candidates are requested to send their recently updated resume to hr@casinopalacenepal.com along with a PP size photo mentioning their work and academic credentials. Candidates can also bring up their CV & Original Documents for a walk in interview.
Phone: 9801905141, 9801905169
Casino Palace, Durbarmarga, Kathmandu.



PROCUREMENT NOTICE

**USAID's Strengthening Systems for Better Health (SSBH)** Activity is a five-year (January 2018 to January 2023) program designed to support the Government of Nepal (GoN) in their efforts to improve health outcomes, particularly for the country's most marginalized and disadvantaged population groups. USAID, in collaboration with the GoN, designed the Activity to advance Nepal's health gains, while addressing critical barriers to sustainable, equitable delivery and utilization of quality health services. SSBH leverages the catalytic potential of federalism to improve health governance and health systems.

**SSBH** invites sealed proposal from interested suppliers, registered under Government of Nepal regulations for supply of **1. Laminar Flow 2.-80 Degree C. Freezer 3. Fully Automatic Chemiluminescence Immunoassay Analyzer (CLIA) 4. Florescence Immuno Assay (FIA) Nephelometry, Multifunction Port**

RFQ and the detailed specifications of the said units can be obtained through *procurement@ssbhnepal.org* upon submission of written request along with updated company registration and company profile from March 20, 2022 till March 22, 2022.

**Deadline for submission**
The Sealed Quotation should be submitted along with company registration, VAT/PAN registration, tax clearance and renewal documents by **COB March 28, 2022** to the address as mentioned below:

**Strengthening Systems for Better Health**
**House No. 2715**
**Narayan Gopal Marg, Kathmandu 3**
**(Next to Embassy of Saudi Arabia)**



Save the Children

TENDER NOTICE

Date of Publication: 18 March 2022
Tender Reference No. SCI/NEP/ITT/2022/003

**Save the Children** believes every child deserves a future. In Nepal and around the world, we give children a healthy start in life, the opportunity to learn and protection from harm. We do whatever it takes for children – every day and in times of crisis – transforming their lives and future we share. Save the Children expects that anyone associated with it abides by its Safeguarding and other Zero Tolerance Policies.

**Save the Children, Nepal Country Office** is inviting submissions of tenders for the assignment entitled **"National Anti-Tuberculosis Drugs Resistance Survey in Nepal"**.

Detailed instructions and Tender Response documents are available from **18 March - 13 April 2022** by request at eoiconsultant.nepal@savethechildren.org
When emailing your request, you must provide **tender reference number (SCI/NEP/ITT/2022/003), company name, contact name, contact number, other valid email addresses with scanned copy of company registration, VAT registration and Tax clearance certificate of FY 2077/78.**

**LAST DAY TO SUBMIT BIDS: 14 April 2022, 16:00 HRS Nepal Time**
Save the Children reserves the right to award none, partial or the entire bids to one or more bidders. Thank you for your interest and participation.

# यूएईमाथि दबाब तेस्र्याउँदै नेपाल

## दासानायके भन्छन्- 'दबाबमा यूएई हुनेछ, हामी अन्डरडगका रूपमा मैदान उत्रन्छौं'

**विनोद पाण्डे** (काठमाडौं)

ट्वान्टी-२० विश्वकप क्रिकेटमा छनोट हुन नसकेको नेपालको घाउ अझै सुक्न पाएको छैन । अघिल्लो महिना ओमानमा ट्वान्टी-२० विश्वकप छनोट यात्रामा यूएई नेपालको अवरोध बनेको थियो । प्रतियोगितामा उत्कृष्ट खेले पनि नेपाललाई निर्णायक खेल (सेमिफाइनल) मा यूएईले कुनै अवसर नै दिएको थिएन ।

एउटै हारले नेपाल ट्वान्टी-२० विश्वकपमा पुग्न असफल भएको थियो । त्यही यूएईलाई उसैको भूमिमा हराएर नेपालले थोरै भए पनि मलमपट्टी लगाउने अवसर पाएको छ । यूएईले विश्वकप लिग २ को खेलमा शुक्रबार नेपाललाई दुबई अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आतिथ्यता दिँदै छ । यूएई आउने-जाने निरन्तर रहे पनि नेपालले दुबई अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा पहिलो पटक खेल्न लागेको हो ।

ट्वान्टी-२० र एकदिवसीय फरक भएकाले विगतसँग खासै सरोकार नहुने नेपालका प्रशिक्षक पुबुदु दासानायके बताउँछन् । 'मलाई लाग्छ दबाब यूएईलाई हुनेछ, हामी अन्डरडगका रूपमा मैदान उत्रन्छौं,' दासानायकेले दुबईबाट भने, 'उनीहरू राम्रो फर्ममा छन् । तर हामीसँग यूएईलाई झेल्ने आफ्नै योजना छ । त्यो योजना मैदानमा उतार्नुपर्ने समय हाम्रो हो ।'

यूएई र नेपाल दुवैले पहिलो खेलमा पपुवा न्युगिनी (पीएनजी) लाई पराजित गरेका थिए । सन् २०२३ को विश्वकप छनोटको आधार रहेको लिग २ को अंकतालिकामा यूएई दोस्रो र नेपाल छैटौं स्थानमा छन् । सात राष्ट्रसम्मिलित लिग २ मा यूएईको १५ खेलको तुलनामा नेपालले ९ खेलमात्र खेलेको छ । त्यसैले अंकतालिकामा माथि उक्लन नेपालका लागि यूएईसँगको खेल निकै महत्त्वपूर्ण छ । यूएईसँग दुई र पीएनजीसँगको एक गरी यस शृंखलाको तीनमध्ये दुई खेल जित्ने हो भने पनि नेपालले अमेरिका र नामिबियालाई उछिन्दै चौथो स्थानमा पकड राख्नेछ ।



पपुवा न्युगिनीविरुद्धको खेलमा फिल्डिङ गरेपछि नेपाली क्रिकेट टोली । *फाइल तस्बिर : आईसीसी*

सन् २०१८ मा विश्वकप छनोटबाट एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता पाएयता नेपालले यूएईसँग चारपल्ट खेलेको छ र त्यसमा दुवै टोलीले २-२ मा जित हात पारेका छन् । २०१८ को अगस्ट ३० मा यी दुई टोली पहिलो पटक भिडेका थिए, त्यसमा यूएई ७८ रनले विजयी भएको थियो । यूएईलाई विजय दिलाउनेक्रममा अहमद राजा ४ विकेट लिँदै प्लेयर अफ द म्याच बनेका थिए ।

अहिले यूएईका कप्तान राजा हुन् । नेपाललाई ट्वान्टी-२० विश्वकपमा पुग्नबाट रोक्ने पनि उनै राजा हुन् । ओमानमा अघिल्लो महिना ट्वान्टी-२० विश्वकप छनोटमा नेपालविरुद्ध यूएईलाई विजय दिलाउँदा राजाले १९ रन खर्चेर ५ विकेट लिएका थिए, जुन ट्वान्टी-२० मा उनको उत्कृष्ट बलिङ प्रदर्शन थियो ।

नेपालले सन् २०१९ मा यूएई गएर द्विपक्षीय शृंखला खेलेको थियो । पहिलो खेलमा ३ विकेटले पराजित भए पनि बाँकी दुई खेल जितेर नेपालले शृंखला आफ्नो पक्षमा पारेको थियो । सोमपाल कामीले दोस्रो खेलमा ५ विकेट र पारस खड्काले तेस्रो खेलमा शतक बनाउँदै नेपाललाई विजयी गराएका थिए । जतिबेला सोमपालको ५ विकेट र पारसको शतक एकदिवसीय अन्तर्राष्ट्रियमा नेपाली खेलाडीको हकमा पहिलो थियो ।

आईसीसी ग्लोबल क्रिकेट एकेडेमी मैदानमा उक्त शृंखला खेलेका खेलाडीमा पारस, ललितनारायण राजवंशी, सन्दीप जोराबाहेक बाँकी ८ खेलाडी वर्तमान नेपाली टोलीमा छन् । तर भेट्रान खेलाडीहरू ज्ञानेन्द्र मल्ल र विनोद भण्डारीमाथि ठूलो इनिङ्स नखेल्दा दबाब थपिएको छ । तुलनात्मक रूपमा कमजोर मानिएको पपुवा न्युगिनीविरुद्ध पूर्वकप्तान ज्ञानेन्द्र ४ र विनोद ११ रनमा आउट भएका थिए ।

यस्तोमा प्रशिक्षक दासानायकेले भीम सार्कीलाई मध्यक्रममा प्रयोग गर्ने सम्भावना बलियो देखिन्छ । प्रभावशाली प्रदर्शन गर्दै आएका तीव्र गतिका बलर कमलसिंह ऐरीलाई नेपालले पीएनजीसँगको खेलमा खेलाएको थिएन । चोटका कारण ट्वान्टी-२० विश्वकप छनोट गुमाएका करण केसी र सोमपाल कामीले नयाँ बल लिएका थिए । सोमपालले ३ विकेट लिएका थिए भने अन्तिममा खेलको नायक बनेका करणले अविजित २९ रन बनाएका थिए । 'डेब्यु' गरेका सागर ढकाल खासै जम्न सकेनन् । कमललाई स्थान दिन सकिने दासानायके जनाउँछन् ।

## नेपालको लगातार दोस्रो हार




काठमाडौं (कास)- नेपालले भारतमा भइरहेको वुमेन्स साफ यू-१८ च्याम्पियनसिप फुटबलमा खराब प्रदर्शन कायम राख्दै बिहीबार अर्को हार बेहोरेको छ । जम्सेदपुरमा भएको खेलमा नेपाली टिम बंगलादेशसँगको खेलमा ४-२ ले पराजित भएको हो । यसअघि आफ्नो पहिलो खेलमा नेपालले आयोजक भारतसँग ७-० को पराजित भोगेको थियो ।

दोहोरो राउन्ड रोबिनका आधारमा चलिरहेको प्रतियोगितामा तीन टिमको सहभागिता रहेको छ । नेपाल बिनाकुनै अंक पुछारमा छ । बंगलादेशका लागि यस सिजनमा अफिदा खानडकार, अक्लिमा खातुन, इति खातुन र साहदा अख्तरले गोल गरेका थिए । नेपालका तर्फबाट दीपा शाही र अमिशा कार्कीले गोल गरे । पहिलो हाफको खेलमा नेपाल ४-१ ले पछाडि थियो । अब नेपालले आफ्नो तेस्रो खेलमा भारतको सामना गर्नेछ भने अन्तिम खेलमा बंगलादेशलाई चुनौती पेस गर्नेछ । त्यसअगाडि शनिबार दुईपल्टको डिफेन्डिङ च्याम्पियन बंगलादेशले भारतको सामना गर्नेछ । प्रतियोगिताको अन्तिम खेल पनि यिनै दुई टिमबीच हुनेछ ।

## छोटकरी

### पुलिसको सानदार जित

सर्लाही (कास)- वाग्मतीमा जारी छैटौं राजर्षि जनक कप फुटबल प्रतियोगितामा बिहीबार नेपाल पुलिस क्लब ५-० ले विजयी भएको छ । विभागीय टिम पुलिसले नव जनजागृति युवा क्लब सिमरामाथि सहजै जित पाएको हो । खेलको २० औं मिनेटमा पुलिसका सौजन राईले पेनाल्टी बक्सनजिकबाट प्रहार गरेको फ्रिकिक सहजै गोलमा परिणत भयो । २८ औं मिनेटमा पुलिसका कप्तान जुमनु राईको पासमा रवि पासवानले गोल थप्दै खेल २-० ले अगाडि बढाए । पहिलो हाफ सकिएलगत्तै ४६ औं मिनेटमा पुलिसका नीरकुमार राईले गोल गरे । ५८औं मिनेटमा पुलिसकै रवि पासवानले व्यक्तिगत गोल गरी खेल ४-० को स्थितिमा पुऱ्याए । पुलिसका लागि ६३ औ मिनेटमा बुद्धबल तामाङले गोल गरेपछि ५-० ले अगाडि बढेको खेलमा थप गोल हुन सकेन । पुलिसका रवि पासवान म्यान अफ द म्याच घोषित भए । उनले १० हजार हात पारे । शुक्रबार एनआरटी र केबीए ग्लोबल बीएफसी चितवनबीच प्रतिस्पर्धा हुनेछ ।

### वेस्टर्नलाई सफलता

लुम्बिनी (कास)- सिद्धार्थ क्रिकेट रंगशालामा जारी टेलिकम रूपन्देही सुपर लिगअन्तर्गत डिभिजन 'ए' मा बिहीबार वेस्टर्न क्रिकेट क्लबले शंकरनगर क्रिकेट क्लबलाई १ सय १३ रनले हराएको छ । टस जितेको वेस्टर्नले निर्धारित ५० ओभरमा सबै विकेट गुमाई २ सय ६३ रन बनायो । विक्रम भुसालले ६५, नरेन साउदले ४९, अनिल खरेलले ४१ र राहुल कुमारले ३५ रन बनाए । शंकरनगरका विशालविक्रम केसीले ४ र ओम सारुमगरले २ विकेट लिए । शंकरनगरले २८.३ ओभरमा अलआउट हुँदा १ सय ५० रनमात्रै बनायो । ओम सारुले ४६, जगत क्षेत्रीले नटआउट २० र विष्णु पाण्डेले १९ रन जोडे । वेस्टर्नका अनिल खरेलले १९ रन खर्चिएर ५ विकेट लिए । विक्रम भुसालले ३ र प्रतिश जिसीले २ विकेट लिए । अनिल खरेल म्यान अफ द म्याच भए ।

### स्टेन्डिङ टोली बंगलादेश जाने

काठमाडौं (कास)- नेपाली पुरुष स्टेन्डिङ क्रिकेट टोलीले बंगलादेशमा हुने बंगबन्धु फोर नेसन्स फिजिकल्ली च्यालेन्ज टी-२० क्रिकेट प्रतियोगितामा भाग लिने भएको छ । बंगलादेशको कक्स बजारमा चैत १३-१७ सम्म हुने प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश र श्रीलंकाको सहभागिता रहने नेपाल ह्विलचेयर क्रिकेट संघका अध्यक्ष छुल्टिम ग्याल्जेन शेर्पाले जनाए । यो प्रतियोगिता उभिएर हिँड्न सक्ने फरक क्षमताका खेलाडीको अन्तर्राष्ट्रिय प्रतियोगिता हो । आरपी खरेलको कप्तानीमा १४ खेलाडी हुनेछन् । १७ सदस्यीय नेपाली टोली चैत ११ मा बंगलादेश जाने छ । खेलाडीले डीएभी र सेन्ट जेभियर्समा प्रशिक्षण गरिरहेको संघले जनाएको छ ।

### जुनियर खुला कराते हुने

काठमाडौं (कास)- नेपाल सितोरियो कराते डो संघ छाउनी शाखा डोजोको आयोजनामा पाँचौं जुनियर खुला कराते तथा किक बक्सिङ प्रतियोगिता चैत ११ देखि हुनेछ । प्रतियोगितामा करिब ४ सय ५० खेलाडीको सहभागिता रहने आयोजक डोजोका अध्यक्ष महेश रन्जितले जनाए । पुरुष/महिलामा ११-११ विधामा प्रतिस्पर्धा हुनेछ । टिम विजेताले ३० हजार, दोस्रोले १५ हजार र तेस्रोले १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । उत्कृष्ट पुरुष/महिला खेलाडी, प्रशिक्षक र रेफ्रीलाई १ थान माउन्टेन बाइक प्रदान गरिने छ । किक बक्सिङको स्पर्धा प्रदर्शनी खेलका रूपमा मात्र समावेश गरिएको आयोजकले जनाएको छ । दुईदिने प्रतियोगिताका खेल त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा खेलाइनेछ ।

# चितवन च्याम्पियन



वाग्मती प्रदेश खेलकुदमा भलिबल च्याम्पियन चितवनलाई ट्रफी प्रदान गरिँदै । *कान्तिपुर*

हेटौंडा (कास)- प्रथम वाग्मती प्रदेश खेलकुदअन्तर्गत चितवनले बिहीबार भलिबल उपाधि जितेको छ । चितवन पुरुष/महिला दुवैमा च्याम्पियन बन्यो ।

पुरुष फाइनलमा चितवनले सिन्धुलीलाई २५-२१, २५-२१, २५-१९ को सोझो सेटमा हरायो । सिन्धुलीका सरोज हायु उत्कृष्ट खेलाडी भए । स्पाइकरमा नवीन महतो, सेटरमा मन्जिल गुरुङ, डिफेन्डरमा चिन्तामणि महतो र ब्लकरमा सुमन तामाङ उत्कृष्ट बने । उत्कृष्ट चारै चितवनका हुन् ।

महिला उपाधि भिडन्तमा चितवनले रामेछापलाई २५-१३, २५-१८, २५-११ को सेटमा पन्छायो । चितवनकी आरती सुवेदी उत्कृष्ट खेलाडी बनिन् । स्पाइकरमा रामेछापकी सुनिता गौचन, सेटरमा चितवनकी जोसना महतो, डिफेन्डरमा रामेछापकी विमला सुनुवार र ब्लकरमा रामेछापकी प्रेममाया तामाङ उत्कृष्ट ठहरिए । विजेतालाई वाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे, आयोजक वाग्मती प्रदेश खेलकुद परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीलगायतले पुरस्कृत गरे । चारदिने प्रतियोगिताको पुरुष/महिलामा समान १२ टिम भाग लिएका थिए ।

पुरुष फुटबलमा दोलखा र ललितपुर सेमिफाइनल पुगेका छन् । दोलखाले भक्तपुरलाई ३-१ ले हरायो । विजेताका मिलन श्रेष्ठ, धिरज खत्री र रमेश भट्टराईले गोल गरे । अन्तिम चारमा दोलखाको भेट मकवानपुरसँग हुनेछ ।

ललितपुरले रामेछापलाई टाइब्रेकरमा ४-१ ले हरायो । निर्धारित समयको खेल १-१ बराबरीमा सकिएको थियो । सेमिफाइनलमा ललितपुरले धादिङको सामना गर्नेछ । पुरुष क्रिकेटमा ललितपुर र काभ्रे विजयी भए । ललितपुरले दोलखालाई सुपर ओभरमा पन्छायो भने काभ्रेले सिन्धुपाल्चोकमाथि ९ विकेटले जित पायो ।



बन्द प्रशिक्षणमा रहेका राष्ट्रिय फुटबल टोलीका खेलाडी सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा होली खेल्दै । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

# भिल्लारियलसँग युभेन्ट्स स्तब्ध

टुरिन (एएफपी)- भिल्लारियलले युभेन्ट्सलाई बुधबार ३-० ले स्तब्ध पार्दै युरोपेली च्याम्पियन्स लिग फुटबलको क्वाटरफाइनल पुगेको छ । यो जितपछि भिल्लारियल समग्रमा ४-१ ले अगाडि रहन सफल रह्यो । जेराई मोरेनोले पेनाल्टीसँगै अर्नाउट डान्जुमा र पउ टोरेसको गोल मद्दतमा भिल्लारियलले ३-० को जित निकाल्दै अन्तिम आठको यात्रा निश्चित गरेको हो । उनाइ एमरीको टिमले पूरा समय अनुशासित खेल प्रदर्शन गरेको थियो ।

अधिकांश समय रक्षात्मक रहेको स्पेनी टिम आवश्यक परेको बेला निर्णायक प्रदर्शन गर्न सफल रह्यो । युभेन्ट्सको यो हारपछि च्याम्पियन्स लिगको अन्तिम आठमा अब इटालीको कोही पनि प्रतिनिधि रहेका छैनन् । खेलपछि प्रशिक्षक एमरीले भने, 'हामीले योजना बनाएर खेलेका थियौं र त्यसमा सफल रह्यौं । हामीले पहिलो लेगको बराबरीमा टुंगिएको खेलमा भन्दा राम्रो खेल्यौं । दुवै अवसरमा हामी युभेन्ट्सभन्दा बलियो टिम रह्यौं ।'

पहिलो लेगको खेल स्पेनमा १-१ को बराबरीमा टुंगिएको थियो । एलिनाज स्टेडियममा अन्तिम १६ को दोस्रो लेगको खेलअगाडि क्वाटरफाइनल प्रवेशका लागि युभेन्ट्स बलियो थियो, तर भिल्लारियल दुईपल्टको युरोपेली विजेतालाई स्तब्ध पार्न सफल रह्यो । अब शुक्रबार क्वाटरफाइनल समीकरणको ड्र निकालिनेछ । अन्तिम आठमा पुग्न सफल टिममा इंग्ल्यान्डबाट लिभरपुल, म्यानचेस्टर सिटी र चेल्सी तथा स्पेनबाट रियल म्याड्रिड, एट्लेटिको म्याड्रिड र भिल्लारियल छन् । जर्मनीको बायर्न म्युनिक र पोर्चुगलको बेन्फिका पनि क्वाटरफाइनल पुगेका छन् ।



च्याम्पियन्स लिगमा युभेन्ट्सविरुद्ध गोल गरेपछि भिल्लारियलका टोरेस । *तस्बिर : एपी*

**लिले-चेल्सी**

लिले- चेल्सीले आफ्ना सबै समस्या मैदानबाहिर राख्दै युरोपेली च्याम्पियन्स लिगको क्वाटरफाइनल यात्रा तय गर्नेक्रममा बुधबार लिलेलाई २-१ ले हराएको छ । चेल्सी समग्रमा ४-१ ले अगाडि रह्यो । रुसी धनाढ्य रोमन इब्राहिमोभिचको चेल्सीमाथि बेलायती सरकारले विभिन्न प्रतिबन्ध लगाएको छ । लिलेले आफ्नो घरमा बुराक यिलमाजको पेनाल्टी गोलबाट अग्रता लिएको थियो । तर चेल्सीबाट क्रिस्टियन पुलिसिच र सिजर एजप्लिक्वेटाले गोल गरे । यसअगाडि स्टामफोर्ड ब्रिजमा भएको खेलमा चेल्सी दुई गोलले विजयी रह्यो । लिलेको यो हारपछि प्रतियोगिताको क्वाटरफाइनलमा पनि कुनै फ्रान्सेली टिम रहने छैन । चेल्सीका व्यवस्थापक थोमस टचेलले आफ्नो टिमले तय गरेको यात्रामा खुसी व्यक्त गर्दै भने, 'हामी त्यस्तो टिम हौं, जसका विरुद्ध अन्तिम आठमा कसैले पनि खेल्न चाहने छैन । यो खेलले फेरि देखाएको छ, वास्तवमै चेल्सी कति बलियो छ र कस्तो खेल्न सक्छ ।'

## सिटीलाई पछ्याउँदै लिभरपुल

लन्डन (एएफपी)- लिभरपुलले इंग्लिस प्रिमियर लिगमा बुधबार आर्सनललाई २-० ले हराएर शीर्षस्थानको म्यानचेस्टर सिटीसँगको दूरी एक अंकमा छोट्याएको छ । टोलीका डिएगो जोटा र रोबर्टो फिर्मिनोले गोल गरे । सिटीले क्रिस्टल प्यालेससँग खेलेको गोलरहित बराबरीको नतिजाको फाइदा लिँदै अहिले आर्सनललाई इमिरेट्समा हराएको हो । योर्गन क्लोपको लिभरपुल अहिले ऐतिहासिक चार उपाधि पछाडि दौडिरहेको छ । टोलीले लिगका पछिल्ला ९ खेल लगातार जितेको छ ।

ती खेलमा लिभरपुलले २३ गोल गरेको छ भने दुई गोलमात्र खाएको छ । जनवरी १५ सम्म सिटीसँग लिभरपुल १४ अंकले पछाडि थियो । तर अब लिभरपुलले पछिल्ला तीन सिजनमा दोस्रो लिग उपाधिलाई प्रयास गर्न सक्नेछ । सिटीको २९ खेलबाट ७० अंक छ भने समान खेल खेलेको लिभरपुलसँग ६९ अंक भएको छ । अप्रिल २ मा लिभरपुलले वाटफोर्डको सामना गरेपछि अप्रिल १० मा दुई टिमबीच उपाधिको छिनोफानो हुने निर्णायक खेल हुन सक्नेछ ।

त्यसका लागि इतिहादमा हुने खेलमा लागि लिभरपुलले सिटीको भ्रमण गर्नेछ । आर्सनलविरुद्ध भने जोटाले ५४ र फिर्मिनोले ६२ औं मिनेटमा गोल गरे । जितपछि क्लोपले यो जित विशेषतः रहेको बताए । उनले भने, 'आर्सनलको घरमा प्राप्त यो जित विशेष छ । अहिले हामी लिगको जुन स्थिति छौं, त्यसले हामीलाई प्रेरित राख्नेछ । हाम्रो उद्देश्य अब यही लयमा खेल्नु हुनेछ ।' आर्सनल व्यवस्थापक मिखेल आर्टेटाले आफ्ना खेलाडीको प्रदर्शनमा सन्तुष्टि देखाए ।

अर्को खेलमा टोटेनहमले ब्राइटनलाई २-० ले हरायो । त्यसमा क्रिस्टियन रोमेरोले ३७ औं मिनेटमा पहिलो गोल गरे । त्यसपछि कप्तान ह्यारी केनले ५७ औं मिनेटमा दोस्रो गोल थपे । पछिल्ला ६ खेलमा केनको यो सातौं गोल हो । यसले टोटेनहमको शीर्ष चारमा उक्लने सम्भावना फेरि जीवन्त राख्यो । ब्राइटनले भने लिगमा लगातार छैटौं हार बेहोऱ्यो । ब्राइटन ३३ अंकसहित १३ औं स्थानमा छ । टोटेनहम भने ४८ अंक लिएर सातौंमा छ । यो चौथोमा रहेको आर्सनलसँग ३ अंकको दूरी हो ।

## मुख्यमन्त्री महिला गोल्डकप वैशाखमा

धनगढी (कास)- धनगढीमा प्रथम मुख्यमन्त्री बीवाईसी महिला गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ । आयोजक वनदेवी युवा क्लब (बीआईसी) ले वैशाख ३ देखि १० सम्म धनगढी रंगशालामा महिला गोल्डकप हुने बिहीबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो । सुदूरपश्चिम प्रदेश खेलकुद परिषद् मुख्य प्रवर्द्धक रहेको प्रतियोगितामा ८ टिमको सहभागिता रहने संयोजक दुर्गा अधिकारीले बताए । मुख्यमन्त्री महिला गोल्डकप नेपालको महिला फुटबलमा रहने सर्वाधिक धनराशिको प्रतियोगिता भएको उनको दाबी छ ।

विजेताले ५ लाख र उपविजेताले २ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउने आयोजक क्लबका अध्यक्ष सुसन जोशीले बताए । प्लेयर अफ द म्याचले ५ हजार तथा विधागत उत्कृष्ट खेलाडीले जनही १० हजार पाउनेछन् । उत्कृष्ट खेलाडीले ५० हजार पाउनेछन् । प्रतियोगिता आयोजनालाई झन्डै एक करोड बढी खर्च लाग्ने जानकारी दिइयो ।

'प्रतियोगिताले सुदूरपश्चिमका धेरै महिला खेलाडीको सम्भावना उजागर गर्ने स्पष्ट छ,' अध्यक्ष जोशीले भने, 'आगामी दिनमा सुदूरपश्चिममा फुटबलका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फुटबल खेलाडी उत्पादन गर्नेमा पनि टेवा पुग्ने अपेक्षा छ ।' वनदेवी युवा क्लब तेघरी लामो समयदेखि खेलकुद क्षेत्रमा सक्रिय रहँदै आएको संस्था हो । अघिल्लो सातामात्र सर्वाधिक पुरस्कार राशिको पुरुषको पाँचौं सुदूरपश्चिम खप्तड गोल्डकप फुटबल सकिएको थियो । जहाँ मनाङ मर्स्याङ्दी क्लब च्याम्पियन भएको थियो ।




कान्तिपुर पब्लिकेसन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **उमेश चौहान**, प्रधान सम्पादक : **सुधीर शर्मा**

# मारवाडी समुदायले मनाए होली

वसन्त पञ्चमीदेखि आरम्भ हुन्छ । बर्सेनि होली मिलन समारोह आयोजना गर्छन् । त्यो मौकामा होलीबारे समीक्षा, अन्तरसंवादसँगै सामूहिक भोज पनि हुन्छ ।



झापा भद्रपुरको मेची किनारमा बिहीबार होलीको धार्मिक एवं सांस्कृतिक विधिका क्रममा अग्रजसँग आशीष लिँदै बालक । *तस्बिर : कान्तिपुर*

**पर्वत पोर्तेल** (काँकडभिट्टा)

पहाडे होलीको दिन बिहीबार नदी तथा तलाउ किनारमा गएर मारवाडी पुरुषले बाँसको लिंगो गाडे । महिलाले गोबरको गुइँठा पुजेर चढाए । होलिकाको दहन गरियो ।

'होलीको दिन बिहानै सबै क्षेत्रका मारवाडी एकै स्थानमा भेला हुन्छन् र डम्फू बजाउँदै नदी किनारमा जान्छन्,' झापा भद्रपुरका मारवाडी अगुवा तथा प्रदेश १ का भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री ओमप्रकाश सरावगीले भने, 'होलिका दहन गरेको स्थानको दर्शन गरिन्छ, खरानीको टीका लगाएर डम्फू बजाउँदै होलीको औपचारिक आरम्भ भएको घोषणा गरिन्छ ।'

मारवाडी समुदायमा पुरुष र महिलासँगै होली खेल्ने प्रचलन छैन । तर यो पुरातन सोचवाट युवा पुस्ता विस्तारै परिवर्तन हुन थालेको मन्त्री सरावगी बताउँछन् । 'हाम्रो समुदायमा महिलालाई त्यती स्वतन्त्रता दिइँदैन', एक मारवाडी महिलाले भनिन्, 'जसका कारण महिला अलग्गै होलीको रंगमा रमाउँछन्, पुरुषसँग मिसिँदैनन् ।' उद्गम थलो भारतको राजस्थान भएका मारवाडी अहिले झापासहित देशका विभिन्न जिल्लामा छरिएर बसेका छन् । विगतमा झापा र मोरङमा व्यापार व्यवसाय गरेर बसेका उनीहरू अहिले काठमाडौं, पोखरा, नेपालगन्ज, धनगढी, भैरहवा, बुटवलसहित पहाडी जिल्लामा पनि पुगेका छन् ।

'झापा र मोरङमा सीमित थियौं, धेरै विस्थापित भएर भारतै फर्किए,' मन्त्री सरावगीले भने, 'जति छन् देशका विभिन्न जिल्लामा छरिएर बसेका छन् ।' होली सकेपछि नुहाइधुवाइ गरी पुनः भेट गर्छन् । एकआपसमा अंकमाल गर्ने र ठूलालाई ढोगेर आदर र सम्मान गर्दै मनमुटाव सधैंका लागि पखालिएर जाओस् भनी कामना गर्छन् । तराईमा बस्ने मारवाडी भारतमा पितापुर्खाले चलाएको चलन अनुसरण गर्दै होलीमा रमाउँछन् । लोकगीत, परिकार र शालीनताका साथ रंगको आदान-प्रदान यो समुदायको होलीको विशेषता हो । त्यही भएर यो समुदायको होली अन्य जातजाति, समुदायको भन्दा भिन्न हुन्छ ।

होलीलाई उनीहरूले विशेष पर्वको रूपमा मनाउँछन् । होली आउनु महिना दिनअघिदेखि जुट्छन् । हरेक दिन साँझदेखि अबेरसम्म हरेकको घरमा आलोपालो लोक संगीतको महफिल लाग्छ जहाँ एक प्रकारको परम्परागत बजा डफलीको तालमा होली गीत गाइन्छ ।

'साँझपख एक ठाउँमा भेला हुन्छौं, गीत र बाजा बजाउँदै बोलाइएको घरमा पुग्छौं,' नेपाल राष्ट्रिय मारवाडी युवा संगठनका निवर्तमान केन्द्रीय अध्यक्ष बजरंग अग्रवालले भने, 'महफिलमै अर्कोले भोलिका लागि निम्तो दिन्छ, यो क्रम होली अगाडिसम्म चलिरहन्छ ।' काँकडभिट्टा, धुलाबारी, बिर्तामोड, भद्रपुर तथा दमक क्षेत्रमा मारवाडीको वाक्लो बसोबास छ । मारवाडी समुदायका सञ्चारकर्मी पंकज शर्मा भन्छन्, 'होली हाम्रो प्रमुख चाड हो, यसलाई सधैंझैं यसपालि पनि विशेष बनाउने हाम्रो योजना छ ।'

कोरोना कहरले अघिल्लो दुई वर्ष होली उल्लासमय बन्न सकेन । जसकारण पनि यो वर्षको होली विगतको भन्दा वढी महत्त्वको रहेको पत्रकार शर्मा बताउँछन् । 'यसपालि खुलेर होली खेलिन्छ', उनले थपे ।

मारवाडी समुदायको होलीको आरम्भ वसन्त पञ्चमीदेखि नै हुन्छ । भद्रपुर मारवाडी संघ, मारवाडी महिला मञ्च, युवा मञ्चलगायतले प्रत्येक वर्ष होली मिलन समारोह आयोजना गर्छन् । त्यो मौकामा होलीबारे समीक्षा, अन्तरसंवाद मात्रै हुँदैन, सामूहिक भोज पनि हुन्छ । 'होलीको चार दिनअघि रंगारंग कार्यक्रम आयोजना गरिन्छ, जुन दिन मारवाडी समुदायको कुनै पनि घरमा खाना पाक्दैन,' झापा धुलाबारीका व्यवसायी पन्नालाल जैनले भने, 'भोजनसँगै विविध सांस्कृतिक, सांगीतिक कार्यक्रम आयोजना गरिन्छ ।'

पुराना व्यवसायी भाष्कर शर्माका अनुसार भद्रपुर नगर क्षेत्रमा मारवाडीका अलावा मैथिली, वंगाली र भोजपुरी समुदायको बाक्लो बसोबास छ । नगरपालिकाका अनुसार भद्रपुर नगरपालिकाको जनसंख्यामध्ये एक चौथाइ यी समुदायले ओगटेका छन् । मारवाडीजस्तै मैथिली, भोजपुरी र बंगाली समुदायको पनि होली मनाउने शैली फरक छ । बंगाली समुदायले पूर्णिमादेखि पञ्चमीसम्म होली मनाउँछन् । अघिल्लो दिन कृष्ण भगवान्को पूजा आराधना गर्दै औपचारिक होली उत्सवको सुरु हुने अगुवा बंगाली शान्तना मण्डलले जानकारी दिइन् । उनका अनुसार होलीको दिन यो समुदायमा ठूलाले सानालाई खुट्टामा अबिर दल्दै ढोक्ने अनौठो प्रचलन छ । मैथिल र भोजपुरी समुदायले पनि मारवाडीको सिको गर्दै होली मनाउने गरेका छन् । उनीहरूले डम्फू बजाउँदै बजार घुम्ने र खानपिन गरेर खुसी साटासाट गर्छन् ।

## रङसँगै झुम्यो फिदिम



पाँचथरको सदरमुकाम फिदिममा बिहीबार मध्याह्न होली खेल्न व्यस्त स्थानीय । *तस्बिर : कान्तिपुर*

**कान्तिपुर संवाददाता** (पाँचथर)

पूर्वी पहाडी जिल्ला पाँचथरका नागरिकले उमंगका साथ होली पर्व मनाएका छन् । दुई वर्ष कोरोना संक्रमण जोखिमले गर्दा यो चाड मनाउन नपाएका स्थानीय बिहीबार बिहानैदेखि सडकमा निस्कन थालेका थिए ।

सबै उमेरका एकैसाथ निस्कँदा वातावरण उल्लासमय देखिन्थ्यो । मध्याह्नसम्ममा यहाँका सडक रङ खेल्नेले भरिभराउ थियो । नाँच्दै र रङ दलेर शुभकामना साटासाट गरिरहेका थिए । कोरोना महामारीले २ वर्षदेखि खेल्न नपाइएको होली यस वर्ष धीत मरुन्जेल खेलेको स्थानीयले बताए । होली पर्वले सदरमुकाम फिदिमसहित जिल्लाका ग्रामीण बजार र बस्तीको वातावरण संगीतमय बनेको थियो । होलीको खुसीमा नागरिकसँगै जनप्रतिनिधि र कर्मचारीले सर्वसाधारणलाई साथ दिए भने यस क्रममा जिल्लामा कुनै अप्रिय घटना नभएको पाँचथर प्रहरी कार्यालयले जनाएको छ ।

## लालपुर्जाबाटै हरायो जग्गा !

**अर्जुन राजवंशी** (बिर्तामोड)

वर्ष दिनयता पवनलाल राजवंशीको मुहारमा खुसी छैन । खाना रुच्दैन । कसैसँग बोल्न मन गर्दैनन् । चिन्तित पवनलालले छरछिमेक र जान्नेबुन्नेसँग सहयोगको याचना गर्दै आएका छन् ।

६९ वर्षीय पवनलालको घरककै बलेंसीबाट अढाई कठ्ठा जमिन हराएको छ । बुवाको पालादेखि जोतभोग गर्दै आएको जमिन गायब हुँदा यी वृद्ध मानसिक रूपले पनि कमजोर बनेका छन् । जोतभोग गरेको जमिन एक धुर जमिन बेचेका पनि हैनन् । तर जग्गा धनीपुर्जा कागजमा ७ कट्ठा क्षेत्रफल रहेको जमिनमा हाल ४ कट्ठा १० धुर मात्र रहेको उल्लेख छ ।

लेखपढ नजान्ने पवनलाललाई ५ वर्षअघि मालपोत कार्यालयले उक्त जमिनको हालसाविक गरिदिँदा अढाई कट्ठा जमिन घटेको पत्तो दिएन । तत्कालीन गरामनी नापी टोलीले साविक गरामनी क्षेत्रभित्रका जग्गा बिघाबाट हेक्टरमा नापजोख गरेको थियो । त्यसबेला पवनलाल पनि आफ्नो जमिनको हालसाविक गर्न मालपोत कार्यालय चन्द्रगढी पुगेका थिए । 'म केही जान्दिनँ, पढ्न लेख्न आउँदैन, हाल साविक गरेको धनीपुर्जा ठिकै होला भनेर सही छाप गरेर घरमा ल्याएर राखें,' उनले भने, 'अहिले छोरा बुहारीले हेर्दा त धनीपुर्जामा झन्डै आधा जग्गा नै घटेछ ।'

बिर्तामोड-१० विराटपोखरवासी उनको जग्गा सैनिकमोड-गोल्धाप सडकसँग सिमाना जोडिएको छ । दुई लाख रुपैयाँ धुर पर्ने स्थानमा २ कट्ठा १० धुर जमिन हराउँदा राजवंशी परिवार विचलित छन् । २०२१ को नक्साअनुसार उनको ७ कट्ठा जग्गा कित्ता नं. १७९ मा थियो । नयाँ नक्साअनुसार ४ कट्ठा १० धुर जग्गा कित्ता नं. १४९ मा कायम गरिएको छ । लालपुर्जामा जग्गाको क्षेत्रफल कम उल्लेख भएको देखेपछि राजवंशी परिवारले गत वर्षदेखि पटकपटक नापी, नगरपालिकाका जनप्रतिनिधि, स्थानीय भद्रभलादमीलाई बोलाएर हराएको जग्गा खोज्ने काम गरिरहेका छन् । तर आफ्नो समस्या राम्ररी बताउन समेत नसक्ने राजवंशी परिवारले हराएको जग्गा प्राप्त गर्न सकेका छैनन् ।

नापी कार्यालयले जग्गा घटाइदिएको पवनलालका छोरा दुर्गाप्रसादको आरोप छ । उनले सोझा जनताको जग्गा फिल्डमा आएर राम्ररी नापजोख नै नगरी कार्यालयले हालसाविक गर्दा समस्यामा परेको बताए । 'नापी टोली आएर हाम्रो जग्गा राम्ररी नापेको छैन, बुबा केही बोल्न जान्नुहुन्न, पढेलेखेको पनि हुनुहुन्न,' उनले भने, 'हाल साविक गरिदिँदा सबै ठीक छ भनेर पुर्जा दिएको रहेछ, अहिले हामीले थाहा पाउँदा झन्डै आधा जग्गा नै धनीपुर्जामा छैन ।' बिर्तामोड नगरपालिकाका कार्यपालिका सदस्य सुरेन राजवंशीले बेचबिखन नै नगरेको जग्गाको क्षेत्रफल कम हुनु आश्चर्यजनक भएको बताए । उनले भने, 'केही नजान्ने पवनलाल माथि जानाजान जालझेल गरिएको छ, हराएको जग्गा खोज्न लागिरहेका छौं ।' बिर्तामोड-१० का वडाध्यक्ष दुर्योधन गुरुङले पवनलाल अन्यायमा परेको बताए ।

# वडाध्यक्षको दुर्व्यवहारले सेवा प्रभावित

**कान्तिपुर संवाददाता** (खोटाङ)

ऐंसेलुखर्क गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत हीराकुमारी यादवसँग वडाअध्यक्षले दुर्व्यवहार गरेपछि उनी कार्यालयमा उपस्थित नहुँदा कामकाजमा समस्या आएको छ । उक्त पालिका-२ बाकाचोलका वडाअध्यक्ष सन्तवीर तामाङका कारणले यादव दुई सातादेखि कार्यालयमा अनुपस्थित छिन् ।

केराबारी-कोलडाडाँ सडक खन्न वडाअध्यक्ष तामाङको एक्साभेटर प्रयोग गरिएको र उक्त एक्साभेटरले लिने रकमको बारेमा विवाद पछि दुर्व्यवहार भएको खुलासा भएको छ । ४ लाख ३७ हजार रुपैयाँको लागतमा सम्पन्न गर्ने गरी स्थानीय टंक रेग्मीको अध्यक्षतामा गठित उपभोक्ता समितिले वडाअध्यक्ष तामाङको एक्साभेटरलाई काम जिम्मा दिएको हो ।

उक्त काम गरे वापत बिल पेश गर्नु पर्थ्यो । तर काम गरेको डोर हाजिरी बनाएर पेस गरेकाले यस्तो अवस्था आएको प्रमुख प्रशासनकीय अधिकृत हिराकुमारी यादवले बताइन् । 'मेसिनले काम गरे वापतको बिल बुझाउँनु पर्नेमा डोर हाजिरी बुझाउनुभएपछि त्यसरी मिल्दैन भन्दा मुख छाड्दै मोबाइल भुइँमा बजार्नुभयो, टेबल ठोक्दै नानाभाँती भन्नुभयो,' यादवले भनिन्, 'त्यसपछि म कार्यालय गएको छुइनँ ।'

यादवका अनुसार सुरुमा फागुन १४ मा योजना शाखा प्रमुख प्रदीप ढकाललाई पनि तामाङले दुर्व्यवहार गरेका थिए । त्यत्तिखेर फाइल तथा कागजातसमेत च्यातेको बताइन् । त्यसको दुई दिनपछि फागुन १६ मा आफूलाई दुर्व्यवहार गरेको उनले सुनाइन् । वडाअध्यक्ष तामाङले जनश्रमदानमा भ्याट बिल मागेकाले यस्तो भएको बताए । 'पहिले भ्याट बिल चाहिएन, अहिलेचाहिँ कसरी चाहियो भनेर भनेको हो,' तामाङले भने, 'अनि फेरि जनतासँग कसरी भ्याट बिल हुन्छ त ?'

यो विषयमा समस्या आए पनि मिलाइएको गाउँपालिका अध्यक्ष विश्वनाथ निरौलाले बताए । 'केही काचाक-कुचुक परेकै हो,' अध्यक्ष निरौलाले भने, 'कार्यालयको विशेष काम परेकाले आउन ढिलो भएको हो, अब छिट्टै आउनुहुन्छ ।'

USAID FROM THE AMERICAN PEOPLE | WWF | CENTER for LARGE LANDSCAPE CONSERVATION

CALL FOR PROPOSALS

WWF Nepal, the global conservation organization leading international efforts *for a living planet,* calls for proposals for the following consultancy. If you think you are an achiever and willing to work within a diverse team in a multicultural environment with commitment and passion for what you believe in, you are highly encouraged to apply.

**Call For Proposal: Consultancy for Database Development for ALIGN Project, Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) Project**

Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) is a United States Agency for International Development (USAID) funded regional project being implemented by WWF and Center for Large Landscape Convention (CLLC) in three focal countries (Nepal, India, and Mongolia) to enhance the development and implementation of effective, high-quality safeguard measures to avoid, lessen and/or mitigate adverse impacts from linear infrastructure development on people and natural resources in Asia. The project seeks to develop a user friendly and secured database system which can be updated regularly and will be a hub for all information management. This includes the development and installation of a comprehensive and secure project database system, with corresponding dashboard, to enter/upload, analyze and generate information from any geographic location. The consulting organization/institution should develop standard procedures and guidelines for maintaining the database as well.

**Qualifications:**

The consulting organization/institution should have VAT registration and a minimum of 5 years of experience in database design and roll out for development or related projects and a proven experience to lead in the structural design of a database according to various system requirements. The team should possess ability to work under pressure, effectively coordinate and meet tight deadlines without compromising the quality of work.

Eligible organizations/institutions are requested to submit separate technical and financial proposals in sealed envelopes along with cover letter to the address listed below to be received by **5:00 PM** on **1st April 2022**. Please mention **"Consultancy- Database development for ALIGN"** on the envelope.

**WWF Nepal, ALIGN**

**PO Box: 7660, Pavitra Pyara Marg, Baluwatar, Kathmandu, Nepal**

Only applicants selected for further consideration will be contacted. Telephone inquiries will not be entertained. Detailed terms of reference can be downloaded from

**Website: https://www.wwfnepal.org/opportunities/vacancy/**

*WWF is an Equal Opportunity Employer. Please join us in our mission to save life on Earth.*

# सगरमाथामा बाटो बनाउँदै आइसफल डाक्टर




सगरमाथामा बाटो बनाउन सक्रिय आइसफल डाक्टर । *तस्बिर सौजन्य : एसपीसीसी*

**भानुभक्त निरौला** (सोलुखुम्बु)

> आरोहण सिजन सुरु हुनै लाग्दा अनुभवी शेर्पाको ८ सदस्यीय टोली दुई वर्षपछि आधार शिविर गएको हो

विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहणका लागि बाटो बनाउन विशेषज्ञ आइसफल डाक्टरको टोली आधार शिविर प्रस्थान गरेको छ । आरोहणको सिजन सुरु हुनै लाग्दा अनुभवी शेर्पा (आइसफल डाक्टर) को टोली दुई वर्षपछि सगरमाथा आधार शिविर प्रस्थान गरेको हो । कारोनाले आरोहण ठप्प रहेको सगरमाथामा बाटो बनाउन आङसर्की शेर्पाको नेतृत्वमा ८ सदस्यीय टोली नाम्चेबाट हिँडेको हो । खुम्बु पासाङल्हामु गाउँपालिका-२ का शेर्पासँग सगरमाथा क्षेत्रमा बाटो बनाएको १७ वर्षको अनुभव छ ।

सन् २०२० मा कोरोनाले पर्यटन क्षेत्र ठप्प हुँदा बाटो बनाउने काम भएन । दुई वर्ष अगाडि बनाएको बाटो हिउँले पुरिएकाले यो वर्ष बाटो बनाउन कठिन हुने अनुमान गरिएको छ । आइसफल डाक्टरको टोलीलाई आवश्यक प्राविधिक उपकरणसहित सगरमाथा प्रदूषण नियन्त्रण समिति, एसपीसीसीले बिदाइ गरेको छ । उक्त टोलीले पाङबोचो गुम्बामा पूजा गरेर आधार शिविरतर्फ लागेको छ । 'शेर्पा समुदायले देउताको रूपमा पुज्ने हिमाल आरोहणको सिलसिलामा केही खराबी नहोस् भनेर बाटो बनाउनु अघि जहिल्यै पनि पाङबोचे गुम्बामा विशेष पूजा गर्छौं' टोली नेता शेर्पाले भने ।

उक्त टोलीले बौद्ध परम्पराअनुसार हिमालको प्रार्थना र पूजा गरेर मात्रै बाटो बनाउने काम सुरु गर्छ । 'लामालाई साइत हेराएपछि बाटो बनाउने काम सुरु गर्छौं,' उनले भने । हिमालमा बाटो बनाउने कामलाई अत्यन्तै जोखिमपूर्ण मानिन्छ । उनीहरूको टोलीले दोस्रो आधार शिविरसम्म डोरी टाग्ने र अप्ठ्यारो ठाउँमा भऱ्याङ हाल्ने काम गर्छ । सोही बाटोमा आरोहीले सहजताका साथ आरोहण गर्छन् ।

सगरमाथाको दोस्रो आधार शिविरसम्म बाटो बनाउन २० दिनको समय लाग्ने समितिका उपाध्यक्ष लामाकाजी शेर्पाले जानकारी दिए । 'अबको २०-२२ दिनमा सगरमाथामा बाटो तयार हुन्छ,' उनले कान्तिपुरसँग भने । सगरमाथा क्षेत्रमा बाटो बनाउने र सरसफाइको काम सगरमाथा प्रदूषण नियन्त्रण समितिले गर्दै आएको छ । सोबापत समितिले आरोहण दलमा आउने प्रत्येक विदेशी नागरिकसँग ६ सय अमेरिकी डलर लिन्छ ।

'हामीले बाटो बनाउने र सरसफाइ गर्ने सबै काम गर्छौं' उपाध्यक्ष शेर्पाले भने, 'पर्यटन मन्त्रालयसँगको सम्झौतामा सबै गरिरहेका हौं, हाम्रो आम्दानीको मुख्य स्रोत नै प्रतिविदेशी पर्यटक ६ सय डलर हो ।' समितिले नेपाली आरोहीबाट भने शुल्क लिने गरेको छैन । कोभिड महामारी मत्थर भएसँगै विदेशी पर्यटक घुम्न र हिमाल आरोहणका लागि नेपाल आउने क्रम सुरु भएको छ । अबको दुई सातापछि भने खुम्बु क्षेत्रमा आरोही पनि आउन थाल्ने पर्यटन व्यवसायीले बताएका छन् ।



# फर्किए मध्यमा परिक्रमाकर्मी



जनकपुर (कास)- मिथिलाको कुम्भ मानिने मध्यमा परिक्रमामा सहभागी श्रद्धालुहरू बिहीबार जनकपुर फर्किएका छन् । सीमावर्ती नेपाल-भारतका विभिन्न क्षेत्रको परिक्रमा गरेर श्रद्धालुहरू जनकपुर फर्किएका हुन् । उक्त टोलीले शुक्रबार जनकपुरको अन्तगृहमा परिक्रमा गर्ने र शनिबार होली पर्व मनाउनेछ ।

भारत बिहार राज्यको करुणाबाट राम-जानकीको डोला बाजागाजा तथा झाँकीसहितको टोली बिसौल हुँदै नेपाल प्रवेश गरेको हो । पञ्चकोसी अन्तरगृह परिक्रमा सकेर भारतीय श्रद्धालुहरू घर फर्किनेछन् । विश्रामका लागि सबै श्रद्धालुहरू जनकपुरको रंगभूमी मैदान, तिरहुतिया गाछी र आसपासका विभिन्न मठमन्दिरमा छन् । अन्तगृहमा मात्रै परिक्रमा गरे पनि १५ दिनकै परिक्रमा बराबरको फल प्राप्त हुने जनविश्वास छ ।

गत फागुन १९ मा धनुषाको मिथिलाविहारी नगरपालिका-८ कचुरीस्थित मिथिलाविहारी मन्दिरबाट किशोरीजी (जानकी) को डोलासहित परिक्रमा सुरु भएको थियो । परिक्रमा धनुषा हुँदै महोत्तरी, सिरहा, सर्लाहीसहित भारतका विभिन्न क्षेत्रसम्म पुगेको थियो । परिक्रमाका लागि धनुषा र महोत्तरीमा १३ तथा भारतमा २ गरी १५ विश्रामस्थल तोकिएका थिए । १ सय ३३ किलोमिटर लामो पैदल यात्रामा नेपाल र भारतका हजारौं साधु, सन्त, महन्थ तथा आम श्रद्धालुको सहभागिता थियो ।

त्रेतायुगमा मिथिलाका राजा जनक पुत्री जानकीसँग अयोध्याका राजा दशरथ पुत्र रामसँग विवाह भएपछि परिक्रमा मार्ग भएर भ्रमण गरेको किम्बदन्ती छ । त्यसकै सम्झनामा मध्यमा मिथिला परिक्रमामा हजारौं श्रद्धालु सहभागी हुने गर्छन् । परिक्रममा सहभागी भए परिवारजनको सुख, शान्ति, समृद्धि, ऐश्वर्यसहित अन्त्यमा मोक्ष प्राप्ति हुने जनविश्वास छ । परिक्रमा मार्ग तथा हरेक विश्रामस्थलमा धार्मिक मेला, कथा प्रवचनका साथै परिक्रमामा सहभागीलाई भक्तजनहरूले विभिन्न सेवासुविधा उपलब्ध गराउँछन् ।

*शब्द/तस्बिर : अजित तिवारी/कान्तिपुर*

# हात्तीपाइलेविरुद्धको औषधि खुवाइँदै

**लक्ष्मी साह** (बारा)

हात्तीपाइले रोगीको संख्या वृद्धि भइरहेकाले त्यसविरुद्धको औषधि खुवाउने अभियान चलिरहेको छ । हात्तीपाइले रोगीको संख्या धेरै भेटिएका झापा, मोरङ, रुपन्देही, कविलवस्तु, दाङ, लमजुङ, कैलाली, पर्वत, बागलुङसँगै बारामा पनि शनिबारदेखि यस्तो अभियान सुरु गरिएको हो । अभियान दुई सातासम्म चल्नेछ ।

सन् २०२० भित्र हात्तीपाइले रोग निवारण गरिसक्ने र सन् २०२२ मा उक्त रोगलाई शून्यमा झार्ने सरकारले लक्ष्य लिएको थियो । तर, रोगको प्रभाव नघटेपछि निवारण लक्ष्यको समयसीमा पनि बढाएर सन् २०३० सम्म पुर्‍याएको छ । सन् २००३ मा सुरु भएको सर्भेमा ६१ जिल्लाका १३ प्रतिशत मानिसमा हात्तीपाइले फेला परेको थियो । त्यसपछि सन् २००७ देखि लगातार औषधि खुवाउने अभियान चलाइए पनि केही जिल्ला अझै रोगको उच्च जोखिममा छन् भने थप केही जिल्लामा नयाँ रोगीसमेत भेटिएकाले १० औं पटक औषधि खुवाउने अभियान थालिएको हो । १५ वर्षयता हात्तीपाइले रोगविरुद्ध सचेतनामूलक कार्यक्रम र स्वास्थ्यकर्मीको निगरानीमा घरघरै पुगेर औषधि खुवाउने योजनाले लक्ष्यअनुसारको सफलता नपाएपछि औषधि खुवाउने अभियान पटक-पटक चलाइँदै आइएको छ ।

बारामा पनि हात्तीपाइले रोगीको संख्या घट्न सकेको छैन । बर्सेनि बढेको बढ्यै छन् । 'प्रभावकारी रुपमा औषधि खुवाउन नसक्दा सरकारी लक्ष्य पूरा नभएर फेरि समयावधि थप गरिएको छ,' मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाले भने, 'त्यसैले रोग निवारण गर्ने सरकारी योजना समयमा सफल नभएर फेरि औषधि खुवाउन थालिएको हो ।'

स्वास्थ्य कार्यालय बाराका प्रमुख रामनरेश यादवका अनुसार जिल्लामा १२ सय जना जति हात्तीपाइले रोगी छन् । कलैया उपमहानगरपालिमा मात्रै १ सय ७५ जनामा संक्रमण पाइएको छ । यसमध्ये कसैको खुट्टा सुन्निएको छ त कोही

> अभियान प्रभावकारी नहुँदा रोगीको संख्यामा वृद्धि, १० जिल्लामा घरघरै पुगेर औषधि खुवाइँदै

हाइड्रोसिलका रोगी छन् । जिल्लामा सबैभन्दा बढी हात्तीपाइले रोगी भएको पालिका कलैया हो । सबैभन्दा कम महागढीमाई नगरपालिकामा ९ जनामा हात्तीपाइले देखा परेको छ । विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार बारामा अभियान असफल भएका कारण फेरि औषधि खुवाउन थालिएको निर्देशक झाको भनाइ छ । उनले यसअघि औषधि खुवाउने काम प्रभावकारी नभएको स्विकारे । प्रदेशका ८ जिल्लामध्ये बारा सबभन्दा बढी प्रभावित र उच्च जोखिमको जिल्लामा पर्छ ।

'क्युलेक्स' नामको लामखुट्टेको टोकाइबाट सर्ने यस रोगले थुप्रैलाई अशक्त बनाउनुको साथै हाइड्रोसिलको रोगी बढाएको उनले बताए । 'यसको लक्षण १० वर्षपछि देखा पर्छ,' उनले भने, 'जमेको फोहोर पानीका कारण क्युलेक्स प्रजातिको लामखुट्टेको वृद्धि हुने गरेको र त्यसैको टोकाइले यो रोग सर्ने गरेको हो ।'

सन् २००७ देखि स्वास्थ्यकर्मीको निगरानीमा घरघर पुगेर औषधि खुवाइने अभियान चलाइए पनि रोगको प्रभाव घट्नुको सट्टा झन् बढेको छ । यसमा स्वास्थ्यकर्मीको हेलचेक्र्याइँ प्रमुख कारण रहेको मान्छन् निर्देशक झा । 'औषधि वितरण गर्दा कोही डराएर खाँदैनन् । त्यसैले घरघर स्वास्थ्यकर्मी नै पुगेर खुवाउँछन्,' उनले भने, 'औषधि खुवाउने कार्य र सचेतनामूलक कार्यक्रमको प्रभाव नपर्नुको कारण स्वास्थ्यकर्मी नै हुन् । झारा टार्ने शैलीले औषधि खुवाइन्छ, त्यसैले कोही खान्छन् कोही खाँदैनन् ।'

'२ प्रतिशतभन्दा कम रोगी नभएसम्म लगातार औषधि खुवाई राख्ने योजना छ । अहिले भने ७ प्रतिशत रोगी छन्,' उनले भने । अभियानअन्तर्गत २ वर्षमुनिका बालबालिका, गर्भवती, ७ दिनसम्मका सुत्केरी, गम्भीर र दीर्घरोगीबाहेक सबैलाई औषधि खुवाइने उनले बताए । औषधि खाएपछि बान्ता आउने, समान्य टाउको दुख्ने, पेट दुख्ने भएमा हात्तीपाइले रोगको परजीवी आफूमा नरहेको बुझ्नु पर्ने उनले स्पष्ट पारे ।

# शौचालयको रिङ बन्यो डस्बिन

## जग्गा नहुँदा शौचालय बनाउन दिइएका सामग्री अलपत्र



**रौतहटको चन्द्रपुर-९ स्थित मुसहर बस्तीमा वडा कार्यालयले शौचालय बनाउन दिएको रिङ अलपत्र अवस्थामा ।** *तस्बिर : शिव/कान्तिपुर*

**शिव पुरी** (रौतहट)

चन्द्रपुर-९ स्थित मुसहर बस्तीका मनोज मुसहरको घरपछाडि शौचालय बनाउने रिङको चाङ छ । रिङभित्र फोहोर थुपारिएको छ । शौचालय बनाउनुपर्ने रिङ यतिखेर डस्बिनमा प्रयोग हुन थालेको छ । ठाउँ अभावले मनोजले शौचालय बनाउन नसकेको बताउँछन् । यही कारण २ वर्षदेखि रिङ, प्यानलगायत समान अलपत्र परेको उनले बताए ।

उनले गत वर्ष नै शौचालय बनाउन वडा कार्यालयबाट सामान पाएका हुन् । तर एक धुर पनि निजी जमिन नभएकाले बनाउन सकेका छैनन् । बरु रिङमा घरबाट निस्कने फोहोर फाल्ने गरेका छन् । 'गरिब विपन्नलाई शौचालय बनाउन पैसा छैन । ऋण गरेर बनाउ भने पनि आफ्नो जमिन छैन,' उनले भने, 'ठाउँ नै नभएपछि अहिले डस्बिनका रूपमा प्रयोग गर्न थालेको छु । वडाले पनि समान दियो तर बन्यो-बनेन, अहिलेसम्म हेर्न आएका छैनन् ।'

मनोज मात्र होइन बस्तीका ६० घरमध्ये एक/दुई जनाले मात्र शौचालय बनाएका छन् । अधिकांशले जमिन अभावले शौचालय बनाउन सकेका छैनन् । उनीहरूले रिङलाई डस्बिनका रूपमा प्रयोग गर्न थालेका छन् । केही रिङ फुटेर कामै नलाग्ने भएको स्थानीय बताउँछन् । बस्तीका सबैजसो परिवार झुपडीमा बस्छन् । कसैको एक धुर पनि नम्बरी जग्गा छैन । तर यो सुकुम्बासी बस्तीमा वडा कार्यालयले शौचालय बनाउन प्यानसहितका सामग्री वितरण गरेको थियो । अहिले ती सबै त्यतिकै फालिएको छ । स्थानीयहरू खेत र खुला स्थानमा शौच गर्न बाध्य छन् ।

जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले भने ३ वर्षअघि नै जिल्लालाई खुला दिसामुक्त घोषणा गरिसकेको छ तर यहाँको दलित बस्तीमा भने शौचालय नै छैन । वडाध्यक्ष गोविन्द दुलालले शौचालय बनाउन सामान दिए पनि स्थानीयले नबनाएको बताए । 'हामीले सामान्यखाले बनाउँदा पनि हुन्छ भनेका हौं,' उनले भने, 'यसो सानो ठाउँ हेरेर बनाउँदा हुन्छ । तर उनीहरू बनाउन चाहँदैनन् ।' अहिले वडाले शौचालय बनाउन दबाब दिन थालेपछि मुसहर समुदाय चेपुवामा परेका छन् ।

नेपाल सरकारको गुरुयोजनाअन्तर्गत खुला दिसामुक्त वडा बनाउने अभियानअन्तर्गत यो बस्तीमा पनि शौचालयको सामान वितरण गरिएको हो । तर त्यसबेला वितरण भएका सामान शौचालयमा प्रयोग हुन सकेका छैनन् । जिल्लाका अधिकांश दलित बस्तीको हालत यस्तै छ । डुमरिया, बडहर्वा, धमौरा, लक्ष्मीपुर, चेतनगर, कटहरिया, गुजरा, चन्द्रपुरलगायतमा रहेका डोम, चमार, मुसहरलगायतका दलित बस्तीमा शौचालय छैनन् । उनीहरूलाई बासस्थानकै अभाव छ । 'गरिबलाई खान धौधौ छ । शौचालय बनाउन कहाँबाट पैसा आउँछ,' मुसहर अगुवा अक्लु मुसहर भन्छन्, 'स्थानीय तहले सामान दियो तर कसरी बनाउने भन्नेतिर सहयोग गरेन । यही कारण सामानहरू प्रयोगविहीन हुन थाल्यो ।' जिल्लामा अझै २ हजार ५ सय ७६ घरधुरीले निजी जग्गा नहुँदा शौचालय बनाउन सकेका छैनन् ।

USAID FROM THE AMERICAN PEOPLE
WWF
CENTER for LARGE LANDSCAPE CONSERVATION

## CALL FOR PROPOSALS

WWF Nepal, the global conservation organization leading international efforts *for a living planet,* calls for proposals for the following consultancy. If you think you are an achiever and willing to work within a diverse team in a multicultural environment with commitment and passion for what you believe in, you are highly encouraged to apply.

**Call For Proposal: Consultancy for Database Development for ALIGN Project, Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) Project**

Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) is a United States Agency for International Development (USAID) funded regional project being implemented by WWF and Center for Large Landscape Convention (CLLC) in three focal countries (Nepal, India, and Mongolia) to enhance the development and implementation of effective, high-quality safeguard measures to avoid, lessen and/or mitigate adverse impacts from linear infrastructure development on people and natural resources in Asia. The project seeks to develop a user friendly and secured database system which can be updated regularly and will be a hub for all information management. This includes the development and installation of a comprehensive and secure project database system, with corresponding dashboard, to enter/upload, analyze and generate information from any geographic location. The consulting organization/institution should develop standard procedures and guidelines for maintaining the database as well.

**Qualifications:**

The consulting organization/institution should have VAT registration and a minimum of 5 years of experience in database design and roll out for development or related projects and a proven experience to lead in the structural design of a database according to various system requirements. The team should possess ability to work under pressure, effectively coordinate and meet tight deadlines without compromising the quality of work.

Eligible organizations/institutions are requested to submit separate technical and financial proposals in sealed envelopes along with cover letter to the address listed below to be received by **5:00 PM** on **1st April 2022**. Please mention **"Consultancy- Database development for ALIGN"** on the envelope.

**WWF Nepal, ALIGN**

**PO Box: 7660, Pavitra Pyara Marg, Baluwatar, Kathmandu, Nepal**

Only applicants selected for further consideration will be contacted. Telephone inquiries will not be entertained. Detailed terms of reference can be downloaded from

**Website: https://www.wwfnepal.org/opportunities/vacancy/**

*WWF is an Equal Opportunity Employer. Please join us in our mission to save life on Earth.*

# दुर्घटनामा २ को मृत्यु, २ घाइते

रौतहट (कास)- स्कार्पियोले मोटरसाइकललाई ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ । चन्द्रनिगाहपुरबाट गरुडातर्फ जाँदै गरेको बा१७च ६१६३ नम्बरको स्कार्पियोले बुधबार राति साढे ८ बजेतिर हर्साहा चोकमा मोटरसाइकललाई ठक्कर दिएको थियो ।

दुर्घटनामा वृन्दावन नगरपालिका-६ का ३५ वर्षीय जितेन्द्र पटेल र २८ वर्षीय हरिकुमार ठाकुरको मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी श्रीराम भण्डारीले जानकारी दिए । उनका अनुसार मोटरसाइकललाई ठक्कर दिएपछि अनियन्त्रित स्कार्पियोले प्रहरी चोकी हर्साहका असई उपेन्द्रकुमार यादव र जवान मुस्तफा अन्सारीलाई समेत ठक्कर दिएको थियो । यादव सामान्य घाइते छन् । जवान मुस्तफाको खुट्टा भाँचिएको छ ।

दोषीलाई कारबाही र उचित क्षतिपूर्तिको माग गर्दै मृतकका आफन्त र स्थानीयले बिहीबार बिहानैदेखि सदरमुकाम क्षेत्रमा राजमार्ग बन्द गराएका थिए । घटनालगत्तै प्रहरीले मौलापुर नगरपालिकाका सञ्जय पाण्डे र कुन्दन पाण्डेलाई पक्राउ गरेको छ । 'घटनाबारे अनुसन्धान भइरहेको छ,' डीएसपी भण्डारीले भने, 'पीडितलाई छलफलबाट समस्या समाधान गर्ने पहल जारी छ ।'

## छोटकरी

### गोरखा अस्पतालको सुविधासम्पन्न भवन

गोरखा (कास)- भूकम्पले भत्काएको गोरखा अस्पतालको नयाँ भवन बनेको छ। भवनको स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडा र जर्मनका राजदूत थोमस प्रिन्जले मंगलबार उद्घाटन गरे। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहजिकरण तथा जर्मनको जर्मन विकास बैंक (केएफडब्लू) मार्फत साढे तीनतले भवन बनेको हो। भूकम्पले अस्पतालको पुरानो भवन चर्काएपछि कर्मचारी अवास गृह र भाडाको घरबाट अस्पतालको सेवा प्रवाह हुँदै आएको थियो। ३७ करोडको लागतमा बनेको सुविधासम्पन्न भवनबाट अस्पतालले सेवा सुरु गरिसकेको छ। ५० शय्याको भवन निर्माण सम्पन्न भएसँगै सेवा प्रवाहमा सहज बनेको अस्पतालका सूचना अधिकारी कृष्ण ढकालले बताए। भवनमा ६६ कोठा छन्। सुविधासम्पन्न भवन बनेपनि जिल्ला अस्पतालमा पर्याप्त जनशक्ति छैनन्। जनशक्ति अभावमा बिरामी रेफर गर्नुपर्ने वाध्यता छ। अस्पतालमा ९ विशेषज्ञको दरबन्दी रहे पनि १ जना मात्र स्थायी छन्। मानसिक, बाल, स्त्री तथा प्रसूति, एमडीजीपी र सर्जनका विशेषज्ञ छात्रवृत्ति करारमा छन्। रेडियोलोजिस्ट, एनेस्थेसियोलोजिस्ट, फिजिसियन, हाडजोर्नीको दरबन्दी रहे पनि चिकित्सक नरहेको ढकालले बताए। भवन उद्घाटन समारोहमा अस्पतालका मेसु हरिकुमार श्रेष्ठले सुविधासम्पन्न भवन बने पनि जनशक्तिको अभाव रहेको बताए। जनशक्ति अभाव पदपूर्तिको व्यवस्था गरिदिन प्रदेश र संघीय मन्त्रालयसँग उनको माग थियो। जिल्लामा ब्लड बैंक नहुँदा पनि समस्या झेलेको तथा जेनेरेटर नहुँदा बत्ती गएको बेला काम गर्न नसक्ने अवस्था रहेको उनले बताए।

### चोरेको ९ वर्षपछि पक्राउ

लमजुङ (कास)- कुटपिट गरी रकम चोरेर फरार भएका एक दोषीलाई प्रहरीले ९ वर्षपछि पक्राउ गरेको छ। गोरखाको तत्कालीन सौरपानी गाविस-९ घर भई हाल बेंसीसहर-६ चनौटे बस्ने २७ वर्षीय सन्तबहादुर गुरुङलाई प्रहरीले बिहीबार पक्राउ गरेको हो। उनलाई शुक्रबार कार्यालय समयमा अदालतमा बुझाइने डीएसपी कृष्णबहादुर कार्कीले बताए। तत्कालीन बेंसीसहर गाविस-४ सहजीमा २०६९ मंसिर १७ मा गुरुङले सोलुखुम्बुका सोनाम शेर्पालाई बास मिलाइदिन्छु भनेर एकान्तमा लगेर कुटपिट गरेको र रकम चोरी गरेर भागेको अभियोगमा प्रहरीले चोरी केसमा मुद्दा चलाएको थियो। लमजुङ जिल्ला अदालतले २०६९ साल १८ मा गुरुङविरुद्ध ३ वर्ष ४ महिना १३ दिनको कैद फैसला सुनाएपछि फरार उनलाई प्रहरीको विशेष टोलीले ९ वर्षपछि बिहीबार पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इन्स्पेक्टर जगदीश रेग्मीले बताए।

### दोहोरो नागरिकता लिएको आरोपमा पक्राउ

गोरखा (कास)- दोहोरो नागरिकता लिएको आरोपमा काठमाडौं-३२ कोटेश्वर बस्ने २८ वर्षीया पूजा ढकाल पक्राउ परेकी छन्। ढकालले जिल्ला प्रशासन कार्यालय कास्की र जिल्ला प्रशासन कार्यालय गोरखाबाट छुट्टाछुट्टै नागरिकता लिएको पाइएको जिल्ला प्रहरीका निरीक्षक धर्म अधिकारीले बताए। कास्कीको पोखरा-६ बैदाम माइती भएकी ढकालले २०६७ मंसिर ८ मा जिल्ला प्रशासन कार्यालय कास्कीबाट पहिलो नागरिकता लिएकी थिइन्। उनले २०६७ मंसिर २८ मा गाइने सार्कीलाई बाबु देखाएर जिल्ला प्रशासन कार्यालय गोरखाबाट पूजा गैरे सार्कीको नाममा दोस्रो नागरिकता लिएको देखिएको प्रहरीले जनाएको छ। जिल्ला प्रशासनको पत्राचारपछि ढकाललाई पक्राउ गरेर जिल्ला अदालतमा दोहोरो नागरिकतासम्बन्धी कसुर शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको अधिकारीले बताए।

### वृद्ध मृत भेटिए

गोरखा (कास)- गोरखा-१ अजमरेका ७० वर्षीय नारायणदत्त न्यौपाने सम्पर्कविहीन बनेको झन्डै ५ महिनापछि मृत भेटिएका छन्। कात्तिक २३ बाट सम्पर्कविहीन बनेका न्यौपानेको शव बुधबार सोही ठाउँको अजमरे खोल्सामा सडेगलेको अवस्थामा भेटिएको जिल्ला प्रहरीका निरीक्षक धर्म अधिकारीले बताए। शव प्रहरीले बुधबार नै परिवारलाई जिम्मा लगाएको छ। घटनाको थप अनुसन्धान भइरहेको अधिकारीले बताए।



फागु पूर्णिमा (होली) का अवसरमा बिहीबार पोखराको लेकसाइडमा रंग दलेर होली खेल्ने क्रममा सेल्फी खिच्दै विदेशी पर्यटक। कोरोना कहरका कारण २ वर्ष होली मनाउन नपाएका नेपाली र विदेशी पर्यटकले यसपटक भने रंग दलेर शुभकामना साटासाट गर्दै निर्धक्कसाथ होली मनाए। तस्बिर : लालप्रसाद शर्मा/कान्तिपुर

# स्थानीय तहको विकास कछुवा गतिमा

## विशेष अनुदानको बजेट खर्चै हुन सकेन

आश गुरुङ (लमजुङ)

राइनास नगरपालिकामा विशेष अनुदान बजेट १ करोड ३९ लाख रुपैयाँ छ। फागुन मसान्तसम्म १ रुपैयाँ भुक्तानी भएको छैन। विशेष अनुदानकै बजेट बेंसीसहर नगरपालिकामा १ करोड ८ लाख र छुट्टै ९१ लाख रुपैयाँ छ। तर खर्च भएको छैन। सुन्दरबजार नगरपालिकामा ९१ लाख रुपैयाँमा कत्ति पनि निकासा भएको छैन। दूधपोखरी गाउँपालिकामा विशेष अनुदानको बजेट नै छैन। ४ नगरपालिका र ४ गाउँपालिका रहेको विशेष अनुदानको बजेट परे पनि न्यून मात्र रकम खर्च भएको छ।

राइनास नगरका प्रमुख प्रशासकीय अधिकृत गोकर्णराज सुयलले विशेष अनुदानको कार्यक्रम छनोट, प्रस्ताव, बजेट स्वीकृतिलगायतमा भएको ढिलाइले निकासा हुन ढिलाइ भएको बताए। 'अहिले कार्यक्रम सकिने क्रममा छन्। कोष तथा लेखा नियन्त्रकको कार्यलय (कोलेनिका) मा निकासाका लागि निवेदन पठाएका छौं' उनले भने। उनका अनुसार बहुवर्षीय कार्यक्रम तथा योजनाको राम्रा कार्यक्रम छनोट गर्दा समय लागेको हो।

स्थानीय तहले अर्को वर्षका लागि संघीय सरकारसँग माग गरेको, आफैं बजेट र कार्यक्रम बनाएको, सरकारले पठाएको ससर्त, चालुभन्दा फरक पहुँचका आधारमा नेताले विशेष बजेट पार्ने गर्छन्। यी बजेट सडक, खानेपानी, सिँचाइलगायतमा खर्च गरिन्छ। बजेट कार्यान्वयन भने फितलो हुने गरेको छ। कोलेनिका लमजुङका अनुसार सबैभन्दा बढी दोर्दी गाउँपालिकामा ३ करोड ५३ लाखको विशेष बजेट रहेकोमा फागुन महिनासम्म ६८ लाख ६० हजार रुपैयाँ मात्र भुक्तानी भएको छ।

मध्यनेपाल नगरपालिका, क्व्होलासोंथर र मर्स्याङ्दी गाउँपालिकामा विशेष अनुदान बजेट ५०/५० लाख रहेकोमा २५/२५ लाख बजेट निकासा भइसकेको छ। दूधपोखरीमा विशेष अनुदानको बजेट नहुँदा समग्रमा वित्तीय प्रगति सबैभन्दा बढी ५६ प्रतिशत देखिएको छ। कुल २२ करोड ९३ लाख १२ हजार बजेट रहेकोमा कोलेनिकाले १२ करोड ८१ लाख ६९ हजार रुपैयाँ निकासा गरिसकेको छ। विशेष अनुदान बजेट सबैभन्दा धेरै रहेको दोर्दीको वित्तीय प्रगति सबैभन्दा कम ४८ प्रतिशत छ। कुल ४१ करोड ३४ लाख ८७ हजार बजेट रहेको दोर्दीमा १९ करोड ६५ लाख ९८ हजार मात्रै निकासा भएको छ। चालु आव सकिन ४ महिना मात्रै बाँकी रहँदा बजेट खर्च हुनेमा आशंका छ।

दोर्दीका प्रमुख प्रशासकीय अधिकृत शमशेरबहादुर गुरुङका अनुसार विशेष बजेटबाहेक अरू चालु तथा पुँजीगत बजेटमा वित्तीय प्रगति राम्रो छ। विशेष अनुदान बजेटबाट निर्माण भएका विकासे आयोजना कतिपयको काम सकिए पनि भुक्तानी दिन सकिएको छैन। मन्त्रालयमा फाइल पठाए पनि निकासा नदिएको उनले बताए। 'निर्माण व्यवसायीले आयोजना सकाएका छन्। मन्त्रालयबाट बजेट निकासा भएको छैन। त्यसैले वित्तिय प्रगति धेरै नदेखिएको हो,' उनले भने। उनका अनुसार उपभोक्ताबाट गर्नुपर्ने योजना धमाधम भइरहेको छ। बजेट निकासा र भुक्तानी पनि धमाधम भइरहेको उनले बताए।

> दसैंतिहारसम्म यत्तिकै बस्ने, पुस-माघतिर टेन्डर आह्वानसँगै प्रक्रियामा जाँदा काममा ढिलाइ

प्रमुख कोष नियन्त्रक भगवान्प्रसाद उप्रेतीले विशेष अनुदानको बजेट निकासाको अवस्था कमजोर रहेको बताए। कर्मचारीको तलबभत्ताको बजेट (ससर्त अनुदान चालु), समानिकरण अनुदानका बजेट निकासा भइरहे पनि अन्य शीर्षकका बजेटको निकासा जति हुनुपर्ने हो, त्यति हुन नसकेको उनको भनाइ छ। समपूरक अनुदानतर्फ बेंसीसहर नगरपालिकामा १ करोड ६९ लाख बजेट रहेकोमा १५ लाख रुपैयाँ मात्रै निकासा भएको छ। राइनासमा १ करोड २७ लाख बजेट रहेकोमा ५० लाख मात्रै निकासा भएको छ। क्व्होलासोंथरमा १ करोड ५१ लाख रहेकोमा २५ लाख मात्रै निकासा भएको छ। दोर्दीमा ३ करोड १ लाख रहेकोमा २७ लाख ५० हजार रुपैयाँमात्रै निकासा भएको छ।

ससर्त अनुदान पुँजीगतमा मध्यनेपाल नगरपालिकाको १ करोड ५७ लाख रुपैयाँ बजेट रहेकोमा ३४ लाख ५० हजार रुपैयाँ निकासा भएको छ। राइनासको ४ करोड ५ लाख बजेट रहेकोमा ९९ लाख रुपैयाँ निकासा भएको छ। सुन्दरबजारको २ करोड ४ लाख रहेकोमा ३९ लाख ७५ हजार रुपैयाँमात्र निकासा भएको प्रमुख कोष नियन्त्रक उप्रेतीले बताए। कोलिनकाका अनुसार लमजुङका ८ स्थानीय तहको यस वर्षको खुद बजेट ३ अर्ब ६ करोड ५९ लाख बजेट रहेकोमा फागुनसम्मको ८ महिना अवधिमा १ अर्ब ६१ करोड १४ लाख १२ हजार रुपैयाँ (५३ प्रतिशत) निकासा भएको छ। यसमा चालुतर्फ बढी र पुँजीगततर्फ कम निकासा भएको उनले बताए। आर्थिक वर्ष एकतिहाइ छँदा करिब एकतिहाइ मात्रै बजेट निकासा भएको प्रमुख कोष नियन्त्रक उप्रेतीले बताए।

'बजेट विनियोजन भएपछि योजना बनाएर छिट्टै कार्यान्वयनतर्फ लगिएमा बजेट निकासा पनि छिटो प्रक्रियामा जान्छ। ८ महिना बितिसक्यो। अहिलेसम्म १ रुपैयाँ पनि निकासा नभएको स्थिति छ। अझ हामीले रनिङ बिलको आधारमा निकासा दिएका छौं,' उनले भने। उनका अनुसार बजेट विनियोजन हुने, असोज कात्तिकसम्म दसैंतिहार भनेर यत्तिकै बस्ने, त्यसपछि प्रक्रिया अघि बढाउने, पुस-माघतिर टेन्डर आह्वान गर्ने, प्रक्रियामा जाने गर्दा ढिलाइ हुन्छ।

# विद्युत् आयोजना निर्माणमा रोक

घनश्याम खड्का (म्याग्दी)

धौलागिरि हिमालबाट जिल्लाको मध्य भाग हुँदै झर्ने राहुघाट खोलामा कानुनी प्रक्रिया पूरा नगरी निर्माणाधीन एक जलविद्युत् आयोजनालाई थप काम गर्न रोक लगाइएको छ। प्रारम्भिक वातावरणीय प्रतिवेदन (आईईई) परिमार्जन गर्न भनिए पनि त्यसविपरीत धमाधम पहुँच मार्ग र सुरुङ निर्माण थालेपछि शनिबार डिभिजन वन कार्यालयबाट खटिएको अनुगमन टोलीले निर्माणमा प्रयोग भएका डोजर, एक्स्काभेटरको चाबी तथा कागजात जफत गरी थप काम गर्न रोक लगाएको हो।

रघुगंगा-८ कुइनेमंगलेको छरीमा संयुक्त ऊर्जा प्रालिले २१.३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। हाल पहुँच मार्ग, बाँध र सुरुङ बनिरहेको छ। आयोजनाले आईईई स्वीकृत गराउँदा पहुँच मार्ग, बाँधस्थल, विद्युत् गृहसमेत आयोजना क्षेत्रमा ४ हजार २ सय रूखबिरुवा काट्नुपर्ने उल्लेख छ। तर, वन कार्यालयका अधिकारीले स्थलगत अध्ययन गर्दा जम्मा १ हजार ६ सय मात्र रूख काट्नुपर्ने देखिएको थियो। आयोजनाले पेस गरेको स्वीकृत आईईई रिपोर्ट र स्थलगत अध्ययन प्रतिवेदनमा रूखको संख्या धेरै नै फरक परेपछि पूरक आईईई गरी स्वीकृत गराउन भनिएको थियो। तर आयोजनाले बलपूर्वक काम अगाडि बढाएपछि निर्माण उपकरण र कागजात नियन्त्रणमा लिएको कार्यालयले जनाएको छ।

'वातावरण नियमावलीअनुसार एउटा मात्र रूख तल-माथि परे पनि अनिवार्य आईईई परिमार्जन गर्नुपर्ने अनिवार्य व्यवस्था छ तर आयोजनाले हालसम्म आईईई परिमार्जन गरेको छैन,' वन कार्यालयका सूचना अधिकारी नरबहादुर क्षत्रीले भने, 'हामीले पटक-पटक मौखिक रूपमा काम रोक्न र कानुनी प्रक्रिया पूरा गर्न सचेत गरायौं तर अटेर गरेपछि बाध्य भई आयोजना निर्माणमा प्रयोग भएका उपकरणको चाबी र कागजात जफत गरी काम रोक्न लगाएका हौं।'

आयोजनाले सरकारी वन क्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्न वन मन्त्रालयमा माग गरेअनुसार स्थलगत अनुगमनमा कार्यालय प्रमुख मनोज रानाभाट, सहायक वन अधिकृत नरबहादुर क्षत्रीसमेतको टोली गएको थियो। आयोजनाले सरकारी वन क्षेत्रको भोग गर्ने क्षेत्रफल पहिचान गर्न गएको उक्त टोलीले आईईईमा स्वीकृति लिएको रूखको संख्याभन्दा धेरै थोरै मात्र रूख काट्नुपर्ने देखिएको भन्ने प्रतिवेदन विभागमा बुझायो। विभागले नै स्वीकृत आईईईमा काट्नुपर्ने रूखको संख्या फरक देखिएकाले परिमार्जन नहुँदासम्म काम रोक्न निर्देशन दिएको क्षत्रीले बताए।

आईईईमा धेरै रूख काट्नुपर्ने उल्लेख गरी स्वीकृति लिइनुले लेकाली बहुमूल्य जातका रूखको अवैध कटानी गरी व्यापार गर्ने मनसाय लुकेको हुन सक्ने वन अधिकारीले आशंका गरेका छन्।

> आईईईले ४२०० रूख काट्नुपर्ने भने पनि स्थलगत हेर्दा १६०० मात्रै काट्दा हुने

वन कार्यालयले कानुनी प्रक्रिया पूरा नगरेको भन्दै आयोजना निर्माण रोकेपछि सुरुङ निर्माणमा प्रयोग हुने विस्फोटक पदार्थको सुरक्षा तथा नियमनमा आयोजनास्थलमा खटिने नेपाली सेनाको टोली पनि हाललाई फर्केको छ। आयोजनाका जनसम्पर्क अधिकृत राम केसीसँग कान्तिपुरले पटक-पटक सम्पर्क गर्न खोजे पनि मोबाइल 'स्विच अफ' गरिएकाले सम्पर्क हुन सकेन।

यसैबीच, स्थलगत अध्ययनपछि सदरमुकाम फर्किरहेको वन कर्मचारीको टोलीलाई रघुगंगा-७ चिमखोलाका वडाध्यक्ष दुर्गा पुनसहितको टोलीले अवरोध गर्नुका साथै दुर्व्यवहार गरेको पनि डिभिजन वन कार्यालयले दाबी गरेको छ। सहायक वन अधिकृत क्षत्रीका अनुसार वडाध्यक्ष पुनले 'आयोजनामा प्रयोग भएको एक्स्काभेटर आफ्नो भएको' भन्दै चाबी र कागजात फिर्ता दिन दबाब दिएका थिए।

# मकैको बीउ अभाव

बागलुङ (कास)- गलकोट नगरपालिकाको कृषि शाखाले अघिल्लो वर्ष ५ सय केजी मकैको बीउ खरिद गर्न बजेट छुट्याए पनि बजेट फ्रिज भयो। चालु वर्ष उक्त बजेटको शीर्षक नै नराखेको कृषि शाखा प्रमुख रमा शर्माले बताइन्। कृषि ज्ञान केन्द्रले पनि बीउ नपाएर पठाउन सकेन। निकै मेहनतले बीउ खोजेपछि चालु वर्ष बागलुङ-४ को कुडुलेमा बीउ उत्पादन सुरु भएको छ। 'हामीले मकै पकेट बनाएर बीउका लागि छुट्याएका छौं,' ज्ञान केन्द्र प्रमुख भानुभक्त भट्टराईले भने, 'अर्को वर्षदेखि अभाव हुन दिँदैनौं।' हाइब्रिड जातको लगाउने चलनले बीउ मासिन थालेको उनले बताए।

अभाव भएपछि ताराखोला गाउँपालिकाले पनि मकै संरक्षणको अभियान थालेको छ। त्यसका लागि ग्रामीण बस्तीमा बचेखुचेका बीउ खरिद गरेर उत्पादन बढाउने लक्ष्य रहेको कृषि शाखा प्रमुख कर्णखर भट्टराईले बताए। पछिल्लो समय जिल्लाभरि नै मकैको बीउ मासिँदै गएको हो। अघिल्ला केही वर्षदेखि बीउ उत्पादन नभएको समस्या अहिले देखिएको भट्टराई बताउँछन्। सदरमुकामस्थित असिम एग्रोभेटका सञ्चालकले २ क्विन्टल लोकल मकैको बीउ खोज्दा नपाएको बताए। सिफारिस गरिएका मनकामना र गणेश जातका बीउको समेत अभाव छ। मनसुन फुड एन्ड एग्रो प्रोडक्टका सञ्चालक यामप्रसाद कँडेलले ६ सय मुरी (४३ हजार केजी) मकैको खोजी गर्दा छिमेकी जिल्लासमेत धाएर आधा पनि भेटेनन्।

किसानले खोजेको बीउ दिन नसकिएको ज्ञान केन्द्रका सूचना अधिकारी कुमार पुनले बताए। बागलुङमा २० हजार ५ सय हेक्टरमा मकै खेती हुन्छ। तर पछिल्लो समय आधा उत्पादन घटेको छ। ज्ञान केन्द्रले सिफारिस बाहेकको जात बेच्न निषेध गरेको पुनले जानकारी दिए।

USAID FROM THE AMERICAN PEOPLE
WWF
CENTER for LARGE LANDSCAPE CONSERVATION

CALL FOR PROPOSALS

WWF Nepal, the global conservation organization leading international efforts *for a living planet,* calls for proposals for the following consultancy. If you think you are an achiever and willing to work within a diverse team in a multicultural environment with commitment and passion for what you believe in, you are highly encouraged to apply.

**Call For Proposal: Consultancy for Database Development for ALIGN Project, Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) Project**

Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) is a United States Agency for International Development (USAID) funded regional project being implemented by WWF and Center for Large Landscape Convention (CLLC) in three focal countries (Nepal, India, and Mongolia) to enhance the development and implementation of effective, high-quality safeguard measures to avoid, lessen and/or mitigate adverse impacts from linear infrastructure development on people and natural resources in Asia. The project seeks to develop a user friendly and secured database system which can be updated regularly and will be a hub for all information management. This includes the development and installation of a comprehensive and secure project database system, with corresponding dashboard, to enter/upload, analyze and generate information from any geographic location. The consulting organization/institution should develop standard procedures and guidelines for maintaining the database as well.

**Qualifications:**

The consulting organization/institution should have VAT registration and a minimum of 5 years of experience in database design and roll out for development or related projects and a proven experience to lead in the structural design of a database according to various system requirements. The team should possess ability to work under pressure, effectively coordinate and meet tight deadlines without compromising the quality of work.

Eligible organizations/institutions are requested to submit separate technical and financial proposals in sealed envelopes along with cover letter to the address listed below to be received by **5:00 PM** on **1st April 2022**. Please mention **"Consultancy- Database development for ALIGN"** on the envelope.

**WWF Nepal, ALIGN**
**PO Box: 7660, Pavitra Pyara Marg, Baluwatar, Kathmandu, Nepal**

Only applicants selected for further consideration will be contacted. Telephone inquiries will not be entertained. Detailed terms of reference can be downloaded from

**Website: https://www.wwfnepal.org/opportunities/vacancy/**

*WWF is an Equal Opportunity Employer. Please join us in our mission to save life on Earth.*

# विद्यालय छ, पढाइ छैन

## ३ जना मात्र विद्यार्थी भएकोमा तिनै पनि नआएपछि विद्यालय बन्द, शिक्षक भने नियमित खोलेको दाबी गर्छन्

प्रकाश बराल (बागलुङ)

विद्यार्थी घटेपछि ३ वर्षअघि बागलुङ नगरपालिका-१२ तल्लो सरंगेको कालीगण्डकी प्रावि नजिकैको लक्ष्मीनारायण आधारभूत विद्यालयमा गाभियो। अभिभावकले टाढा भएको भन्दै विद्यालय पुनः सञ्चालन गर्न माग गरेपछि नगरपालिकाले ब्युँतायो। गत माघदेखि कालीगण्डकी प्राविमै हाजिर हुने गरी २ शिक्षकको दरबन्दी पनि दिइयो। प्रधानाध्यापक दिननाथ शर्मा, शिक्षक विष्णु आचार्य र सहयोगी शारदा लामिछाने बिद्यालयको दरबन्दीमा छन्। तर बिद्यालयमा ३ जना मात्रै बालबालिका अध्ययनरत छन्। तिनै विद्यार्थी पनि नआएपछि अधिकांश समय विद्यालय बन्द हुन्छ। यो विद्यालय कालीगण्डकी करिडोर र मालढुंगा कुश्मीसेरा सडकको बीचमा छ। नियमित गुड्ने सवारीले धूलोले पुरिएको छ। 'हामी दैनिक यो बाटो हिँडिरहेका छौं, विद्यालय खुलेको देखेका छैनौं,' बागलुङ कुश्मीसेरा गुड्ने जिपका एक चालकले भने, 'छाडेको घरजस्तै छ।'



बागलुङ-१२ को सरंगेस्थित कालीगण्डकी प्रावि। तस्बिर : कान्तिपुर

अनुगमनको क्रममा विद्यालय पुगेका सरोकारवालाले पनि विद्यालयमा ताला लगाएको भेटेको बताए। 'बाल विकास कक्षा नियमित चल्नुपर्ने हो,' शिक्षा शाखाका निरीक्षक लक्ष्मीप्रसाद शर्माले भने, 'बुझ्दा विद्यालय चलिरहेको भन्छन्।' विद्यालयमा जमेको धूलो देख्दा पनि नियमित बन्द भएको स्पष्ट भएको स्थानीय इन्द्र केसीले बताए। प्रअ दिननाथ शर्माले भने फोनमा कुरा गर्दा विद्यालयमै रहेको प्रतिक्रिया दिए। उनले बाल विकासमा ५ र अन्य कक्षामा ३ जना रहेको बताए। वैशाखदेखि २० जनासम्म बालबालिका पुग्ने उनले दाबी गरे।

नगर शिक्षा शाखाले गत मंसिरमा विद्यालय ब्युँताएको थियो। 'आगामी शैक्षिक सत्रदेखि बालबालिका आउनेछन् भनेर दरबन्दीसमेत दिएर ब्युँताएका हौं,' नगर शिक्षा अधिकारी धनप्रसाद पोखरेलले भने, 'बालबालिका छैनन् भने पनि शिक्षक कार्यालय जानुपर्ने हो।' विद्यार्थी भएकोले नियमित खुलाएको शिक्षकले दाबी गरेको उनले बताए। स्थानीय अभिभावक विजय केसीले पनि विद्यालय नियमित नखुलेको बताए। बालबालिका नभएपछि शिक्षक पनि नियमित नदेखेको उनको भनाइ छ।

विद्यार्थी संख्या नभएपछि मर्ज गरिए पनि शिक्षा शाखामा दबाब आएपछि फिर्ता भएको थियो। फिर्ता गर्न पहल गरेका शिक्षक नै विद्यालय नजाने, बालबालिका बढाउन नखोज्ने देखेपछि शाखामा उजुरीसमेत आएको हो। 'आगामी जेठमा नयाँ भर्ना अभियान चल्छ, त्यतिबेला पनि कोही भएनन् भने नगरले फेरि गाभ्नेछ,' पोखरेलले भने, 'त्यतिन्जेल हामीले पनि पर्खेर हेर्ने योजना बनाएका छौं।' दुई वर्षअघि बानपा-१३ को कृष्ण प्रावि र सरस्वती प्रावि, बानपा १४ को सरस्वती प्रावि र शिव प्राविलगायत ८ विद्यालय गाभिएका थिए।

# बाजाको तालमा नाच्दै, रंग लगाउँदै




पाल्पाको ग्रामीण भेगमा परम्परागत रूपमा बाजागाजा र नाचगानसहित फागुपर्व मनाईंदै ।

तस्बिर : माधव/कान्तिपुर

**माधव अर्याल** (पाल्पा)

माथागढी गाउँपालिका-१ चिदीपानीका राजकुमार पन्थी बुधबार दिनभर पञ्चेबाजाको तालमा फागु खेले । बिहीबार पनि उनी पञ्चेबाजाको तालमा रमाइलो गर्दै गाउँटोल घुमे । उनलाई गाउँका युवाले साथ दिए । परम्परा र संस्कृति संरक्षण गर्न उनको समूह घरघरमा पुगेर फागु खेलेको हो ।

विगत २ वर्ष कोरोना महामारीले संस्कृति संरक्षण गर्न नपाएका पन्थीको समूहले यसपटक बाजागाजा र नाचगानसहित फागु मनाएको हो । 'हाम्रो संस्कृति जोगाइ राख्नुपर्छ भनेर नै हामीले पञ्चेबाजासहित फागु खेलेका हौं,' उनले भने, 'सबैलाई रमाइलो पनि भयो र पुराना पुस्ताले स्याबासी पनि दिए ।'

उनको समूह पञ्चेबाजा बजाएर घरदैलो गर्दा संस्कृति जोगाएको अनुभव पुराना पुस्ताले पनि गरे । चिदीपानीको ढकालकुना, अर्पिडाँडा, शीत्तल चिलाउने, चन्द्रवनका स्थानीयले पनि साथ दिए । बगनासकाली गाउँपालिका-८, बराङ्दीका युवा दयाराज न्यौपानेको टोली पनि परम्परागत ट्याम्को, मादल, डम्फु, खैंजडी बोकेर फागु खेल्यो । 'यस वर्ष रमाइलो गरियो,' न्यौपानेले भने, 'घरघर पुगेर फागु खेलियो । संस्कृति जोगाउन युवा पुस्ता अघि सर्नै पर्छ ।'

उनका अनुसार गाउँमा फागु पूर्णिमा आएको पत्तै हुन छाडेको थियो । पूर्णिमाको ४ दिनअघिदेखि नै लोकबाजा ट्याम्को, ढोलकी, मजुरा, डम्फु, खैजडी लिएर बजाउँदै केटाकेटी, युवायुवती, वृद्धवृद्धासमेत नाच्दै गाउने चलन हराएको छ । 'अहिलेका युवालाई पुरानो संस्कृति बचाउनुपर्छ भन्ने ज्ञान दिन यस्तो चलन ब्यूँताइएको हो,' उनले भने, 'कमसेकम पुरानो चलन यस्तो रहेछ भन्ने थाहा त हुन्छ ।' आफूहरूलाई पुरानो चलन छाड्न मन नलाग्ने बराङ्दीका वडाध्यक्ष गणेश बस्यालले बताए । 'संस्कृति जोगाउँदै र युवा पुस्तालाई सिकाउँदै अघि बढेका छौं,' उनले भने ।

ट्याम्को, ढोलक, मजुराको तालमा दिनभर र रातभर फागु खेलेको सम्झने रामपुर नगरपालिका-९ लाम्दीखोलाका कुलदेव खनाल एक पात्र हुन् । जिल्लाका कतिपय स्थानमा अझै पनि मौलिक परम्परा धान्न यसरी फागु खेलिने र गीत गाइने गरेको उनले सुनाए । 'फागुका गीत नै अलग्गै हुन्थे,' उनले भने, 'अहिले कमै मात्र सुनिने गरेको छ ।'

'होलिका दह र प्रल्हादको विजयबाट पर्व सुरुवात भएका सम्बन्धी गीत गाउने चलन हरायो,' पूर्वखोलाका युवा मणि पंगेनीले भने, 'सहरबजारमा जति रमाइलो गरे पनि गाउँको परम्परा भने जोगाउन मुस्किल हुन थालेको छ ।' अहिले पनि कतिपय गाउँमा फागु संस्कृति जोगाएको भेटिन्छ ।

रैनादेवी छहरा-२ सोमादीमा फागु संस्कृतिलाई निरन्तरता दिएर जोगाएका छन् । 'गाउँघरमा ट्याम्को र ढोलक बजाएर फागु खेल्ने चलन हराउन नदिने सोचमा छौं,' सोमादी, सर्देवाका ऋषिराम नेपालले भने, 'अन्यत्र कतिपय गाउँमा हराए होला ।' भैरवस्थानवासीले पनि फागु संस्कृति जोगाएका छन् । 'गाउँमा परम्परागत रूपमा बाजा बजाएर र नाचेर फागु खेल्ने युवा नै छैनन्,' रिब्दीकोट-४ भैरवस्थानका दुर्गा खनालले भने, 'अनि कहाँ बजोस् ट्याम्को र ढोलक ? त्यसैले परम्परागत संस्कृति देखाउन, जोगाउन पनि प्रतियोगितात्मक फागु आयोजना गरिन्थ्यो । तर, पछिल्लो समयमा कोरोना महामारीले हामीलाई साथ दिएको छैन ।' उनका अनुसार युवाको विदेश पलायन र पुरानो पुस्ताले जाँगर नचलाएपछि यस्तो संस्कृति हराउँदै गएको हो ।

जिल्लाको पूर्वी भेगका प्रायः सबै गाउँमा केही वर्षअघिसम्म पनि फागु पूर्णिमा आउनु ५ दिनअघिदेखि नै बाजा बजाएर फागुका गीत बजाउने र गाउने चलन कायम थियो । गाउँटोलमा पुराना पुस्ताका व्यक्ति मात्रै सीमित भए, जाने-बुझेका कतिपय बसाईं झरेर तराई पुगे । त्यसैले सहरको संस्कृतिजस्तै गाउँघरमा पनि एक दिन अबिर लगाएर र सांस्कृतिक कार्यक्रम गरेर फागु पर्व मनाइन थालिएको छ । 'पहिलाजस्तो केही छैन,' रामपुर नगरपालिका-९ की रीमा सुनारीले भनिन्, 'अहिले त बजारमै फागुको रमाइलो हुने गर्छ । तैपनि कहींकतै युवा पुस्ताले जोगाएका छन् ।'

## चीर ठड्याएर फागु

फागु पर्वका अवसरमा रैनादेवीछहरा-२ सोमादीमा भने राजधानी काठमाडौंको वसन्तपुरमा चीर ठड्याएजस्तै लिङ्गो ठड्याउने गरिन्छ । 'पुस्तौंदेखिको परम्परालाई अहिलेसम्म छाडिएको छैन,' स्थानीय तुलसी पाण्डेयले भने, 'होलिका र कृष्णका पालामा जस्तै पौराणिक तरिकाले फागु मनाउने गरेका छौं ।' उनका अनुसार अष्टमीदेखि पूर्णिमासम्म त्यही चीर अर्थात् लिङ्गोमा पूजाआजा गर्ने गरिन्छ । वरिपरि घुमेर कृष्ण चरित्र र रामायणका गीत गाउने चलन छ । सर्देवामा मनाइने होली अन्य स्थानको भन्दा फरक रहेको पाण्डेयले बताए । 'परम्परा कायमै छ,' उनले भने, 'जिल्लाकै अन्य स्थानमा यस्तो तरिकाले फागु मनाइँदैन ।' उनका अनुसार ८०/९० घरका सबैले फागु खेल्छन् । लिङ्गोमा दिनहुँ घसेटा (स-साना दाउरा) राख्छन् । ध्वजा-पताकासमेत टाँग्ने चलन छ । तराईमा फागु खेल्ने दिनमा पनि सबैका घरघरमा गएर खेल्ने गरिन्छ । 'सबैका घरमा जाने, अबिर लगाउने, फागु खेल्ने र रमाइलो गरिन्छ,' उनले भने, 'एक अर्काबीच अबिर लगाएर खाने, बस्ने रमाइलो हुन्छ ।' उनका अनुसार फागु खेल्न गाउँबाट बाहिर गएकासमेत आउने चलन छ । फागुको अन्तिम दिन दैनिक जम्मा गरेको घसेटा पोल्ने र सबै खरानी उडाउने चलन छ ।

# उखु किसानले ४ वर्षदेखिको भुक्तानी पाएनन्

**नवीन पौडेल** (परासी)

पश्चिम नवलपरासीका उखु किसानले चार वर्षदेखिको बक्यौता रकम पाएका छैनन् । उद्योगीले विभिन्न बहाना बनाउँदै बक्यौता रकम नदिएको उनीहरूको गुनासो छ ।

जिल्लाको इन्दिरा सुगर मिलले २ करोड रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्न बाँकी छ । उधारोमा उखु खरिद गरेर रकम नदिने र उद्योग पनि सञ्चालन नगर्दा किसान थप समस्यामा परेका छन् । इन्दिरा सुगर मिल तीन वर्षदेखि बन्द छ । 'उद्योगी सम्पर्कमा नआउने र उद्योग पनि बन्द भएपछि बाँकी रकम माग्नका लागि कहाँ जाने भन्ने अन्योलमा छौं,' प्रतापपुर गाउँपालिका-५ का रामकरण चौधरीले भने, 'सीडीयो कार्यालय र नेताहरूकहाँ पटक-पटक रकम भुक्तानीका लागि गए पनि अहिलेसम्म काम भएको छैन ।'

उद्योगका सञ्चालक राकेश अग्रवाललाई प्रहरीले गत वर्षको माघमा जिल्ला अदालत नवलपरासीमा ठगी मुद्दा दायर गरेको थियो । तत्कालै किसानको रकम भुक्तानी गर्ने प्रतिबद्धता गरेर धरौटीमा रिहा भएका अग्रवालले अहिलेसम्म रकम भुक्तानी गर्न चासो नदिएको उखु उत्पादक किसान समिति लुम्बिनी प्रदेशका अध्यक्ष उमेश यादवले बताए । 'काठमाडौं केन्द्रित आन्दोलन भयो भने मात्र सरकार गम्भीर भएजस्तो गर्ने, जिल्लाको समस्यालाई प्राथमिकतामा नराख्दा समस्या ज्यूँका त्यूँ छ,' उनले भने, 'चार-चार वर्षसम्म भुक्तानी नगर्ने अनि उद्योग पनि बन्द गरेर बस्ने उद्योगीलाई सरकारले खोई कारबाही गरेको ?'

आर्थिक वर्ष ०७७/७८ मा सरकारले निर्धारण गरेको मूल्यमा वाग्मती चिनी उद्योगले प्रतिक्विन्टल ८ रुपैयाँका दरले रकम भुक्तान गरेको छ । सरकारले ढिलो गरेर मूल्य निर्धारण गर्दा किसानले उद्योगलाई अघिल्लो वर्षको मूल्यमा तत्काल उखु बिक्री गर्ने र बढेको मूल्य उद्योगले थप गर्ने गरेका छन् । सोहीअनुसार वाग्मती चिनी उद्योगले करिब ४० लाख रुपैयाँ किसानलाई दिनुपर्ने भए पनि अहिलेसम्म भुक्तानी भएको छैन । उखु उत्पादक किसान समितिले विज्ञप्तिमार्फत तत्काल किसानको रकम भुक्तानी दिनुपर्ने र नदिएमा उद्योगीलाई कारबाही गर्न माग गरेको छ ।

चिनी उद्योगलाई अहिले उखुको अभाव भएको छ । पाँच-सात वर्षअगाडिसम्म प्रशस्त उखु उत्पादन हुने जिल्लामा अहिले उत्पादन घटेको छ । जसका कारण वर्षमा तीन महिना सञ्चालन हुने उद्योग अहिले मुस्किलले एक महिना मात्र सञ्चालन हुने गरेका छन् । जिल्लामा रहेका चार वटा चिनी उद्योगमध्ये कच्चा पर्दाको अभाव र भुक्तानीको समस्याका कारण दुई वटा उद्योगमात्र अहिले सञ्चालनमा छन् । वाग्मती चिनी उद्योग र लुम्बिनी सुगर मिल सञ्चालनमा छन् । इन्दिरा सुगर मिल र मोहिनी सुगर मिल बन्द छन् ।

सञ्चालनमा रहेका दुई उद्योगलाई पनि पर्याप्त उखु नहुँदा पूर्ण क्षमतामा सञ्चालन गर्न नसकिएको उद्योगी बताउँछन् । जिल्लामा उत्पादनमा कमी आएपछि कपिलवस्तुदेखि उखु ल्याएर उद्योग सञ्चालन गरिरहेको लुम्बिनी चिनी उद्योग सुनवलका कार्यकारी प्रमुख केशवराज आचार्यले बताए । 'दुई वर्षदेखि बन्द रहेको उद्योग सञ्चालनमा ल्याएका छौं । तर उद्योगलाई आवश्यक कच्चा पदार्थको जिल्लामा अभाव छ,' उनले भने, 'कपिलवस्तुदेखि कच्चा पदार्थ ल्याउँदा ढुवानीको खर्च बढेको छ । दैनिक १० हजार क्विन्टल उखु क्रसिङ गर्ने क्षमता भए पनि पूर्ण क्षमतामा उद्योग सञ्चालन गर्न सकिएको छैन ।'

जिल्लामा सबैभन्दा धेरै २०५९ सालमा ४५ लाख क्विन्टल उखु उत्पादन भएको थियो । गत वर्षसम्ममा २० लाखमा झरेको छ । विगतमा १२ हजार हेक्टरबाट उखु खेती गरिएकामा अहिले ५ हजार हेक्टर क्षेत्रफलमा मात्रै उखु खेती गरिँदै आएको छ ।

# नेपालगन्ज विमानस्थल स्तरोन्नतिको ३ अर्ब खोसियो

## बजेट अभावमा भौतिक सुधार कार्य रोकिएकाले हवाई सुरक्षा चुनौतीसमेत बढ्दै

**जे पाण्डे** (नेपालगन्ज)



प्रतिदिन ५० देखि ६० वटा जहाजले उडान गर्ने नेपालगन्ज विमानस्थल स्तरोन्नतिका लागि विनियोजित ३ अर्ब रुपैयाँ बजेट फिर्ता गरिएपछि स्थानीय निराश बनेका छन् । विमानस्थलको भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि सरकारले ३ अर्ब रकम विनियोजन गरेको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सुधार योजना कार्यान्वयन गर्ने बेला बजेट खोसेपछि सुधार कार्य स्थगन भएको छ ।

'आधुनिक मापदण्डअनुसार कस्टम चेकिङ, क्वारेन्टाइन, इमिग्रेसनसहितको आन्तरिक र अन्तर्राष्ट्रिय दुवै किसिमका हवाई उडानका लागि आवश्यक टर्मिनल भवन बनाउन थालिएको थियो,' यहाँस्थित नागरिक उड्डयन प्राधिकरण कार्यालयका प्रमुख सुवास झाले भने, 'तर बजेट फिर्ता गरिएपछि काम रोकियो ।' स्तरोन्नति योजना रोकिएपछि यहाँबाट भारतको राजधानी नयाँदिल्लीसम्म उडान गर्ने सपना खेर गएको उनको भनाइ छ । विमानस्थलको क्षमता विस्तार गरेर सुरक्षित बनाउने योजना खेर गएपछि यहाँ सरोकारवाला चिन्तित छन् ।

बजेट अभावमा भौतिक सुधार कार्य रोकिएकाले हवाई सुरक्षा चुनौतीसमेत बढेको छ । नेपालगन्ज विमानस्थल २०३७ सालमा निर्माण गरिएको हो । त्यसअघि विमानस्थल खजुरा बजारमा थियो । त्यतिबेला तत्कालीन शाही नेपाल वायुसेवा निगमका पाँच जहाजले मात्र उडान गर्थे । अहिले काठमाडौं, पोखरासहित कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी जिल्लामा गरी ५० देखि ६० वटा उडान हुँदै आएका छन् । यात्रु र जहाजको संख्या बढेकाले टर्मिनल भवन अति नै साँघुरो भएको छ । विमानस्थल स्तरोन्नतिका लागि प्राधिकरणले अन्तर्राष्ट्रिय स्तरको ठेक्कासमेत आह्वान गरेको थियो । साउनबाट निर्माण सुरु गर्नुपर्ने थियो । तर मन्त्रालयको दबाबमा प्राधिकरणले भदौमा ठेक्का रद्द गरेर बजेटसमेत खोसिदिएपछि विमानस्थल सुधार रोकिएको हो ।

'गुरुयोजनाअनुसार एयरबस ३२० ल्यान्ड गराउने, यहाँबाट दिल्ली उडान गर्ने योजना थियो । काम पनि अगाडि बढ्न थालिसकेको थियो । धेरै पटक कुरासमेत चलिसकेको थियो । तर अहिले योजना नै ओझेलमा परेको छ,' प्रमुख झाले भने । विमानस्थल सुधारअन्तर्गत नयाँ कन्ट्रोल टावर र कार्गो टर्मिनल भवन निर्माण गर्ने लक्ष्य छ । त्यसबाहेक अहिलेको १७ सय मिटरको धावन मार्गलाई बढाएर २५ सय पुर्‍याउने योजनासमेत छ । तर प्राधिकरणले निर्माण प्रक्रिया थाल्नुपर्नेमा उल्टै बजेट नै खोसेर ठेक्का समेत रद्द गरिदिएकाले स्थानीय तहसमेत रुष्ट भएका छन् । 'दिल्ली उडानका लागि भारतीय राजदूतसँग पनि कुरा गरेको थिएँ । यस्तो बेला बजेट खोसेर पश्चिम नेपालको विकास हुनै नदिने र विमानस्थल सुधारमा सरकार बाधक बन्यो,' नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख धवलशमशेर राणाले भने, 'अब प्राधिकरण र सरकारका विरुद्ध अदालत जाने तयारीमा छौं ।'

टर्मिनल भवन पुरानो र साँघुरो भएको स्विकार्दै नयाँ निर्माणका लागि डिजाइनसमेत गरी ३ अर्ब लाग्ने अनुमान गरिएको प्राधिकरणका उपमहानिर्देशक जगन्नाथ निरौलाले बताए । 'सरकारले २० करोड रुपैयाँ मात्र निकासा दिएको छ । अपुग रकम माग गरेका छौं,' उनले भने, 'तर अर्थ मन्त्रालयले बजेट नै दिएको छैन ।' बजेट अभावमा विमानस्थल सुधार नहुँदा धावनमार्गमा उडान गर्न लागेका जहाज पटक-पटक वन्यजन्तुमा ठोक्किने गरेका छन् । जहाजका चक्कामा स्याल, बँदेल र दुम्सी ठोक्किने क्रम नरोकिँदा विमानस्थलमा सुरक्षा चुनौती देखिएको हो । सरकारले जहाजजस्तो अति संवेदशील यातायातको साधनमा जंगली जनावर ठोक्किएर क्षति पुग्ने गरेकै बेला विमानस्थलको स्तरोन्नति रोक्ने कामको निजी एयरलाइन्सहरूले विरोध गरेका छन् । 'अन्तर्राष्ट्रिय स्तरको टर्मिनल भवन नै नभएपछि दिल्ली हवाई उडान योजनासमेत सफल नहुने देखियो,' बुद्ध एयरका स्टेसन म्यानेजर विनीत शाहले भने ।

# माओवादीको निर्वाचन केन्द्रित योजना

रूपन्देही (कास)- माओवादी केन्द्रले बिहीबार लुम्बिनी प्रदेशका नेता-कार्यकर्तालाई प्रदेशस्तरीय निर्वाचन केन्द्रित प्रशिक्षण दिएको छ । अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, कृष्णबहादुर महरा, वर्षमान पुनसहित बुटवलमा आएका माओवादी केन्द्रीय नेताहरुले कुनै पार्टीसँग तालमेलबिनै 'एक्लो तागत'का साथ स्थानीय तहको चुनावी तयारीमा लाग्न स्थानीय नेता-कार्यकर्तालाई निर्देशन दिएका छन् ।

माओवादी अध्यक्ष दाहालले बुधबार काठमाडौंका गैरभौगोलिक ३ प्रदेशमा प्रशिक्षण सकेर बिहीबार बुटवलमा आएको बताए । गण्डकीमा शनिबार र मधेस प्रदेशमा चैत ७ मा प्रशिक्षण गरेर माओवादी पूरै शक्ति र तागतका साथ देशैभरि निर्वाचनमा होमिने उनले घोषणा गरे । लुम्बिनीको प्रशिक्षणमा प्रदेशभरिबाट १३० नेता-कार्यकर्ता अन्य पार्टी छोडेर माओवादी प्रवेश गरेका थिए । पार्टी प्रवेश गर्नेलाई दाहाल, श्रेष्ठ, महरा र पुनले संयुक्त रूपमा स्वागत गरेका थिए ।

प्रशिक्षणपछि माओवादीले लुम्बिनीलाई 'आधार इलाका' भएकाले अहिलेसम्मका सम्पूर्ण अन्तर्विरोध बिर्सेर निर्वाचनमा लाग्न पनि निर्देशन दिएको छ । माओवादी प्रदेश कमिटी सदस्य युवराज केसीका अनुसार निर्वाचन केन्द्रित २ महिने योजना तयार भएको छ । वैशाख २९ सम्म नै नेता-कार्यकर्ता खट्ने गरी केन्द्रीय सदस्यको नेतृत्वमा १५ दिने जिल्लास्तरमा प्रशिक्षण कार्यक्रम, त्यसपछि निर्वाचन केन्द्रित आन्तरिक तयारी, छलफल र वार्ताका कार्यक्रम हुनेछन् । वैशाख १५ देखि घरदैलो अभियान सुरु हुने गरी योजना बनेको उनले बताए ।

यसअघि अध्यक्ष दाहालले बिहीबार बिहान बुटवलमै भएको पत्रकार सम्मेलनमा बोल्दै कार्यकर्तालाई एक्लै चुनाव लड्ने गरी अघि बढ्न निर्देशन दिएका थिए । कांग्रेससँग तत्काल गठबन्धन टुट्ने सम्भावना नभए पनि कांग्रेसले लखेट्नै खोजेको अवस्थामा एमालेसँग तालमेल गर्न सकिने उनको दाबी थियो । 'एमालेसँग तत्काल कुनै छलफल भएको त छैन,' उनले भने, 'तर कांग्रेसमा पनि केही अतिवादी नेताहरू छन्, उनीहरूकै कारण कांग्रेसले लखेट्नै खोज्यो भने त के हुन्छ भन्न सकिँदैन ।' उनले देशभरिका कार्यकर्तालाई आफ्नै शक्ति र आफ्नै एजेन्डामा निर्वाचन लड्न र जित्ने गरी तयार हुन निर्देशन दिए । गठबन्धनका दलबीच तालमेल भइहाले देशैभरि नहुने र आवश्यकताका आधारमा मात्र हुने भएकाले संगठनलाई बलियो बनाउने, आर्थिक र राजनीतिक एजेन्डा लिएर जनतामा जाने र आफ्नै तागतमा निर्वाचनमा होमिन पनि उनले कार्यकर्तालाई निर्देशन दिएका थिए ।

USAID
FROM THE AMERICAN PEOPLE
WWF
CENTER for LARGE LANDSCAPE CONSERVATION

**CALL FOR PROPOSALS**

WWF Nepal, the global conservation organization leading international efforts *for a living planet*, calls for proposals for the following consultancy. If you think you are an achiever and willing to work within a diverse team in a multicultural environment with commitment and passion for what you believe in, you are highly encouraged to apply.

**Call For Proposal: Consultancy for Database Development for ALIGN Project,**
**Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) Project**

Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) is a United States Agency for International Development (USAID) funded regional project being implemented by WWF and Center for Large Landscape Convention (CLLC) in three focal countries (Nepal, India, and Mongolia) to enhance the development and implementation of effective, high-quality safeguard measures to avoid, lessen and/or mitigate adverse impacts from linear infrastructure development on people and natural resources in Asia. The project seeks to develop a user friendly and secured database system which can be updated regularly and will be a hub for all information management. This includes the development and installation of a comprehensive and secure project database system, with corresponding dashboard, to enter/upload, analyze and generate information from any geographic location. The consulting organization/institution should develop standard procedures and guidelines for maintaining the database as well.

**Qualifications:**

The consulting organization/institution should have VAT registration and a minimum of 5 years of experience in database design and roll out for development or related projects and a proven experience to lead in the structural design of a database according to various system requirements. The team should possess ability to work under pressure, effectively coordinate and meet tight deadlines without compromising the quality of work.

Eligible organizations/institutions are requested to submit separate technical and financial proposals in sealed envelopes along with cover letter to the address listed below to be received by **5:00 PM** on **1st April 2022**. Please mention **"Consultancy- Database development for ALIGN"** on the envelope.

**WWF Nepal, ALIGN**

**PO Box: 7660, Pavitra Pyara Marg, Baluwatar, Kathmandu, Nepal**

Only applicants selected for further consideration will be contacted. Telephone inquiries will not be entertained. Detailed terms of reference can be downloaded from

**Website: https://www.wwfnepal.org/opportunities/vacancy/**

*WWF is an Equal Opportunity Employer. Please join us in our mission to save life on Earth.*

# ८५ हजारमै वन विज्ञान पढाइ



रुकुम पश्चिमको चौरजहारी नगरपालिका-१ स्थित सहिद यज्ञवश्वर स्मृति बहुप्राविधिक शिक्षालय। तस्बिर : हरि/कान्तिपुर

**हरि गौतम** (रुकुम पश्चिम)

चौरजहारी नगरपालिका-१ मा सहिद यज्ञश्वर स्मृति बहुप्राविधिक शिक्षालय खुलेपछि विद्यार्थीले सस्तो शुल्कमै घर नजिकै वन विज्ञान पढ्न पाएका छन्। शिक्षालयमा ३ वर्षे कोर्स सक्न ८५ हजार रुपैयाँ मात्र शुल्क तोकिएको छ।

२०७६ देखि शिक्षालयमा वन विज्ञानको पढाइ सुरु गरिएको हो। 'अहिले गाउँमै प्राविधिक शिक्षा पढ्न पाएका छौं,' स्थानीय विद्यार्थी कमला शर्माले भनिन्, 'महँगो शुल्क तिर्नु नपर्दा प्राविधिक शिक्षाको पहुँच सबैमा पुगेको छ।' शिक्षालयले पहिलो चरणमा डिप्लोमा इन वन विज्ञानको अध्यापन गराइरहेको हो। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) ले शिक्षालय सञ्चालन गरेपछि विद्यार्थीले सस्तो शुल्कमा पढ्न पाइरहेका हुन्।

शिक्षालय सहायक प्रकाश खड्काले ३ वर्षे वन विज्ञान र विभिन्न तालिमहरू सञ्चालन गरिरहेको बताए। उनका अनुसार रुकुम पश्चिमसहित आसपासका जिल्ला सल्यान, रोल्पा, जाजरकोटलगायतका विद्यार्थीलाई लक्षित गरी शिक्षालय खोलिएको हो। 'यो पूर्ण सरकारी शिक्षालय हो,' उनले भने, 'यही पढाइ निजी कलेजमा गर्न कम्तीमा ५ लाख रुपैयाँ खर्चिनुपर्छ।' शिक्षालयमा पढ्न सीटीईभीटीले लिने परीक्षा उत्तीर्ण गर्नुपर्ने उनले जानकारी दिए। शिक्षालयमा अहिले तेस्रो ब्याचको पढाइ भइरहेको छ। विद्यालयमा २ सय ४६ विद्यार्थी अध्ययनरत छन्। यसमध्ये ३२ जनाले पूर्ण रूपमा निःशुल्क शिक्षा पाइरहेका छन्। विद्यार्थीलाई खाने, बस्ने सुविधा र घर जाँदा गाडी भाडा दिने व्यवस्था गरिएको छ। चौरजहारी नगरपालिका-१२ की पवित्रा ओलीले गाउँमै घरैको खाना खाएर सस्तो शुल्कमा पढ्न पाइरहेको बताइन्। घर नजिकै प्राविधिक शिक्षाको पठनपाठन हुन थालेपछि धेरै खर्च पनि नहुने र टाढा जानु पनि नपर्ने भएपछि सजिलो भएको उनले बताइन्।

चौरजहारी नगरपालिका प्रमुख विशाल शर्माले व्यावहारिक र वैज्ञानिक शिक्षा प्रदान गर्न नगरमै शिक्षालय स्थापना गरिएको बताए। प्राविधिक शिक्षा पढ्न चाहेका तर पैसाका कारण रोकिनुपर्ने बाध्यता नहोस् भनेर विद्यालय स्थापना गरिएको बताए। 'अतिविपन्न विद्यार्थीलाई निःशुल्क पढ्ने व्यवस्था गरिएको छ,' उनले भने, 'शुल्क तिर्न सक्ने विद्यार्थीबाट ८५ हजार रुपैयाँ शुल्क लिने गरिएको छ।' प्राविधिक शिक्षा पढ्न इच्छा हुनेहरूका सन्दर्भमा नगरपालिकाले नीति बनाएर विद्यार्थीलाई सहयोग गर्ने उनले बताए। नगरपालिकाले थप विषय पनि पठनपाठन गराउन पहल भइरहेको जनाएको छ।

# स्वास्थ्यकर्मीले प्रोत्साहन भत्ता पाएनन्

## '१०-५ सम्म काम गर्ने कर्मचारीलाई सुविधैसुविधा छ, हामीले सेवाभावले काम गरे पनि मूल्यांकन कहिल्यै भएन'

**विप्लव महर्जन** (सल्यान)

जिल्ला अस्पतालमा कार्यरत डाक्टर र स्वास्थ्यकर्मीहरू झन्डै ३ वर्षदेखि प्रोत्साहन भत्ताबाट वञ्चित भएका छन्। बजेटको अभाव देखाउँदै स्वास्थ्य सेवा कार्यालयले स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ता नदिएको हो।

नियमानुसार ६ घण्टा सेवा दिनुपर्ने भए पनि कर्मचारी अभावका कारण चौबीसै घण्टा खटिए पनि भत्ता पाउन नसकेको स्वास्थ्यकर्मीहरूको गुनासो छ। 'दरबन्दी पूर्ति नहुँदा सधैं ओभरटाइम काम गर्न बाध्य छौं,' अस्पतालकी इन्डोर इन्चार्ज सुलोचना महर्जनले भनिन्, 'अरू साथीहरू बिदामा भए चौबीसै घण्टा ड्युटीमा खटिनुपर्छ, तर सरकारले हाम्रो परिश्रम देखेन।' प्रदेश सरकारले स्वास्थ्यकर्मीलाई ३ हजार रुपैयाँका दरले प्रोत्साहन भत्ता दिने निर्णय गरे पनि सल्यानमा लागू नभएको उनको भनाइ छ।

त्यस्तै स्वास्थ्यकर्मीले एक महिलालाई सुत्केरी गराएबापत ३ सय रुपैयाँ पाउँछन्। बिदा बचत, ओभरटाइम, चाडपर्वलगायतको भत्ता पनि लामो समयदेखि नपाएको उनले गुनासो गरिन्। करारमा भर्ना गरिएका स्वास्थ्यकर्मी झन् पोसाक भत्ताबाट पनि वञ्चित भएको उनको भनाइ छ। स्वास्थ्यकर्मी कोपिला रानाले ३ वर्षमा १ महिना प्रोत्साहन भत्ता पाएको बताइन्। 'जोखिम मोलेरै काम गर्नुपर्छ,' उनले भनिन्, 'कहिलेकाहीं त भोकभोकै नसुतेर पनि काम गर्छौं, तर हाम्रो दुःख कसैले बुझ्नेनन्।'

अन्य सेवाका कर्मचारीले कामै नगरी भत्ता खाइरहे पनि आफूहरू धेरै दुःख गर्दा पनि प्रोत्साहन भत्ताबाट वञ्चित रहेको महर्जनले बताइन्। '१०-५ सम्म काम गर्ने कर्मचारीलाई सुविधै सुविधा छ,' उनले भनिन्, 'हामीले सेवाभावले काम गरे पनि मूल्यांकन कहिल्यै भएन।' कोरोना महामारीका बेला जोखिम मोलेर काम गर्दा संक्रमित भए पनि अहिलेसम्म बिमाबापत्को रकम पनि अझै पाउन नसकेको उनको गुनासो छ।



सल्यान जिल्ला अस्पतालमा दाँतका बिरामीको उपचार गर्दै स्वास्थ्यकर्मी। तस्बिर: विप्लव/कान्तिपुर

जिल्ला अस्पतालका एमडीजीपी डा. अभिषेक सिंहले अस्पतालबाट भएको आम्दानीबाट डाक्टर तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ता दिनुपर्ने बताए। 'अहिले अस्पतालमा अरू डाक्टर नहुँदा एक्लै २४ सैं घण्टा खटिरहेको छु,' उनले भने, 'सरकारी नियमअनुसार त ८ घण्टा मात्र सेवा दिनुपर्ने हो, अहिले त खाने र सुत्नेसमेत फुर्सद छैन, तर हाम्रो कामको मूल्यांकन भएन।'

विगतमा अस्पताल घाटामा हुँदा स्वास्थ्यकर्मीलाई भत्ता दिन नसकेको जिल्ला अस्पताल विकास समितिका अध्यक्ष चन्द्रप्रकाश शर्माले बताए। 'अहिले हुने आम्दानीले तलब खुवाउन मात्र ठिक्क हुन्छ, सामग्री किन्न पनि प्रदेश सरकारको बजेटको भर पर्नुपरेको छ,' उनले भने, 'स्वास्थ्यकर्मीको प्रोत्साहन भत्ताका लागि प्रदेश सरकारसँग अनुरोध गरेका छौं।' उनले चालु आर्थिक वर्षको आम्दानीको ४० प्रतिशत रकम प्रोत्साहन भत्तामा खर्च गरिने जानकारी दिए। स्वास्थ्य सेवा कार्यालयका निमित्त व्यवस्थापक दशरथ श्रेष्ठले प्रदेश सरकारले पर्याप्त बजेट नपठाउँदा विभिन्न अभियानहरू प्रभावित भएको गुनासो गरे।

# 'रङहरूको पर्वले उमङ्ग थपोस्'

कर्णाली (रासस)- कर्णाली प्रदेशका प्रमुख तिलक परियारले रङले भरिएको पर्व होली (फागुपूर्णिमा) ले सांस्कृति सम्बन्ध प्रगाढ पार्न उमङ्ग थप्ने बताएका छन्। फागुपूर्णिमा पर्वका अवसरमा शुभकामना सन्देश दिँदै उनले यस पर्वका अवसरमा कर्णालीसहित स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा हार्दिक शुभकामना व्यक्त गरे।

प्रदेश प्रमुख परियारले होली विविधतापूर्ण संस्कृतिले भरिपूर्ण नेपालको एक महत्त्वपूर्ण पर्व भएको उल्लेख गर्दै यसले हिन्दु धर्मावलम्बीले पहिचान र मौलिकता बचाउँदै आएको बताए। उनले वसन्त ऋतुको आगमनसँगै एक-आपसमा मेलमिलाप र सद्भावको सन्देश बोकेर आएको होली पर्वको महत्त्वबारे प्रकाश पारे। 'हामीलाई मनोरञ्जन मात्र दिने होइन, मौलिक संस्कृति संरक्षण गर्नुका साथै समस्त नेपालीबीच सामाजिक सद्भाव, सहिष्णुता र राष्ट्रिय एकता कायम राख्न योगदान पुर्‍याउने विश्वास लिएको छु,' उनले होलीको अवसरमा जारी सन्देशमा भनेका छन्।

यस्तै, कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले होली पर्वले सत्यको विजय हुने सन्देश प्रवाह तथा लोक संस्कृतिको प्रवर्द्धन गर्ने बताएका छन्। उनले विविध संस्कृतिको इन्द्रेणीका रूपमा रहेको नेपाली समाजमा यो पर्वले लोक संस्कृतिको प्रवर्द्धनमा थप टेवा पुर्‍याउने बताए। खुसीको पर्वका रुपमा होलीलाई हर्षोल्लासपूर्वक मनाउँदै आपसी सद्भाव, आत्मीयता र बन्धुत्वको भावना अभिवृद्धिमा योगदान पुर्‍याउने उनको विश्वास छ।

मुख्यमन्त्री शाहीले शुभकामना सन्देशमा भनेका छन्, 'होली पर्वले समाजमा विद्यमान विभिन्न विकृति, विसङ्गति, कुरीतिलाई निर्मूल गर्दै मौलिक संस्कृतिसहितको सभ्य, सुसंस्कृत एवं न्यायपूर्ण समाजको निर्माण र सम्वर्द्धनमा सबैलाई उत्प्रेरित गरिरहोस् भन्ने कामना गर्दछु।' यो पर्व हिमाली, पहाडी तथा भित्री मधेशका जिल्लामा बिहीबार र तराईमा शुक्रबार मनाइँदै छ।

# घरघरमा तार, बलेन बत्ती

## 'वाइरिङ गरेको तार मुसाले काट्न थालिसक्यो, कहिले बत्ती बाल्न पाउने हो अझै टुंगो छैन'

**कान्तिपुर संवाददाता** (सल्यान)

बन्गाडकुपिण्डे नगरपालिकाका ५ वडामा विद्युत् सुविधा पुर्‍याउन ६ महिनाअघि घरघरमा तार जडान गरिए पनि स्थानीयले अझै बत्ती बाल्न पाएका छैनन्। १ नम्बर वडाको पातेखोला, ४ नम्बरको गर्चे , नम्बरको ७ गैरीकटेरी, वडा नं ८ को अधेरी र ९ नम्बरको गिठाचौरका घरघरमा तार जोडिएको छ। स्थानीयवासी अझै सोलार, टुकी र सल्ले झर्रोको भरमा छन्। ५ वडामा विद्युतीकरण गर्न बन्गाडकुपिण्डे नगरपालिकाले २०७६ पुसमा सुनिता/कविता कन्स्ट्रक्सनसँग सम्झौता गरेको थियो। २ करोड २५ लाख रुपैयाँमा कामको जिम्मा लिएको कम्पनीले सबै काम सके पनि नेपाल विद्युत् प्राधिकरणले गुणस्तर परीक्षण नगर्दा झन्डै १ हजार परिवारले बिजुली बाल्न पाएका छैनन्। सबै गाउँमा पोल गाड्ने र तार तान्ने काम सकेको ६ महिना बितिसक्दा पनि अहिलेसम्म बत्ती नबलेको गिठाचौरका निर्मल खड्काले बताए। 'वाइरिङ गरेको तार मुसाले काट्न थालिसक्यो,' उनले भने, 'कहिले बत्ती बाल्न पाउने हो अझै टुंगो छैन।' उनले बत्तीकै अभावमा बालबालिकाको पठनपाठनसमेत प्रभावित बनेको बताए।

बत्तीको प्रतीक्षा गर्दागर्दा लामो समय बितेको अँधेरीका नन्दराम बोहराले बताए। 'वारिपारिका गाउँको झिलीमिली हेरेर रात बिताउनुपरेको छ,' उनले भने, 'हुने खानेहरूले त घरमा सोलार जोडेका छन्, हामीलाई भने टुकीकै भर छ।' घरघरमा तार जोडे पनि अझै मिटरबक्स नपाएको उनले गुनासो गरे।

बत्ती बाल्न नपाउँदा मोबाइल चार्ज गर्न जयतपानी र माथिल्लो ज्यामिरेसम्म पुग्नुपर्ने बाध्यता भएको स्थानीय कमल विकले बताए। 'यस्तै अवस्था रहे अझै एक वर्षसम्म पनि गाउँमा बत्ती बल्दैन,' उनले भने, 'वडा कार्यालयले पनि मिटरबक्सका लागि सिफारिस दिन आनाकानी गरिरहेको छ।' विद्युत् सुविधा नहुँदा गाउँ सम्साँझै सुनसान हुने गरेको उनको भनाइ छ।



सल्यानको बन्गाडकुपिण्डे-८ बाबियाचौरमा विद्युत् लाइन विस्तारको काम गर्दै प्राविधिक। तस्बिर : विप्लव महर्जन/कान्तिपुर

प्राधिकरणले गुणस्तर जाँचेपछि मात्रै मिटरबक्स वितरण गरिने बन्गाडकुपिण्डे नगरपालिकाका इन्जिनियर महेश देवकोटाले बताए। 'सबै काम सकिएका छन्, अब लाइन जाँच गर्न मात्र बाँकी छ,' उनले भने, 'अबको एक महिनाभित्रै ५ वटै वडाका स्थानीयले बिजुली बाल्न पाउनेछन्।' विद्युत् प्राधिकरण वितरण केन्द्र प्रमुख अशोक लोहनीले गुणस्तर प्रीक्षणका लागि बन्गाडकुपिण्डेमा प्राविधिक पठाउन लागिएको जानकारी दिए।

# लिमीमा चौंरी स्रोत केन्द्र

हुम्ला (कास)- नाम्खा गाउँपालिका-६ लिमीमा चौंरी स्रोत केन्द्र स्थापना गरिएको छ। स्थानीयवासीलाई चौंरीपालनमा आकर्षित गर्न स्रोत केन्द्र स्थापना गरिएको हो। केन्द्रमा १ सय ३० वटा चौंरी पालिएका छन्। केन्द्रमा यो वर्ष ७० वटा चौंरी थपिनेछ।

भेटेरेनरी अस्पताल तथा पशु सेवा कार्यालयले ३ वर्षदेखि स्रोत केन्द्रका लागि बजेट विनियोजन गरिरहेको छ। यो वर्ष ५० लाख रुपैयाँ बजेटबाट थप ७० वटा चौंरी थपिने कार्यालयका प्रमुख ज्ञानेन्द्र बुढाथापाले बताए। जसका लागि प्रदेश सरकारले अख्तियारी दिइसकेको छ भने स्रोत केन्द्र व्यवस्थापन समितिका पदाधिकारीलाई सम्झौताका लागि सदरमुकाम बोलाइएको छ।

चौंरीपालन घट्दै गएपछि किसानलाई व्यवसायिक बनाउन स्रोत केन्द्र स्थापना गरिएको स्रोत केन्द्र व्यवस्थापन समितिका सदस्य गिरमेत तामाङले बताए। 'स्थानीय उत्पादन नहुँदा चाडपर्वमा चीनबाट चौंरी ल्याउनुपर्ने बाध्यता छ,' उनले भने, 'केन्द्रमार्फत व्यवसायिक रुपमा चौंरी पाल्न चाहने किसानलाई व्यवस्थित चौंरी पाल्ने तरिका सिकाएका छौं।' लिमीमा ५ वर्षअघि झन्डै २ हजारको संख्यामा पालिने चौंरीको संख्या घटेपछि केन्द्र स्थापना गरिएको हो। लिमीमा अहिले मुस्किलले १ सय मात्र चौंरी पालिएका छन्।

स्रोत केन्द्रबाट अहिले दुग्धजन्य वस्तुसमेत उत्पादन भइरहेको स्रोत केन्द्रकी सदस्य डिचिन तामाङले बताइन्। उनका अनुसार चौंरीको दूधबाट बन्ने विभिन्न वस्तुलाई 'ब्रान्डिङ' गरी देशका विभिन्न ठाउँमा पठाउने केन्द्रको योजना छ। 'चौंरीको मासुको माग अत्यधिक भएकाले किसानलाई व्यावसायिक रूपमा आकर्षित गर्न जरुरी छ,' उनले भनिन्, 'दुग्धजन्य सामग्रीमार्फत पनि किसानलाई आत्मनिर्भर बनाउन खोजेका छौं।'

जिल्ला पशुसेवा कार्यालयले एक गाउँपालिका एक पशु उत्पादन कार्यक्रममार्फत पनि लिमीलाई चौंरीपालनको पकेट क्षेत्रको रुपमा विकास गर्न लागेको हो। कार्यक्रमअन्तर्गत कार्यालयले यो वर्ष ६ वटै गाउँपालिकाका १/१ वटा छनोट गरी ४ सय ३३ परिवारलाई बाख्रा वितरण गर्न थालेको छ। जसअनुसार सिमकोटमा ८२, खार्पुनाथ, सर्केगाड, चंखेली र अदानचुलीमा ७० र ताजाकोटमा ७१ परिवार छनोट गरिएको छ। छनोट भएका घरधुरीलाई ३/३ वटा बाख्रा वितरण गरिने कार्यालय प्रमुख बुढथापाले बताए। 'भेडाबाख्रा पालनका लागि हिमाली जिल्ला उपयुक्त भए पनि किसानहरूले पाल्न छोडेका छन्,' उनले भने, 'किसानलाई व्यावसायिक पशुपालनमा आकर्षित गर्न बाख्रा वितरण गरिएको हो।'

USAID FROM THE AMERICAN PEOPLE
WWF
CENTER for LARGE LANDSCAPE CONSERVATION

CALL FOR PROPOSALS

WWF Nepal, the global conservation organization leading international efforts *for a living planet,* calls for proposals for the following consultancy. If you think you are an achiever and willing to work within a diverse team in a multicultural environment with commitment and passion for what you believe in, you are highly encouraged to apply.

**Call For Proposal: Consultancy for Database Development for ALIGN Project, Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) Project**

Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) is a United States Agency for International Development (USAID) funded regional project being implemented by WWF and Center for Large Landscape Convention (CLLC) in three focal countries (Nepal, India, and Mongolia) to enhance the development and implementation of effective, high-quality safeguard measures to avoid, lessen and/or mitigate adverse impacts from linear infrastructure development on people and natural resources in Asia. The project seeks to develop a user friendly and secured database system which can be updated regularly and will be a hub for all information management. This includes the development and installation of a comprehensive and secure project database system, with corresponding dashboard, to enter/upload, analyze and generate information from any geographic location. The consulting organization/institution should develop standard procedures and guidelines for maintaining the database as well.

**Qualifications:**

The consulting organization/institution should have VAT registration and a minimum of 5 years of experience in database design and roll out for development or related projects and a proven experience to lead in the structural design of a database according to various system requirements. The team should possess ability to work under pressure, effectively coordinate and meet tight deadlines without compromising the quality of work.

Eligible organizations/institutions are requested to submit separate technical and financial proposals in sealed envelopes along with cover letter to the address listed below to be received by **5:00 PM** on **1st April 2022**. Please mention **"Consultancy- Database development for ALIGN"** on the envelope.

**WWF Nepal, ALIGN**
**PO Box: 7660, Pavitra Pyara Marg, Baluwatar, Kathmandu, Nepal**

Only applicants selected for further consideration will be contacted. Telephone inquiries will not be entertained. Detailed terms of reference can be downloaded from

**Website: https://www.wwfnepal.org/opportunities/vacancy/**

*WWF is an Equal Opportunity Employer. Please join us in our mission to save life on Earth.*

# पारिश्रमिक विपन्नलाई

## वडाध्यक्ष भएदेखि ११ लाख ५२ हजार रुपैयाँ आम्दानी

**राजबहादुर शाही** (मुगु)

छायानाथरारा नगरपालिका-४ का वडाध्यक्ष विष्णुकुमार भामले पूरै कार्यकालभरिको पारिश्रमिक सबै विपन्नको हितमा खर्चिएका छन्। ३२ वर्षीय भामले पारिश्रमिकसहित विभिन्न बैठक र कार्यक्रममा सहभागी भएको रकम विपन्नहरूको हितमा खर्चिएका हुन्।

भामले महिनैपिच्छे आफ्नो पारिश्रमिक चामल, तेल, नुन, दालगायत खाद्यान्न खरिद गरी विपन्न परिवारलाई वितरण गर्दै आइरहेका छन्। वडाध्यक्ष भएदेखि ११ लाख ५२ हजार रुपैयाँ आम्दानी गरेका उनले सबै रकम विपन्नको हितमा खर्च गरेको सार्वजनिक गरेका हुन्। वडाध्यक्ष भामले मासिक पारिश्रमिक ६ लाख ८२ हजार र विभिन्न बैठक तथा अन्य भत्ताबापत ४ लाख ७० हजार रुपैयाँ आम्दानी गरेको जानकारी दिए।

वडाध्यक्षको सहयोगले जीविकोपार्जन गर्न समस्या भएका आफूजस्ता विपन्नको चुलो बलेको दृष्टिविहीन कल्से नेपालीले बताए। 'कोरोना महामारीको बेला काम नपाइएपछि मजदुरी गर्नेहरू समस्यामा थिए, कतिले रोजगारी गुमाउनुपरेको थियो,' उनले भने, 'तर वडाध्यक्षको सहयोगले कोही पनि भोकभोकै बस्नुपरेन।' वडाध्यक्ष भामले नगरपालिकाका विभिन्न दलित बस्तीमा पुगी राहत वितरण गरिसकेका छन्। उनले विपन्न परिवारलाई १३ वटा मोबाइल सेटसमेत वितरण गरेका छन्। ३ गाउँमा स्ट्रेचर बाँडेका छन्।



मुगुको ढुमगाउँमा राहत वितरणमा छायानाथरारा-४ का वडाध्यक्ष विष्णुकुमार भाम। तस्बिर : राजबहादुर/कान्तिपुर

समता विद्यालयको प्रशासनिक काम सहज बनाउन फोटोकपी मेसिन र विभिन्न स्टेसनरी सामग्री पनि सहयोग गरेको भामले बताए। आफ्नो पारिश्रमिकबाट सदरमुकाम हुँदै चैन जाने बाटोमा र रेडक्रस भवन नजिक २ वटा सार्वजनिक शौचालय पनि निर्माण गरिएको उनले जानकारी दिए।

उनले गत वर्षको पारिश्रमिकबाट भामबाडामा छाडा चौपाया राख्नका लागि काञ्जी हाउस बनाए। ३७ वटा प्राथमिक विद्यालयमा पढ्ने बालबालिकालाई स्टेसनरी, झोला र पोसाक वितरण गरेका थिए।

त्यस्तै, भारतको उत्तराखण्डमा हिमपहिरोमा परेका मुगुका ६ व्यक्तिका परिवारलाई जीविकोपार्जनमा सहयोग गरिरहेको भामको भनाइ छ। आफ्नो कार्यकालमा नगरभित्रका ३ हजार ५० दलित, विपन्न र अपांगता भएका व्यक्तिका परिवारलाई खाद्यान्न सहयोग गरेको भामले बताए। आफ्नो कार्यकालमा वडा कार्यालयको भवन निर्माण, स्वास्थ्य केन्द्र स्थापना र एक घर एक धारा बनाइएको उनले सुनाए। वडा कार्यालयले नै भामबाडामा सडक पक्की बनाएको छ।



## संस्कृतिमा रमाउँदै

कञ्चनपुरको महेन्द्रनगर बजारमा होली खेल्दै रानाथारू समदायका महिला । कैलाली र कञ्चनपुरमा मात्रै बसोबास रहेका रानाथारूको प्रमुख चाड होली हो । उनीहरूको होली फागु पूर्णिमापछि मात्रै सुरु हुन्छ र दुई सातासम्म चल्छ ।

*तस्बिर : भवानी भट्ट/कान्तिपुर*

# पुस्तान्तरण हुँदै थारू संस्कृति

**मोहन बुडाऐर** (बडैपुर, कैलाली)

कैलालीको गौरीगंगा-८ बडैपुरको एकता किशोरी समूह अहिले जिल्लाभरमा लठुवा नाचमा प्रसिद्धि कमाउन थालेको छ । गाउँदेखि सहर बजारसम्ममा आयोजना हुने सांस्कृतिक कार्यक्रममा थारूहरूको परम्परागत नृत्य लठुवा नाचका लागि उनीहरूलाई बोलावट हुने गरेको छ । उक्त समूहको सांस्कृतिक टोलीले एक पटक कार्यक्रम प्रदर्शन गरेबापत् दूरीअनुसारको शुल्कसमेत लिने गरेका छन् । न्यूनतम ५ हजारदेखि जिल्ला सदरमुकामसम्मको दूरीमा ९ हजारसम्म शुल्क लिने गरेका छन् । गत शुक्रबार घोडाघोडी बर्ड सेन्चुरी घोषणासभामा नाच प्रदर्शन गरेको उनीहरूले

> किशोरीहरूले एकातिर परम्परागत कला संस्कृतिको जगेना गर्न सकेका छन् भने अर्कोतिर आम्दानीबाट कोष बनाएका छन्

आयोजकबाट ९ हजार रुपैयाँ लिएका थिए ।

उनीहरूले एकातिर थारूहरूको लोपोन्मुख लठुवा नाचको पुस्तान्तरण गरेर, परम्परागत कलासंस्कृतिको जगेर्ना गर्न सकेको बताएका छन् । अर्कोतिर विभिन्न कार्यक्रममा सशुल्क प्रदर्शनबाट हुने आम्दानीबाट किशोरीका भइपरी आउने आर्थिक समस्याका लागि कोष जम्मा गरेको समूहकी अध्यक्ष लक्ष्मी चौधरीले बताइन् । 'भविष्यमा समूहमा आबद्ध कुनै किशोरीको शिक्षादीक्षा तथा स्वास्थ्य उपचारलगायतमा आर्थिक समस्या आउन सक्छ,' उनले भनिन्, 'त्यस्तो अवस्थामा किशोरी समूहको कोषबाट सहयोग दिन सकिन्छ । त्यही सोचका साथ अहिले भएको आम्दानीलाई बाँडफाँट नगरिएको हो ।'

उनीहरूको समूहको गठन ३ वर्षअघि महिला, बालबालिकाको क्षेत्रमा कार्यरत संस्था ओरेक नेपालले गरिदिएको थियो । समूहकी अध्यक्ष चौधरीले किशोरीहरूको शिक्षादीक्षा, स्वास्थ्य अधिकार र मानव बेचबिखनका जोखिमसम्बन्धी सचेतना फैलाउने उद्देश्यका लागि गठन भएको बताइन् । 'तर हामी त्यतिमा मात्रै सीमित भएका छैनौं, आफ्नो उपस्थितिलाई सशक्त रूपमा देखाउन गाउँघरमा आयोजित सबै कार्यक्रममा सहभागी हुँदै आएका छौं,' उनले भनिन् ।

उनले यही सिलसिलामा विभिन्न सांस्कृतिक कार्यक्रममा पनि आफ्नो उपस्थिति देखाउन पुरानो पुस्ताको लोपोन्मुख लठुवा नाच प्रदर्शन गर्न लागेको बताइन् । समूहमा २२ किशोरी छन् । 'समूहमा संगीत र नृत्यमा रुचि भएका १२ जना छन्,' लक्ष्मीले भनिन्, 'रुचि भएका किशोरीले सुरुमा पुरानो पुस्ताबाट लठुवा नाचको तालिम लिएर नाच्न सिकेका हुन् ।' उनका अनुसार सुरुमा समूहको सांस्कृतिक टोलीले गाउँघरमै सीमित थियो । अहिले जिल्लाभरका सबै कार्यक्रममा सहभागी हुने गरेका छन् । 'समूहमा सबै स्कुल र कलेज जाने भएकाले धेरै कार्यक्रमहरूमा छुट्ने पनि गर्छन्,' उनले भनिन्, 'हाम्रा लागि शुक्रबार र शनिबारका दिनमा हुने कार्यक्रम उपयुक्त हुन्छन् । तर कहिले दुई दिन बढी नलाग्ने ठाउँसम्म पनि जान्छौं ।' पछिल्लो समय नेपालगन्ज, डडेलधुरा र दिपायलबाट समेत बोलावट भएको उनले बताइन् । बडैपुर गाउँ कैलाली जिल्लाको मध्यभागमा पर्छ । सदरमुकाम धनगढी, अत्तरिया, लम्की चुहा र टीकापुर क्षेत्रसम्मका कार्यक्रमबाट निम्ता आएपछि जाने गरेको उनले बताइन् ।

किशोरी समूहले गरेको आम्दानीबाट लठुवा नाचका लागि वाद्यवादनका सामग्री , परम्परागत पहिरन र गहनालगायतका वस्तु खरिद गरेको बताइन् । वडा कार्यालयले उनीहरू कार्यालय भवनसमेत बनाइदिन लागेको उनले जानकारी दिइन् । उनले समूह गठन भएको दोस्रो वर्षबाटै सांस्कृतिक टोली गठन भए पनि कोरोना महामारीले असर पुगेको बताइन् । 'विभिन्न ठाउँमा हुने कार्यक्रमबाट निम्ता आउन सुरु भएको थिए,' उनले भनिन्, 'भ्याइनभ्याइको अवस्थामा पुग्दै थियौं । यही बेला कोरोना महामारीले बन्द भयो । बल्ल पुनः सुरु भएको छ ।' उनले भविष्यमा किशोरीहरूको समूहको क्षमतालाई समाजमा प्रदर्शन गर्ने लक्ष्य भएको लक्ष्मीले बताइन् ।

# अतिक्रमण हटाउन हम्मे

## कञ्चनपुरमा चुरेसँगै जोडिएका स्थानीय तहहरूमै बढी मात्रामा वन अतिक्रमण भएको छ

**भवानी भट्ट** (कञ्चनपुर)



**कञ्चनपुरको लालझाडी मोहना संरक्षित वन क्षेत्रमा अतिक्रमण गरी बनाइएका घरटहरा ।** *फाइल तस्बिर : कान्तिपुर*

कञ्चनपुरको लालझाडी मोहना संरक्षित वनअन्तर्गत कृष्णपुर नगरपालिका–१ को नवदुर्गा सामुदायिक वन २ दशकदेखि अतिक्रमणको चपेटामा छ । भेटघाट शिविर नाम दिइएको उक्त क्षेत्रमा २०६० मा ८० वटा घर टहरा बनेका थिए । बाढी पीडितहरूलाई बसाइएको उक्त क्षेत्रमा अहिले डेढ/दुई सय परिवार बसोबास गरिरहेका छन् ।

सामुदायिक वन र सब डिभिजन वन कार्यालयसँगै डिभिजन वन कार्यालयले पटक-पटक उक्त अतिक्रमण हटाउने प्रयास पनि गर्दै आएको छ । तर भेटघाट शिविरको अतिक्रमण हटाउनै नसकिने भएको छ । सामुदायिक वनको बीच भागमा १५ हेक्टरभन्दा बढी क्षेत्रफलमा घरटहरासँगै खनजोत गरेर खेतीपातीसमेत लगाउने काम भइरहेको छ ।

कृष्णपर नगरपालिका ६ मा लालझाडी–मोहना संरक्षित क्षेत्रमै बैलकुण्डी शिविरका नाममा उक्त क्षेत्रमा पनि दुई/अढाई सय घर टहरा बनेको दुई दशक पुग्यो । २०६० मा जिल्लाका विभिन्न क्षेत्रमा आएको बाढीबाट विस्थापित भएकाहरूलाई उक्त क्षेत्रमा आश्रय दिइएको थियो । ३५ परिवारलाई आश्रय दिएको उक्त स्थानमा अहिले ३५ हेक्टरभन्दा बढी क्षेत्रमा बाक्लो बस्ती नै बनेको छ । 'यी शिविरसँगै जोडिएको वनमा थप अतिक्रमण पनि भइरहेको छ,' सब डिभिजन वन कार्यालय वाणीका प्रमुख सहायक वन अधिकृत बालमुकुन्द भट्टले भने, 'एक महिनाअघि मात्रै बैलकुण्डी र भेटघाट शिविरमा भएको नयाँ अतिक्रमण हटाइएको छ ।' उनका अनुसार भेटघाट शिविर, बैलकुण्डी शिविर र सुन्दरीफाँटामा वन अतिक्रमण गरी बनाइएका करिब सय बढी घर टहरा भत्काइएका हुन् । कृष्णपुर नगरपालिकाअन्तर्गत चुरे क्षेत्रमासमेत ठूलो मात्रामा वन अतिक्रमण भएको छ । चुरे क्षेत्रको कुमगडा, गौजेगडा, केलागाड र धौलेपानीलगायतका क्षेत्रमा वन अतिक्रमण भएको छ । डिभिजन वन कार्यालयका अनुसार कृष्णपुर नगरपालिकामा मात्रै १ हजार ८६ हेक्टर वन क्षेत्र अतिक्रमणमो चपेटामा परेको छ ।

भीमदत्त नगरपालिका–९ को खल्ला मसेट्टी पनि वन क्षेत्र नै हो । उक्त क्षेत्रमा २०५० देखि सुदूरपश्चिमको विभिन्न जिल्लामा बाढीबाट विस्थापित भएकाहरूले घर टहरा बनाउन थालेका हुन् । खल्ला, टुँडिखेल र मसेट्टी गरी तीन वटा बस्तीहरू रहेको उक्त क्षेत्रमा ७/८ सय घरपरिवारको बसोबास छ । यो क्षेत्र हात्तीको परम्परागत करिडोर पनि हो । यसलाई ब्रम्हदेव करिडोरका रूपमा चिनिन्छ ।

तत्कालीन जिल्ला वन कार्यालयले खल्ला मसेट्टी क्षेत्रको अतिक्रमण हटाउन पटकपटक प्रयास पनि गरेको थियो । तर बाक्लो बस्ती भएका कारण हटाउनै नसकिने अवस्था आएको छ । उक्त क्षेत्रमा बसोबास गर्नेहरू अहिले जग्गाधनी पुर्जा पाउनुपर्ने माग गर्दै आएका छन् । लामो समयदेखि बसोबास भएकाले उक्त क्षेत्रमा सडक, विद्युत् र खानेपानीलगायतका सेवासुविधा पुगिसकेकाले अब हटाउन सकिने अवस्था नै छैन ।

'धेरै पुरानो बस्ती छ, नीतिगत रूपमा सबैले सहयोग गरे हटाउनै नसकिने भन्ने पनि होइन,' डिभिजन वन कार्यालय कञ्चनपुरका प्रमुख शम्भुप्रसाद तिवारीले भने, 'तर ठूलै बस्ती विस्तार भएको छ, विद्यालय, सडक, विद्युत्लगायतका पूर्वाधार पनि बनिसकेका छन्, यसकारण सहज भने छैन ।' पछिल्लो पटक भूमि आयोग गठन भएर जग्गा नापजाँच सुरु भइसकेको छ । यस्तोमा आयोगले वनसँग पनि समन्वय गर्नुपर्ने देखिन्छ ।

कञ्चनपुरमा चुरेसँगै जोडिएका स्थानीय तहहरूमै बढी मात्रामा वन अतिक्रमण भएको छ । डिभिजन वन कार्यालयका अनुसार जिल्लाभरिमा ३ हजार १९२ हेक्टर वन क्षेत्र लामो समयदेखि अतिक्रमणको चपेटामा परेको छ । भीमदत्त नगरपालिकामा २०१, वेदकोटमा ६३३, शुक्लाफाँटामा ८७९, कृष्णपुरमा १ हजार ८६, लालझाडी गाउँपालिकामा ३८१ र बेलौरी नगरपालिका १२ हेक्टर वन अतिक्रमण भएको छ ।

कृष्णपुरपछि सबैभन्दा बढी अतिक्रमण शुक्लाफाँटा नगरपालिकामा भएको छ । उक्त क्षेत्रको दोमिल्ला र पिल्लरीफाँटामा दुई दशकदेखि वन अतिक्रमण भएको छ । खल्ला मसेट्टी जस्तै यहाँ पनि बाक्लो वस्तीसँगै सडक, विद्युत् र विद्यालयजस्ता पूर्वाधार निर्माण भइसकेकाले अतिक्रमण हटाउन सकिने अवस्था देखिँदैन । उक्त क्षेत्रमा २० हेक्टर बढी वन अतिक्रमण भएको छ । शुक्लाफाँटा नगरपालिकाकै वडा नं. ८ मा पर्ने मणिकाधाम क्षेत्र पनि लामो समयदेखि अतिक्रमणमा छ । उक्त क्षेत्रमा करिब ३५ हेक्टर वन अतिक्रमणमा परेको छ । एकातिर पुरानो अतिक्रमणका कारण हटाउन नसकिने र अर्कोतिर नयाँ अतिक्रमण पनि बढ्दै जाने समस्या देखिएको छ । यस पटक पनि डिभिजन वन कार्यालयले कृष्णपुर नगरपालिकाअन्तर्गत बैकुण्डी, भेटघाट शिविर र बंक– नाइल –बुडर सडक खण्डको आसपासबाट ५ हेक्टर बढी वन क्षेत्रको अतिक्रमण हटाएको छ ।

पछिल्लो पटक भूमि आयोगले विभिन्न पालिकामा जग्गा नापीको काम अघि बढाएको छ । यसले वन क्षेत्रसमेत नापी हुन सक्ने देखिन्छ । स्थानीय तहका जनप्रतिनिधिले यसप्रति संवेदनशील हुन जरुरी देखिन्छ । 'लामो समयदेखिको बसोबासबारे भूमि आयोगको कानुनले के भनेको छ, त्यसको अध्ययन हामीले पनि गर्छौं,' डिभिजन वन अधिकृत तिवारीले भने, 'भूमि आयोगको कानुन र वन ऐनभन्दा बाहिर जान सकिँदैन ।'


USAID FROM THE AMERICAN PEOPLE | WWF | CENTER for LARGE LANDSCAPE CONSERVATION

## CALL FOR PROPOSALS

WWF Nepal, the global conservation organization leading international efforts *for a living planet,* calls for proposals for the following consultancy. If you think you are an achiever and willing to work within a diverse team in a multicultural environment with commitment and passion for what you believe in, you are highly encouraged to apply.

**Call For Proposal: Consultancy for Database Development for ALIGN Project, Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) Project**

Asia's Linear Infrastructure safeGuarding Nature (ALIGN) is a United States Agency for International Development (USAID) funded regional project being implemented by WWF and Center for Large Landscape Convention (CLLC) in three focal countries (Nepal, India, and Mongolia) to enhance the development and implementation of effective, high-quality safeguard measures to avoid, lessen and/or mitigate adverse impacts from linear infrastructure development on people and natural resources in Asia. The project seeks to develop a user friendly and secured database system which can be updated regularly and will be a hub for all information management. This includes the development and installation of a comprehensive and secure project database system, with corresponding dashboard, to enter/upload, analyze and generate information from any geographic location. The consulting organization/institution should develop standard procedures and guidelines for maintaining the database as well.

**Qualifications:**

The consulting organization/institution should have VAT registration and a minimum of 5 years of experience in database design and roll out for development or related projects and a proven experience to lead in the structural design of a database according to various system requirements. The team should possess ability to work under pressure, effectively coordinate and meet tight deadlines without compromising the quality of work.

Eligible organizations/institutions are requested to submit separate technical and financial proposals in sealed envelopes along with cover letter to the address listed below to be received by **5:00 PM** on **1st April 2022**. Please mention **"Consultancy- Database development for ALIGN"** on the envelope.

**WWF Nepal, ALIGN**

**PO Box: 7660, Pavitra Pyara Marg, Baluwatar, Kathmandu, Nepal**

Only applicants selected for further consideration will be contacted. Telephone inquiries will not be entertained. Detailed terms of reference can be downloaded from

**Website: https://www.wwfnepal.org/opportunities/vacancy/**

*WWF is an Equal Opportunity Employer. Please join us in our mission to save life on Earth.*


# सामाजिक काममा जुटे महिला

**मेनुका ढुंगाना** (अछाम)



**अछामको पञ्चदेवल विनायक–४ का महिला समसामयिक विषयमा छलफल गर्दै ।** *तस्बिर : मेनुका/कान्तिपुर*

अछामको पञ्चदेवल विनायक नगरपालिका-४ की सुदा शाही केसी २ वर्षदेखि सामाजिक काममा सक्रिय छन् । गाउँमा हुने हरेक कार्यक्रममा सुदालगायत गाउँका महिला जम्मा हुन्छन् । विकास निर्माणका योजनादेखि सामाजिक काममा उनको समूह सक्रिय छ । 'आमा समूहको अध्यक्ष म भएकीले पहिले पहिले म एक्लै जान्थें, मेरो कुरा कसैले नसुन्ने भएपछि सबै महिलाहरू लिएर कुरा राख्ने गरेका छौं,' उनले भनिन्, 'पुरुषहरूले एकलौटी गर्न खोजे असहमति जनाउँछौं । कुनै पनि निर्णय नबुझी हस्ताक्षर गर्दैनौं ।'

वडाका महिला सदस्यहरूलाई हरेक बैठकमा जाँदा उनीहरू आफ्नो अडानमा बस्न सुझाएर पठाउँछन् । 'बजेट विनियोजनदेखि विकास निर्माणमा आफ्नो अर्थपूर्ण सभागिता जनाउन हामी लागिपरेका छौं,' पञ्चदेवल विनायक नगरपालिका-४ कुजेडाकी स्थानीय धनीदेवी माझी भन्छिन्, 'पहिले हामी सदरमुकामसँग जोडिएका थिएनौं । हामीले परिचय दिँदा विकटका महिला हौं भनेर दिनुपर्थ्यो । अब हामी सचेत भएका छौं ।'

गाउँमा पुरुषहरू नहुँदा महिलाहरू ससाना विकास निर्माणका कामदेखि सामाजिक काममा अग्रसर हुन थालेको उनीहरूको ठहर छ । यहाँका महिला एकजुट भएर विकास निर्माण र सामाजिक काममा अघि बढेका हुन् । चालु आवमा अछामका १० स्थानीय तहमा आएका योजनामा धेरै उपभोक्ता समितिको अध्यक्षमा महिलाहरू नै बसेका छन् । साविकको कालिकास्थान गाविसमा पर्ने कुजेडा गाउँ अझै पनि दुर्गम छ । तर टोलमै जनप्रतिनिधि आएपछि उनीहरूले विकासको महुसस गर्न थालेका हुन् । स्थानीय कोकिला माझीका अनुसार ग्रामीण भेगका महिलाहरू गाउँको विकासका लागि सक्रिय हुन थालेका छन् । चुलोचौकोमा सीमित ग्रामीण भेगका महिला गाउँको विकासका लागि वडा कार्यालयमा धाउन थालेका छन् । स्थानीय तहमा जनप्रतिनिधि आएसँगै गाउँगाउँमा सिंहदरबारको अधिकार आएको भन्दै ग्रामीण भेगका महिला भौतिक पूर्वाधार विकासका लागि वडा तहमामा धाउन थालेका हुन् ।

'घरभित्रको काम महिलाको, घरबाहिरको काम पुरुषको भन्ने सोचाइ अन्त्य गर्नका लागि पनि हामी आफैं चासो दिन लागेका हौं,' कोकिलाले भनिन्, 'सानो कामका लागि पुरुषलाई कुरेर बस्ने हो भने हाम्रो विकास कहिल्यै हुँदैन ।' घरबाहिरको काममा महिलाहरू एकजुट भएर गर्दा कामको मूल्यांकन पनि हुने र गाउँका मान्छेको पनि सहयोग पाइने गरेको उनी बताउँछिन् ।

'उपभोक्ता समिति गठन र भौतिक पूर्वाधारको विकासमा मात्र होइन , कुसंस्कारका विरुद्ध पनि हामी बोल्न थालेका छौं,' उनले भनिन् । उनका अनुसार बाल विवाह, महिलामाथि हुने हिंसा, छाउपडी प्रथा, बहुविवाह सासुले बुहारीलाई गर्ने हिंसा, श्रीमान्ले श्रीमती तथा छोरीबुहारीलाई गर्ने हिंसाका बारेमा र कानुनी कुरा तथा यसले पार्ने सामाजिक, आर्थिक, शारीरिक अवस्थाका बारेमा आफू बुझ्छन् र अरूलाई पनि जानकारी गराउँछन् ।